# मन्त्रालयगत प्रगति विवरण

नेपाल सरकार

**अर्थ मन्त्रालय**

२०८०

# मन्त्रालयगत प्रगति विवरण

## (आर्थिक वर्ष २०७८/७९ को यथार्थ र आर्थिक वर्ष २०७९/८० को चैतसम्मको विवरण)


नेपाल सरकार

**अर्थ मन्त्रालय**

२०८०, जेठ

*www.mof.gov.np*

# प्राक्कथन

नेपालको संविधानको धारा ११९ (२) बमोजिम प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सङ्घीय संसदको दुवै सदनको संयुक्त वैठक समक्ष प्रस्तुत गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको रकम र त्यस्तो खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नुपर्ने व्यवस्था बमोजिम आर्थिक वर्ष २०७८/७९ मा विनियोजित बजेट र सो को उपलब्धि तथा आर्थिक वर्ष २०७९/८० का लागि विनियोजित बजेट र २०७९ चैत मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति समेटेर **"मन्त्रालयगत प्रगति विवरण, २०८०"** तयार गरिएको छ।

"स्थिरता, उत्पादनशिलता र रोजगारी वृद्धि: समावेशी विकास, आत्मनिर्भरता र आर्थिक समृद्धि" भन्ने ध्येयका साथ प्रस्तुत भएको आर्थिक वर्ष २०७९/८० को बजेटका उद्देश्य एवम् प्राथमिकता बमोजिम क्षेत्रगत कार्यक्रम र बजेट विनियोजन गरिएको थियो। सम्बन्धित मन्त्रालय तथा निकायबाट वार्षिक कार्ययोजना बनाई बजेटद्वारा निर्धारित कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने गरिएको छ। कार्ययोजना तयार गर्दा आवधिक रूपमा हासिल गर्नुपर्ने नतिजा सूचकहरू, सञ्चालन गर्ने क्रियाकलाप र सोसँग सम्बन्धित प्रकृयागत र नतिजामूलक माइलस्टोन निर्धारण गर्ने गरिएको छ।

विश्व आर्थिक परिदृष्यका साथै, कतिपय आन्तरिक कारणले गर्दा आर्थिक गतिविधिमा शिथिलता आई लक्ष्यअनुरूप राजस्व परिचालन हुन सकेको छैन। साथै, उत्पादन, व्यापार र निर्माण क्षेत्रमा सुस्तता आएकोले लक्ष्यअनुरूप आर्थिक वृद्धि हासिल हुन कठिन देखिएको छ। चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा गत वर्षको सोही अवधिको तुलनामा कुल खर्च वृद्धि भएतापनि लक्ष्यअनुसार पुँजीगत खर्च हुन सकेको छैन। आर्थिक वर्षको बाँकी अवधिमा सरकारी वित्त संरचनामा सुधार गर्दै बजेट कार्यान्वयनलाई तीब्रता दिइनेछ।

प्रस्तुत प्रगति विवरणबाट मन्त्रालयहरूको बजेट तथा खर्चको अवस्था एवम् सम्पादित महत्त्वपूर्ण कार्यहरूको सम्बन्धमा यथार्थ उपलब्धिको जानकारी प्राप्त हुने अपेक्षा गरेको छु। प्रस्तुत प्रगति विवरण सरकारको बजेट तथा खर्च व्यवस्थापनका बारेमा जानकारी हासिल गर्न चाहने सम्बन्धित क्षेत्रका विज्ञ एवम् सरोकारवाला सबैलाई उपयोगी हुनेमा विश्वस्त छु। अन्त्यमा, यो विवरण तयार गर्ने कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

**२०८०, जेठ** **डा. प्रकाश शरण महत**
**अर्थ मन्त्री**

# प्रगति विवरणको सम्बन्धमा

प्रस्तुत "मन्त्रालयगत प्रगति विवरण" पुस्तिकामा सबै मन्त्रालयको संक्षिप्त परिचय, दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिको साथै आर्थिक वर्ष २०७८/७९ को यथार्थ खर्च र प्रगति एवम् चालु आर्थिक वर्षको बजेट र चैत मसान्तसम्मको खर्च विवरण समावेश गरिएको छ। चालु आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लेख भएका विषयगत सबै मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रमको सम्बन्धमा २०७९ चैत मसान्तसम्मको वित्तीय र भौतिक प्रगति विवरण समावेश गरिएको छ। सम्बन्धित मन्त्रालयबाट सो अवधिमा सम्पादन भएका महत्त्वपूर्ण कार्य समेत संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ।

प्रस्तुत पुस्तिकामा आर्थिक ऐन, २०७९ को दफा १८ बमोजिम चैत मसान्तसम्म प्रदान गरिएको राजस्व छुटको विवरण, आर्थिक वर्ष २०७८/७९ मा नेपाल सरकारलाई प्राप्त भएको वैदेशिक सहायता र चालु आर्थिक वर्ष २०७९/८० को चैतसम्म नेपाल सरकारलाई प्राप्त वैदेशिक सहायताको आयोजनागत प्रतिवद्धता विवरण समेत समावेश गरिएको छ।

प्रस्तुत पुस्तिका सम्बन्धित मन्त्रालयले उपलब्ध गराएका तथ्याङ्क, सूचना एवम् प्रगति विवरण, महालेखा नियन्त्रक कार्यालयको खर्च व्यवस्थापनसम्बन्धी सूचना प्रणालीमा आधारित तथ्याङ्क समेतका आधारमा तयार गरिएको छ।

**अर्थ मन्त्रालय**

# विषय-सूची


| क्र.सं. | मन्त्रालयको नाम | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ |
| २. | अर्थ मन्त्रालय | ११ |
| ३. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ३२ |
| ४. | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ४८ |
| ५. | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | ६८ |
| ६. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ७३ |
| ७. | खानेपानी मन्त्रालय | ८७ |
| ८. | गृह मन्त्रालय | ९४ |
| ९. | परराष्ट्र मन्त्रालय | १०७ |
| १०. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ११५ |
| ११. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १२५ |
| १२. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | १३९ |
| १३. | युवा तथा खेलकुद मन्त्रालय | १५० |
| १४. | रक्षा मन्त्रालय | १५७ |
| १५. | वन तथा वातावरण मन्त्रालय | १६५ |
| १६. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | १७४ |
| १७. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १८६ |
| १८. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १९८ |
| १९. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०६ |
| २०. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २१७ |
| २१. | शहरी विकास मन्त्रालय | २२९ |
| २२. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २४० |
| अनुसूचीहरूः- | | |
| १. वैदेशिक सहायता प्राप्तिको विवरण | | |
| २. वैदेशिक सहयोग सम्बन्धमा भएका सम्झौताको विवरण | | |
| ३. आर्थिक ऐन, २०७८ को दफा १८ बमोजिम २०७९ आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्ममा दिइएको राजस्व छुटको विवरण | | |

# संवैधानिक निकाय/मन्त्रालयगत व्यय विवरण

(रू. हजारमा)

| अनुदान संकेत | मन्त्रालय/निकाय | आर्थिक वर्ष २०७८/७९ | | आर्थिक वर्ष २०७९/८० | |
|---|---|---|---|---|---|
| | | खुद बजेट | खर्च | खुद बजेट | खर्च |
| १०१ | राष्ट्रपति | १५४९३० | १३९८८२ | १५२३०० | ९८७६४ |
| १०२ | उपराष्ट्रपति | ४९५८३ | ४५५१७ | ४८२०० | ३०८९० |
| १०३ | प्रदेश प्रमुखहरू | २०९६०१ | १५४९१५ | २०९८२३ | १०९८७० |
| २०२ | सङ्घीय संसद | १२५५६२२ | ११५७९५६ | ११९१८०० | ७३८२९३ |
| २०४ | अदालत | ८४४७७९६ | ७५८८६४५ | ६९६०१०६ | ४८५२४८८ |
| २०६ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | १२७६९०३ | ८८१४३९ | १४१०४०० | ८१८५४७ |
| २०८ | महालेखा परीक्षकको कार्यालय | ६७५७०० | ५७७६७८ | ६०८५०० | ३८३३२० |
| २१० | लोक सेवा आयोग | १०१५६१५ | ९६३३९१ | ९३७६९२ | ६४१०३८ |
| २१२ | निर्वाचन आयोग | ६८३५५८७ | ५४९९९६९ | ८९६१४९५ | ६८२९०८१ |
| २१४ | राष्ट्रिय मानव अधिकार आयोग | २५४२५७ | २०५६१५ | २५८४०० | १५८५८५ |
| २१८ | न्याय परिषद् | ५२२६३ | ४७२१८ | ४७४०० | ३२३७१ |
| २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ८२९०० | ५४७७३ | ९१५०० | ४३२२० |
| २२२ | राष्ट्रिय महिला आयोग | १०१३०० | ६९१३६ | ९९४०० | ४४६३३ |
| २२४ | राष्ट्रिय दलित आयोग | ३३२९६ | २७७३८ | ३३५०० | २२५४२ |
| २२६ | राष्ट्रिय समावेशी आयोग | ३०९२९ | २९६७६ | ३१३०० | २२५४१ |
| २२८ | आदिवासी जनजाति आयोग | ३०७२७ | २८७२२ | ३२००० | २००२९ |
| २३० | मधेशी आयोग | ३३७२८ | ३१०९८ | ३४१६३ | २३८१८ |
| २३२ | थारू आयोग | ५८८२६ | ५३९९८ | ४२७०० | २५७६२ |
| २३४ | मुस्लिम आयोग | ४२९०० | ३३१०० | ४०७०० | १८७७६ |
| ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४३५३०२६ | ३५४३७८८ | ४७४३३८८ | २७७३१०५ |
| ३०५ | अर्थ मन्त्रालय | ३५७११५८९ | २०९६३२४९ | ३४६८४०६६ | ९११२८३५ |
| ३०७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ११५४५५६५ | ६०२२६७९ | १०४८४१०८ | २७००२९१ |
| ३०८ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ४२४४८७९९ | ३४२२७९६५ | ४२१६७०११ | १७८७८६१४ |
| ३११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ४९५३३८ | ३३०५३२ | ५५७६११ | १९५०३२ |
| ३१२ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ३७७६६०३६ | ३०३९८७०० | ४८८९७५१७ | २९६४१४८२ |
| ३१३ | खानेपानी मन्त्रालय | २४२३१२८८ | १४०७६७९६ | २२२७३१०६ | ६८८४५१९ |
| ३१४ | गृह मन्त्रालय | १८९११८३४४ | १८२४८४४५२ | १९६१३४९३९ | १४०४८३९४५ |
| ३२५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ५५८८३८५ | ४५२७०७२ | ६८८४९६६ | २४८३३०२ |
| ३२६ | परराष्ट्र मन्त्रालय | ६८६०११३ | ५०२१३७० | ६६८२२१३ | ४७९२८३२ |
| ३२९ | वन तथा वातावरण मन्त्रालय | ११७४८२४८ | ९६६७३६१ | १२८७३००४ | ६२५२३५४ |
| ३३६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ७१७५६१२ | ५५५०७२० | ७०५५१३४ | ३७३१६२० |
| ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १५६६८६५०७ | ९४२७५८७२ | १६८२५५२४४ | ५५६८०५५३ |
| ३४० | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ६५८०१६ | ४५१३५७ | १३०६८१० | ३०३७८५ |
| ३४३ | युवा तथा खेलकूद मन्त्रालय | १९०५५०० | १३२६०४६ | ३०५५००० | १३४७६३४ |
| ३४५ | रक्षा मन्त्रालय | ५६७७८४१० | ५३१८२५४२ | ५६७५७५३७ | ४१४३७३२६ |

| अनुदान संकेत | मन्त्रालय/निकाय | आर्थिक वर्ष २०७८/७९ | | आर्थिक वर्ष २०७९/८० | |
|---|---|---|---|---|---|
| | | खुद बजेट | खर्च | खुद बजेट | खर्च |
| ३४७ | शहरी विकास मन्त्रालय | ३०८१४४३५ | २१५९६५५६ | ६०१३६४१७ | १३२०५२५५ |
| ३५० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ४८५२१८६७ | ४२६१६५९० | ६५६९१५९८ | ३७६६३३३३ |
| ३५८ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ७५६२७८१ | ६०९५७२५ | ८६२०५७२ | ४१२५२०७ |
| ३६५ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १८५०४६१४ | ९६७१४७२ | ९१०३६५४ | २१४८१७७ |
| ३७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ९१३०१४५१ | ६२३८६१८१ | ६७०४६३४९ | २१२५२०९३ |
| ३७१ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २५२११२७ | ११२०७४८ | १९८९०२५ | ५५९७२६ |
| ३९१ | राष्ट्रिय योजना आयोग | ३५५७३७२ | ३२६४१२१ | १००१७०० | ५२७५६१ |
| ३९२ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | ३८७३०७९१ | २०२१८७८४० | | ० |
| ५०१ | अर्थ मन्त्रालय- वित्तीय व्यवस्था | ११६९८९२०० | ६२७१७३१९ | ८९९४१४०० | ५१६२२५२ |
| ५०२ | अर्थ मन्त्रालय -आन्तरिक ऋण भुक्तानी | ८५०७०९०० | ८५०२२७८८ | १७३०२७५५६ | १४५४४६६२६ |
| ५०३ | अर्थ मन्त्रालय -वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ३२८२६२०० | ३०४६७६२१ | ४०५६२००० | २०६१६११७ |
| ५०४ | अर्थ मन्त्रालय -वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ९९२३९०० | ६४८९१७९ | १२३७०५०० | ६२२०२६५ |
| ६०१ | अर्थ मन्त्रालय -कर्मचारी सुविधा तथा सेवा निवृत सुविधा | ७९६०९५७० | ६६७१४५१२ | १३७२९०८४० | ५३५४८८९५ |
| ६०२ | अर्थ मन्त्रालय- विविध | २४९६६९३६ | १९२०३५५ | ५४९७१८७९ | ३००२४१ |
| ७०१ | प्रदेश | ११५४०३७२४ | १०९०३९९४८ | ११७५७१७७० | ६८३६५८४५ |
| ८०१ | स्थानीय तह | ३१२८११०९४ | २९७०१७९५३ | ३१०५०९००७ | २२३२८६६९४ |
| | **जम्मा** | १६३२८२९२०० | १३१०००८१८ | १७९३८३७३०० | ९४३०४२०८४ |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

मुलुकको सर्वोच्च प्रशासनिक निकायको रूपमा रहेको यस कार्यालयले समग्र सार्वजनिक नीति तर्जुमाको संयोजन तथा नीति कार्यान्वयनको अनुगमनसम्बन्धी कार्य गर्दछ। नेपाल सरकारको तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन नीति तथा रणनीति तर्जुमा, स्वीकृति तथा कार्यान्वयनको अनुगमन, मूल्याङ्कन गर्ने, विधेयक तथा अध्यादेश स्वीकृतिको प्रक्रियालाई अगाडि बढाउने र नियम तथा आदेश स्वीकृत गरी जारी गराउने कार्य यस कार्यालयले गर्दछ। यस कार्यालयले नेपाल सरकारका मन्त्रालय एवम् निकायहरूबाट सम्पादन हुने कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय तथा अनुगमन र मूल्याङ्कनको कार्य गर्दछ। प्रादेशिक सन्तुलन तथा अन्तर प्रदेश समन्वय, तीन तहका सरकारबीच समन्वय र सहकार्य, देशको समग्र राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक तथा शान्ति सुव्यवस्थाको गतिविधिका अनुगमन मूल्याङ्कन गर्ने, व्यवस्थापन सूचना प्रणालीको विकास, शासकीय सुधार तथा भ्रष्टाचार नियन्त्रण, सदाचार प्रवर्द्धन, प्रशासनिक पुनर्संरचना, द्विपक्षीय वा बहुपक्षीय सन्धि तथा सम्झौता वा सहमति कार्यान्वयनको अनुगमन, मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनसम्बन्धी कार्यहरू पनि गर्दछ।

### १.२ दीर्घकालीन सोचः

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सुशासनको नेतृत्वदायी र उत्कृष्ट निकायको रूपमा स्थापित गर्ने।

### १.३ उद्देश्यः

- प्रशासन संयन्त्रलाई विश्वसनीय, परिणाममुखी, जनउत्तरदायी र सक्षम बनाउनु,
- सार्वजनिक नीति तथा योजना कार्यान्वयनलाई नतिजामूलक बनाउनु,
- सार्वजनिक सेवा प्रवाहलाई दक्ष र प्रभावकारी बनाउनु,
- मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नु,
- मन्त्रालय तथा निकायहरूको रेखदेख, नियन्त्रण तथा निरीक्षण गर्नु,
- विद्युतीय सुशासनलाई बढावा दिनु,
- विकास निर्माण कार्यलाई पारदर्शी तथा जनमैत्री बनाउनु,
- शून्य सहनशीलता मार्फत भ्रष्टाचार निवारण गरी सदाचार पद्धतिलाई प्रोत्साहन गर्नु।

### १.४ रणनीतिः

- कार्यसम्पादन सूचक मार्फत नतिजामूलक व्यवस्थापन पद्धति लागू गर्ने,
- सार्वजनिक सेवा प्रवाहको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने,
- मानव अधिकारको सम्मान, संरक्षण एवम् प्रवर्द्धन गर्ने,
- भौतिक पूर्वाधार विकासमा समन्वय एवम् सुधार गर्ने,
- विद्युतीय शासन प्रणालीको विकास एवम् विस्तार गर्ने,
- गुनासो व्यवस्थापनलाई सुदृढ गरी सुशासन कायम राख्ने,
- सङ्घ, प्रदेश र स्थानीय सरकारको बीचमा सहकार्य, समन्वय एवम् सहजीकरण गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २६६ | २५६ | १० | २ |
| २ | महान्यायाधिवक्ताको कार्यालय | १६० | १५२ | ८ | - |
| ३ | उच्च सरकारी वकिल कार्यालयहरू | ३५५ | २९९ | ५६ | - |
| ४ | विशेष सरकारी वकील कार्यालय | ३९ | ३६ | ३ | - |
| ५ | जिल्ला सरकारी वकिल कार्यालयहरू | ९५४ | ८१९ | १३५ | - |
| ६ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ४६ | ४१ | ५ | - |
| ७ | नेपाल ट्रष्टको कार्यालय | ६८ | ५५ | १३ | - |
| ८ | राष्ट्रिय सतर्कता केन्द्र | १४७ | १०७ | ४० | - |
| ९ | राजस्व अनुसन्धान विभाग र इकाइ कार्यालयहरू | १४५ | १२८ | १७ | - |
| १० | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ६८ | ३५ | ३३ | - |
| ११ | राष्ट्रिय अनुसन्धान विभाग | २२६५ | १८५५ | ४१० | - |
| १२ | लगानी वोर्डको कार्यालय | २६ | २५ | १ | - |

## ३. आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७९ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं | बजेट बक्तव्यको संक्षिप्त ब्यहोरा | प्रगति |
|---|---|---|
| ३६ | ग्रीन हाइड्रोजन र ग्रीन एमोनिया प्रविधि प्रयोग गरी रासायनिक मल कारखाना स्थापना गर्न लगानी वोर्ड नेपाल मार्फत कार्य अगाडि बढाइने। | • रासायनिक मल प्लाण्ट **(100% Green Calcium Ammonium Nitrate-CAN)** स्थापनाका लागि RE NIKOLA SDN.BHD. ले पेश गरेको प्रस्तावलाई नेपाल सरकारलाई कुनै पनि आर्थिक दायित्व नपर्ने गरी अध्ययनका लागि अनुमति प्रदान गरिएको। |
| ९५ | वीरेठाँटी-मुक्तिनाथ केवलकार पूर्वाधार तयार गर्न निजी क्षेत्रलाई सहजीकरण गरिने। | • मुक्तिनाथ केबुलकार परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तयार भई वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को कार्य भइरहेको। । |
| २१३ | काठमाडौंदेखि चितवनको यात्रा एक घण्टामा गर्ने गरी चन्द्रागिरी-चित्लाङ-पालुङ-चितवन द्रुत मार्ग पहिलो चरणमा निर्माण गर्ने र चितवन-रामपुर-बुटवल, चितवन-रामपुर-पोखरा द्रुतमार्ग निजी क्षेत्रको लगानीमा निर्माण गर्न लगानी वोर्ड नेपाल मार्फत प्रक्रिया अघि बढाइने। | • चन्द्रागिरी-चित्लाङ-पालुङ-चितवन एक्सप्रेस वे परियोजनाको पूर्वसम्भाव्यता अध्ययन सम्पन्न भई प्रारम्भिक प्रतिवेदन तयार भएको। |
| २४६ | जलाशययुक्त ७५० मेगावाटको पश्चिम सेती र ३०९ मेगावाटको सेती-६ जलविद्युत आयोजनाको प्राविधिक तयारी गरी निर्माण कार्य अगाडि बढाइने। | • पश्चिम सेती र एस.आर.-६ संयुक्त जलाशययुक्त जलविद्युत परियोजनाको विकासका लागि विकासकर्ता एनएचपिसी लिमिटेड, इन्डियासँग समझदारी गरी सर्वेक्षण अनुमति जारी भई पश्चिम सेती जलाशययुक्त जलविद्युत परियोजनाको प्रारम्भिक अध्ययन प्रतिवेदन प्राप्त भएको। |
| ३६२ | भ्रष्टाचार नियन्त्रण शून्य सहनशीलताको नीति अवलम्वन | • जिम्मेवारी सरी आएका २३७ र नयाँ दर्ता भएका ४०६ गरी कूल ६४३ उजूरी मध्ये |

| बुँदा नं | बजेट बक्तव्यको संक्षिप्त ब्यहोरा | प्रगति |
|---|---|---|
| | गरिने। भष्ट्राचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपायहरू अवलम्वन गर्न अनुसन्धान र अभियोजनलाई सवल बनाइने। | ४२४ उजूरी फछ्र्यौट भएको।<br>• १५१ सरकारी कार्यालयहरूको अनुगमन गरी समय पालना तथा तोकिएको पोशाक नलगाउने १ हजार १५८ जना कर्मचारीलाई कारबाहीका लागि लेखी पठाइएको। १४१ वटा कार्यालयहरूको नागरिक बडापत्र कार्यान्वयन अवस्था अनुगमन गरिएको। |
| ३६३ | सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी चालु अन्तर्राष्ट्रिय पारस्परिक मूल्याङ्कन समयमै सम्पन्न गरिने। सो सम्बन्धी पाँचवर्षे राष्ट्रिय रणनीति तथा मौजुदा कानुनी व्यवस्थाको कार्यान्वयनलाई थप प्रभावकारी बनाईने। | • नियमनकारी तथा अनुसन्धानकारी निकायहरू तथा Asia/Pacific Group (APG) On Money Laundering सचिवालय समेतको सहभागितामा Pre-onsite तथा onsite Visit कार्यक्रम सम्पन्न भएको।<br>• राष्ट्रिय पुनरावलोकन परिषद्का २, राष्ट्रिय समन्वय समितिका ८ र पारस्परिक मूल्याङ्कन समिति लगायत संयन्त्रहरूका नियमित बैठक बसी पारस्परिक मूल्याङ्कन सम्बन्धमा विविध निर्णय भएको।<br>• Anti-Money Laundering/Combating the Financing of Terrorism (AML/CFT) र आपराधिक प्रकृतिको आय आर्जनको आँकलन गर्न आधार सर्वेक्षण (Baseline Survey) को लागि तथ्याङ्क सङ्कलन सम्बन्धमा अवधारणापत्र तयार भएको। |
| ४१२ | अन्य व्यक्तिका नाममा व्यवसाय दर्ता गरी कर छली गर्ने प्रवृतिलाई निरूत्साहित गरिने। | • राजस्व चुहावटतर्फ २१ र विदेशी विनिमयतर्फ १७ वटा मुद्दा दायर गरिएको। |

## ४. आर्थिक बर्ष २०७८/७९ मा र २०७९/८० को चैत मसान्तसम्ममा तर्जुमा / संशोधन भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू:

| क्र.सं. | नीति/कानुन/कार्यविधि/ निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन | कैफियत |
|---|---|---|---|
| १. | सार्वजनिक पदाधिकारीको कार्यसम्पादन करार निर्देशिका, २०७९ | नयाँ तर्जुमा | |
| २. | हेलो सरकार गुनासो व्यवस्थापन निर्देशिका, २०७८ | नयाँ तर्जुमा | |
| ३. | सार्वजनिक खरिद ९एघारौ संशोधन০ नियमावली, २०७८ | संशोधन | |
| ४. | प्रशिक्षार्थी (इन्टर्न) भर्ना, सञ्चालन एवम् नियमनसम्बन्धी मापदण्ड, २०७८ | नयाँ तर्जुमा | लगानी वोर्डको कार्यालय |
| ५. | विशेषज्ञ समिति वा कार्यदल गठन तथा विशेषज्ञ नियुक्ति र पारिश्रमिक एवम् सुविधासम्बन्धी मापदण्ड, २०७८ | नयाँ तर्जुमा | लगानी वोर्डको कार्यालय |
| ६. | संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी पहिलो संशोधन विधेयक, २०७९ फिर्ता लिने | संशोधन | |
| ७. | जोखिममा आधारित जाँचबुझ अनुसन्धान एवम् | नयाँ तर्जुमा | सम्पत्ति शुद्धीकरण |

| क्र.सं. | नीति/कानुन/कार्यविधि/ निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन | कैफियत |
|---|---|---|---|
| | अभियोजनसम्बन्धी मार्गदर्शन, २०७८ | | अनुसन्धान विभाग |
| ८. | वास्तविक धनी पहिचानसम्बन्धी मार्गदर्शन, २०७९ | नयाँ तर्जुमा | |
| ९. | नेपाल सरकारवादी हुने फौजदारी मुद्दाको बहस, पैरवी तथा प्रतिरक्षासम्बन्धी निर्देशिका, २०७९ | नयाँ तर्जुमा | महान्यायधिवक्ताको कार्यालय |
| १०. | महान्यायधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्य सञ्चालन कार्यविधि, २०७८ | नयाँ तर्जुमा | |
| ११. | तथ्याङ्क ऐन, २०७९ | नयाँ तर्जुमा | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| १२. | Standard Bidding Document, Procurement of Goods, NCB, Single Stage Two Envelope Bidding Procedure ( Procurement Requiring Bidder's Qualification ) | नयाँ तर्जुमा | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| १३. | Standard Bidding Document, Procurement of Goods, ICB, Single Stage: Two Envelope Bidding Procedure, | नयाँ तर्जुमा | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| १४. | Standard Bidding Document, Procurement of works, NCB, Single stage Two Envelope Bidding Procedure procurement of value above NRs.20 million . | संशोधन | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| १५. | Standard Bidding Document, Procurement of works, NCB, Without Qualification Requirement, [For the use in NCB works up to NRs.20 million] | संशोधन | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| १६. | Standard Bidding Document, Procurement of works, NCB, With Qualification Requirement, [For the use in NCB works up to NRs.20 million] | संशोधन | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| १७. | Standard Bidding Document, Procurement of Goods, NCB, Single Stage Single Envelope Bidding Procedure ( Procurement Without Bidder's Qualification ) | संशोधन | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| १८. | Standard Bidding Document, Procurement of works, ICB, Single stage Two Envelope Bidding Procedure | संशोधन | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| १९. | सार्वजनिक खरिदसम्बन्धी आधारभूत अल्पकालीन तालिमको पाठ्यक्रम तथा प्रशिक्षण निर्देशिका, २०७९ | नयाँ तर्जुमा | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| २०. | सार्वजनिक खरिद अनुगमन निर्देशिका, २०७९ | नयाँ तर्जुमा | सार्वजनिक खरिद अनुगमन कार्यालय |

## ५. आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

- नेपालको संविधानको धारा ५३ एवम् सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व कार्यान्वयनका सम्बन्धमा भए गरेका कार्य र हासिल गरिएका उपलब्धिहरू सहितको नेपाल सरकारको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन तयारी गरी सम्माननीय प्रधानमन्त्री मार्फत राष्ट्रपति समक्ष पेश भएको।
- हेलो सरकार कक्षमा विभिन्न माध्यमबाट दर्ता भएका मध्ये ७ हजार ८१७ गुनासोहरू सम्बन्धित निकायमा पठाइएको जसमध्ये ३ हजार १९९ (४०.९२ प्रतिशत) गुनासोहरू फछ्र्यौट भएको।
- AML/CFT सम्बन्धी राष्ट्रिय प्रतिवेदन प्रणालीको सफ्टवेयर निर्माण सम्पन्न भएको।
- AML/CFT Mutual Evaluation को Pre-Onsite कार्यक्रम मिति २०७९ असोज २८, २९ र ३० मा र Onsite कार्यक्रम ०५ डिसेम्बर देखि १६ डिसेम्बरसम्म सम्बन्धित निकायको सहभागितामा सम्पन्न भएको।
- नेपाल सरकारको न्यूनतम कार्यक्रम, सम्माननीय प्रधानमन्त्रीज्यूको संसदमा सम्बोधन र नेपाल सरकारका सचिवज्यूहरूलाई भएको निर्देशनका विषयहरूको कार्यान्वयनका लागि एकीकृत कार्ययोजना तयार गरिएको।

- राष्ट्रिय महत्त्वका विभिन्न ३० आयोजनाहरूको कार्यान्वयन स्थिति, कार्यान्वयनमा देखिएका समस्याहरूको पहिचान सहितको आर्थिक वर्ष २०७९/८० को प्रगति विवरण सम्मिलित अर्धवार्षिक प्रगति प्रतिवेदन तयार गरिएको।
- कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्रको पदाधिकारी बैठक बसी कोभिडका नयाँ सब-भेरिएण्ट फैलिएको र डेंगु, फ्लु जस्ता सङ्क्रामक रोगबाट बच्न आमजनमानसमा सचेतना अपनाउन सूचना प्रवाह गर्ने, Search and Destroy अभियान सञ्चालन गर्न तीनै तहका सरकारसँग अनुरोध गर्ने, आवश्यक पर्न सक्ने औषधी, भ्याक्सिन, Medical Equipment को मौज्दात सङ्कलन तथा आयात गर्नुपर्ने लजिष्टीक सामानहरूको सूची तयार गर्ने निर्णय सम्बन्धित निकायमा कार्यान्वयनका लागि पठाइएको।
- ३९ वटा मन्त्रिपरिषद् बैठक बसी ९०७ वटा निर्णय र १९ वटा मन्त्रिपरिषद् समितिका बैठक बसी ४० वटा निर्णयहरू भएको।
- राष्ट्रिय गौरवका आयोजनाको Project Profile तयार गरी सङ्घीय संसद दिगो विकास तथा सुशासन समितिलाई उपलब्ध गराइएको।
- पूर्वाधार विकास आयोजनाहरूको अनुगमनको लागि विकास आयोजना अनुगमन समिति गठन भएको।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा २७ बमोजिम गठित समितिबाट सार्वजनिक निकायमा रहेको सूचनाको वर्गीकरण कार्य सम्पन्न भएको।
- राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त भएका ९३ वटा सिफारिश कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको।
- नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत "मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आर्थिक वर्ष २०७७/७८-२०८१/८२) तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिश कार्यान्वयन कार्ययोजना (२०७८-२०८२)" प्रकाशन गरिएको।
- सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार, मन्त्रिपरिषद्, संवैधानिक परिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत, तथा जिल्ला अदालतहरूबाट म्याद प्राप्त हुन आएका ११३ थान मुद्दाहरूको लिखित जवाफ, पुनरावेदन पत्र, तथा प्रतिउत्तर पत्र तयार गरी अदालतहरूमा पठाइएको।

**सार्वजनिक खरिद अनुगमन कार्यालय**

- Enhancement, Operation and Maintenance of e-GP System का लागि सेवा प्रदायक कम्पनीसँग सम्झौता भएको।
- काठमाडौंमा-२५६ जना र धादिङमा-३८ जना गरी जम्मा २९४ जनालाई सार्वजनिक खरिदसम्बन्धी आधारभूत तालिम तालिम प्रदान गरिएको।
- सार्वजनिक निकायका खरिद कार्यमा संलग्न १२७ जना कर्मचारीहरूलाई विद्युतीय खरिद (e-GP) सम्बन्धी तालिम र १३२ जना कर्मचारीहरूलाई निर्माण तथा परामर्श सेवाको बोलपत्र कागजात तयारी प्रशिक्षण प्रदान गरिएको।
- ८७ वटा निकायहरूको खरिद योजना र गुरूयोजनाको अनुगमन र २४ वटा सार्वजनिक निकायहरूको खरिद कार्यको अनुगमन सम्पन्न भएको।
- १२२ वटा बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी, अन्य व्यक्ति, फर्म, संस्था/कम्पनीलाई कालो सूचीमा राखिएको।

### नेपाल ट्रष्टको कार्यालय

- ट्रष्टको स्वामित्वमा रहेका पोखरा रत्न मन्दिरस्थित ब्लक ५ खेलमैदानको तारवार मर्मत कार्य गरिएको।
- काठमाडौं प्लाजा भवन काठमाडौं महानगरपालिकालाई दश वर्षका लागि सम्झौता भई लिजमा दिइएको।

### राष्ट्रिय सतर्कता केन्द्र

- चालु आर्थिक वर्ष २०७९/८० को चैतसम्ममा २२ वटा आयोजनाहरूको प्राविधिक परीक्षण सम्पन्न भएको।

### लगानी वोर्ड नेपाल

- विभिन्न पाँच परियोजनाहरूको लागि रू.१७०.८ अर्ब बराबरको लगानी स्वीकृति भएको।
- माथिल्लो मर्स्याङ्दी-२ जलविद्युत परियोजना विकासका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भएको।
- अरूण-३ जलविद्युत परियोजनाको विद्युत उत्पादनसँग सम्बन्धित निर्माण कार्य ६५ प्रतिशत र प्रसारण लाइन निर्माणको कार्य २० प्रतिशत सम्पन्न भएको।
- लगानी वोर्ड कोष स्थापना गरी सञ्चालनमा ल्याइएको।

### राष्ट्रिय अनुसन्धान विभाग

- जनशक्ति व्यवस्थापन एवम् क्षमता अभिवृद्धि अन्तर्गत अधिकृत तथा सहायकस्तरीय विभिन्न दर्जाका रिक्त दरबन्दी पदपूर्ति गरिएको, पदपूर्ती गरिएका जनशक्तिलाईलाई आधारभूत तालिम सञ्चालन गरिएको, सेवारत कर्मचारीलाई सीप एवम् दक्षता वृद्धिसँग सम्बन्धित विभिन्न सेवाकालीन तथा उच्चसेवाकालीन तालिम सञ्चालन गरिएको।
- भौतिक पूर्वाधार व्यवस्थापन अन्तर्गत निर्माणाधीन ४ भवन मध्ये २ भवन निर्माण सम्पन्न भई २ को निर्माण कार्य चलिरहेको, चालु आर्थिक वर्षमा नयाँ निर्माण प्रारम्भ गरिने ७ भवनको विद्युतीय खरिद (e-bidding) को प्रकृया शुरू भएको।

### नीति अनुसन्धान प्रतिष्ठान

- ११ वटा सार्वजनिक नीति सम्वाद कार्यक्रम सञ्चालन गरिएको।
- ११ वटा ऐन र ३ वटा नीतिको मस्यौदामा पृष्ठपोषण प्रदान गरिएको।
- "नीति अनुसन्धानमा हाम्रा प्रयासहरु" नामक पाक्षिक रेडियो कार्यक्रम १८ पटक प्रसारण भएको।
- **पाँचवटा विषयमा Research Report तयार भई प्रकाशन गरिएको**
  - A Study of Nepal's Public Policy Process: Policymakers' Perception and Use of Information in Decision-Making during the COVID – 19 Pandemic (Research Report),
  - Psychological Impact of COVID – 19 and Related Policy Provisions in Nepal (Research Report),
  - Effective Use of Public Diplomacy (Research Report),
  - State of Research Ethics Compliance in Nepal's Higher Education Institutions (Research Report),
  - Chinese Public Diplomacy in Nepal (Research Report).
- नेपालजस्ता विकासोन्मुख मुलुकहरूको विकासमा थिङ्क ट्याङ्कहरूको भूमिका सम्बन्धमा डा. स्वर्णिम वाग्ले र पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईको सोचपत्र प्रकाशन गरिएको।

### सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

- विभिन्न सरोकारवाला निकाय तथा व्यक्तिहरूबाट प्राप्त जम्मा ५०८ सूचना/उजूरीहरू मध्ये १८८ सूचना/उजूरीहरूमा प्रारम्भिक जाँचबुझ अधिकृत तोकीएको, ५१ वटा सूचना उजूरी कारवाहीका लागि अन्य निकायमा लेखि पठाएको।
- ९ वटा सूचना/ उजूरीहरू उपर अदालतमा मुद्दा दायर गरिएको।

**महान्यायाधिवक्ताको कार्यालय**

- जिल्ला सरकारी वकील कार्यालय, दाङ, बझाङ, चितवन तथा उच्च सरकारी वकील कार्यालय, बुटवलको कार्यालय भवन निर्माण सम्पन्न भएको।
- लैङ्गिक तथा बाल न्यायसम्बन्धी विशिष्टिकृत प्रशिक्षण कार्यक्रम, मुलुकी संहिता र सजाय निर्धारण कानून कार्यान्वयनसम्बन्धी अन्तरक्रिया कार्यक्रम, राजस्वसम्बन्धी, सङ्गठित अपराधसम्बन्धी र मौलिक हकसम्बन्धी प्रशिक्षण कार्यक्रम, न्यायाधीश, सरकारी वकील र अनुसन्धान अधिकारीबीच दाङमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको।
- मुख्य न्यायाधिवक्ताहरूसँगको कार्यशाला सम्पन्न गरिएको।

**राजस्व अनुसन्धान विभाग**

- राजस्व चुहावटसम्बन्धी २१ वटा मुद्दा दायर गरिएको जसमा रू.९८ करोड ४० लाख १९ हजार ९७७ रकम विगो र विदेशी विनिमय अपचलनसम्बन्धी १७ वटा मुद्दा दायर गरीएको जसमा रू.६ करोड ९४ लाख ७६ हजार ८१८ रकम विगो कायम गरिएको।

**६. आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः**

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

- एकीकृत अनुगमन प्रणालीमा प्राप्त विवरणका आधारमा विषयगत मन्त्रालयहरूको आर्थिक वर्ष २०७७/७८ को प्रमुख नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको।
- सबै विषयगत मन्त्रालयहरूको आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयन, विकास निर्माण तथा सेवा प्रवाहमा देखिएका मुख्य समस्याहरू लगायतका विषयमा मुख्य सचिवज्यूको अध्यक्षतामा २१ वटा समिक्षा बैठक सम्पन्न गरी निर्धारण भएका जम्मा ३०७ निष्कर्षहरू कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको।
- नेसनल डाटा बैंक पोर्टल निर्माण गरी सञ्चालनमा ल्याइएको।
- ६० वटा मन्त्रिपरिषद् बैठक बसी १ हजार ४३१ वटा निर्णय र ३८ वटा मन्त्रिपरिषद् समितिका बैठक बसी ८६ वटा निर्णयहरू भएको।
- ८ वटा राष्ट्रिय गौरवका आयोजना/राष्ट्रिय महत्त्वका आयोजना/राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूको स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गरिएको।
- नेपालका लागि विभिन्न पाँचवटा मित्रराष्ट्रहरूका आवासीय तथा २६ वटा मित्रराष्ट्रहरूका गैर-आवासीय राजदूत नियुक्तिका लागि सम्माननीय प्रधानमन्त्रीज्यूबाट सहमति प्रदान भई सोको जानकारी राष्ट्रपतिको कार्यालय र परराष्ट्र मन्त्रालयमा पठाइएको।
- नेपालको संविधानको धारा ५३ एवम् सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम नेपाल सरकारको वार्षिक प्रतिवेदन २०७७/७८ तयार गरी राष्ट्रपति मार्फत सङ्घीय संसदमा पेश गरिएको।
- आर्थिक वर्ष २०७८/८९ मा हेलो सरकारमा प्राप्त कुल गुनासो ११ हजार ३ मध्ये ५ हजार ५९३ गुनासोहरू समाधान भई फछ्र्यौट भएको।
- संयुक्त राष्ट्र सङ्घका लागि नेपालको स्थायी नियोगहरूबाट प्राप्त पत्रको जवाफको १० वटा प्रारम्भिक मस्यौदालाई अन्तिम रूप दिई परराष्ट्र मन्त्रालयमार्फत OHCHR मा पठाइएको।

**महान्यायाधिवक्ताको कार्यालय**

- सरकारी वकीलको क्षमता विकासका लागि अभियोजन प्रशिक्षण केन्द्र र सहयोगी निकाय राष्ट्रिय न्यायिक प्रतिष्ठान एवम् न्याय सेवा तालिम केन्द्रसँग समन्वय र सहकार्य गरी विभिन्न प्रशिक्षण, अनुशिक्षण कार्यक्रम सञ्चालन गरिएको।
- ५१ वटा जिल्लाका हिरासत, ४६ जिल्लाका कारागार तथा ८ वटा बालसुधार गृहमा मानव अधिकारको अवस्थाको अनुगमन गरेको।

**राजस्व अनुसन्धान विभाग**

- सूचना व्यवस्थापन प्रणाली (CMIS) तयार भई कार्यान्वयनमा आएको।
- झुट्टा तथा नक्कली विजक जारी गर्ने २०० वटा भन्दा बढी फर्मको पहिचान भई कारवाही अगाडि बढाइएको।
- ७०८ वटा नियमित गस्ति परिचालन गरी Vehicle & Consignment Tracking System (VCTS) समेतको अनुगमनबाट ७४७ फर्मलाई जरिवाना गरिएको।
- विभिन्न माध्यबाट प्राप्त १ हजार ३६८ उजूरीमध्ये ३७५ भन्दा बढी फर्मको अनुसन्धान सम्पन्न गरिएको।
- राजस्व चुहावटसम्बन्धी ७२ वटा र विदेशी विनिमय अपचलनसम्बन्धी ५८ वटा मुद्दा दायर गरिएको।

**नेपाल ट्रष्टको कार्यालय**

- नेपाल ट्रष्टलाई विपक्षी बनाई दायर मुद्दाहरूको नियमित वहस/पैरवी, प्रति उत्तर समेतका कार्यहरू भई सम्पति संरक्षण गर्ने कार्य भएको। यस अवधिमा नेपाल ट्रष्टको स्वामित्वको दरबारमार्ग स्थित जग्गा प्रयोग र काठमाडौ प्लाजा भवनसम्बन्धी मुद्दा नेपाल ट्रष्टको पक्षमा फैसला भएको।
- नुवाकोट थानसिंह स्थित जग्गाको प्राविधिक टोलीबाट सिमाङ्कन गर्ने कार्य गरिएको।
- स्थापना कालदेखि हालसम्ममा विभिन्न १२ जिल्लामा जम्मा २१,६३३-१५-०-० रोपनी जग्गा प्राप्त भएको।

**सार्वजनिक खरिद अनुगमन कार्यालय**

- खरिद योजना तथा गुरूयोजनको अनुगमन ७ पटक र मालसामान तथा गुनासोसम्बन्धी खरिद अनुगमन ४ पटक गरिएको।
- विद्युतीय खरिद सम्बन्धी e-GP तालिम ८ पटक, सार्वजनिक खरिदसम्बन्धी आधारभूत तालिम ९ पटक, Procurement of Goods and Consulting Service सम्बन्धी तालिम १ पटक सञ्चालन भएको।

**लगानी वोर्डको कार्यालयः**

- २ वटा परियोजनाको पूर्व सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरिएको तथा ५ वटाको अध्ययन कार्य शुरू गरी Inception report प्राप्त भएको।
- लगानी वोर्ड स्थापना दिवसको अवसरमा मिनी लगानी सम्मेलन आयोजना गरिएको।
- २० वटा परियोजनाको प्रोजेक्ट आइडिया नोटहरू तयार भएको।
- लगानी प्रवर्द्धन, परियोजना विकास तथा व्यवस्थापन, परियोजनाको आर्थिक, सामाजिक तथा वातावरणीय प्रभाव लगायत विषयमा १५ वटा अध्ययन प्रतिवेदन प्राप्त भएको।
- तल्लो अरूण परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत भएको।
- वोर्डबाट ३३ वटा परियोजनाका लागि रू.१०३०.५५ अर्ब लगानी स्वीकृत भएको जसमध्ये २०७८/७९ असार मसान्तसम्ममा ६ वटा परियोजनाका लागि कूल रू.१ खर्ब २२ अर्ब ६८ करोड बराबरको लगानी स्वीकृत भएको।
- लगानी प्रवर्द्धन गर्ने सम्बन्धमा UNDP तथा FNCCI सँग MOU गरिएको।

**राष्ट्रिय सतर्कता केन्द्रः**

- प्राविधिक परीक्षण प्रयोगशाला सञ्चालन भएको। कास्की र धनुषामा २ वटा प्राविधिक परीक्षणसम्बन्धी गोष्ठी सम्पन्न भएको।
- ७४ वटा राष्ट्रिय गौरव र अन्य आयोजनाको प्राविधिक परीक्षण सम्पन्न भएको।

- २९७ कार्यालयमा समयपालना र पोशाक अनुगमन र २७३ कार्यालयमा नागरिक वडापत्र कार्यान्वयन अनुगमन गरिएको।
- १८ वटा स्थानीय तहका पदाधिकारी र कर्मचारीलाई सदाचार शिक्षासम्बन्धी कार्यक्रम आयोजना गरिएको।
- यस अवधिको ६४७ र अ.ल्या. २५१ गरी जम्मा ८९८ मध्ये ६५९ (७३.३९ प्रतिशत) उजुरी फछ्यौंट गरिएको।

**राष्ट्रिय अनुसन्धान विभागः**

- स्थानीय तह निर्वाचन सुरक्षा योजनालाई कार्यान्वयन गर्ने क्रममा सबै प्रदेश र जिल्लामा निर्वाचन केन्द्रित प्रशिक्षण र अनुगमन सम्पन्न भएको।
- भौतिक पूर्वाधार व्यवस्थापन अन्तर्गत २ वटा भवन निर्माण सम्पन्न भएको, २ वटा निर्माणाधीन रहेको, ६ वटा नयाँ भवनको निर्माण प्रारम्भ गरिएको। साथै, विभाग तथा अन्तर्गतका २५ जिल्लाको भवन मर्मत सुधार गरिएको।

**सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागः**

- विभिन्न माध्यमबाट १३६ उजुरी प्राप्त भएकोमा १८ उजुरी आवश्यक कारवाहीका लागि अन्य निकायमा लेखी पठाइएको र ३ वटा उजूरी छानविन सम्पन्न गरी मुद्दा दायर गरिएको।
- पारस्परिक मूल्याङ्कनको तयारीका लागि सम्बद्ध निकायहरूसँग ३ पटक अन्तरक्रिया कार्यकम सम्पन्न भएको।

**नीति अनुसन्धान प्रतिष्ठानः**

- १४ वटा नीति अनुसन्धान परियोजनाहरूको मस्यौदा प्रतिवेदन प्राप्त भएको, जसमध्ये दुई वटा परियोजनाको अन्तिम मस्यौदा प्रकाशित भएको र थप १६ वटा नीतिगत सवालमा अध्ययन अनुसन्धान गरिएको।
- अनुसन्धानमा आधारित २० वटा नीतिगत सिफारिसहरू विभिन्न मन्त्रालय/निकायमा पेश गरिएको।
- ३७ वटा सार्वजनिक नीति सम्वाद सम्पन्न भएको।
- प्रतिष्ठानबाट १० वटा अनुसन्धान प्रतिवेदनहरू प्रकाशित भएको।

## ७. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु तर्फ** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००११३ | मन्त्रिपरिषद् | ८६००० | ६७१७१ | ७८.११ |
| ३०१०००१२३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४०१४८५ | ३०८९७० | ७६.९६ |
| ३०१०१०११३ | महान्यायाधिवक्ताको कार्यालय | १४७८२८ | १३०९५६ | ८८.५९ |
| ३०१०१०१२३ | उच्च सरकारी वकिल कार्यालयहरू | २४४०३२ | १९११७३ | ७८.३४ |
| ३०१०१०१३३ | विशेष सरकारी वकील कार्यालय | ३५७७१ | ३००९९ | ८४.१४ |
| ३०१०१०१४३ | जिल्ला सरकारी वकिल कार्यालयहरू | ६१३३११ | ४९२५५० | ८०.३१ |
| ३०१०२०११३ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ८५२०० | ६४९४६ | ७६.२३ |
| ३०१०३०११३ | नेपाल ट्रष्टको कार्यालय | ४८३६८ | ४०७८२ | ८४.३२ |
| ३०१०४०११३ | राष्ट्रिय सतर्कता केन्द्र | ११०४०० | ९१८९६ | ८३.२४ |
| ३०१०५०११३ | राजस्व अनुसन्धान विभाग | १६४४७४ | १४९६७४ | ९१.०० |
| ३०१०६०११३ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ७३३५० | ५७७७८ | ७८.७७ |
| ३०१०७०११३ | राष्ट्रिय अनुसन्धान विभाग र इकाइ कार्यालयहरू | १४८०७०२ | १४१६८५८ | ९५.६९ |
| ३०१३१०११३ | लगानी वोर्डको कार्यालय | ३२३१०० | ८०८०९ | २५.०१ |
| | जम्मा | ३८१४०२१ | ३१२३६६० | ८१.९० |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००१२४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३४८१३ | २३३८९ | ६७.१९ |
| ३०१०१०११४ | महान्यायाधिवक्ताको कार्यालय | ३२२४६ | २८३५४ | ८७.९३ |
| ३०१०१०१२४ | उच्च सरकारी वकिल कार्यालयहरू | ४५४२८ | ३८३२६ | ८४.३७ |
| ३०१०१०१३४ | विशेष सरकारी वकील कार्यालय | १२०० | ११८९ | ९९.०९ |
| ३०१०१०१४४ | जिल्ला सरकारी वकिल कार्यालयहरू | १७१८६७ | १४७९३७ | ८६.०८ |
| ३०१०२०११४ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ८७०० | ५५२९ | ६३.५५ |
| ३०१०३०११४ | नेपाल ट्रष्टको कार्यालय | ९०० | ९०० | ९९.९७ |
| ३०१०४०११४ | राष्ट्रिय सतर्कता केन्द्र | २९०५ | २४१७ | ८३.२१ |
| ३०१०५०११४ | राजस्व अनुसन्धान विभाग र इकाइ कार्यालयहरू | ७५४६ | ६३८२ | ८४.५७ |
| ३०१०६०११४ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | १७०० | १००८ | ५९.२९ |
| ३०१०७०११४ | राष्ट्रिय अनुसन्धान विभाग | १८५८०० | १४६८१६ | ७९.०२ |
| ३०१३१०११४ | लगानी वोर्डको कार्यालय | ४५९०० | १७८८० | ३८.९६ |
| **जम्मा** | | **५३९००५** | **४२०१२८** | **७७.९५** |

## ८. आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेट तथा २०७९ चैत मसान्तसम्मको खर्चको विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००११३ | मन्त्रिपरिषद् | ७४००० | ४६३२७ | ६२.६० |
| ३०१०००१२३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३८२३८७ | २७४०१० | ७१.६६ |
| ३०१०१०११३ | महान्यायाधिवक्ताको कार्यालय | १४९२०० | १०७६२५ | ७२.१३ |
| ३०१०१०१२३ | उच्च सरकारी वकिल कार्यालयहरू | २४३३४४ | १६४६६७ | ६७.६७ |
| ३०१०१०१३३ | विशेष सरकारी वकील कार्यालय | ३५१०० | २४९३३ | ७१.०३ |
| ३०१०१०१४३ | जिल्ला सरकारी वकिल कार्यालयहरू | ६०८७०२ | ४०९९९४ | ६७.३६ |
| ३०१०२०११३ | सार्वजनिक खरिद अनुगमन कार्यालय | १५५८०० | ४४२९२ | २८.४३ |
| ३०१०३०११३ | नेपाल ट्रष्टको कार्यालय | ४९५०० | ३४७२३ | ७०.१५ |
| ३०१०४०११३ | राष्ट्रिय सतर्कता केन्द्र | ११२७०० | ६५८७० | ५८.४५ |
| ३०१०५०११३ | राजस्व अनुसन्धान विभाग र इकाइ कार्यालयहरू | १५४५८५ | १०४४५० | ६७.५७ |
| ३०१०६०११३ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ७३६०० | ४१३९६ | ५६.२४ |
| ३०१०७०११३ | राष्ट्रिय अनुसन्धान विभाग | १५९९२५० | ११५७६६३ | ७२.३९ |
| ३०१३१०११३ | लगानी वोर्डको कार्यालय | २४१४०० | ४१९८८ | १७.३९ |
| | **जम्मा** | **३८७९५६८** | **२५१७९३९** | **६४.९०** |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००१२४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९३००० | ३२७१५ | ३५.१८ |
| ३०१०१०११४ | महान्यायाधिवक्ताको कार्यालय | ३१४०० | १८४९७ | ५८.९१ |
| ३०१०१०१२४ | उच्च सरकारी वकिल कार्यालयहरू | २७८०० | ६०८६ | २१.८९ |
| ३०१०१०१३४ | विशेष सरकारी वकील कार्यालय | ७१३०० | ४३२ | ०.६१ |
| ३०१०१०१४४ | जिल्ला सरकारी वकिल कार्यालयहरू | १३८८०० | ७४८७० | ५३.९४ |
| ३०१०२०११४ | सार्वजनिक खरिद अनुगमन कार्यालय | २१३४०० | १२१ | ०.०६ |
| ३०१०३०११४ | नेपाल ट्रष्टको कार्यालय | ९०० | ३२६ | ३६.२१ |
| ३०१०४०११४ | राष्ट्रिय सतर्कता केन्द्र | २२०० | २९४ | १३.३९ |
| ३०१०५०११४ | राजस्व अनुसन्धान विभाग र इकाइ कार्यालयहरू | ५४०० | १९८९ | ३६.८३ |
| ३०१०६०११४ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | १५०० | १३ | ०.८७ |
| ३०१०७०११४ | राष्ट्रिय अनुसन्धान विभाग | २४४०२० | १११२३४ | ४५.५८ |
| ३०१३१०११४ | लगानी वोर्डको कार्यालय | ३४१०० | ८५८८ | २५.१९ |
| **जम्मा** | | **८६३८२०** | **२५५१६६** | **२९.५४** |

# अर्थ मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापन, समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकाससँग सम्बन्धित सम्पूर्ण गतिविधिको व्यवस्थापन गर्ने कार्य अर्थ मन्त्रालयको जिम्मेवारी हो। सार्वजनिक खर्च व्यवस्थापन, अन्तर सरकारी वित्त व्यवस्थापन, राजस्व सङ्कलन, वैदेशिक सहायता व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंकिङ्ग तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बीमा र पुँजी बजारको व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवम् बजेट तर्जुमा र कार्यान्वयन गर्ने कार्य अर्थ मन्त्रालय अन्तर्गत रहेको छ।

### १.२ दीर्घकालीन सोचः

सवल आर्थिक तथा वित्तीय व्यवस्थापनबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्दै दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि र सामाजिक न्यायसहितको विकासमा योगदान पुऱ्याउँदै सवल, समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

### १.३ उद्देश्यः

सार्वजनिक वित्तको प्रभावकारी र समुचित उपयोगबाट आर्थिक विकास, समष्टिगत आर्थिक स्थायित्व र अर्थतन्त्रको सुदृढीकरणमा सहयोग पुऱ्याउने।

### १.४ रणनीतिः

- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानीमैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने।
- दक्ष, व्यावसायिक, स्वच्छ, सुदृढ एवम् करदातामैत्री कर प्रशासनको विकास र प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई करयोग्य सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउने।
- सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा प्रभावकारी र न्यायोचित रूपमा विनियोजन गरी उच्च आर्थिक हासिल वृद्धि गर्ने।
- सार्वजनिक खर्चलाई मितव्ययी, प्रभावकारी र अनुशासित तुल्याउने।
- विभिन्न मन्त्रालय, विभाग र निकायहरूको लागि भएको बजेट विनियोजन र तिनीहरूले प्रदान गर्ने सेवा प्रवाह प्रणालीबीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने।
- वित्तीय उत्तरदायित्वसम्बन्धी कानुनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्वन गर्ने।
- निकासा, लेखाङ्कन, आन्तरिक लेखापरीक्षण लगायतका सरकारी लेखा, सरकारी खर्च र राजस्वको नियमनको कार्य गर्ने,
- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसर व्यापक रूपमा सिर्जना गर्ने निकासीजन्य उत्पादनका क्षेत्रमा वाह्य सहायता परिचालन गर्ने।
- अन्तर्राष्ट्रिय विकास सहायतालाई मुलुकको विकासका पूर्व शर्त मानिने क्षेत्र र विषयमा केन्द्रित गर्ने।
- अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने।

- राष्ट्रिय बजेट प्रणालीमा आवद्ध हुनेगरी अन्तर्राष्ट्रिय विकास सहायता लिने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने।
- अन्तरसरकारी वित्त व्यवस्थालाई प्रभावकारी तुल्याउँदै वित्तीय सङ्घीयता कार्यान्वयन मार्फत साधन स्रोतको उच्चतम प्रतिफलयुक्त ढङ्गले परिचालन गर्ने।
- वित्तीय संस्था र वित्तीय उपकरणहरूको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणालीको विकास गर्ने।
- निजीकरण भएका संस्थानको कार्यकुशलता अनुगमन गर्दै सरकारी स्वामित्वमा सञ्चालनमा रहेका संस्थानहरूको व्यवसायिक सञ्चालन गर्ने।
- आन्तरिक ऋणलाई राष्ट्रिय प्राथमिकताका विकास कार्यक्रममा विनियोजन गर्दै यस्तो ऋणलाई निजी क्षेत्रलाई स्रोतको अभाव हुन नदिने गरी परिचालन गर्ने।
- आन्तरिक ऋण व्यवस्थापन र वाह्य ऋण व्यवस्थापनलाई एकीकृत रूपमा छुट्टै निकाय मार्फत सञ्चालन गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | अर्थ मन्त्रालय | १९६ | १९६ | ० | ११ |
| २ | आन्तरिक राजस्व विभाग र अन्तर्गत निकायहरू | १७०१ | १७७ | ३२४ | ० |
| ३ | भन्सार विभाग र अन्तर्गत निकायहरू | १२५७ | १०५१ | २०६ | ५५ |
| ४ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ३७ | ३१ | ६ | ३ |
| ५ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ३३ | २८ | ५ | ० |

## ३. आर्थिक वर्ष २०७९/८० को बजेटमा वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमका बुँदाहरूको २०७९ चैत मसान्तसम्मको प्रगतिः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३२ | किसानलाई आवश्यक पर्ने कृषि कर्जा किसानको घरदैलोमा सरल र सहज रूपमा उपलब्ध गराउन एक लघु वित्त कोष स्थापना गरिने। कोषमा बैङ्क तथा वित्तीय संस्थाले अनिवार्य रूपमा विपन्न क्षेत्र तथा कृषि उत्पादन क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जा तर्फको रकम लगानी गर्नुपर्ने व्यवस्था हुने। उक्त कोषमा नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष र सामाजिक सुरक्षा कोषबाट समेत निश्चित रकम लगानी गर्ने व्यवस्था मिलाइने। यसबाट कृषि उत्पादनका लागि वित्तीय पहुँच अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुग्ने। | • किसानलाई आवश्यक पर्ने कृषि कर्जा किसानको घरदैलोमा सरल र सहज रूपमा उपलब्ध गराउन एक लघु वित्त कोष स्थापना गर्नेसम्बन्धी कार्यविधिको मस्यौदा तर्जुमाको चरणमा रहेको। |
| ३३ | नेपाल सरकारको स्वामित्व रहेको ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाको पुनर्संरचना गरी पुँजी संरचना र संस्थागत क्षमता अभिवृद्धि गरिने। यसबाट स्थानीय तहमा किसान, युवा, दलित र महिलाहरूलाई घरदैलोमै कृषि तथा अन्य | • नेपाल सरकारको स्वामित्व रहेको ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाको पुनर्संरचना गरी पुँजी संरचना र संस्थागत क्षमता अभिवृद्धि गर्नेसम्बन्धी कार्य भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | उद्यमका लागि सहुलियतपूर्ण कर्जा उपलव्ध हुने। | |
| २१४ | सरकारले निर्माण गर्ने ठूला र रूपान्तरणकारी पूर्वाधार आयोजनामा लगानी गर्ने गरी हरित ऋणपत्र निष्काशन गरी पूर्वाधार विकासका लागि आवश्यक वित्तीय स्रोत जुटाइने। | • ठूला र रूपान्तरणकारी पूर्वाधार आयोजनामा लगानी गर्ने गरी हरित ऋणपत्र निष्काशन गरी पूर्वाधार विकासका लागि आवश्यक वित्तीय स्रोत जुटाउने विषयसँग सम्बन्धित विनियमावली नेपाल सरकार,मन्त्रिपरिषद्मा पेश भएको। |
| ३१८ | विपन्न व्यक्ति, दलित तथा पिछडिएको क्षेत्रका स्थायी वासिन्दाले पिछडिएको क्षेत्रमा सञ्चालन गर्ने व्यवसायमा प्रदान गरिने सहुलियतपूर्ण कर्जाको ब्याजदरमा थप एक प्रतिशत विन्दुले छुट दिइने। | • विपन्न व्यक्ति, दलित तथा पिछडिएको क्षेत्रका स्थायी वासिन्दाले पिछडिएको क्षेत्रमा सञ्चालन गर्ने व्यवसायमा प्रदान गरिने सहुलियतपूर्ण कर्जासम्बन्धी मस्यौदा तर्जुमा भएको। |
| ३२० | नेपाल राष्ट्र बैङ्कको सुपरिवेक्षकीय दायरा बाहिर रहेका वित्तीय कारोबार गर्ने बचत तथा ऋण सहकारी र गैर-सरकारी संस्थाहरूको प्रभावकारी नियमन, निरीक्षण तथा सुपरीवेक्षण गर्न दोस्रो तहको नियामक निकाय स्थापना गर्ने। | • यस सम्बन्धमा नेपाल राष्ट्र बैङ्कबाट अध्ययन भइरहेको। |
| ३२४ | भुक्तानी प्रणालीलाई सुरक्षित र विश्वसनीय बनाउन आधुनिक उपकरणहरूको उपयोग गर्दै वित्तीय कारोबारलाई विद्युतीय प्रणालीमा आधारित बनाइने। तीनै तहका सरकारी कोषमा प्राप्त हुने सबै प्रकारका राजस्व तथा उक्त कोषबाट वितरण हुने निवृत्तभरण, सामाजिक सुरक्षा भत्ता, अनुदान लगायतका सबै प्रकारका भुक्तानीहरू अनिवार्य रूपमा बैंकिङ प्रणाली मार्फत गर्ने व्यवस्था मिलाउने। | • Connect Ips, E-sewa, Khalti जस्ता भुक्तानी सेवा प्रदायकलाई राजस्व भुक्तानी प्रणालीमा आवद्ध गरिएको। सूत्र (SUTRA) प्रणालीमा राजस्व व्यवस्थापन प्रणाली आवद्ध गरी धुलिखेल नगरपालिकामा कार्यान्वयनमा आएको तथा अन्य स्थानीय तहमा कार्यान्वयनको चरणमा रहेको। नेपाल टेलिकम र नेपाल विद्युत प्राधिकरणसँग प्रणाली आवद्धताको लागि सम्झौता भई कार्य अघि बढेको। |
| ३२५ | दोस्रो वित्तीय क्षेत्र विकास रणनीति कार्यान्वयनमा ल्याउने। वित्तीय प्रणालीमा स्थिरता कायम गरी आन्तरिक लगानी प्रवर्द्धन गर्न र तरलता व्यवस्थापनलाई थप प्रभावकारी बनाउन खुला बजार कारोवार स्थिरीकरण कोषको व्यवस्था गर्ने। विदेशी विनिमयमा हुने उतारचढावबाट नेपालमा हुने वैदेशिक लगानीमा पर्ने जोखिम न्यून गर्न हेजिङ कोष स्थापना गर्ने। | • दोस्रो वित्तीय क्षेत्र विकास रणनीतिको मस्यौदा तयार भएको। वित्तीय प्रणालीमा स्थिरता कायम गरी आन्तरिक लगानी प्रवर्द्धन गर्न र तरलता व्यवस्थापनलाई थप प्रभावकारी बनाउन खुला बजार कारोवार स्थिरीकरण कोषको व्यवस्था गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैङ्कबाट कार्य भइरहेको। हेजिङ्ग कोष स्थापना सम्बन्धमा कानुनी व्यवस्था भई प्रक्रिया अघि बढेको। |
| ३२६ | राष्ट्रिय बीमा नीति र विपद् जोखिम बीमा रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने। एक परिवार एक बीमा अवधारणालाई साकार | • राष्ट्रिय बीमा नीतिको मस्यौदा तयार भएको। विपद् जोखिम बीमा रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन अध्ययन |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | पार्न आवश्यक कार्यक्रम सञ्चालन गरी स्थानीय तहसम्म बीमाको पहुँच विस्तार गरिने। बीमा महाविपत्ति बण्ड जारी गर्ने सम्बन्धमा आवश्यक अध्ययन गरिने। | भइरहेको। |
| ३३० | धितोपत्रको दोस्रो बजारमा गैर आवासीय नेपालीहरूको लगानी खुला गर्न कानुनी व्यवस्था मिलाइने। वैदेशिक रोजगारीमा गएका नेपालीहरूलाई धितोपत्रको प्राथमिक निष्काशनमा दश प्रतिशत सेयर आरक्षित गरिने। | • धितोपत्रको दोस्रो बजारमा गैर आवासीय नेपालीहरूको लगानी खुला गर्न नीतिगत र कानुनी व्यवस्था भएको। वैदेशिक रोजगारीमा गएका नेपालीका हकमा कार्यान्वयनमा आएको। |
| ३३१ | वस्तु विनिमय बजार र यसका पूर्वाधारहरू सञ्चालनमा ल्याउने। संस्थागत तथा सरकारी ऋणपत्रहरूको दोस्रो बजार कारोबारलाई व्यवस्थित गरी ऋणपत्र बजारको विकास गरिने। उद्यमशिलता तथा नवप्रवर्तनलाई प्रवर्द्धन गर्न प्राइभेट इक्विटी तथा भेञ्चर क्यापिटललाई सञ्चालन अनुमति दिई सहजीकरण गरिने। | • वस्तु विनिमय बजार र यसका पूर्वाधार सञ्चालनमा ल्याउने सम्बन्धमा नीतिगत र कानूनी व्यवस्था भइरहेको। निजी इक्विटी तथा भेञ्चर क्यापिटल सञ्चालन भएको। |
| ३३२ | एक अर्ब रूपैयाँ वा सो भन्दा बढीको पुँजी वा ५ अर्ब रूपैयाँभन्दा बढीको कारोबार गर्ने कम्पनी, प्राकृतिक स्रोतहरूको उपयोग गर्ने कम्पनी तथा राज्यबाट अनुदान, सहुलियत वा कर छुट प्राप्त गर्ने पब्लिक लिमिटेड कम्पनीहरूलाई धितोपत्रको सार्वजनिक निष्काशन गरी सूचीकृत हुनुपर्ने व्यवस्था गरिने। | • एक अर्ब रूपैयाँ वा सो भन्दा बढीको पुँजी वा पाँच अर्ब रूपैयाँभन्दा बढीको कारोबार गर्ने कम्पनी, प्राकृतिक स्रोतहरूको उपयोग गर्ने कम्पनी तथा राज्यबाट अनुदान, सहुलियत वा कर छुट प्राप्त गर्ने पब्लिक लिमिटेड कम्पनीलाई धितोपत्रको सार्वजनिक निष्काशन गरी सूचीकृत हुनुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउन आवश्यक कानुनी व्यवस्थाका लागि मस्यौदा तयार भएको। |
| ३३३ | निक्षेप तथा कर्जा सुरक्षण कोषबाट सञ्चालित सुरक्षण कार्यक्रम र लघु बीमा सहयोग कार्यक्रमको दायरा विस्तार गरिने। निक्षेप बीमाको विद्यमान सीमा रू.३ लाखबाट वृद्धि गरी रू. ५ लाख पुऱ्याइने। | • निक्षेप बीमाको सीमा वृद्धि गरी रू.पाँच लाख बनाइएको। |
| ३४३ | सार्वजनिक सम्पत्तिको अभिलेख र व्यवस्थापन गर्ने व्यवस्थालाई प्रभावकारी बनाउने। | • Public Asset Management System (PAMS) Upgrade सम्बन्धमा Steering Committee गठन भएको। सम्पत्तिसम्बन्धी म.ले.प.फाराम परिमार्जन भइरहेको। |
| ३४८ | सङ्घीयता कार्यान्वयनको पाँच वर्षको अभ्यासको आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ संशोधन गरिने। वित्तीय सङ्घीयतालाई थप सुदृढ बनाउन समानीकरण अनुदानको अंश | • मस्यौदा तयार भई विभिन्न चरणमा छलफल भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | क्रमशः वृद्धि गर्दै सशर्त अनुदानलाई राष्ट्रिय नीति तथा महत्त्वका कार्यक्रम सञ्चालन गर्न एकमुष्ठ हस्तान्तरण गर्ने व्यवस्था मिलाएको। समपूरक र विशेष अनुदानको आवधिक मूल्याङ्कन गरिने। वित्तीय सङ्घीयतासम्बन्धी क्षमता विकास कार्य योजना बनाई लागू गरिने। | |
| ३७० | नेपाल सरकारका मन्त्रालय र निकायहरू अन्तर्गत छरिएर रहेका कोषहरूलाई एकीकृत गर्नुका साथै आवश्यक नदेखिएका कोषहरू खारेज गरिने। | • कोषहरूको विवरण सङ्कलन र अद्यावधिक गर्ने कार्य भइरहेको। |
| ३७१ | आन्तरिक ऋण परिचालन गर्दा वैदेशिक रोजगारीमा गएका नागरिकहरू र गैर आवासीय नेपालीलाई लक्षित गरी ऋणपत्र जारी गरिने। मध्यमकालीन ऋण व्यवस्थापन रणनीति, २०७८-८१ को आधारमा वार्षिक ऋण योजना बनाई कार्यान्वयन गरिने। | • आन्तरिक ऋण परिचालन गर्दा वैदेशिक रोजगारीमा गएका नागरिक र गैर आवासीय नेपालीलाई लक्षित गरी ऋणपत्र जारी गर्ने कार्य भएको। |
| ३७२ | समष्टिगत वित्तीय जोखिम कम गर्न वित्तीय जोखिम रजिष्टर राख्ने व्यवस्था मिलाइने। | • Macroeconomic Risk, SOEs Risk, Natural Desaster Risk and Government Gurantee Risk Register तयार गरिएको। |
| ३७३ | पुँजीगत खर्च हुन नसक्ने समस्याको पहिचान गर्न अध्ययन गर्ने। | • बजेट तथा कार्यक्रम महाशाखाका सहसचिवको नेतृत्वमा ७ सदस्यीय समिति गठन गरी चालु खर्चमा मितव्ययिता कायम गरी पुँजीगत खर्च वृद्धि गर्न सम्बन्धित पूर्वाधार मन्त्रालयहरूसँग नियमित छलफल तथा सहजीकरण समेत गरिएको। |
| ३८० | आगामी आर्थिक वर्ष सरकारी कार्यालयको लागि सवारी साधन खरीद गरिने छैन। मर्मत सम्भार गर्दा समेत सञ्चालनमा नआउने सवारी साधन अनिवार्य रूपमा लिलामी गर्ने व्यवस्था मिलाइने। | • मन्त्रालयको स्वामित्वमा रहेको सवारी साधनहरूको लगत विवरण तयार भएको। निर्देशिकाको मस्यौदा तयार भएको। |
| ३८१ | सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ को प्रतिवेदन सार्वजनिक गर्ने। | • सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ को प्रतिवेदन सार्वजनिक गरिएको। |
| ३८८ | सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी निकायले स्थायी लेखा नम्वर लिई विद्युतीय माध्यमबाट अग्रिम कर कट्टीको विवरण दिनुपर्ने व्यवस्थालाई अनिवार्य गर्ने। | • सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी निकायले स्थायी लेखा नम्वर लिई विद्युतीय माध्यमबाट अग्रिम कर कट्टीको विवरण दिनुपर्ने व्यवस्थालाई अनिवार्य गर्ने व्यवस्था अनुरूप ७ हजार ३९० निकायलाई स्थायी लेखा नम्वर प्रदान गरिएको। |
| ३८९ | नागरिकता तथा राष्ट्रिय परिचयपत्र प्रदान गर्दा कै वखत व्यक्तिगत स्थायी लेखा | • नागरिकता तथा राष्ट्रिय परिचयपत्र प्रदान गर्दाकै बखत व्यक्तिगत स्थायी लेखा नम्वर |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | नम्वर प्रदान गर्ने व्यवस्था कार्यान्वयनमा ल्याउने। नावालिग नागरिक समेत लगानी वा व्यवसायमा संलग्न भएमा उनीहरूलाई जन्म दर्ता वा नावालिग परिचयपत्र र अभिभावकको परिचय पत्रको आधारमा स्थायी लेखा नम्वर प्रदान गर्ने व्यवस्था मिलाउने। | प्रदान हुने व्यवस्था कार्यान्वयनका लागि अन्तर-निकाय संयुक्त समिति गठन भई अध्ययनको मस्यौदा प्रतिवेदन तयार भइसकेको। नावालिग नागरिकलाई समेत लगानी वा व्यवसायमा संलग्न भएमा उनीहरूलाई जन्मदर्ता वा नावालिग परिचयपत्र र अभिभावकको परिचय पत्रको आधारमा स्थायी लेखा नम्वर प्रदान गर्ने व्यवस्था मिलाई विभागको एकीकृत कर प्रणालीमा सुधार गरी कार्यान्वयनमा ल्याइएको। |
| ३९० | नेपालमा काम गर्न श्रम सहमति वा कार्य सहमति प्राप्त गरेका विदेशी नागरिकलाई पारिश्रमिक कर लगायत अन्य करको दायरामा ल्याउन श्रम स्वीकृति तथा भिसा नवीकरण गर्दा स्थायी लेखा नम्वर र कर चुक्ता प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्था गरिने। | • नेपालमा काम गर्न श्रम सहमति वा कार्य सहमति प्राप्त गरेका विदेशी नागरिकलाई पारिश्रमिक कर लगायत अन्य करको दायरामा ल्याउन श्रम स्वीकृति तथा भिसा नवीकरण गर्दा स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको। |
| ३९१ | पेशा व्यवसायमा संलग्न व्यक्तिको पेशागत प्रमाणपत्र नवीकरण गर्दा स्थायी लेखा नम्वर र कर चुक्ता प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्था गरिने, चार पाङ्ग्रे सवारी साधन खरिद गर्दा अनिवार्य रूपमा स्थायी लेखा नम्वर पेश गर्नुपर्ने व्यवस्था गरिने। | • पेशा व्यवसायमा संलग्न व्यक्तिको पेशागत प्रमाणपत्र नवीकरण गर्दा स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नुपर्ने तथा चार पाङ्ग्रे सवारी खरिद गर्दा अनिवार्य रूपमा स्थायी लेखा नम्बर पेश गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको। |
| | र जाजरकोट लगायतका स्थानमा रहेको किम्मती तथा अर्ध किम्मती पत्थरको अन्वेषण तथा प्रशोधन कार्य प्रारम्भ गरिने। | • धादिङ्गको रूबी भ्यालीमा बहुमूल्य पत्थरको अन्वेषणको लागि डेस्क स्टडी कार्य सम्पन्न भएको।<br>• दैलेखमा पेट्रोलियम पदार्थको अन्वेषण तथा ड्रिलिङ्ग कार्य गर्नका लागि जग्गा प्राप्त गर्नुपर्ने स्थान पहिचान गरिएको।<br>• संखुवासभा र लोहाकोटमा फलामको विस्तृत भौगर्भिक अन्वेषण कार्य सम्पन्न गरिएको। |
| ६३ | लघु, घरेलु र साना उद्योग प्रवर्द्धनका लागि मागमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रमलाई विस्तार गरिने। स्थानीय तहको लगानी र पहलमा स्थापना भएका उद्योगहरूको व्यवस्थापकीय सुधार, प्राविधिक जनशक्तिको आपूर्ति, प्याकेजिङ, ब्राण्डिङ र बजारिकरण गर्न आवश्यक बजेट विनियोजन गरिएको। अति विपन्न र सिमान्तकृत वर्गका नागरिकहरूलाई निजी क्षेत्रसमेतको सहभागितामा कार्यस्थलमा आधारित रोजगारी सिर्जना गर्ने कार्यक्रम सञ्चालन गर्ने प्रबन्ध मिलाइएको। | • मागमा आधारित प्रविधि हस्तान्तरणका लागि कार्यविधि तयार भएको।<br>• लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रबाट स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्यमलाई प्रविधि हस्तान्तरण गर्न २२ जना उद्यमी छनौट भएको।<br>• कार्यस्थलमा आधारित रोजगारमूलक सीपमूलक तालीम सञ्चालनका लागि उद्योगहरू र लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रबीच सम्झौता भई हालसम्म २३८ जनालाई तालिम प्रदान गरिएको। |
| ६४ | प्रत्येक स्थानीय तहमा उत्पादन हुने औद्योगिक उत्पादनको सम्भावना रहेका विशिष्ट उत्पादनहरूको पहिचान गरी उत्पादकत्व र बजारीकरणमा सहयोग पुऱ्याउन एक स्थानीय तह, एक विशिष्ट उत्पादनको अवधारणा कार्यान्वयन गरिने। | • स्थानीय रैथाने जातका सिमी, फापर, उवा, कागुनो र चिनो उत्पादन र बजारीकरणका लागि हुम्ला जिल्लाको सिमीकोट र अदानचुली गाउँपालिकासँग सम्झौता भएको। |
| ६५ | उत्पादनमूलक एवम् निर्यातजन्य उद्योगमा वैदेशिक लगानी आकर्षण गर्न एवम् गैर आवासीय नेपालीको लगानी भित्र्याउन वैदेशिक लगानीसम्बन्धी कानून तथा प्रक्रियामा सुधार गरिने। उद्योग स्थापनाको लागि आवश्यक पर्ने जग्गाको हदबन्दीसम्बन्धी व्यवस्था पुनरावलोकन गरिने। उद्योग सञ्चालनका लागि ५० वर्षसम्म जग्गा लिजमा दिन सकिने व्यवस्था मिलाइने। | • गैर आवासीय नेपालीको लगानीमा स्थापना हुने लगानी कम्पनीमा लगानीको सीमा हटाइएको। |
| ६६ | विदेशी लगानीको न्यूनतम सीमा पुनरावलोकन गरी रू.२ करोड कायम गरिने। वैदेशिक लगानी आकर्षित गर्न रू.१० करोड सम्मको वैदेशिक लगानीको स्वीकृति स्वचालित प्रणालीबाट हुने व्यवस्था मिलाइने। ठूला लगानिकर्ताहरूले विद्युतीय | • वैदेशिक लगानीको सीमा पुनरावलोकन भई २ करोड कायम भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|
| | माध्यमबाट प्रत्यक्ष वैदेशिक लगानी स्वीकृतिको माग गरेमा पूर्व तयारीका कार्य गर्न सक्ने गरी सात दिन भित्र प्रारम्भिक स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाइने। लगानी स्वीकृति र उद्योग सञ्चालनसम्बन्धी बाँकी प्रक्रिया ६ महिनाभित्र पूरा गरी सक्नुपर्ने व्यवस्था मिलाइने। | • उद्योग दर्तासम्बन्धी कार्यको अनलाइन स्वचालनसम्बन्धी कार्य भइरहेको। |
| ६७ | सर्जकहरूको बौद्धिक सम्पत्ति एवम् प्रतिलिपि अधिकारको संरक्षण गरिने। बौद्धिक सम्पत्तिको चोरी तथा प्रतिलिपि अधिकार उल्लङ्घन गर्ने उपरको कारवाही प्रक्रियालाई प्रभावकारी बनाइने। | • औद्योगिक बौद्धिक सम्पत्ति संरक्षणका लागि अनुगमन गरिएको। |
| ६८ | निरन्तर बढिरहेको आयातले वैदेशिक मुद्राको सञ्चितिमा ह्रास, चालु खाता तथा शोधनान्तर घाटा बढ्न गई अर्थतन्त्रमा चाप सिर्जना भएको। स्वदेशमा उत्पादन, उपभोग र निर्यात समेतको प्रचुर सम्भावना भएको कृषि, उद्योग र जलविद्युत तथा सेवा क्षेत्रको प्रवर्द्धन गरी आयात प्रतिस्थापन र निर्यात वृद्धि गरिने। नेपालमा आयात हुने प्रमुख वस्तुहरूको गुणस्तरको मापदण्ड बनाई लागु गरिने। | • निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापनका लागि नेपालमा आयात हुने प्रमुख वस्तुहरूको गुणस्तरका लागि मापदण्ड तयार गरी लागु गर्न चालु आर्थिक वर्षको चैत महिनासम्म २९ वटा नेपाल गुणस्तर मापदण्ड प्राविधिक समितिबाट पारित भएको। |
| ६९ | अदुवा, अलैंची, जडिबुटी लगायतका तुलनात्मक लाभ भएका वस्तुहरू तयारी रूपमा प्रशोधन तथा ब्राण्डिङ गरी निकासी गर्न त्यस्ता वस्तुको पकेट क्षेत्रमा प्रशोधन उद्योग खोल्न थप सहुलियत प्रदान गरिने। नेपाल एकीकृत व्यापार रणनीति र व्यापार घाटा न्यूनीकरण रणनीतिक कार्ययोजना परिमार्जनसहित कार्यान्वयन गरिने। | • व्यापार घाटा न्यूनीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०७९ स्वीकृत भई कार्यान्वयनमा आएको।<br>• नेपाल व्यापार एकीकृत रणनीति, २०७९ को मस्यौदा तयार भई स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गरिएको। |
| ७० | मित्रराष्ट्र चीनसँग भएको पारवहन सम्झौताबमोजिम उपलब्ध नाका तथा वन्दरगाह उपयोग गर्दै तेस्रो मुलुकसम्मको पहुँचलाई थप सहज बनाई अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गरिने। वैदेशिक व्यापारको लागत कम गर्न व्यापार पूर्वाधारको विकासमा जोड दिइने। व्यापार लजिष्टिक नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइने। | • मुस्ताङ्गको कोरलामा सुख्खा बन्दरगाह निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भई कार्य अगाडि बढेको।<br>• नेपालगञ्ज एकिकृत जाँच चौकीको निर्माण कार्य ९० प्रतिशत सम्पन्न भएको।<br>• व्यापार लजिष्टिक नीति, २०७९ स्वीकृत भई कार्यान्वयमा आएको। |
| ७१ | उच्च निर्यात सम्भावना भएका क्लिङ्कर, सिमेन्ट, स्टील, फुटवेयर, प्रशोधित पानी लगायतका वस्तुहरू र सूचना प्रविधिमा आधारित सेवा तथा बिजिनेस प्रोसेस आउटसोर्सिङ जस्ता सेवाहरू पहिचान गरी निर्यात प्रवर्द्धन गरिने। यस्ता वस्तुको निर्यातमा ८ प्रतिशत सम्म नगद अनुदान दिने व्यवस्था मिलाइएको। | • निर्यातमा अनुदान प्रदान गर्ने कार्यविधि, २०७५ को दोस्रो संशोधन स्वीकृत भई कार्यान्वयनमा आएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|
| ७५ | तुलनात्मक लाभ भएका स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनको ब्राण्डिङ एवम् बजार पहुँच वृद्धिका कार्यक्रम सञ्चालन गरिने। आगामी आर्थिक वर्षमा अन्तर्राष्ट्रिय व्यापार मेला आयोजना गर्नुका साथै अन्तर्राष्ट्रिय व्यापार प्रदर्शनी केन्द्रको निर्माण कार्य प्रारम्भ गरिने। नेपाली हस्तकलाको बिक्री प्रवर्द्धन गर्न भृकुटीमण्डप खुला बजार क्षेत्रमा रहेका पसलहरूमा हस्तकला प्रदर्शनी तथा बिक्री कक्ष स्थापना गर्नुपर्ने प्रबन्ध मिलाइने। | • Market and Trade Intelligence संयन्त्र निर्माण र सञ्चालन कार्य भइरहेको।<br>• प्रमुख नेपाली निकासीयोग्य वस्तुहरूको प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय प्रदर्शनीहरूमा सहभागी हुँदै आएको। |
| ७६ | नेपालबाट निकासी हुने वस्तुहरूको सहज निकासीको लागि गुणस्तर परीक्षण गर्न विद्यमान प्रयोगशालाहरूलाई अन्तर्राष्ट्रियस्तरको प्रयोगशालाका रूपमा स्तरोन्नति गरिनेछ। कृषि, वन तथा खानीजन्य कच्चा पदार्थलाई समावेश गरी औद्योगिक प्रशोधन श्रृङ्खलामा खेतदेखि कारखाना एकीकृत नमुना कार्यक्रम कार्यान्वयन गरिनेछ। | • Farm to Factory कार्यविधिको मस्यौदा तयार भएको। |
| ७८ | उत्पादनमूलक उद्योग स्थापना र सञ्चालनमा प्रोत्साहन गर्दै औद्योगिक विकासको लागि वैदेशिक लगानी प्रवर्द्धन गरिने। निर्माणाधीन औद्योगिक क्षेत्र र औद्योगिक ग्रामहरूको निर्माण कार्य समय सीमा भित्रै सम्पन्न गरी सञ्चालनमा ल्याइने। निजी क्षेत्रका रूग्ण उद्योगहरूलाई सञ्चालनमा ल्याउन उत्प्रेरित गरिने। | • मन्त्रालय अन्तर्गतका बन्द रहेका सार्वजनिक संस्थानहरूको सञ्चालन मोडालीटि तयार भएको।<br>• रूग्ण उद्योगसम्बन्धी कार्यहरू औद्योगिक तथा लगानी प्रवर्द्धन कोष सञ्चालन कार्यविधि बमोजिम अगाडि बढाइएको। |
| ७९ | वैदेशिक लगानी आकर्षित गर्न सम्भावित मुलुकहरूसँग द्विपक्षीय समझदारी एवम् दोहोरो करमुक्ति सम्झौता गरिने। संयुक्त उपक्रम वा अन्य उपयुक्त माध्यमबाट बढि वैदेशिक लगानी भित्र्याउने व्यक्ति वा उद्यमीलाई राज्यको तर्फबाट विशेष सम्मान एवम् सुविधा प्रदान गराउने प्रबन्ध मिलाइएको। | • वैदेशिक लगानी आकर्षित गर्न सम्भावित मुलुकहरूसँग निरन्तर द्विपक्षीय वार्ता तथा छलफल भइरहेको। |
| ८२ | भारतको सिलिगुडीदेखि झापाको चारआलीसम्म पेट्रोलियम पाइपलाइन निर्माण र अमलेखगञ्जदेखि लोथरसम्म पेट्रोलियम पाइपलाइन विस्तार कार्य प्रारम्भ गरिने। घरायसी र व्यापारिक प्रयोजनको लागि प्रयोग हुने एल.पी. ग्याँसको वितरण प्रणाली पुनरावलोकन गरिने। | • सिलगुढी झापा र अमलेखगञ्ज चितवनको पाइपलाइनको दोस्रो चरणको निर्माण कार्य भइरहेको।<br>• घरायसी र व्यापारिक प्रयोजनको लागि एल. पि. ग्याँस वितरणसम्बन्धी ढाँचा तयार भई कार्यान्वयनमा रहेको। |
| ८३ | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको पुनर्संरचना गरी प्रदेश र स्थानीय सरकारको शेयर लगानीसहित प्रदेश र स्थानीय तहमा कृषि उपज | • दार्चुला र रूकुम पूर्वमा खाद्यान्न शाखा थप भई सञ्चालनमा ल्याइएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|
| | खरिद बिक्रीको कार्य समेत गर्ने गरी शाखा विस्तार गरिने। | |
| ८४ | उपभोक्ता हित प्रवर्द्धन गर्न बजार अनुगमन प्रणालीलाई थप क्रियाशील बनाई स्वच्छ र प्रतिस्पर्धी बजार विकास गरिने। दुर्गम क्षेत्रमा खाद्य सुरक्षाको लागि खाद्य भण्डार निर्माण एवम् खाद्यान्न तथा आयोडिनयुक्त नुन ढुवानी अनुदान कार्यक्रमलाई निरन्तरता दिइएको। | • २ हजार ७९७ वटा व्यावसायिक फर्ममा अनुगमन गरिएको, ९१५ वटा व्यावसायिक फर्मलाई कारबाही गरिएको र बिक्रीका लागि राखिएका ३१ वटा उपभोग्य वस्तुहरूको नमुना सङ्कलन गरी परीक्षणका लागि पठाइएको।<br>• कोशी प्रदेश, मधेश प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा ५१ जना निरीक्षण अधिकृतहरूलाई अभिमुखीकरण तालिम प्रदान गरिएको।<br>• कर्णाली प्रदेशका ५ जिल्लाहरू हुम्ला, जुम्ला, मुगु, डोल्पा र कालिकोटमा जन्म र मृत्युको समयमा निशुल्क खाद्यान्न वितरण भइरहेको।<br>• दुर्गम जिल्लामा खाद्यान्न ढुवानी भइरहेको। १७ दुर्गम जिल्लाहरूको ६१ स्थानमा नुन ढुवानी भइरहेको। |

**४. आर्थिक वर्ष २०७८/७९ मा र आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरूः**

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १. | सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ | संशोधन |
| २. | स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) विधेयक, २०७६ | संशोधन |
| ३. | प्रत्यायन (एक्रिडिटेशन) विधेयक, २०७६ | संशोधन |
| ४. | औद्योगिक व्यवसाय नियमावली, २०७८ | नयाँ तर्जुमा |
| ५. | विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) नियमावली, २०७८ | नयाँ तर्जुमा |
| ६. | वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी निर्देशिका,२०७८ | नयाँ तर्जुमा |
| ७. | व्यवसाय सञ्चालन कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| ८. | प्रविधि हस्तान्तरण कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| ९. | वेसार प्रवर्द्धन कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| १०. | उत्पादनमूलक उद्योगका लागि कच्चा पदार्थको रूपमा केराउ, मरिच र सुपारी पैठारी गर्ने सम्बन्धी कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| ११. | मह प्रवर्द्धन कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| १२. | स्तरोन्मुख उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| १३. | औद्योगिक पूर्वाधार संरचना निर्माण तथा शोधभर्ना सम्बन्धी कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| १४. | भेडा, च्याङग्राको डिहरेन्ट, अल्लो, सिस्नो, चिउरी प्रवर्द्धन कार्यविधि, २०७९ | नयाँ तर्जुमा |

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १५. | निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| १६. | कम्पनी निरीक्षक परिचालन निर्देशिका, २०७९ | नयाँ तर्जुमा |
| १७. | स्टार्टअप उद्यम कर्जा कोष कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| १८. | कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| १९. | व्यापार लजिष्टिक्स नीति, २०७९ | नयाँ तर्जुमा |

## ५. आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

**वार्षिक विकास कार्यक्रमः**

**अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थासँग सम्झौता भई कार्यान्वयन भइरहेका आयोजनाहरूः**

- ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि),
- रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना,
- नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना,
- नेपाल चिया निर्यात अभिवृद्धिमा दिगोपना।

**औद्योगिक पूर्वाधार विकास**

- १० वटा औद्योगिक क्षेत्र सञ्चालनमा रहेको छ तथा ७ वटा प्रस्तावित औद्योगिक क्षेत्रको विकास र बिस्तार कार्य भइरहेको।
- दैजी औद्योगिक क्षेत्र भित्र रहेको रूखहरूको छपानको लागि नम्बरिङ्ग कार्य भइरहेको।
- मोतिपुर औद्योगिक क्षेत्रको ड्रोन सर्भेसम्बन्धी कार्य सम्पन्न भएको।
- पाटन, बुटवल, पोखरा, हेटौडा र धरान औद्योगिक क्षेत्रको बृहत मर्मत तथा स्तरोन्नति भइरहेको।
- पाँचखाल विशेष आर्थिक क्षेत्रको Environment Management Plan (EMP) स्वीकृति भई रूख छपान कार्य भइरहेको।
- चालु आर्थिक वर्षमा थप घोषणा भएका ८ वटा समेत गरी हालसम्म ११३ वटा औद्योगिक ग्राम घोषणा भएको।
- घोषणा भएका औद्योगिक ग्राममध्ये हिमाली क्षेत्र, पहाडी क्षेत्र र तराई क्षेत्रमा तोकिएका औद्योगिक ग्रामको नमूना पूर्वाधारको रूपमा जोरायल गाउँपालिका, बर्दघाट नगरपालिका र बराहक्षेत्र नगरपालिकाको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार भई निर्माणको कार्य अगाडि बढेको।

**औद्योगिक तथा लगानी प्रवर्द्धन**

- लगानी (Investment) कम्पनी स्थापना गर्दा पालना गर्नुपर्ने विषय तथा शर्तहरूमा थप सहजीकरणसम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गरिएको।
- निजी क्षेत्र, अनुसन्धान तथा शैक्षिक संस्था, लगानीकर्ता तथा विकास साझेदारसँग ९ वटा सम्बाद तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

**उद्योग**

- यस आर्थिक वर्षमा ५२ ठूला उद्योग, ६० मझौला उद्योग र ५८ हजार घरेलु तथा साना उद्योग दर्ता भएको।
- १ सय ९२ वटा वैदेशिक लगानीका परियोजनाहरूका लागि २८ अर्ब ११ करोड विदेशी लगानी स्वीकृत भई जम्मा १० हजार ९ सय २७ रोजगारी सृजना गर्ने प्रस्ताव गरिएको।

**लघु उद्यम विकास**

- लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रबाट हालसम्ममा उद्यमशिलता विकास तालिम १२४ जना, १४ प्रकारका सीप विकास तालिम २३२ जना, कार्यस्थलमा आधारित रोजगारमूलक तालिम

२३८ जना, घरेलु उद्यमीलाई लेखा व्यवस्थापन तालिम ३८ जना र मागमा आधारित सीप विकास तालिम १०९ जना गरी जम्मा ७४१ जनालाई तालिम प्रदान गरिएको।

- व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रबाट एडभान्स रङ्गाई तालिम ५० जना, उत्पादन तथा स्वरोजगार तालिम २०० जना, सीप तथा प्रविधि हस्तान्तरणसम्बन्धी तालिम ३० जना तथा अन्य सीप विकाससम्बन्धी विभिन्न तालीम २०० जना गरी ४८० जनालाई तालिम प्रदान गरिएको।
- ग्रामिण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) बाट तालिम प्रदायक विभिन्न संस्था मार्फत १२ हजार जनालाई तालिम शुरुवात गरिएको र १ हजार ६५९ जनाले औद्योगिक प्रशिक्षण तालिम लिइरहेको।
- औद्योगिक व्यवसाय विकास प्रतिष्ठानबाट ३४ जनाले १८ महिने उद्यम विकास सहजकर्ता (EDF) कोर्स लिइरहेको, २० जनाका लागि स्टार्ट अप कार्यक्रम सञ्चालन भइरहेको र ४९ जना वेरोजगार युवाहरूको लागि उद्यमशीलता विकास तालिम सम्पन्न भएको।

### खानी तथा भुगर्भ

- खानी तथा भूगर्भ विभागबाट ४९० वटा खनिज खोजतलास र १७२ वटा उत्खनन् अनुमति पत्र जारी गर्नुका साथै सञ्चालित ४३ वटा खानीको अनुगमन गरी आवश्यक निर्देशन दिइएको।

### नेपाल गुणस्तर तथा नापतौल विभाग

- गुणस्तर तथा नापतौल विभागबाट Road Safety Management सम्वन्धी ISO/TC241 नेपालमा सम्पन्न गरिएको।
- Product Certification, System Certification र Calibration प्रयोगशालाको अन्तर्राष्ट्रिय मान्यताको निरन्तरताका लागि Audit कार्य भारतीय संस्था NABL र NABCB बाट सम्पन्न भएको।
- Calibration प्रयोगशालाका उपकरणहरूको NPL India बाट जाँच गराई Traceability Maintain गरिएको।
- नेपाल गुणस्तर प्रमाणचिन्ह प्राप्त उद्योगहरूको उत्पादनको गुणस्तर सुनिश्चितताका लागि नमुना सङ्कलन (उद्योग र बजार) ४२७, रासायनिक र भौतिक जाँच विश्लेषण ९१४ र Calibration सेवा ६७५ लाई प्रदान गरिएको।

### वाणिज्य तथा आपूर्ति

#### व्यापार पूर्वाधार

- भैरहवा नाकामा एकीकृत जाँच चौकी निर्माणका लागि भारत सरकारले ठेक्का लगाई निर्माण व्यवसायीलाई Site मा परिचालन गरिएको।
- चोभारमा निर्मित सुख्खा बन्दरगाहको आन्तरिक टर्मिनल सञ्चालनमा आएको।
- चाँदनी दोधारा सुख्खा वन्दरगाहको वातावरण मूल्याङ्कन प्रतिवेदन (EIA) स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयमा पेश भएको।

#### बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण

- उपभोक्ता हक संरक्षण तथा प्रवर्द्धनसम्बन्धी नीति, कानुन, मापदण्डको नियमन र अध्ययन, अनुसन्धान कार्यमा निजी तथा गैर सरकारी संस्थासँग सम्पर्क, समन्वय र सहकार्य भइरहेको।
- उपभोक्ता हित संरक्षण संस्थाहरूको परिचालन तथा नियमन, उपभोक्ता सचेतना अभिवृद्धि, अत्यावश्यक वस्तुको सूची अद्यावधिक, प्रदेश र स्थानीय तहसँग समन्वय आदि कार्य नियमित रूपमा भइरहेको।
- आन्तरिक बजार व्यवस्थापनसम्बन्धी नीति, योजना र कानुन निर्माण एवम् अध्ययन अनुसन्धान गर्ने गराउने, आपूर्तिसम्बन्धी सूचना सङ्कलन, विश्लेषण र प्रक्षेपण गर्ने गराउने, अत्यावश्यक वस्तुको

मूल्य (भारत तथा अन्तराष्ट्रिय बजार समेतको) सङ्कलन र अद्यावधिक गर्ने गराउने कार्यहरू भइरहेको।

- आन्तरिक तथा बाह्य बजारको मूल्य अध्ययन तथा विश्लेषण गर्ने, अत्यावश्यक वस्तुहरूको मौज्दात विवरण सङ्कलन र अद्यावधिक राख्न निर्देशन दिने, आन्तरिक उत्पादन, खपत हुने परिमाण सम्बन्धमा विवरण अद्यावधिक गर्ने, अत्यावश्यक वस्तुको माग र आपूर्ति प्रक्षेपण गर्ने, अत्यावश्यक वस्तुको सञ्चय र सोको पूर्वाधार विकास गर्ने, आन्तरिक बजार व्यवस्थापनमा प्रदेश र स्थानीय तहसँग समन्वय गर्ने आदि कार्य नियमित रूपमा भइरहेको।
- पेट्रोलियम पदार्थको पैठारी, प्रशोधन, भण्डारण, गुणस्तर निर्धारण, मूल्य निर्धारण, आपूर्ति, पूर्वाधार विकास र नियमन गर्ने गराउने गरिएको।

**खाद्य व्यवस्था तथा व्यापार**

- उपभोक्तालाई दैनिक उपभोग्य खाद्य वस्तुहरू सहज रूपमा उपलव्ध गराउन स्वीकृत वार्षिक कार्यक्रम बमोजिम दुर्गम जिल्लाहरूका तोकिएका बिभिन्न स्थानहरूमा खाद्यान्न (चामल) तथा आयोडिनयुक्त नुनको आपूर्ति नियमित एवम् व्यवस्थित रूपमा भएको।
- नेपालीहरूको मुख्य चाड दशैं, तिहार र छठ पर्वलाई लक्षित गरी उपभोक्तालाई दैनिक अत्यावश्यक खाद्य वस्तुहरू सहज र सुपथ मूल्यमा उपलव्ध गराउन देशव्यापी रूपमा सहुलियत दरको पसल सञ्चालन गरिएको।
- स्थानीय रैथाने उत्पादन (सिमी, फापर, उवा, कागुनो र चिनो) हरू खरिद गरी बिक्री गर्नका लागि हुम्ला जिल्लाको सिमीकोट र अदानचुली गाउँपालिकासँग सम्झौता भई कार्यान्वयन भइरहेको।

**आन्तरिक व्यापार र आपूर्ति**

- आपूर्ति, बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणका विषयमा सरोकारवालाहरूसँग बैठक बसी आपूर्ति व्यवस्थापनका समस्याका विषयमा छलफल गरिएको।
- स्थानीय तहमा समन्वय गर्ने विषयसँग सम्बन्धित कार्यहरू गर्ने, अत्यावश्यक वस्तुहरूको राष्ट्रिय मौज्दात (वफर स्टक) अद्यावधिक र गोदाम व्यवस्थापन गर्ने गराउने कार्यहरू गरिएको।
- पेट्रोलियम पदार्थको पैठारी, प्रशोधन, भण्डारण, गुणस्तर निर्धारण, मूल्य निर्धारण, आपूर्ति, पूर्वाधार विकास र नियमन गर्ने/गराउने गरिएको।

**व्यापार तथा निकासी प्रवर्द्धनः**

- नेपाल हर्व तथा हर्वल उत्पादक सङ्घसँग समन्वय गरी खाडी मुलुकहरूमा सामुहिक ट्रेडमार्क दर्ताको लागि Cosmetics, Bio-Pesticide, Ayurvedic Medicine, Essential Oil, Rosin & Turpentine वस्तुहरू पहिचान गरिएको।

**६. आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः**

**नीतिगत तथा कानूनी सुधारः**

- औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची-९ मा क्रमसङ्ख्या १५ र १६ थप (औषधी र अक्सिजन उद्योग) भएको।
- औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची-८ को क्रम सङ्ख्या ६५ मा उल्लिखित लगानी (इन्भेष्टमेन्ट) कम्पनी स्थापना गर्दा पालना गर्नु पर्ने विषय तथा शर्त तोकिएको,

**औद्योगिक तथा व्यापार पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत)**

- आर्थिक वर्ष २०७८/०७९ मा २१ वटा नयाँ औद्योगिक ग्राम घोषणा सहित १०५ औद्यौगिक ग्रामको विकास र पूर्वाधार निर्माण कार्य अगाडी वढाइएको।

- भैरहवामा ५२ विघामा सम्पूर्ण (६७ वटा) र सिमरामा १६५ विघामा ६८ मध्ये ६१ वटा प्लट भाडामा गएको।
- तनहुँको चिन्तुटार र दैलेखको चुप्रा औद्योगिक क्षेत्रको पूर्व सम्भाब्यता अध्ययन सम्पन्न।
- शक्तिखोर, नौबस्ता र दैजी औद्योगिक क्षेत्रको EIA सम्पन्न भएको।
- धौवादी फलाम खानीको विस्तृत सम्भाव्यता अध्ययनका लागि परामर्शदाता छनौटको लागि प्रस्ताव मूल्याङ्कन कार्य भइरहेको।
- सुनवल १३२/३३ के.भी. सबस्टेशन आयोजना (पाल्पा सिमेन्टको लागि) ७०% कार्य सम्पन्न।
- बर्दघाट-सर्दी १३२ के.भी. विद्युत प्रसारण लाईन (होङ्सी शिवम् सिमेन्ट) ९८% कार्य सम्पन्न।
- चोभार सुख्खा बन्दरगाहको निर्माण कार्य सम्पन्न भएको।
- रसुवाको टिमुरे सुख्खा बन्दरगाह निर्माण कार्य ३५ प्रतिशत सम्पन्न भएको।

**औद्योगिक लगानी प्रवर्द्धन**

- मेक इन नेपाल कार्यक्रमको कार्यान्वयनका लागि मन्त्रालय र नेपाल उद्योग परिसङ्घसँगबीच समझदारीपत्रमा हस्ताक्षर भई कार्यान्वयनमा रहेको।
- मन्त्रालयसँगको समन्वयमा नेपाल उद्योग परिसङ्घले Make in Nepal-Swadeshi Summit को आयोजना गरेको।
- तेह्रथुम तथा पाल्पा जिल्लालाई ढाकाको राजधानी घोषणा गरिएको।
- नेपाल सरकार र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (Nepal Academy of Science and Technology -NAST) सँग उद्यमशीलता प्रवर्द्धन र प्रविधि अनुसन्धान तथा विकासमा सहकार्य गर्न समझदारी भएको।

**उद्योग, कम्पनी तथा वाणिज्य प्रशासन**

- निकासी प्रवर्द्धनलाई टेवा पुर्‍याउन ७५७ वटा निर्यात गर्ने उद्योगहरूको Value Addition प्रमाणित गरिएको।
- ४१३ वटा खनिज खोजतलास र १४६ वटा उत्खनन अनुमति पत्र जारी गर्नुका साथै सञ्चालित १०० वटा खानीको अनुगमन सम्पन्न गरिएको।
- सुर्खेत स्थित किम्मती तथा अर्धकिम्मती पत्थर प्रशोधन केन्द्र निर्माण कार्य सम्पन्न गरिएको।
- दैलेख जिल्लामा चीन सरकारको सहयोगमा गरिने दोस्रो चरणको अन्वेषण कार्य अन्तर्गत ४ किलोमिटर गहिराइको अन्वेषणात्मक ड्रिलिङ साइटको छनौट कार्य सम्पन्न गरिएको।
- पेट्रोलियम खनिज प्रवर्द्धनका लागि Data Package तयार भएको।
- गुणस्तर तथा नापतौलतर्फ नेपाल गुणस्तर परिषद्बाट ग्यास सिलिन्डरसम्बन्धी १२ वटा र पाइपसम्बन्धी ३ वटा गरी १५ वटा नेपाल गुणस्तरहरू पारित भएको।

**तालिम,क्षमता अभिवृद्धि र उद्यमशीलता**

- लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रतर्फ १ हजार १८६ जनालाई विभिन्न १९ किसिमका क्षमता विकास तालिम प्रदान गरिएको।
- कार्यस्थलमा आधारित रोजगारमूलक तालिमको लागि २ वटा उद्योगसँग सम्झौता सम्पन्न भएको।
- समृद्धि आयोजनाबाट ९ हजार जनालाई मर्यादित रोजगारी सहितको सीपमूलक प्रशिक्षण सम्पन्न गरिएको र आयोजनामा आवद्ध ९५ वटा ग्रामीण सहकारी मार्फत २२ हजार १ सय ८६ जनालाई वित्तीय शिक्षा तथा व्यावसायिक ज्ञान तालिम सञ्चालन गरिएको।
- औद्योगिक व्यवसाय विकास प्रतिष्ठानबाट १८ महिने उद्यम विकास सहजकर्ता तालिमका साथै २० जना नयाँ उद्यमीहरूका लागि मेन्टरिङ तथा परामर्श सेवा प्रदान गरिएको।
- गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमबाट ४८ हजार २ सय ८३ जनालाई सीप विकास तालिम र ५२ हजार ७ सय १० जनालाई उद्यमशीलता तालिम प्रदान गरी ५३ हजार

१ सय ७९ जना नयाँ उद्यमी सृजना हुनुको साथै २१ हजार ५ सय ७२ लघु उद्यमीको स्तरोन्नति भएको।

- व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रबाट अल्लो, मकैको खोस्टा, बाँस, काँस, अम्रिसो र केराको रेशाबाट निर्माण हुने निकासीयोग्य वस्तु उत्पादनसम्बन्धी तालिम ३०० जनालाई प्रदान गरिएको।
- १० जना महिलालाई जापानको मागअनुसारको ऊनीजन्य वस्तु टोपी मोजा पन्जा र पन्चुको डिजाइन सम्वन्धी ToT तालिम सम्पन्न।

**वाणिज्य तथा व्यापार सहजीकरण**

- नेपाल सन २०२६ पछि अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुँदा व्यापार क्षेत्रमा पर्ने प्रभाव तथा यसका लागि अबलम्बन गर्नुपर्ने उपायका सम्वन्धमा अध्ययन गरी प्रतिवेदन प्राप्त भएको।
- Aid for Trade को Donor Harmonization बैठक सम्पन्न हुनुका साथै Board of Trade, राष्ट्रिय व्यापार सहजीकरण समिति र WTO सम्पर्क विन्दुको बैठक सम्पन्न भएको।
- भारत, जापान र USA मा “NEPAL HERB” नामको जडिबुटीको Collective Trademark दर्ता गरिएको।
- World Expo 2020, Dubai मा, Sourcing at MAGIC Fair, 2022, USA र भियतनाम एक्स्पो २०२२ सम्पन्न गरिएको।
- सन् २००४ को भारतसँगको रेल सेवा सम्झौता संशोधन गरिएको।
- नेपाल-भारत पारवहन सन्धिको पुनरावलोकन गर्न तयारी मस्यौदा भारतीय पक्षलाई प्रेषित गरिएको।
- विलासी वस्तुको आयातलाई निरूत्साहित गर्नुका साथै, स्वास्थ्य र वातावरणीय दृष्टिले हानिकारक १० वटा वस्तुको आयातलाई निश्चित समयको लागि प्रतिवन्ध लगाइएको।

**सरकारी उद्योग तथा आन्तरिक व्यापार**

- रूग्ण उद्योगहरूको पून:सञ्चालन र व्यवस्थापनका सम्बन्धमा गठित कार्यदलले विभिन्न ७ वटा रूग्ण उद्योगहरूको सञ्चालनको लागि विकल्प सहितको सञ्चालन मोडालिटि तयार गरी पेश गरेको।
- मन्त्रालय अन्तर्गतका १७ वटा सार्वजनिक संस्थान मध्ये ७ वटाको चल अचल सम्पत्ति यकिन गरिएको।
- साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडतर्फ १७ दुर्गम जिल्लाको ६१ स्थानमा ८८ हजार २७९ क्वीन्टल नून ढुवानी गरिएको।

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडतर्फ**

- सार्क खाद्य सुरक्षा बैङ्कमा ८ हजार मे.टन. र राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा १५,१९७.७ मे.टन. खाद्यान्न मौज्दात कायम।
- तोकिएका २४ दुर्गम जिल्लाहरूमा २५,४६२.९ मे.टन (लक्ष्य १८ हजार मे. टन.) खाद्यान्न ढुवानी भएको।
- देशभर दशैं, तिहार र छठ पर्व लक्षित गरी ३५ वटा सहुलियत पसल सञ्चालन गरी २६८४.८ मे. टन. खाद्यान्न बिक्री भएको।
- बझाङ, दार्चुला, गोरखा, हुम्ला, संखुवासभा, रूकुम पूर्व लगायतका विपद् प्रभावित जिल्लामा खाद्यान्न उपलब्ध गराएको।
- नेपाल आयल निगमतर्फ १५ हजार कि.लि. इन्धनको भण्डारण क्षमता वृद्धि गर्ने लक्ष्य अन्तर्गत भैरहवामा ३५० कि.लि. क्षमताको भण्डारण गृह निर्माण कार्य सम्पन्न भएको।

- झापाको चारआली र चितवनको लोथरमा क्रमशः ४१ हजार कि.लि. र १ लाख ३ हजार कि.लि. पेट्रोलियम भण्डारण गृह निर्माण र पेट्रोलियम पाइपलाइन बिछ्याउनका लागी भारतसँग G2G सम्झौता गर्नका लागि मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति प्राप्त भएको।
- प्रादेशिक संरचना अन्तर्गत पोखरामा डिजलको १ लाख किलो लिटर क्षमताको भण्डारण गृह निर्माण कार्य सम्पन्न भएको।
- भद्रपुर र जनकपुर एयरपोर्टमा ६०/६० किलो लिटर र दाङ्ग एयरपोर्टमा ३० किलो लिटर क्षमताको हवाई ईन्धन भण्डारण गृह निर्माण कार्य सम्पन्न गरिएको।

**सुशासन प्रवर्द्धन तथा अनुगमन, मूल्याङ्कन**

- नेपाल आयल निगम, हेटौंडा सिमेन्ट उद्योग, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, उदयपुर सिमेन्ट कारखाना, नेपाल औषधी लिमिटेड लगायतका संस्थानहरूको कार्यकारी अधिकृत/महाप्रवन्धक/सञ्चालक समिति पदाधिकारी/विज्ञहरूको खुल्ला प्रतिस्पर्धाबाट छनौट गरी नियुक्ति गरिएको।
- सार्वजनिक संस्थानका पदाधिकारी एवम् कर्मचारीहरूको सम्पत्ति विवरणको अभिलेख व्यवस्थान गर्न पिजन होलको व्यवस्थापन गरिएको।
- आर्थिक वर्ष ०७६/०७७ सम्मको मन्त्रालय र अन्तर्गतका निकायको अघिल्लो आर्थिक वर्षमा जिम्मेवारी सरेको बेरूजु रू.७१ करोड ६५ लाख १३ हजार रहेकोमा २१ करोड ९७ हजार (२९.३२%) फछ्र्यौट भएको।
- सचिव र महाशाखा प्रमुख तथा विभागीय प्रमुखका बीच भएको कार्य सम्पादन सम्झौताको वार्षिक प्रगति प्रतिवेदन सम्बन्धित पक्षबाट स्वःमूल्याङ्कन गराई प्रकाशन गरिएको।

## ७. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु तर्फ** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००११३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ७७११८७ | ७३१०२९ | ९४.७९ |
| ३०७०००१२३ | केन्द्रीय कारागार कारखाना | १४१३३ | ९४३१ | ६६.७३ |
| ३०७०००१३३ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १४१५०० | १४१४९३ | ९९.९९ |
| ३०७०००१४३ | नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेड | ५८६०४१ | ५८६०४१ | १००.०० |
| ३०७००१०१३ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | २७९०० | १९२१२ | ६८.८६ |
| ३०७००१०२३ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | २८६७० | ५३२० | १८.५६ |
| ३०७००१०३३ | कण्ठरोग नियन्त्रण कार्यक्रम (नेपाल साल्ट ट्रेडिङ्ग लिमिटेड) | १४१७१४ | १४१७१४ | १००.०० |
| ३०७००१०४३ | व्यापार सूचना तथा निर्यात सहयोग आयोजना - बहुपक्षीय तथा क्षेत्रीय व्यापार सुदृढीकरण | ३४२०० | १०२८२ | ३०.०६ |
| ३०७००१०५३ | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | १५०४०० | ३०२४६ | २०.११ |
| ३०७००१०९३ | ग्रामीण उद्यम तथा विप्रेषण परियोजन (समृद्धि) | १२१७३०० | ६८५९४८ | ५६.३५ |
| ३०७००११०३ | रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना | १९२०० | ४८२४ | २५.१३ |
| ३०७००१११३ | नेपालको चिया निर्यात अभिबृद्धिमा दिगोपना | ५६००० | २४७६३ | ४४.२२ |
| ३०७०१०११३ | उद्योग विभाग | १५०७९३० | १४९६०२९ | ९९.२१ |
| ३०७०२०११३ | खानी तथा भूगर्भ विभाग | ११०९८६ | ७९७९९ | ७१.९० |
| ३०७०२१०१३ | खनिज अन्वेषण तथा विकास आयोजना | ९१०० | ७२०४ | ७९.१७ |
| ३०७०२१०२३ | पेट्रोलियम अन्वेषण परियोजना | ९९०० | ८६८८ | ८७.७५ |
| ३०७०२१०३३ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | ९१०० | ८११६ | ८९.१८ |
| ३०७०३०११३ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ६५२०० | ६००१५ | ९२.०५ |
| ३०७०३०१२३ | गुणस्तर तथा नापतौल कार्यालयहरू | ७८१८० | ५८९०४ | ७५.३४ |
| ३०७०४०११३ | कम्पनी रजिष्ट्रारको कार्यालय | ५२९०३ | ५०१९२ | ९४.८८ |
| ३०७०५०११३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | ५२८४९ | ४७२११ | ८९.३३ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०५०१२३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू | ४६१५३ | ३६७४३ | ७९.६१ |
| ३०७६१०११३ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | १५३०० | १३९४२ | ९१.१२ |
| ३०७८१०११३ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | १७३४९७ | ८८२८० | ५०.८८ |
| ३०७८१०१४३ | घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | ९५५३०० | ८५३३२ | ८.९३ |
| | जम्मा | ६२७४६४२ | ४४३०७५८ | ७०.६१ |

**पुँजीगत तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००११४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ७५४७० | १४६७६ | १९.४५ |
| ३०७०००१२४ | केन्द्रीय कारागार कारखाना | १६०० | १३४७ | ८४.२० |
| ३०७०००१३४ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १८९१०० | १८१२३९ | ९५.८४ |
| ३०७०००१४४ | नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेड | ५००० | ५००० | १००.०० |
| ३०७००१०१४ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | २३६८३०० | ६६७५०२ | २८.१८ |
| ३०७००१०५४ | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | १३७६४०० | ५८६०५२ | ४२.५८ |
| ३०७००१०९४ | ग्रामीण उद्यम तथा विप्रेषण परियोजन (समृद्धि) | २२०० | ४६५ | २१.१४ |
| ३०७००११०४ | रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना | ७५०२०० | १०७०३ | १.४३ |
| ३०७०१०११४ | उद्योग विभाग | २८४०० | २४०६६ | ८४.७४ |
| ३०७०२०११४ | खानी तथा भूगर्भ विभाग | १४४०० | ९१५६ | ६३.५९ |
| ३०७०२१०१४ | खनिज अन्वेषण तथा विकास आयोजना | १८९३०० | २८६१५ | १५.१२ |
| ३०७०२१०२४ | पेट्रोलियम अन्वेषण परियोजना | १७१०० | ३६४१ | २१.३० |
| ३०७०२१०३४ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | १०६०० | ७८०० | ७३.५८ |
| ३०७०३०११४ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ६४९०० | १६६१० | २५.५९ |
| ३०७०३०१२४ | गुणस्तर तथा नापतौल कार्यालयहरू | ११९०० | ८९२३ | ७४.९८ |
| ३०७०४०११४ | कम्पनी रजिष्ट्रारको कार्यालय | ५६३०० | १०७०३ | १९.०१ |
| ३०७०५०११४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | २११०० | ७४४९ | ३५.३० |
| ३०७०५०१२४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू | ३०३० | २४५७ | ८१.१० |
| ३०७६१०११४ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | ५०० | ३९२ | ७८.५० |
| ३०७८१०११४ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ७९९०० | ४९६ | ०.६२ |
| ३०७८१०१४४ | घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | ५२२३ | ४६२८ | ८८.६० |
| | जम्मा | ५२७०९२३ | १५९१९२१ | ३०.२० |

## ८. आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेट तथा २०७९ चैत मसान्तसम्मको खर्चको विवरणः

**चालु तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००११३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ९७५२८९ | १३४५०० | १३.७९ |
| ३०७०००१२३ | केन्द्रीय कारागार कारखाना | १०१०० | ४७५४ | ४७.०७ |
| ३०७०००१३३ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १३२४०० | ३१४०० | २३.७२ |
| ३०७०००१४३ | नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेड | ५८६१०० | २९३०५८ | ५०.०० |
| ३०७००१०१३ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | २९३०० | १९५५९ | ६६.७५ |
| ३०७००१०२३ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | २६२०० | ३७९ | १.४४ |
| ३०७००१०३३ | कण्ठरोग नियन्त्रण कार्यक्रम (नेपाल साल्ट ट्रेडिङ्ग लिमिटेड) | १४१८०० | ५९८२४ | ४२.१९ |
| ३०७००१०४३ | व्यापार सूचना तथा निर्यात सहयोग आयोजना - बहुपक्षीय तथा क्षेत्रीय व्यापार सुदृढीकरण | ३७५१५ | ३९४७ | १०.५२ |
| ३०७००१०९३ | ग्रामीण उद्यम तथा विप्रेषण परियोजन (समृद्धि) | ७९४२०० | १८७१५० | २३.५६ |
| ३०७००११०३ | रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना | १७९०० | ५७२४ | ३१.९८ |
| ३०७००१११३ | नेपालको चिया निर्यात अभिबृद्धिमा दिगोपना | ३४९०० | ५५२९ | १५.८४ |
| ३०७०१०११३ | उद्योग विभाग | १०८८१०० | १०४४०८१ | ९५.९५ |
| ३०७०२०११३ | खानी तथा भूगर्भ विभाग | ११२४०० | ७२६६८ | ६४.६५ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०२१०१३ | खनिज अन्वेषण तथा विकास आयोजना | ८५०० | ५०९२ | ५९.९१ |
| ३०७०२१०२३ | पेट्रोलियम अन्वेषण परियोजना | ९७०० | ५३९८ | ५५.६५ |
| ३०७०२१०३३ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | ८६०० | ५२५५ | ६१.११ |
| ३०७०३०११३ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ९२४०० | ४८८५७ | ५२.८८ |
| ३०७०३०१२३ | गुणस्तर तथा नापतौल कार्यालयहरू | ८९२०० | ५६४२९ | ६३.२६ |
| ३०७०४०११३ | कम्पनी रजिष्ट्रारको कार्यालय | ५२६०० | ४४४९३ | ८४.५९ |
| ३०७०५०११३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | ५६७४७ | ३४५०३ | ६०.८० |
| ३०७०५०१२३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू | ४४९४५ | २७४५४ | ६१.०८ |
| ३०७६१०११३ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | १६००० | १०३०४ | ६४.४० |
| ३०७८१०११३ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | १४८५०० | ५६७५१ | ३८.२२ |
| ३०७८१०१४३ | घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | ६२०८१२ | ३९७७९ | ६.४१ |
| | जम्मा | ५१३४२०८ | २१९६८९० | ४२.७९ |

**पुँजीगत तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००११४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २२५०० | ५३५० | २३.७८ |
| ३०७०००१२४ | केन्द्रीय कारागार कारखाना | १६०० | ४३० | २६.८७ |
| ३०७०००१३४ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १९०१०० | ३९७६३ | २०.९२ |
| ३०७०००१४४ | नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेड | १५००० | १५००० | १००.०० |
| ३०७००१०१४ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम<br>(विशेष आर्थिक क्षेत्र समेत) | ३७३७३०० | ३५१९०३ | ९.४२ |
| ३०७००१०९४ | ग्रामीण उद्यम तथा विप्रेषण परियोजन (समृद्धि) | १८०० | ४२३ | २३.४९ |
| ३०७००११०४ | रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना | ८८४१०० | ७४९७ | ०.८५ |
| ३०७००१११४ | नेपालको चिया निर्यात अभिबृद्धिमा दिगोपना | ९९२०० | २७९८७ | २८.२१ |
| ३०७०१०११४ | उद्योग विभाग | १९७०० | ४१४८ | २१.०५ |
| ३०७०२०११४ | खानी तथा भूगर्भ विभाग | १४९०० | २४१३ | १६.१९ |
| ३०७०२१०१४ | खनिज अन्वेषण तथा विकास आयोजना | ६६२०० | ७३८५ | ११.१६ |
| ३०७०२१०२४ | पेट्रोलियम अन्वेषण परियोजना | २०१०० | १५८१ | ७.८६ |
| ३०७०२१०३४ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | २१२०० | ४५०३ | २१.२४ |
| ३०७०३०११४ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ६१५०० | २१६३ | ३.५२ |
| ३०७०३०१२४ | गुणस्तर तथा नापतौल कार्यालयहरू | ३०००० | १४९८ | ४.९९ |
| ३०७०४०११४ | कम्पनी रजिष्ट्रारको कार्यालय | ८९३०० | २५५११ | २८.५७ |
| ३०७०५०११४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | २४८०० | ३२९३ | १३.२८ |
| ३०७०५०१२४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू | १४६०० | ११५२ | ७.८९ |
| ३०७६१०११४ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | ५०० | १२ | २.४९ |
| ३०७८१०११४ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ३१००० | १३८८ | ४.४८ |
| ३०७८१०१४४ | घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | ४५०० | ० | ०.०० |
| | जम्मा | ५३४९९०० | ५०३४०१ | ९.४१ |

# ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

नेपाल सरकारको कार्य विभाजन नियमावली-२०७४ अनुसार साविकको ऊर्जा मन्त्रालय र सिँचाइ मन्त्रालय तथा सो मातहतका निकायहरूका साथै साविकको वातावरण मन्त्रालय अन्तर्गत रहेका वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र जल तथा मौसम विज्ञान विभाग समेत समावेश गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय गठन भएको हो।

### १.२ दीर्घकालीन सोचः

- जलविद्युत्को दिगो र भरपर्दो विकास मार्फत देशलाई आर्थिक रूपले समृद्ध गराउने,
- वैकल्पिक/नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विस्तार र दक्षता मार्फत् स्वच्छ ऊर्जाको दिगो विकास गर्ने,
- सम्पूर्ण कृषियोग्य जमिनमा दिगो एवम् भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउने तथा कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान पुर्‍याई, देशलाई आर्थिकरूपले समृद्ध बनाउने,
- जल उत्पन्न प्रकोपबाट सिर्जना हुने मानवीय, भौतिक तथा आर्थिक हानी-नोक्सानीलाई उपयुक्त प्रविधिको माध्यमबाट जोखिम न्यूनीकरण गरी नागरिकको सुरक्षित जीवनको प्रत्याभुति गराउने,
- विश्वसनीय र भरपर्दो जल तथा मौसमको अग्रिम जानकारी मार्फत हवाई उड्डयन, जलस्रोत, कृषि, पर्यटन, स्वास्थ्य लगायतका अन्य क्षेत्रको दिगो विकास एवम् जलवायु समयानुकुलित समाजको निर्माण गर्ने।

### १.३ उद्देश्यः

- जलविद्युत्को उत्पादनमा वृद्धि गर्दै स्वच्छ ऊर्जाको उपलब्धता सुनिश्चित गर्ने,
- ऊर्जा दक्षता सहित गुणस्तरयुक्त, भरपर्दो र सुलभ रूपमा सबै घर परिवार र उत्पादनशील क्षेत्रमा विद्युत सेवाको पहुँचमा विस्तार गरी विद्युत खपतमा वृद्धि गर्ने,
- क्षेत्रीय ऊर्जा निर्यात व्यापार अभिवृद्धि गरी पेट्रोलियम पदार्थको आयात क्रमशः प्रतिस्थापन गर्दै भुक्तानी सन्तुलनलाई अनुकूल बनाउन योगदान पुर्‍याउने,
- विद्युतको राष्ट्रिय प्रसारण प्रणालीको पहुँच बाहिरका क्षेत्रमा समेत वातावरणमैत्री, दिगो, भरपर्दो, सर्वसुलभ, किफायती र गुणस्तरीय स्वच्छ ऊर्जाको पहुँच वृद्धि गर्ने,
- ऊर्जाको दक्ष उपयोगबाट ऊर्जा खपत घनत्व बढाई उत्पादकत्व बढाउने,
- जलस्रोतको बहुआयामिक तथा समन्यायिक उपयोगमार्फत् आर्थिक र सामाजिक क्षेत्रको विकास तथा वातावरणीय क्षेत्रको संरक्षण गर्ने,
- जलाधार व्यवस्थापन तथा जलउत्पन्न विपद् न्यूनीकरण एवम् व्यवस्थापनबाट आर्थिक तथा सामाजिक क्षतीको न्यूनीकरण गर्ने,
- जल तथा मौसम सेवालाई समयानुकुल विकास र विस्तार गर्न आवश्यक नीति निर्माण तथा संरचनागत सुधार गरी जल तथा मौसम जन्य वहुप्रकोपको भरपर्दो पूर्वानुमान तथा पूर्वसूचना प्रवाहबाट नागरिकको जीउधनको सुरक्षा गर्ने,
- उपयुक्त प्रविधि मार्फत थप कृषियोग्य भूमिमा सिँचाइ सेवा विस्तार गर्ने,
- ठूला, जलाशययुक्त तथा जलस्थानान्तरण बहुउद्देशीय आयोजनाको विकास गरी सम्पूर्ण कृषियोग्य भूमिमा वर्षै भरी भरपर्दो रूपमा सिँचाइ सुविधा उपलब्ध गराउने,
- सम्पन्न सिँचाइ प्रणालीको मर्मत-सम्भार एवम् व्यवस्थापनलाई सुदृढ तुल्याई भरपर्दो एवम् दिगोपन बढाउने।

**१.४ रणनीतिः**

- जलविद्युतमा आन्तरिक एवम् बाह्य क्षेत्रको लगानी आकर्षण गरी विद्युत उत्पादनमा वृद्धि गर्ने,
- आन्तरिक र अन्तरदेशीय विद्युत प्रसारणलाई सुदृढ तथा विस्तार गरी विद्युत आपूर्ति प्रणालीलाई प्रभावकारी र भरपर्दो बनाउने,
- ऊर्जा दक्षता बढाउन वितरण प्रणालीलाई प्रभावकारी एवम् भरपर्दो बनाउने तथा विद्युत पहुँच वृद्धि गरी खपत बढाउने,
- जलविद्युत उत्पादन सहित सबै प्रकारका ऊर्जाको समिश्रण र क्षेत्रीय ऊर्जा व्यापारको माध्यमबाट ऊर्जा सुरक्षा कायम गर्ने,
- जलविद्युत क्षेत्रको संस्थागत संरचनाको सुदृढीकरण गर्ने,
- वैकल्पिक/नवीकरणीय ऊर्जाको विस्तार गरी ऊर्जा आपूर्ति प्रणालीको महत्त्वपूर्ण अंशको रूपमा विकास र बहुउपयोग प्रवर्द्धन गर्ने,
- प्रदेश र स्थानीय तहमा सरोकारवालासँगको सहकार्यमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्राथमिकता दिँदै आधुनिक, भरपर्दो र पर्याप्त ऊर्जा सेवा उपलब्ध नभएका क्षेत्रसम्म वैकल्पिक ऊर्जाको पहुँच वृद्धि गर्ने,
- नवीनतम, दिगो तथा ऊर्जा दक्ष प्रविधिहरूको प्रयोगमा जोड दिने,
- वैकल्पिक ऊर्जाको क्षेत्रमा वैंकिङ तथा वित्तीय क्षेत्रको संलग्नता वृद्धि गर्ने तथा वैकल्पिक ऊर्जा प्रविधिहरूलाई उपयुक्त कार्वन परियोजना तथा कार्यक्रमको रूपमा विकास गरी अन्तर्राष्ट्रिय कार्वन बजारको साथै आन्तरिक कार्वन बजार संयन्त्र स्थापना गर्ने,
- कृषि तथा पशुपन्छी पालनमा संलग्न कृषक, व्यावसायिक समूह, फार्म र सहकारी सङ्घसंस्था समेतको सहकार्यमा ठूला क्षमताका बायोग्याँस प्लान्ट स्थापना गरी एल.पी. ग्याँसको प्रयोगलाई न्यूनीकरण गर्नुका साथै बायोस्लरीबाट प्राङ्गारिक मल उत्पादन गर्ने,
- सिँचाइ विकासको गुरूयोजना र कृषि विकास रणनीतिअनुसार जलवायु परिवर्तन अनुकूलन हुने गरी सिँचाइ योजनाहरूको विकास एवम् विस्तार गर्ने,
- नयाँ प्रविधिमा आधारित सिँचाइको विकास गर्नुका साथै सिँचाइ दक्षता वृद्धि गर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा सिँचाइ प्रणालीको विकास गर्ने तथा बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउनका लागि ठूला बहुउद्देशीय, अन्तर जलाधार र जलाशययुक्त आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने,
- भूमिगत सिँचाइ योजनाको विस्तार सहित उपयोगमा जोड दिने,
- सिँचाइ प्रणालीको मर्मत-सम्भार एवम् दिगो व्यवस्थापनका लागि स्रोत सहित उपभोक्ता सहभागिता सुनिश्चित गर्ने,
- नीतिगत सुधार एवम् विद्यमान संस्थागत संरचनाको क्षमता र जनशक्तिको दक्षता अभिवृद्धि गर्ने,
- जलस्रोतको बहुआयामिक तथा समन्वयात्मक विकासको लागि नीतिगत तथा संरचनागत सुधार गर्ने,
- अन्तरदेशीय नदीको द्विपक्षीय लाभ हुने गरी व्यवस्थापनमा जोड दिने,
- जलस्रोतसम्बन्धी अनुसन्धान र विकासलाई गतिशील बनाउन आवश्यक पर्ने पूर्वाधार र क्षमताको विकास र विभिन्न अनुसन्धानमूलक संस्था र विश्वविद्यालयसँग सहकार्य गर्दै सिँचाइ क्षेत्रको अध्ययन अनुसन्धान कार्यलाई प्रभावकारी बनाउने,
- जलाधार व्यवस्थापनलाई प्रभावकारी बनाउनुको साथै बाढी पहिरोजन्य विपद्‌को दिगो एवम् भरपर्दो व्यवस्थापनका लागि संरचनागत तथा गैरसंरचनागत प्रविधिको उपयोग र जनचेतना अभिवृद्धिका कार्य गर्ने,
- विश्व मौसम सङ्गठनको मापदण्ड अनुसारको भरपर्दो, विश्वसनीय, गुणस्तरीय जल तथा मौसम सेवा उपलब्ध गराउन नीति तथा कानुन निर्माण गर्ने।

- जल तथा मौसम मापन केन्द्रलाई क्रमशः नवीनतम् प्रविधि सहितको आधुनिक स्वचालित केन्द्रमा रूपान्तरण र आवश्यकता अनुसार विस्तार गर्ने।
- नदी बेसिन योजना बमोजिम विकासका पूर्वाधारहरूको लागि जल उपलब्धतामा हुने भिन्नता, बेसिनहरूको पानीको सन्तुलन, थेग्रान अध्ययन तथा आकलन गर्ने।
- मौसम तथा जल प्रवाहको भरपर्दो तथा गुणस्तरीय पूर्वानुमान गर्ने।
- विपद् जोखिम न्यूनीकरणसम्बन्धी सेन्डाई फ्रेमवर्कले तय गरे अनुरूप विभिन्न सङ्घ-संस्थासँग समन्वय गरी जल तथा मौसमजन्य बहु-प्रकोप पूर्वसूचना प्रणालीको विकास गर्ने।
- विश्व मौसम सङ्गठन, जलवायु परिवर्तनसम्बन्धी अन्तर सरकारी निकाय, अन्तर्राष्ट्रिय हवाई उड्डयन सङ्गठन र अन्य सरोकारवाला सङ्घ-संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने।

## २. जनशक्ति विवरणः

| सि.नं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ११७ | ९९ | १९ | १ |
| २ | जलस्रोत तथा सिँचाइ विभाग | ६२३ | ५७४ | ५९ | १९ |
| ३ | विद्युत विकास विभाग | १२७ | १०५ | २२ | ० |
| ४ | जल तथा मौसम विज्ञान विभाग | १२८ | १०३ | २६ | १ |
| ५ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | २५ | १७ | ८ | ० |
| ६ | भूमिगत जलश्रोत विकास समिति | २४४ | ७७ | १६७ | |

## ३. आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमका बुँदाहरूको २०७९ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २४० | आगामी दुई वर्षभित्र सबै नागरिकहरूलाई विद्युत सुविधा उपलब्ध गराइने। ठूला र जलाशययुक्त आयोजनाको लागि स्रोत व्यवस्थापनसहित लघु तथा मझौला जलविद्युत र नवीकरणीय ऊर्जाको विकास गरी जलस्रोतको बहु-उपयोग गरिने। निर्माणाधीन जलविद्युत आयोजनाहरू र प्रसारण लाइन निर्माण कार्य सम्पन्न गर्नुका साथै सवस्टेशनहरू निर्माण गरी विद्युतको निर्वाध आपूर्तिको प्रत्याभूति गरिने। आर्थिक विकास र व्यापार सन्तुलन कायम गर्ने मुख्य उपकरणको रूपमा विद्युतीय ऊर्जाको विकास गरिने। द्विपक्षीय तथा वहुपक्षीय व्यापार सम्झौता गरी आन्तरिक खपतबाट बचत भएको ऊर्जा निर्यात गरिने। | • नेपाल र बङ्गलादेशबीच ५० मेगावाट विद्युत निर्यात गर्ने सम्झौता भएको।<br>• एक हजार गिगावाट घण्टा भन्दा बढी विद्युत power exchange मार्फत भारत निर्यात गरी आठ अर्बभन्दा बढीको आम्दानी भएको।<br>• आगामी दुई वर्ष भित्र सतप्रतिशत विद्युतीकरण गर्न २६ ओटा वितरण लाइन प्याकेजहरूको (११/०.४ के.भी) बोलपत्र आह्वान गरी थप २ जिल्लामा (प्युठान,परासी) मा शतप्रतिशत विद्युतीकरण कार्य सम्पन्न गरिएको।<br>• यस आर्थिक वर्ष मा ३०० स.कि.मी. थप भई हालसम्म ६ हजार ४१८ स.कि.मी. वितरण लाईनहरू विस्तार गरिएको। |
| २४१ | निर्माणाधीन १११ मेगावाटको रसुवागढी, ४२.५ मेगावाटको साञ्जेन, १४.८ मेगावाटको माथिल्लो साञ्जेन, तथा निजी लगानीकर्ताबाट प्रवर्द्धित ८६ मेगावाटको सोलु दूधकोशी, ८२ मेगावाटको तल्लो सोलु, ५४ मेगावाटको सुपर दोर्दी “ख”, | **रसुवागढी (१११ मेगावाट):**<br>• भौतिक प्रगति ९६ प्रतिशत, वित्तीय प्रगति ९० प्रतिशत, सिभिल एण्ड हाइड्रोमेकानिकल कार्य ९७ प्रतिशत, इलेक्ट्रोमेकानिकल कार्य ९०प्रतिशत, ट्रान्समिसन लाइनसम्बन्धी कार्य ८० प्रतिशत सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | ४४ मेगावाटको सुपर मादी लगायतका आयोजनाहरूको निर्माण सम्पन्न गरी आगामी आर्थिक वर्ष ७१५ मेगावाट विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा थप गरिने। | **माथिल्लो साञ्जेन (१४.८ मे.वा):**<br>• भौतिक प्रगति ९५.९ प्रतिशत, वित्तीय प्रगति ९८.३ प्रतिशत, सिभिल एण्ड हाइड्रोमेकानिकल कार्यः ९६.८ प्रतिशत र इलेक्ट्रोमेकानिकल कार्यः ८२.५ प्रतिशत सम्पन्न भएको।<br>**साञ्जेन (४२.५ मेगावाट):**<br>• भौतिक प्रगति ९०.८ प्रतिशत, वित्तीय प्रगति ८७.८ प्रतिशत, सिभिल एण्ड हाइड्रोमेकानिकल कार्य ९१.५ प्रतिशत, इलेक्ट्रोमेकानिकल कार्य ७७.४ प्रतिशत र ट्रान्समिसन लाइनसम्बन्धी कार्य ९८.५ प्रतिशत सम्पन्न भएको।<br>**सुपरदोर्दी "ख" (५४ मेगावाट):**<br>• भौतिक प्रगति ९९ प्रतिशत, वित्तीय प्रगति ९९ प्रतिशत, सिभिल एण्ड हाइड्रोमेकानिकल कार्य ९९ प्रतिशत, इलेक्ट्रोमेकानिकल कार्य ९९ प्रतिशत, ट्रान्समिसन लाइनसम्बन्धी कार्य ९९ प्रतिशत सम्पन्न भएको।<br>**तल्लो सोलु (८२ मेगावाट):**<br>• भौतिक प्रगति ९६ प्रतिशत, वित्तीय प्रगति ७५.२१ प्रतिशत, सिभिल एण्ड हाइड्रोमेकानिकल कार्य ८५ प्रतिशत, इलेक्ट्रोमेकानिकल कार्य ९८ प्रतिशत र ट्रान्समिसन लाइनसम्बन्धी कार्य ९० प्रतिशत सम्पन्न भएको।<br>**अन्य आयोजनाहरू:**<br>• सोलु दूधकोशी (८६ मेगावाट), सुपर मादी (४४ मेगावाट) लगायतका अन्य आयोजनाहरूबाट कुल ३९६ मेगावाट निर्माण सम्पन्न गरी राष्ट्रिय ग्रीडमा जडान गरिएको। |
| २४२ | जलविद्युतक्षेत्रको विकासका लागि आम जनता, निजी क्षेत्र र वैदेशिक लगानी मार्फत स्रोत जुटाउने व्यवस्था मिलाइने। घरेलु, औद्योगिक, यातायात, कृषि, सिँचाइ क्षेत्रमा ऊर्जा उपयोग र खपत वृद्धि गर्न ऊर्जा खपत विशेष योजना बनाइ कार्यान्वयन गरिने। प्रतिव्यक्ति विद्युत खपत वार्षिक ४०० किलोवाट घण्टा पुऱ्याइने। | • ऊर्जा खपत विशेष योजना बनाई कार्यान्वयन गरिएको, चालु आर्थिक वर्षको आठ महिनामा प्रतिव्यक्ति विद्युत खपत ३२५ किलोवाट घण्टाबाट ४०० किलोवाट घण्टा पुऱ्याइएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २४३ | राष्ट्रिय प्रसारण लाइन नपुगेको र विद्युतीकरण गर्न बाँकी दुर्गम क्षेत्रका २५ हजार घर धुरीमा प्रदेश सरकार तथा स्थानीय तहसँगको सहकार्यमा लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा जस्ता नवीकरणीय ऊर्जा प्रविधिको अधिकतम उपयोग गरी विद्युत सेवा उपलब्ध गराइने। | • चालु आर्थिक वर्ष को आठ महिनामा राष्ट्रिय प्रसारण ग्रीड मार्फत थप २ प्रतिशत विद्युतीकरण तथा राष्ट्रिय प्रसारण ग्रीड बाहेक थप ०.१२ प्रतिशत विद्युतीकरण भएको। |
| २४४ | स्थानीय तह र प्रदेश सरकारले साना तथा लघु जलविद्युत आयोजना निर्माण गरेमा यस्ता आयोजनाको कुल लागतको कम्तीमा २५ प्रतिशत रकम संघीय सरकारबाट ऋण लगानी गर्ने व्यवस्था गरिने। | • च्यालेन्ज फण्ड मार्फत नवीकरणीय ऊर्जा प्रविधि जडान गर्न आयोजनाहरू छनौट भई कार्य भइरहेको। |
| २४५ | जलविद्युत आयोजनाहरू छनौट गर्दा कम्तीमा ५० प्रतिशत जलाशययुक्त र अर्धजलाशययुक्त आयोजना रहने गरी प्राथमिकताका साथ छनौट गरिने। ६३५ मेगावाटको दूधकोशी जलाशययुक्त आयोजना र १ हजार ६१ मेगावाट क्षमताको माथिल्लो अरूण जलविद्युत आयोजना कार्यान्वयन अघि बढाइने। माथिल्लो अरूण जलविद्युत आयोजना र दूधकोशी जलविद्युत आयोजनाको लागि बजेट विनियोजन गरेको। कोभिड-१९ महामारीका कारण समयमा कार्य अगाडि बढाउन नसकेका आयोजनाको अनुमतिपत्रको म्याद बढीमा २ वर्ष थप गर्ने व्यवस्था मिलाइने। | **दूधकोशी जलाशययुक्त (६३५ मेगावाट):**<br>• आयोजनाको विस्तृत इन्जिनीयरिङ डिजाइन, जग्गाको मुआब्जा निर्धारण र वातावरणीय अध्ययन कार्य सम्पन्न भएको।<br>**माथिल्लो अरूण (१ हजार ६१ मेगावाट)**<br>• आयोजनाको Environmental Impact Assessment/Environmental and Social Impact Assessment (EIA/ESIA) प्रतिवेदन स्वीकृती भएको।<br>• आयोजनाको पहुँच मार्गसम्बन्धी विस्तृत डिजाइन तथा निर्माण सुपरिवेक्षण कार्य र सोको निर्माणको लागि बोलपत्र मूल्याङ्कन तथा ठेक्का सम्झौता भएको।<br>**तनहुँ (१४० मेगावाट):**<br>• Dam को Right and Left Bank को १ लाख ९५ हजार घ.मी खन्ने कार्य सम्पन्न भएको।<br>• कार्य ७९४ मी. Diversion Tunnel खन्ने कार्य सम्पन्न भएको।<br>• भूमिगत विद्युत गृह खन्ने कार्य सम्पन्न भएको।<br>• भूमिगत विद्युत गृह कङ्क्रिट कार्य ११ प्रतिशत, ईन्टेक खन्ने कार्य ७२ प्रतिशत र प्रसारण लाईन निर्माण कार्य ३० प्रतिशत सम्पन्न भएको। |
| २४६ | जलाशययुक्त १ हजार २ सय मेगावाटको बुढीगण्डकी र ४१० मेगावाटको नलगाड जलविद्युत आयोजना निर्माणको लागि लगानीको मोडेल र स्रोत व्यवस्थापन गरी | **जलाशययुक्त बुढीगण्डकी (१ हजार २ सय मेगावाट):**<br>• प्रभावित क्षेत्रका ४ हजार २०१ विभिन्न प्रकारका भौतिक संरचनाहरू तथा १ लाख |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | निर्माण कार्य अगाडि बढाइने। जलाशययुक्त ७५० मेगावाटको पश्चिम सेती र ३०९ मेगावाटको सेती-६ जलविद्युत आयोजनाको प्राविधिक तयारी गरी निर्माण कार्य अगाडि बढाइने। पञ्चेश्वर बहुउद्देशीय जलविद्युत आयोजनाको निर्माण कार्य अघि बढाउन नेपालको तर्फबाट गरिने तयारी कार्यलाई तीव्रता दिइने। | १० हजार २४३ वटा विभिन्न प्रजातिको फलफूल, रूख तथा वोटविरूवाहरूको मुआब्जा (क्षतिपूर्ति) वापत रू.१ अर्व ११ करोड वितरण भएको।<br>• आयोजना प्रभावित दुई जिल्ला (गोरखा र धादिङ) तर्फ १०४.१६ रोपनी जग्गाको मुआब्जा वापत रू १० करोड ८७ लाख वितरण भएको।<br>**नलगाड (४१० मेगावाट):**<br>• विस्तृत इन्जिनियरिङ अध्ययन कार्य, घर टहराको क्षतिपूर्ति वितरण गर्ने कार्य ८० प्रतिशत, पहुँचमार्ग निर्माण कार्य ८० प्रतिशत सम्पन्न भएको।<br>**जलाशययुक्त पश्चिम सेती (७५० मेगावाट) र सेती-६ (३०९ मेगावाट)**<br>• जलविद्युत आयोजनाहरूको अध्ययन कार्य सम्पन्न गरी Nepal Investment Board लाई हस्तान्तरण गरिएको। |
| २४७ | आगामी आर्थिक वर्ष २१० मेगावाटको चैनपुर सेती, ४८० मेगावाटको अर्ध-जलाशययुक्त फुकोट कर्णाली, १०६ मेगावाटको अर्ध-जलाशययुक्त जगदुल्ला, ९९.९ मेगावाटको तामाकोशी पाँचौ, ७०.३० मेगावाटको सिम्वुआ खोला तथा ७७.५ मेगावाटको घुन्सा खोला जलविद्युत आयोजनाहरूलाई कार्यान्वयनमा लगिने। कर्मचारी सञ्चयकोषका सञ्चकर्ताहरूको लगानी रहेको ४३९ मेगावाटको वेतन कर्णाली जलविद्युत आयोजनाको निर्माणको लागि खरिद प्रक्रिया अगाडि बढाइने। दाङ जिल्लाको माडिखोला डाईभर्सन गरी ३५ मेगावाट विद्युत उत्पादन कार्य अघि बढाइने। उक्त परियोजनाबाट दाङ उपत्यकामा सिँचाइ सुविधा उपलब्ध गराउन सम्भाव्यता अध्ययन गरिने। | **सिम्बुवा खोला (७०.३मेगावाट):**<br>• आयोजनाको अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन र डिटेल इन्जिनियरिङ्ग रिपोर्ट तयारी, थप ५१ रोपनी जग्गा अधिग्रहण तथा पहुँच मार्ग निर्माण सम्पन्न।<br>**चैनपुर सेति अर्ध-जलाशययुक्त (२१०मेगावाट):**<br>• आयोजना अडिट टनेल कार्य थालनीका साथै जग्गा अधिग्रहण गर्ने कार्य तथा आयोजनाको २.३ कि.मी. पहुँच मार्ग निर्माण भएको।<br>**फुकोट कर्णाली अर्ध-जलाशययुक्त (४८०मेगावाट):**<br>• टेस्ट अडिट/टनेल निर्माण, पहुँच मार्ग, आवास गृह तथा कार्यालय भवन निर्माण, हेडरेस सुरूङको मध्यभाग तथा डाईभर्सन टनेलको टेस्ट अडीट निर्माणको १५ प्रतिशत कार्य सम्पन्न भएको।<br>• घर टहराको क्षतिपूर्ती निर्धारण गरी वितरण गरिएको तथा थप आवश्यक ८५ रोपनी जग्गा प्राप्त भएको।<br>**जगदुल्ला अर्ध-जलाशययुक्त (१०६ मेगावाट):**<br>• निर्माण सुपरभिजनको परामर्शदाता छनौट भएको।<br>• वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को कार्य सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | **घुन्सा खोला (७७.५ मेगावाट)**:<br>• पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सम्पन्न भएको।<br>• आयोजनाको लागि आवश्यक थप ५१ रोपनी जग्गा अधिग्रहण भएको।<br>**तामाकोशी ५ (९९.९ मेगावाट)**:<br>• आयोजनाको वित्तीय व्यवस्थापन, प्रसारण लाईनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएको।<br>• आयोजना निर्माणको Construction, Super Vision and Management को लागि परामर्शदाता छनौट भएको। |
| २४८ | विद्युतीय सवारी साधनको प्रयोग बढाउन नेपाल विद्युत प्राधिकरणले ५० स्थानमा चार्जिङ्ग स्टेशनहरू सञ्चालन गर्नेछ। पेट्रोल पम्प रहेका स्थानमा चार्जिङ्ग स्टेशनहरू स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। विद्युतीय चुल्हो, उपकरण तथा यातायातका साधन प्रयोग गरी थप विद्युत खपत गर्न प्रेरित गरिनेछ। ठूला शहरहरूको यातायात सेवा र भान्सालाई क्रमशः विद्युतीय प्रणालीमा परिणत गरिने। | • नेपाल विद्युत प्राधिकरणले काठमाडौं उपत्यका भित्र विभिन्न ८ स्थान र काठमाडौं उपत्यका बाहिर ४२ स्थानहरूमा चार्जिङ्ग स्टेशनहरू सञ्चालनमा ल्याइएको। |
| २४९ | सार्वजनिक निकायले विद्युतीय सवारी साधन खरिद गर्नुपर्ने व्यवस्था मिलाइने। परम्परागत इँटा भट्टालाई विद्युतीय इँटा भट्टाले क्रमशः विस्थापित गर्दै लगिने। डिजेल बोईलरलाई क्रमशः विद्युतीय बोईलरले विस्थापन गरिने। | • स्वच्छ ऊर्जाद्वारा परम्परागत र जिवाष्म इन्धनको प्रतिस्थापन गर्ने कार्य योजना तयार पार्न जल तथा ऊर्जा आयोगद्वारा परामर्शदाता खरीद प्रकृया अगाडि बढाउन लागत अनुमान, कार्यक्षेत्र शर्त र वातावरणीय प्रभाव मूल्याङ्कन तयार भएको। |
| २५० | राष्ट्रिय तथा अन्तर्देशीय विद्युत प्रसारण लाइनको सुदृढीकरण, विस्तार एवम् स्तरोन्नति गरी विद्युत प्रसारण एवम् वितरण प्रणालीलाई प्रभावकारी र भरपर्दो बनाइने। नदी बेसिनमा आधारित ४०० के.भी. स्तरका कर्णाली कोरिडोर, भेरी कोरिडोर र अरूण कोरिडोर प्रसारण लाइनको सार्वजनिक निजी साझेदारीमा वित्तीय स्रोत सुनिश्चित गरी निर्माण प्रक्रिया अगाडि बढाइने। | • कर्णाली कोरिडोर ४०० के.भी. प्रसारण लाइन आयोजना अन्तर्गत दोधारा-बेतन-फुकोट प्रसारण लाईनको ठेक्का सम्झौता भएको।<br>**नेपाल भारत प्रसारण लाईन आयोजनाः** फाउन्डेशन खन्ने, टावर इरेक्शन गर्ने, रूख कटान तथा Row क्षतिपुर्ती तथा मुआब्जा वितरण कार्य सम्पन्न भएको। |
| २५१ | बुटवल-गोरखपुर ४०० के.भी प्रसारण लाइन निर्माण आरम्भ गरिने। वुटवल-लमही-दोदोधारा खण्डको ४०० के.भी | **बुटबल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइनः**<br>• नेपाल विद्युत प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेशन अफ इण्डिया लिमिटेडको संयुक्त |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | एवम् लप्सीफेदी- रातमाटे- हेटौडा र रातमाटे-दमौली-बुटवल ४०० के.भी. प्रसारण लाइन निर्माण कार्य अघि बढाइने। आगामी आर्थिक वर्षमा ५ हजार ८ सय ४३ एम.भि.ए. क्षमताको सव स्टेशनको निर्माणका कार्यहरू सम्पन्न गरिने। पूर्व पश्चिम ७६५ के.भी. क्षमताको प्रसारण लाइन निर्माणको सम्भाव्यता अध्ययन गरिने। विद्युत प्रसारण लाइन तथा सवस्टेशन निर्माणको लागि बजेट विनियोजन गरिएको। | लगानीमा कम्पनी स्थापना भएको। न्यू बुटवल-गोरखपुर ४०० के.भी. अन्तरदेशीय प्रसारण लाइन (भारतीय क्षेत्रमा १२० कि.मी. र नेपाली क्षेत्रमा १८ कि.मी.) को बोलपत्र आह्वान भई मुल्याङकनको क्रममा रहेको।<br>• सव स्टेशनको एम.भि.ए. क्षमता गत आर्थिक वर्षमा ७ हजार १४८ एम.भि.ए. रहेकोमा चालु आर्थिक वर्षको यस अवधिमा ९१४.५ एम.भि.ए. क्षमता थप भई हाल ८ हजार ६३.१ एम.भि.ए. क्षमता अभिवृद्धि भएको।<br>• यस आर्थिक वर्षमा ६६ के.भी भन्दा बढी क्षमताको प्रसारण लाईन ३४१ कि.मी. थप भई ५ हजार ४२७ कि.मी. विस्तार भएको। साथै, ३३ के.भी. प्रसारण लाईनतर्फ ३०० कि.मी. थप भई ६ हजार ४१८ कि.मी. विस्तार भएको।<br>**भूमिगत तार :**<br>• **रत्नपार्क वितरण केन्द्र अन्तर्गत** यस आर्थिक वर्षमा High Tension Line ५३ कि.मी. थप भई हालसम्म १५८ कि.मी. तथा Low Tension Line १०० कि.मी. थप भई हालसम्म २८० कि.मी. विस्तार गरिएको।<br>• **महाराजगञ्ज वितरण केन्द्र अन्तर्गत** यस आर्थिक वर्षमा High Tension Line ८ कि.मी. थप भई हालसम्म १६३ कि.मी. तथा Low Tension Line २५ कि.मी. थप भई हालसम्म ३०९ कि.मी. विस्तार गरिएको।<br>• **उपत्यका भित्र अन्य वितरण केन्द्र अन्तर्गत** यस आर्थिक वर्षमा High Tension Line ५१ कि.मी. थप भई हालसम्म ५८ कि.मी तथा Low Tension Line ४२.५ कि.मी. थप भई हालसम्म ९१.५कि.मी. विस्तार गरिएको। |
| २५२ | **एल.पि.ग्याँस छोडौं, विजुली जोडौं** भन्ने अभियान सञ्चालन गरिने। खाना पकाउने इन्धनको रूपमा प्रयोग हुने दाउरा, गुईंठा र एल.पि.ग्याँस लाई प्रतिस्थापन गर्न वायोग्याँस, विद्युतीय चुउलो, सुधारिएको चुलो तथा अन्य उपयुक्त आधुनिक एवम् किफायती प्रविधिको व्यापक रूपमा प्रवर्द्धन गरी करीब १ लाख घरधुरीमा खाना पकाउने | **घरायसी वायोग्याँस प्लान्ट:**<br>• चालु आर्थिक वर्षको यस अवधिमा तीन हजार घरधुरीमा जडान गरी हालसम्म चार लाख बयालीस हजार घरधुरीमा वायोग्याँस प्लान्ट जडान गरिएको।<br>**संस्थागत, शहरी तथा व्यवसायिक वायोग्याँस प्लान्ट:**<br>• थप दुई ओटा जडान भई हालसम्म तीन सय साठी वायोग्याँस प्लान्ट जडान गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | स्वच्छ ऊर्जाको पहुँच पुऱ्याइने। एल.पि.ग्याँसमा प्रदान हुँदै आएको अनुदान क्रमशः कटौति गरी विद्युत उपयोगमा अनुदान प्रदान गर्ने नीति लिइएको। | **विद्युतीय तथा सुधारिएको आधुनिक चुल्होः**<br>• थप ९२७ घरधुरीमा विद्युतीय तथा सुधारिएको चुल्हो जडान गरिएको। |
| २५४ | विद्युत सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग गर्ने नीतिअनुरूप काठमाडौं उपत्यकाबाट प्रारम्भ भएको स्मार्ट मीटर जडान कार्यलाई क्रमशः विस्तार गरिने। विपन्न वर्गलाई निःशुल्क विद्युतीय मीटर जडान गर्ने कार्य र २० युनिटसम्म विद्युत खपत गर्ने आधारभूत वर्गको ग्राहकहरूलाई निशुल्क विद्युत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइएको। काठमाडौं उपत्यकामा आगामी ३ वर्षभित्र विद्युत वितरण पूर्वाधार सबल बनाई एल.पि.ग्याँस र पेट्रोलियम पदार्थको उपयोग उल्लेख्य रूपमा घटाइने। कृषिमा आत्मनिर्भर हुन सिँचाइ कार्यमा खपत हुने विद्युतमा सहुलियत प्रदान गरिने। | • यस आर्थिक वर्षको आठ महिनामा थप एक लाख पचास हजार ग्राहकको मा स्मार्ट मिटर जडान कार्य प्रारम्भ भएको।<br>• विपन्न वर्गलाई निःशुल्क विद्युतीय मिटर जडान कार्यलाई निरन्तरता दिइएको।<br>• चालु आर्थिक वर्षको यस अवधिमा थप नौ लाख आधारभुत वर्गको ग्राहकहरूलाई २० युनिटसम्म निशुल्क विद्युत उपलब्ध गराइएको।<br>• सिँचाइ कार्यमा खपत हुने विद्युत महसुलमा वर्षायाममा ५० प्रतिशत र सुख्खायाममा २५ प्रतिशत सहुलियत प्रदान गर्न निर्देशिका तयार भएको। |
| २५५ | जलाशययुक्त जलविद्युत आयोजना निर्माणका लागि बाँध र विद्युत गृह छुट्टा छुट्टै प्रवर्द्धकबाट निर्माण गर्ने गरी निजी क्षेत्रलाई लगानी गर्न आकर्षित गरिने। नेपाल विद्युत प्राधिकरणबाट जलाशय निर्माण गरी जम्मा भएको पानी विद्युत गृह तथा अन्य सहायक संरचना निर्माण र सञ्चालन गर्ने प्रवर्द्धक कम्पनीलाई शुल्क लिई उपलब्ध गराउने व्यवस्था मिलाइने। जलाशययुक्त बाँधको बहुउपयोग गरी प्रतिफल दर बढाइने। | • विद्युत ऐन सांसदमा पुनः पेश गर्न मस्यौदा तयार भएको।<br>• प्रसारण लाइन, सबस्टेशन, जलाशय, जलविद्युत आयोजनाका विविध संरचनाको निर्माणका लागि आवश्यक जग्गा प्राप्तिको मापदण्डहरूको मस्यौदा तयार भइरहेको। |
| २५६ | विद्युत प्रसारण लाइन विस्तारको लागि निजी लगानीमा समेत आयोजनाहरू प्रवर्द्धन गरिने। विद्युत आयोजनाको प्रवर्द्धकले आयोजना स्थलदेखि सबस्टेशनसम्म प्रसारण लाइन निर्माण गरेमा लागतको ७५ प्रतिशतसम्म शोधभर्ना उपलब्ध गराउने व्यवस्था मिलाइने। नेपाल विद्युत प्राधिकरणको क्रेडिट रेटिङ्ग भई सकेको सन्दर्भमा प्राथमिक निष्काशन मार्फत प्रिमियम | • नेपाल विद्युत प्राधिकरणको क्रेडिट रेटिङ कार्य सम्पन्न भई ICRA बाट A++ रेटिङ प्राप्त भएको। नेपाल विद्युत प्राधिकरणको Asset Valuation भएको। साथै, प्राथमिक शेयर जारी गर्न कार्य दल गठन भई अध्ययन प्रतिवेदन प्राप्त भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सहितको शेयर सर्वसाधारणलाई समेत जारी गर्ने प्रबन्ध गरिने। उक्त शेयर विनिवेशबाट प्राप्त रकम जलाशययुक्त आयोजना निर्माण लगायत ऊर्जा पूर्वाधार निर्माणमा लगानी गरिने। | |
| २५७ | नेपालको इन्धन र ऊर्जा उपभोग एवम् यातायात र औद्योगिक क्षेत्रको समग्र विकासमा योगदान गर्न सक्ने गरी हाइड्रोजन ऊर्जाको व्यवसायिक उपयोग गर्न आवश्यक कार्य प्रारम्भ गरिने। | • हाइड्रोजन ऊर्जाको व्यवसायिक उपयोगको सम्भाव्यता अध्ययनलाई थप सहायता प्रदान गर्न ग्रीन हाइड्रोजन नीति तयार भएको।<br>• जल तथा ऊर्जा आयोगद्वारा उद्योगहरूमा हाइड्रोजन फ्युल सेल मार्फत तापीय प्रणालीको सम्भाव्यता अध्ययनको प्रारम्भिक प्रतिवेदन प्राप्त भएको। |
| २५९ | कृषि योग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराई कृषि क्षेत्रको उत्पादकत्व बढाइने। उपयुक्त प्रविधि मार्फत थप कृषियोग्य भूमिमा सिँचाइ सुविधा विस्तार गरिने। सम्पन्न भएका सिँचाइ प्रणालीहरूको व्यवस्थित सञ्चालन र मर्मत सम्भार गरिने। विद्युत कम उपयोग हुने समयमा विद्युत प्रयोग गरी लिफ्ट प्रणालीबाट गरिने सिँचाइलाई प्रोत्साहन गर्न विद्युत महशुलमा छुट दिने व्यवस्था मिलाइने। | • करिब ३ लाख हेक्टर क्षेत्रफलमा वर्षेभरि सिँचाइ सुविधा पुऱ्याउने उद्देश्य साथ मर्मत सम्भारसम्बन्धी कार्यहरू भइरहेको। |
| २६० | मध्य तराईका पाँच जिल्लाको १ लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सेवा उपलब्ध गराउन सुनकोशी-मरिन डाईभर्सन बहुउद्देश्य आयोजनाको टनेल कार्यलाई तीब्रता दिइने। आयोजनाको हेडवर्क्स र विद्युत गृह लगायत अन्य निर्माण कार्य प्रारम्भ गरिने। | • ४ हजार ६४८ मिटर शुरूङ्ग निर्माण सम्पन्न भएको।<br>• हेडवर्क्स निर्माण कार्यको ठेक्का सम्झौता भएको।<br>• इलेक्ट्रोमेकानिकल र हाइड्रोमेकानिकल कार्यको ठेक्का सम्झौता भएको। |
| २६१ | अन्तर जलाधार जल स्थानान्तरण आयोजनाहरू प्राथमिकताका साथ कार्यान्वयन गर्दै जाने क्रममा भेरी-बबई डाईभर्सन बहुउद्देशीय आयोजनाबाट पानी डाईभर्सन गरी बर्दिया र बाँके जिल्लाको ५१ हजार हेक्टर जमिनमा वर्षै भरि सिँचाइ सेवा प्रवाह गर्न हेडवर्क्स तथा पावर हाउसको निर्माण कार्य द्रुत गतिमा गरिने। | • चिप्लेमा Site Camp निर्माण सम्पन्न भई Office र Quarter स्थापना, Laboratory, Crusher Plant, Batching Plant Installation सम्पन्न भएको।<br>• बाँधको जम्मा ६ वटा Bay मध्ये Bay १ र २ को लागि D/S Spillway, Stilling Basin, U/S Floor को जग खन्ने कार्य तथा RCC ढलान सम्पन्न भएको।<br>• Settling basin को लागि foundation खन्ने, Plum Concreting, RCC Raft र वाल ढलान निर्माण भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • Intake र Forebay संरचना निर्माणका लागि foundation खन्ने, Plum Concreting तथा RCC ढलान कार्य भएको।<br>• चिप्लेमा करिब ७८० मी. लामो Diversion Road सम्पन्न भएको तथा चिप्ले खोल्सी Diversion निर्माण कार्यको पहिलो चरणको कार्य सम्पन्न भएको।<br>• हात्तीखालमा Laboratory, Crusher Plant, Batching Plant स्थापना भई निर्माण सामाग्री उत्पादन भइरहेको, पावरहाउस निर्माण स्थानमा Excavation कार्य सुचारू रहेको साथै Grouting एवम् Shotcrete गरी Slope Stabilization गर्ने कार्य भइरहेको। Surge Shaft को लागि Acess Road निर्माण एवम् Excavation कार्य सुचारू रहेको तथा Bore Pilling कार्य सम्पन्न भएको। |
| २६२ | तराई मधेशका कृषियोग्य पकेट क्षेत्रहरूमा क्लस्टरमा आधारित ४ हजार स्यालो ट्युववेलबाट १० हजार हेक्टर तथा १०० डिप ट्युववेलबाट ५ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गरिने। पाँचखाल उपत्यका एकीकृत सिँचाइ आयोजनाको सम्भाव्यता अध्ययन सम्पन्न गरिने। पहाडी क्षेत्रमा पानी सञ्चय पोखरी र भूमिगत जलबाट सिँचाइ हुन सक्ने आयोजनाहरूको सम्भाव्यता अध्ययन गरिने। | • हालसम्म करिब २ हजार हेक्टर जमिनमा भूमिगत जल सिँचाइका माध्यमबाट सिँचाइ सुविधा विस्तार भएको। |
| २६३ | नवीन यान्त्रिक सिँचाइ आयोजनाबाट सर्लाही र रौतहट जिल्लाको २० हजार हेक्टरमा झापा भूमिगत जल सिँचाइ आयोजनाबाट ७ हजार हेक्टरमा वर्षैभरी भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउन आयोजना कार्यन्वयन शुरू गरिने। | • नवीनतम् यान्त्रिक सिँचाइ आयोजना कार्यालय स्थापना भई-निर्माण कार्य शुरू भइरहेको।<br>• नवीनतम् यान्त्रिक सिँचाइ आयोजनाको EIA प्रतिवेदनको TOR Scoping स्वीकृतिका लागि वातावरण मन्त्रालय पेश गरिएको।<br>• झापा भूमिगत जल सिँचाइ आयोजनाबाट ९ गोटा डीप ट्युबवेल प्रणाली निर्माण सम्पन्न भएको। |
| २६४ | सिञ्चित कृषि क्षेत्रको विस्तारका लागि राष्ट्रिय गौरवको रानी जमरा कुलरिया सिँचाइ आयोजनाको प्रथम चरणको १४ हजार ३ सय हेक्टरका लागि फिडर नहर तथा विद्युत गृहको निर्माण सम्पन्न गरी नवनिर्मित मुहानबाट पानी सञ्चालन गरिने। सिक्टा सिँचाइ आयोजनाको | • रानी जमरा कुलरिया सिँचाइ आयोजनाको प्रथम चरणको १४ हजार ३ सय हेक्टरका लागि फिडर नहर तथा विद्युत गृहको निर्माण सम्पन्न हुने क्रममा रहेको।<br>• सिक्टा सिँचाइ आयोजनाको पश्चिम मूल नहरको मर्मत र सञ्चालन निरन्तर चलिरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | पश्चिम मूल नहरको मर्मत र सञ्चालनलाई निरन्तरता दिनुका साथै पूर्वी मूल नहरको २६ किलोमिटर र त्यसका शाखा नहरहरू निर्माण सम्पन्न गरिने। | • सिक्टा सिँचाइ आयोजनाको पूर्वी मूल नहरको करिब ३९ किलोमिटर सम्पन्न भई Test Run सम्पन्न भई ४२ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको। |
| २६५ | बबई सिँचाइ आयोजनाको पश्चिम मूल तथा शाखा नहरहरूको विस्तार गरी थप ३ हजार हेक्टर जमिनमा सिँचाइ सेवा विस्तार गरिने। महाकाली सिँचाइ आयोजनाको तेस्रो चरणको मूल नहर विस्तारको कार्यमा तीव्रता दिइनेछ भने ब्रम्हदेव क्षेत्रको २ हजार ९ सय हेक्टर जमिनमा सिँचाइ सेवा पुऱ्याउन शाखा नहर निर्माण कार्य अगाडि बढाइने। | • महाकाली सिँचाइ आयोजना-तेश्रो चरणको मूल नहर विस्तारको २८+०००-४८+००० चेनेजको निर्माण कार्यको लागि Design र लागत अनुमान स्वीकृत भएको। |
| २६६ | कृषियोग्य जमिनमा थप सिँचाइ सुविधा विस्तारको लागि सम्भाव्यता अध्ययन गर्न आवश्यक रकम विनियोजन गरेको। अध्ययन कार्य सम्पन्न भएको नौमुरे-रासि-कपिलवस्तु डाईभर्सन बहुउद्देशीय आयोजनाको निर्माण कार्य अघि बढाइने। कालीगण्डकी-तिनाउ र तमोर-चिसाङ डाईभर्सन आयोजनाको अध्ययन कार्य अगाडि बढाइने। | • नौमुरे-रासि-कपिलवस्तु डाईभर्सन बहुउद्देशीय आयोजनाको सिँचाइ र विद्युतको कार्य क्षेत्र छुट्याई कार्यक्षेत्रबमोजिमको थप अध्ययन प्रस्ताव भएको। |
| २६७ | दाङ जिल्लाको देउखुरी उपत्यका प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजनाको मूल नहर विस्तारको कार्यलाई निरन्तरता दिइने। वृहत् दाङ उपत्यका सिँचाइ आयोजनाको सिँचाइ प्रणाली पुनर्निमाण गरिने। | • प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजनाको मूल नहरको ७+००० देखि १४+००० सम्मको नहर निर्माण भइरहेको।<br>• वृहत् दाङ उपत्यका सिँचाइ आयोजनाको ३२ वटा पानी सञ्चय पोखरी निर्माण भएको र २ गोटा ठुला सिँचाइ प्रणालीहरूको पुनःर्स्थापना कार्य भइरहेको। |
| २६८ | नदी किनाराका गरा सधैं हराभरा अभियानलाई साकार रूप दिन नदी छेउछाउका कृषियोग्य भूमिमा लिफ्ट सिँचाइका माध्यमबाट थप ६०० हेक्टर जमिनमा सिँचाइ सेवा पुऱ्याइने। | • एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम मार्फत करिब २२० हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको। |
| २६९ | करिब २ लाख ५० हजार सिञ्चित क्षेत्र भएका सुनसरी-मोरङ्ग, चन्द्र नहर, कोशी पम्म तथा वितरण प्रणाली, मनुष्मारा, झाँझ, बागमती, नारायणी, गण्डक, राजापुर, महाकाली जस्ता ठूला सिँचाइ प्रणालीहरूलाई पूर्ण क्षमतामा सञ्चालन गर्न मर्मत-सम्भार तथा पुनर्स्थापना | • सुनसरी-मोरङ्ग, चन्द्र नहर, कोशी पम्म तथा वितरण प्रणाली, मनुष्मारा, झाँझ, बागमती, नारायणी, गण्डक, राजापुर, महाकाली जस्ता ठूला सिँचाइ प्रणालीहरूलाई पूर्ण क्षमतामा सञ्चालन गर्न मर्मत सम्भारसम्बन्धी मागहरूलाई प्राथमिकीकरण गरी निर्माण कार्य द्रुतगतिमा अघि बढी रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | कार्यलाई आवश्यक रकम विनियोजन गरिएको। | |
| २७० | राष्ट्रिय गौरवका आयोजना र ठुला नहरहरूबाट किसानहरूले आफ्नो जग्गासम्म सिँचाइ सुविधा विस्तारका लागि शाखा नहर निर्माण गर्न चाहेमा लागत शोधभर्ना विधिमा रकम उपलब्ध गराउने व्यवस्था मिलाइने। | • जनश्रमदान मार्फत यस्ता कार्यहरू हुने गरेको। |
| २७१ | आगामी आर्थिक वर्ष भूमिगत सिँचाइबाट १५ हजार र सतह सिँचाइबाट ६ हजार ६ सय हेक्टर गरी थप २१ हजार ६ सय हेक्टर जमिनमा सिँचाइ सेवा पुऱ्याइने। | • चैत मसान्तसम्म सहत सिँचाइतर्फ करिब १ हजार ४२० हेक्टर र भूमिगत सिँचाइतर्फ करिब १ हजार हेक्टर गरि कुल २ हजार ४२० हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको। |
| २७२ | काठमाडौं उपत्यकाको पर्यावरणीय प्रवर्द्धनका लागि शिवपुरीमा निर्मित धाप बाँधमा पानी सञ्चय शुरू गरिने। बागमतीको सहायक नदी नागमतीमा उच्च बाँध निर्माण गरेर वर्षाको पानी सङ्कलन गर्ने जलस्रोत संरक्षण आयोजना शुरू गरिने। | • धाप ड्यामको निर्माण सम्पन्न भई संकलित पानीको परिक्षण प्रवाह समेत सम्पन्न भई-सकेको।<br>• बागमतीको सहायक नदी नागमतीमा उच्च बाँध निर्माण कार्यको EIA प्रतिवेदन स्वीकृत हुने चरणमा रहेको। |
| २७३ | महाकाली, कर्णाली, नारायणी तथा कोशी जस्ता ठूला कन्काई, कमल, रतुवा-मावा, सुनसरी, त्रियुगा, खाँडो, कमला, रातो, कयर, बबई, मोहना, खटिया जस्ता मध्यम तथा अन्य जोखिमयुक्त नदी र पहाडी भागमा प्रभावकारी रूपमा पहिरो नियन्त्रण तथा व्यवस्थापनको लागि नदी नियन्त्रण, थेग्रान व्यवस्थापन, बहाव क्षेत्रको संरक्षणका कार्यहरू सञ्चालन गरिने। यस्ता कार्यहरूमा बायोईन्जिनियरिङ्ग सहितका नवप्रवर्तनशील प्रविधि प्रयोग गरी प्रदेश सरकार र स्थानीय तहसँगको समन्यमा नदी नियन्त्रण तथा संरक्षणबाट उकास भएको जमिनलाई वृक्षारोपण, बगर खेती तथा अन्य उत्पादनमूलक कार्यमा उपयोग गरिने। | • विनियोजित बजेटको परिधिभित्र रही निरन्तर भइरहेको। |
| २७४ | द्विपक्षीय संयन्त्रहरूलाई प्रभावकारी बनाई सीमा क्षेत्रमा हुने कटान र डुबानसम्बन्धी समस्यालाई समाधान गर्दै लगिने। कर्णाली देखि कोशीसम्मका प्रमुख नदीहरूलाई एक आपसमा जोडीने | • पूर्व-पश्चिम सिँचाइ प्रणालीको सम्भाव्यताको लागि विभिन्न समितिमा छलफल भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | बहुउद्देशीय पूर्व पश्चिम सिँचाइ प्रणालीको सम्भाव्यता अध्ययन गरिने। | |
| २७५ | जल तथा मौसम पूर्वानुमान र पूर्व-सूचना प्रणालीलाई थप विश्वासनीय र भरपर्दो बनाउन स्वचालित रियल टाईम केन्द्रहरू विस्तार गरिने। मौसमी प्रणालीको अनुगमनलाई सुधार गर्न पाल्पा र उदयपुरमा मौसमी राडार केन्द्रहरूको निर्माण कार्य सम्पन्न गरिने। मौसमजन्य जोखिम न्यूनीकरणका लागि क्षेत्रगत मौसम पूर्वसूचाना प्रणाली विस्तार र विकास गर्ने लक्ष्य अनुरूप उड्डयन मौसम तथा पर्वतीय मौसम सेवा विकास कार्यक्रम सञ्चालन गरिने। | • उदयपुर र पाल्पा जिल्लामा यसै आर्थिक वर्षको अन्त्यसम्ममा सञ्चालन हुने गरि मौसमी राडार केन्द्रको निर्माण भइरहेको। |
| ३४३ | हाल निजी क्षेत्रबाट सञ्चालित जलविद्युत आयोजना लगायतका पूर्वाधारहरू र दूरसञ्चारसम्बन्धी सेवा प्रवाह गर्ने कम्पनीहरूको निजी क्षेत्रबाट सञ्चालन हुने अवधि समाप्त भई नेपाल सरकारमा हस्तान्तरण हुँदा तिनको व्यवस्थापन एवम् सञ्चालनको विधि तयार गर्नुका साथै संस्थागत क्षमता विकास गरिने। | • विद्युत उत्पादन अनुमति पत्र समाप्त हुन लागेका निजीक्षेत्रबाट सञ्चालित जलविद्युत आयोजनाको व्यवस्थापनका लागि कानुनी व्यवस्था गर्ने खरिद प्रक्रियाका लागि Terms of Reference (ToR) तथा Cost Estimate तयारी भइरहेको। |

**४. आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरू:**

| क्र.स. | नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संसोधन |
|---|---|---|
| १ | सिँचाइ नीति, २०७९ | नयाँ तर्जुमा |
| २ | जल उत्पन्न प्रकोप नियन्त्रण, २०७९ | नयाँ तर्जुमा |

**५. आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:**

**ऊर्जा तर्फ**

- विद्युत उत्पादन २ हजार ६०५ मेगावाट पुगेको। विद्युत चुहावटलाई १२.४७ प्रतिशतमा सिमित गरिएको। विद्युतमा पहुँच जनसङ्ख्या ९४ प्रतिशत पुगेको।
- राष्ट्रिय प्रसारण लाइन (६६ के.भी. र सो भन्दा माथि) ५ हजार २३८ कि.मी. र वितरण लाइन (मध्ये ३३ के.भी. स्तरको) ६ हजार २१८ कि.मी. निर्माण सम्पन्न भएको।
- घरेलु सौर्य ऊर्जा प्रणाली जडान ९८८.३८० हजार, सौर्य विद्युत उत्पादन क्षमता ४४ मेगावाट, संस्थागत, सामुदायिक र व्यवसायिक वायोग्याँस प्लान्ट निर्माण ३६०, सुधारिएको फलामे चुलो १४२.४६०हजार, घरायसी वायोग्याँस प्लान्ट निर्माण ४४२.६२ हजार तथा सुधारिएको पानी घट्ट ११ हजार २७९ निर्माण भएको।
- आन्तरिक बजारमा खपतबाट बचत भएको बिजुली भारतीय बजारमा १४ करोड ७८ लाख ६४ हजार (किलोवाट घण्टा) विद्युत युनिट भारतमा निर्यात गरी करिब रू. ८ अर्ब भन्दा बढीको विद्युत व्यापार गरिएको।

- निजी क्षेत्रका जलविद्युत कम्पनीहरूबाट थप ९८८.७२ मेगावाट जडित क्षमता बराबरको जम्मा १७ वटा जलविद्युत आयोजनाहरूको विद्युत उत्पादनको अनुमतिपत्र जारी भई हालसम्म २३५ आयोजनाको ८ हजार ६६७ मेगावाट जडित क्षमता बराबरको विद्युत उत्पादनको अनुमतिपत्र जारी भएको।
- कुल जनसङ्ख्याको करिब ७.५ प्रतिशत जनसङ्ख्यामा नवीकरणीय ऊर्जा स्रोतबाट विद्युतको पहुँच पुगेको। ३६ प्रतिशत जनसङ्ख्याले विभिन्न प्रयोजनमा स्वच्छ नवीकरणीय ऊर्जाको प्रयोग गरेको। फागुनसम्म ३८२.५ किलोवाट उत्पादन भएको। ३ हजार ६१ वटा प्लान्ट जडान भएको। ३ हजार ५८५ वटा सौर्य घरेलु विद्युत प्रणाली जडान भएको।

**जलस्रोत र सिँचाइतर्फ**

- भेरी बबई डाइभर्सन आयोजनाको हेडवर्क्सको सिभिल निर्माण कार्य ४७ प्रतिशत, पावरहाउसको सिभिल निर्माण कार्यको १३ प्रतिशत, हाइड्रोमेकानिकलसम्बन्धी कार्य २३ प्रतिशत र इलेक्ट्रोमेकानिकलसम्बन्धी कार्य ८ प्रतिशत सम्पन्न भएको। भेरी कोरिडोर सिँचाइ विकास आयोजना अन्तर्गतका लिफ्ट सिँचाइ योजनाहरू निर्माण कार्य ४८ प्रतिशत सम्पन्न भएको।
- रानी जमरा कुलरिया सिँचाइ आयोजनाको ६६ शाखा/उपशाखा/ प्रशाखा नहरमा संरचना र पथरैया नदीमा संरचना निर्माण १३ प्रतिशत सम्पन्न भएको ।
- कृषि सडक स्तारोन्नतिसम्बन्धी कृषि ग्रामीण सडक ५९ कि.मी. सम्पन्न भएको ।
- महाकाली सिँचाइ आयोजनाको मूल नहर (संरचनासहित) २७ कि.मी. समेत संरचना निर्माण कार्य ६१ प्रतिशत सम्पन्न भएको। नदी नियन्त्रण कार्य १ कि. मी. र बायाँ मूल नहर निर्माण कार्य ३७ कि. मी. सम्पन्न भएको|
- सुनकोशी मरिन बहुउद्देशीय आयोजनाको लागि ५० हेक्टर जमिन मध्ये ३० हेक्टर जमिन अधिग्रहण भएको र १७ हेक्टर जमिनको अधिग्रहण कार्य सम्पन्न भई मुआब्जा वितरण भइरहेको र बाँकी ३ हेक्टर जमिनको गरी लगत कट्टा तथा मुआब्जा वितरण भइरहेको। सुरूङ निर्माण कार्य ५ कि. मी. र लिफ्ट सिँचाइ निर्माण कार्य ५ प्रतिशत सम्पन्न भएको।
- बबई सिँचाइ आयोजना अन्तर्गत मूल नहर निर्माण तथा रिमोडलिङ्ग कार्य १०० मी. सम्पन्न भई हालसम्ममा ८०.६८ कि.मि. सम्पन्न भएको।
- एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम अन्तर्गत गुरूयोजना तयारीसम्बन्धी २ नदी बेसिनहरूमा २० प्रतिशत कार्य सम्पन्न भएको। २ सय हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा विस्तार कार्य २० प्रतिशत सम्पन्न भएको।
- सुनसरी-मोरङ्ग सिँचाइ आयोजनाको सिञ्चित क्षेत्र विकास कार्य कार्य ७५ प्रतिशत तथा खोलामा हेडवर्क्स् तथा संरचना निर्माण कार्य (तटवन्ध निर्माण समेत) ६० प्रतिशत सम्पन्न भएको।
- बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण कार्यक्रम अन्तर्गत मुल तथा शाखा नहरहरूको संरचना निर्माण कार्यहरूको ५ वटा NCB Package ठेक्का सम्झौता भई निर्माण कार्य ३५ प्रतिशत सम्पन्न भएको। नहर लाइनिङ्ग, १ वटा बक्स कल्भर्ट तथा २ वटा VRB निर्माण कार्य सम्पन्न भएको।
- नदी नियन्त्रणको लागि विभिन्न नदीहरूमा तटबन्ध तथा रिभेटमेन्ट निर्माण कार्य २४% सम्पन्न भएको।
- जल तथा मौसम बिज्ञान अन्तर्गत १४६ वटा स्वचालित जलमापन केन्द्र जडान कार्य सम्पन्न भएको। २७३ वटा स्वचालित जलमापन केन्द्र जडान सम्पन्न हुने क्रममा रहेको।

६. **आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः**

**ऊर्जा तर्फ**

- संस्थागत, सामुदायिक तथा व्यावसायिक र फोहोर बाट ऊर्जा उत्पादन गर्ने वायोग्याँस गरी कुल ४० वटा वायोग्याँस प्लाण्ट, ४ वटा सुधारिएको पानी घट्ट र ७ वटा सौर्य ड्रायर निर्माण भएको। आर्थिक वर्ष २०७८/७९ सम्ममा ९७७.६६१ हजार घरेलु सौर्य ऊर्जा प्रणाली जडान भई ४२.५५४ मेगावाट सौर्य विद्युत उत्पादन क्षमता पुगेको, ३४९ वटा संस्थागत सामुदायिक र व्यवसायिक वायोग्याँस प्लान्ट, ४३६ हजार घरायसी वायोग्याँस प्लान्ट, १३६.६७६ हजार सुधारिएको फलामे चुलो र ११ हजार १९३ सुधारिएको पानी घट्ट निर्माण भएको।
- आन्तरिक बजारमा खपतबाट बचत भएको बिजुली भारतीय बजारमा ४२ करोड १९ लाख ५२ हजार ३ सय दुई (किलोवाट घण्टा) विद्युत युनिट भारतमा निर्यात गरी रू. ३ अर्ब ३८ करोड ७२ लाख ८० हजार १ सय ५८ बराबरको विद्युत व्यापार गरिएको।
- नवीकरणीय ऊर्जा तर्फ लघु तथा साना जलबिद्युत आयोजनाबाट ११६ कि.वा विद्युत उत्पादन हुनुका साथै सौर्य मिनीग्रिड जडान भई ५२१ कि.वा. विद्युत उत्पादन भएको, २८ हजार २०३ वटा घरेलु सौर्य विद्युत प्रणाली, ५ हजार ६४१ घरायसी वायोग्याँस प्लान्ट, २४ हजार १० वटा सुधारिएको चुलो/इन्डक्सन चुलो, ५२४ वटा कृषि सिँचाइ पम्प, ३३ वटा सौर्य खानेपानी पम्प, ५९८ वटा संस्थागत सौर्य विद्युत प्रणाली जडान गरिएको।
- कुल जनसङ्ख्याको करिब ३.८८% जनसङ्ख्यामा नवीकरणीय ऊर्जा स्रोतबाट विद्युतको पहुँच पुगेको। ३६ प्रतिशत जनसङ्ख्याले विभिन्न प्रयोजनमा स्वच्छ नवीकरणीय ऊर्जाको प्रयोग गरेको
- जीर्ण लघु तथा साना जलविद्युत आयोजनाहरूको सुदृढीकरण तथा प्राविधिक एवम् आर्थिक रूपले सम्पन्न हुन नसकेका ५ वटा जलविद्युत आयोजनाहरूलाई थप अनुदान उपलब्ध गराइएको।
- ऊर्जाको उत्पादनमूलक परिप्रयोग प्रवर्द्धन गर्न नवीकरणीय ऊर्जाको प्रयोगबाट सञ्चालित ८१ वटा साना तथा मझौला उद्योगहरू स्थापनामा सहयोग गरिएको।
- हरित जलवायु कोष (GCF) सँग कार्य गर्न प्रत्यक्ष पहुँच निकाय (DAE) को रूपमा मान्यता प्राप्त गरेको, विभिन्न परियोजनाहरूको प्रस्ताव पेश गरिएको।
- नवीकरणीय ऊर्जासम्बन्धी आयोजनाहरूलाई कार्वन व्यापारसँग आवद्ध गरी कार्वन बिक्रीको प्रक्रिया अगाडि बढाइएको।

**जलश्रोत तथा सिँचाइतर्फ**

- महाकाली सिँचाइ आयोजना तेस्रो चरणमा मूल नहर ७० प्रतिशत निर्माण सम्पन्न भएको।
- सुनकोशी मारिन डाइभर्सन बहुउद्देशीय आयोजनामा रामेछाप जिल्लाको डूबान क्षेत्रमा पर्ने जग्गाको मुआब्जा वितरण कार्य शुरू भएको। शुरूङ्ग निर्माण कार्य २० मिटर सम्पन्न भएको।
- सिक्टा सिँचाइ आयोजनामा सिधनिया र पिडारी शाखा नहर विस्तार गरी थप ७०० हेक्टरमा सिँचाइ सुविधा पुगेको। यसबाट २०७९ असार सम्ममा करिब २०० हेक्टरमा थप सिँचाइ सुविधा पुगेको हुने। पूर्वीखण्डको मूलनहर र शाखा नहर निर्माण कार्य ८१.७ प्रतिशत कार्य सम्पन्न भई १ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको।
- भेरी बबई डाइभर्सन बहुउद्देशीय आयोजनाको नेपालमा नै पहिलो पटक टनेल बोरिङ्ग मेशिनको सफल प्रयोग गरी १२.२० कि. मि. टनेल निर्माण सम्पन्न भएको। भेरी-बवई डाइभर्सन बहुउद्देशीय आयोजनाको बाँध क्षेत्रको सिभिल निर्माण कार्य ३८ प्रतिशत सम्पन्न भएको।
- भेरी कोरिडोर सिँचाइ विकास आयोजनातर्फ विभिन्न ७५ वटा योजनाहरू तथा १३ वटा लिफ्ट सिँचाइ योजनाहरू सञ्चालनमा आएको। ४६ वटा सतह सिँचाइ योजनाहरू पुनःस्थापना गर्न जग खन्ने, बेडमा ढुङ्गा सोलिङ्ग गर्ने तथा नहर लाईनिङ्ग लगायतका कार्यहरू भएको।
- बबई सिँचाइ आयोजना करिब ८ कि.मी. मध्ये ६.८ कि.मी. मूल नहर निर्माण सम्पन्न भएको।
- रानी जमरा कुलारीया सिँचाइ आयोजनाको मूल नहरको सम्पूर्ण कार्य सम्पन्न भएको।

## ७. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०००११३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | १५४४१८ | १००९९२ | ६५.४० |
| ३०८००१०१३ | बुढी गण्डकी जलविद्युत आयोजना | ३२४०० | १६६१९ | ५१.२९ |
| ३०८००१०२३ | विद्युत विकास दशकसम्बन्धी कार्ययोजना | ७८०० | ४६९५ | ६०.२० |
| ३०८००१०३३ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | ९१०७०० | ७६३७६३ | ८३.८७ |
| ३०८००१०४३ | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम | ६९७४०० | ४५८३६१ | ८५.९२ |
| ३०८०१०११३ | विद्युत विकास विभाग | ८२१०० | ६७१०३ | ८१.७३ |
| ३०८०११०१३ | विद्युत विकासमा निजी क्षेत्रको प्रवर्द्धन | १४०० | १३९६ | ९९.७२ |
| ३०८०११०२३ | सप्तकोशी बहुउद्देशीय आयोजना | १२८०० | ११८४९ | ९२.५७ |
| ३०८०११०३३ | पञ्चेश्वर बहुउद्देशीय आयोजना | ५२०० | ४११६ | ७९.१५ |
| ३०८०११०६३ | बुढीगङ्गा जलविद्युत आयोजना | २४७०० | २०७६५ | ८४.०७ |
| ३०८०२०११३ | जल तथा मौसम विज्ञान विभाग | १०५५४१ | ८०१८६ | ७५.९८ |
| ३०८०२१०१३ | जल तथा मौसम विज्ञान कार्यक्रम | १३९७०० | १०५७४७ | ७५.७० |
| ३०८०२१०२३ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | ४१९६ | २९२७ | ६९.७६ |
| ३०८०३०११३ | जलस्रोत तथा सिँचाइ विभाग | १०४६२० | ७७१३३ | ७३.७३ |
| ३०८०३१०१३ | सिँचाइ संस्थागत विकास कार्यक्रम | २३३३१ | १९७२८ | ८४.५६ |
| ३०८०३१०२३ | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना (सिँचाइ) | १३३५२ | ९४८४ | ७१.०३ |
| ३०८०३१०३३ | सिँचाइ सम्भाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम | ३३०० | २२७६ | ६८.९८ |
| ३०८०३१०४३ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | २६५०५ | २१६१७ | ८१.५६ |
| ३०८०३१०५३ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना | २१३८२ | १५३८३ | ७१.९४ |
| ३०८०३१०६३ | नदी नियन्त्रण | १९६८५३ | १६८९४२ | ८५.८२ |
| ३०८०३१०७३ | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | ४६७० | ३६२७ | ७७.६६ |
| ३०८०३१०९३ | मर्मत सम्भार आयोजनाहरू | १२१३५७ | ९५६२७ | ७८.८० |
| ३०८०३११०३ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण | ७८०० | ५३६४ | ६८.७७ |
| ३०८०३१११३ | बागमती सिँचाइ आयोजना | २६८०६ | २२०४० | ८२.२२ |
| ३०८०३११२३ | बबई सिँचाइ आयोजना | २९९३५ | २८५११ | ९५.२४ |
| ३०८०३११३३ | महाकाली सिँचाइ आयोजना (कन्चनपुर) | २५७९० | २३९१८ | ९२.७४ |
| ३०८०३११४३ | सुनसरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | ४२२०२ | ३६११६ | ८५.५८ |
| ३०८०३११५३ | प्रगन्ना तथा बड्कापथ  सिँचाइ आयोजना, दाङ | १२१८४ | १०९३३ | ८९.७३ |
| ३०८०३११६३ | सिक्टा सिँचाइ आयोजना | ३४५०० | २८४९६ | ८२.६० |
| ३०८०३११७३ | पालुङटार- कुण्डुटार सिँचाइ आयोजना | १०१७२ | ७८७३ | ७७.४० |
| ३०८०३११९३ | रानी जमरा  कुलरिया सिँचाइ आयोजना (प्रणाली आधुनिकीकरण समेत) | ४६००० | ३४९२६ | ७५.९३ |
| ३०८०३१२०३ | भेरी-ववई डाइभर्सन बहुउद्देशीय आयोजना | २७६६६ | २०९२६ | ७५.६४ |
| ३०८०३१२१३ | प्राथमिकता प्राप्त नदी बेशिन बाढी जोखिम व्यवस्थापन आयोजना | २४४७५ | १६८४० | ६८.८१ |
| ३०८०३१२२३ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | १०६०० | ९१२१ | ८६.०४ |
| ३०८०३१२३३ | समृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम | २६२७६ | २०९८८ | ७९.८७ |
| ३०८०३१२४३ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देशिय आयोजना | १९२६७ | १५६२६ | ८१.१० |
| ३०८०३१२५३ | बृहद् दाङ उपत्यका सिँचाइ आयोजना | १३६६८ | ११४१० | ८३.४८ |
| ३०८०३१२६३ | नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण कार्यक्रम | १३७९० | १२५१२ | ९०.७३ |
| ३०८०३१२७३ | एकीकृत ऊर्जा तथा सिँचाइ विषेश कार्यक्रम | २४५५३ | १९८८१ | ८०.९७ |
| ३०८०४१०१३ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | २८७५५ | २२४४० | ७८.०४ |
| ३०८२१०१२३ | जल तथा ऊर्जा आयोग | ३५५३७ | २९९४० | ८४.२५ |
| ३०८२१०१३३ | नदी बेसिन योजना तथा जलविद्युत विकास गुरूयोजना तर्जुमा आयोजना | २२२६ | १८५५ | ८३.३३ |
| ३०८८१०११३ | भूमिगत जलस्रोत विकास समिति | ५४९७१ | ४७२१३ | ८५.८९ |
| | **जम्मा** | **४२१०८९९** | **३४७९२६५** | **८२.६३** |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०००११४ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ८१०० | २५१८ | ३१.०८ |
| ३०८००१०१४ | बुढी गण्डकी जलविद्युत आयोजना | ६१३५६०० | ६०१७३०८ | ९८.०७ |
| ३०८००१०२४ | विद्युत विकास दशकसम्बन्धी कार्ययोजना | ५५०० | २५५९ | ४६.५३ |
| ३०८००१०३४ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | १४४२०० | १०००८८ | ६९.४१ |
| ३०८०१०११४ | विद्युत विकास विभाग | २८९५० | १९३८४ | ६६.९६ |
| ३०८०११०२४ | ससकोशी बहुउद्देशीय आयोजना | ३१४०० | १३९९५ | ४४.५७ |
| ३०८०११०३४ | पञ्चेश्वर बहुउद्देशीय आयोजना | ३२०० | ० | ०.०० |
| ३०८०११०४४ | जलविद्युत आयोजना अध्ययन | ७१०३२१ | ४९५१८७ | ६९.७१ |
| ३०८०११०६४ | बुढीगङ्गा जलविद्युत आयोजना | १५३५१०० | ६२३९५ | ४.०६ |
| ३०८०२०११४ | जल तथा मौसम विज्ञान विभाग | २६०१९० | २१४२९६ | ८२.३६ |
| ३०८०२१०१४ | जल तथा मौसम विज्ञान कार्यक्रम | १६९६८६ | १४०२५१ | ८२.६५ |
| ३०८०२१०२४ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | ९३२३० | ९०२६० | ९६.८१ |
| ३०८०३०११४ | जलस्रोत तथा सिँचाइ विभाग | ८०१७५ | ७९०९२ | ९८.६५ |
| ३०८०३१०१४ | सिँचाइ संस्थागत विकास कार्यक्रम | ७९४०० | ६७२२९ | ८४.६७ |
| ३०८०३१०२४ | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना (सिँचाइ ) | ७७०० | ६६६१ | ८६.५१ |
| ३०८०३१०३४ | सिँचाइ सम्भाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम | ६७८०० | ३०००९ | ४४.२६ |
| ३०८०३१०४४ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | २९२०० | २८१९० | ९६.५४ |
| ३०८०३१०५४ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना | ३०१७०० | १२८००४ | ४२.४३ |
| ३०८०३१०६४ | नदी नियन्त्रण | ६९१८५०० | ६३८८४७५ | ९२.३४ |
| ३०८०३१०७४ | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | ८९५०० | ८४४६९ | ९४.३८ |
| ३०८०३१०८४ | भारतीय अनुदान सहयोगमा सञ्चालित नदी नियन्त्रण आयोजना | ६६३२०० | २६३२० | ३.९७ |
| ३०८०३१०९४ | मर्मत सम्भार आयोजनाहरू | ४९९२०० | ४६८३८२ | ९३.८३ |
| ३०८०३११०४ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण | ५७६४०० | ५७०२४३ | ९८.९३ |
| ३०८०३१११४ | बागमती सिँचाइ आयोजना | ७४९३९९ | ६७९८२३ | ९०.७२ |
| ३०८०३११२४ | बबई सिँचाइ आयोजना | १२२५७९६ | १२०७९४१ | ९८.५४ |
| ३०८०३११३४ | महाकाली सिँचाइ आयोजना (कन्चनपुर) | ९४६४२५ | ८९०१३६ | ९४.०५ |
| ३०८०३११४४ | सुनसरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | १६११६०० | १५९६६२८ | ९९.०७ |
| ३०८०३११५४ | प्रगन्ना तथा बड्कापथ  सिँचाइ आयोजना, दाङ | २२४३०० | २०२३३१ | ९०.२१ |
| ३०८०३११६४ | सिक्टा सिँचाइ आयोजना | ११५९२०० | ८९९३७५ | ७७.५९ |
| ३०८०३११७४ | पालुङटार- कुण्डुटार सिँचाइ आयोजना | ३१७०० | २३३२७ | ७३.५९ |
| ३०८०३११८४ | टार - बजार संरक्षण कार्यक्रम | ४६२६०० | ३४८९२६ | ७५.४३ |
| ३०८०३११९४ | रानी जमरा  कुलरिया सिँचाइ आयोजना (प्रणाली आधुनिकीकरण समेत) | २५८४५५१ | १७८३६७६ | ६९.०१ |
| ३०८०३१२०४ | भेरी-ववई डाइभर्सन बहुउद्देशीय आयोजना | १८३४१५० | १३२०७२६ | ७२.०१ |
| ३०८०३१२१४ | प्राथामिकता प्राप्त नदी बेशिन बाढी जोखिम व्यवस्थापन आयोजना | ११८४४४४ | ७७५१३ | ६.५४ |
| ३०८०३१२२४ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | १८२०० | १२८१८ | ७०.४३ |
| ३०८०३१२३४ | समृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम | २३२९८५० | २००४८४६ | ८६.०५ |
| ३०८०३१२४४ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देशिय आयोजना | २२१५३०० | २०१७३८८ | ९१.०७ |
| ३०८०३१२५४ | बृहद् दाङ उपत्यका सिँचाइ आयोजना | ८९८२२९ | ८९७४४४ | ९९.९१ |
| ३०८०३१२६४ | नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण कार्यक्रम | १४३१७०० | ११०२७५० | ७७.०२ |
| ३०८०३१२७४ | एकीकृत ऊर्जा तथा सिँचाइ विषेश कार्यक्रम | ६३१३०० | ४२१८२८ | ६६.८२ |
| ३०८०३१४८४ | पुर्वी राप्ती लोथर- सौराहा नदी नियन्त्रण आयोजना | १०००० | ९९६८ | ९९.६८ |
| ३०८०३१५४४ | जलस्रोत संरक्षण आयोजना | २००० | ० | ०.०० |
| ३०८०४१०१४ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | १०८५०४ | १०१२६३ | ९३.३३ |
| ३०८२१०१२४ | जल तथा ऊर्जा आयोग | ३१४०० | २७२४२ | ८६.७६ |
| ३०८२१०१३४ | नदी बेसिन योजना तथा जलविद्युत विकास गुरूयोजना तर्जुमा आयोजना | ७१३०० | ६४६९९ | ९०.७४ |
| ३०८८१०११४ | भूमिगत जलस्रोत विकास समिति | ३७७०० | २२७३८ | ६०.३१ |
| | जम्मा | ३८२३७९०० | ३०७४८७०१ | ८०.४१ |

## ८. आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेट तथा २०७९ चैत मसान्तसम्मको खर्चको विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०००११३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | १६४१८३ | ८८६८९ | ५४.०२ |
| ३०८००१०१३ | बुढी गण्डकी जलविद्युत आयोजना | २५१४७ | १२६२० | ५०.१९ |
| ३०८००१०२३ | विद्युत विकास दशकसम्बन्धी कार्ययोजना | १०२०० | १८२३ | १७.८७ |
| ३०८००१०३३ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | ८३०३०० | ४०३६१३ | ४८.६१ |
| ३०८००१०४३ | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम | १९१३५०० | ३९२२२१ | २०.५० |
| ३०८०१०११३ | विद्युत विकास विभाग | १०७८०० | ५३५६९ | ४९.६९ |
| ३०८०११०१३ | विद्युत विकासमा निजी क्षेत्रको प्रवर्द्धन | १६०० | ८१५ | ५०.९२ |
| ३०८०११०२३ | सप्तकोशी बहुउद्देशीय आयोजना | १४७०० | ८४१३ | ५७.२३ |
| ३०८०११०३३ | पञ्चेश्वर बहुउद्देशीय आयोजना | ५८०० | ३५१९ | ६०.६७ |
| ३०८०११०६३ | बुढीगङ्गा जलविद्युत आयोजना | ३०८०० | १४५४८ | ४७.२३ |
| ३०८०११०८३ | नौमुरे बहुउद्देशीय आयोजना | १८५५३ | १९६८ | १०.६१ |
| ३०८०२०११३ | जल तथा मौसम विज्ञान विभाग | ११४१६८ | ६६६६० | ५८.३९ |
| ३०८०२१०१३ | जल तथा मौसम विज्ञान कार्यक्रम | १४५००० | ९२८३४ | ६४.०२ |
| ३०८०२१०२३ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | २९०० | १४३८ | ४९.६० |
| ३०८०३०११३ | जलस्रोत तथा सिँचाइ विभाग | १२६७२७ | ८२१५१ | ६४.८३ |
| ३०८०३१०१३ | सिँचाइ संस्थागत विकास कार्यक्रम | २५३६७ | १४१२४ | ५५.६८ |
| ३०८०३१०२३ | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना (सिँचाइ) | १२७७० | ७५१८ | ५८.८८ |
| ३०८०३१०३३ | सिँचाइ सम्भाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम | ३७०० | १६६४ | ४४.९७ |
| ३०८०३१०४३ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | २७२७१ | १७९४४ | ६५.८० |
| ३०८०३१०५३ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना | १९०४२ | १०६३३ | ५५.८४ |
| ३०८०३१०६३ | नदी नियन्त्रण | २०००२५ | १३८३७७ | ६९.१८ |
| ३०८०३१०७३ | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | ५०७५ | ३०४६ | ६०.०१ |
| ३०८०३१०९३ | मर्मत सम्भार आयोजनाहरू | १२८७७३ | ७९३७७ | ६१.६४ |
| ३०८०३११०३ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण | ६८०० | ३२३० | ४७.४९ |
| ३०८०३१११३ | बागमती सिँचाइ आयोजना | २९३१३ | २१०९७ | ७१.९७ |
| ३०८०३११२३ | बबई सिँचाइ आयोजना | २८४०० | २५३२४ | ८९.१७ |
| ३०८०३११३३ | महाकाली सिँचाइ आयोजना (कन्चनपुर) | २५८६३ | १९६६२ | ७६.०२ |
| ३०८०३११४३ | सुनसरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | ३७३५० | २५३२७ | ६७.८१ |
| ३०८०३११५३ | प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजना, दाङ | १२९०१ | ९५२९ | ७३.८६ |
| ३०८०३११६३ | सिक्टा सिँचाइ आयोजना | ३६३०० | २२०८० | ६०.८३ |
| ३०८०३११७३ | पालुङटार- कुण्डुटार सिँचाइ आयोजना | १०१२८ | ७२०७ | ७१.१६ |
| ३०८०३११९३ | रानी जमरा कुलरिया सिँचाइ आयोजना (प्रणाली आधुनिकीकरण समेत) | ४८१५० | २३०१६ | ४७.८० |
| ३०८०३१२०३ | भेरी - ववई डाइभर्सन बहुउद्देशीय आयोजना | २८५८० | १७६६४ | ६१.८१ |
| ३०८०३१२१३ | प्राथामिकता प्राप्त नदी बेशिन बाढी जोखिम व्यवस्थापन आयोजना | ३०७०० | १६३०९ | ५३.१२ |
| ३०८०३१२२३ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | ११४३२ | ७५६१ | ६६.१४ |
| ३०८०३१२३३ | समृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम | २८८०० | १७९२८ | ६२.२५ |
| ३०८०३१२४३ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देशिय आयोजना | २०९९० | १३९३० | ६६.३७ |
| ३०८०३१२५३ | बृहद् दाङ उपत्यका सिँचाइ आयोजना | १४२४८ | ९५४७ | ६७.०० |
| ३०८०३१२७३ | एकीकृत ऊर्जा तथा सिँचाइ विषेश कार्यक्रम | २५०११ | १५६१० | ६२.४१ |
| ३०८०३१३३३ | भूमिगत स्यालो तथा डिप ट्युववेल सिँचाइ आयोजना | ५५०० | ३६१० | ६५.६४ |
| ३०८०३१५४३ | जलस्रोत संरक्षण आयोजना | १५६३२ | २२२७ | १४.२५ |
| ३०८०३१५६३ | नविनतम यान्त्रिक सिँचाइ आयोजना | ५२११ | २४१३ | ४६.३० |
| ३०८०४१०१३ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | ३०२०० | २०५३८ | ६८.०१ |
| ३०८२१०१२३ | जल तथा ऊर्जा आयोग | ४१९०० | २४५१९ | ५८.५२ |
| ३०८२१०१३३ | नदी बेसिन योजना तथा जलविद्युत विकास गुरूयोजना तर्जुमा आयोजना | २२०० | १२१६ | ५५.२६ |
| ३०८८१०११३ | भूमिगत जलस्रोत विकास समिति | ५८९०० | ३६७७४ | ६२.४४ |
| | जम्मा | ४४८७९१० | १८४३८८१ | ४१.०९ |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०००११४ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ८४०० | ८१३ | ९.६८ |
| ३०८००१०१४ | बुढी गण्डकी जलविद्युत आयोजना | ४७१७६०० | १२४६८३५ | २६.४३ |
| ३०८००१०२४ | विद्युत विकास दशकसम्बन्धी कार्ययोजना | १४२०० | ५१९ | ३.६६ |
| ३०८००१०३४ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | १११५०० | १४९८३ | १३.४४ |
| ३०८०१०११४ | विद्युत विकास विभाग | २५००० | २५४८ | १०.१९ |
| ३०८०११०२४ | ससकोशी बहुउद्देशीय आयोजना | ४९७०० | १९७ | ०.४० |
| ३०८०११०३४ | पञ्चेश्वर बहुउद्देशीय आयोजना | ५००० | ० | ०.०० |
| ३०८०११०४४ | जलविद्युत आयोजना अध्ययन | ८०३२०० | १९२२२३ | २३.९३ |
| ३०८०११०६४ | बुढीगङ्गा जलविद्युत आयोजना | १५३७१०० | २५१५० | १.६४ |
| ३०८०११०८४ | नौमुरे बहुउद्देशीय आयोजना | १७१४०० | ९८९ | ०.५८ |
| ३०८०२०११४ | जल तथा मौसम विज्ञान विभाग | ४४१४०० | ९८२३२ | २२.२५ |
| ३०८०२१०१४ | जल तथा मौसम विज्ञान कार्यक्रम | १८२५०० | २५४१६ | १३.९३ |
| ३०८०२१०२४ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | ७६००० | ४९६ | ०.६५ |
| ३०८०३०११४ | जलस्रोत तथा सिँचाइ विभाग | २३०० | २६८ | ११.६५ |
| ३०८०३१०१४ | सिँचाइ संस्थागत विकास कार्यक्रम | १८६४०० | ३७८२२ | २०.२९ |
| ३०८०३१०२४ | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना (सिँचाइ) | २३७०० | २१८५ | ९.२२ |
| ३०८०३१०३४ | सिँचाइ सम्भाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम | ९४४२२ | १४२७४ | १५.१२ |
| ३०८०३१०४४ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | ३७५०० | ३०१८४ | ८०.४९ |
| ३०८०३१०५४ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना | ३१३७०० | ६९७६७ | २२.२४ |
| ३०८०३१०६४ | नदी नियन्त्रण | ४७७७३४९ | ३०९४५६८ | ६४.७८ |
| ३०८०३१०७४ | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | १००००० | ६५१५९ | ६५.१६ |
| ३०८०३१०८४ | भारतीय अनुदान सहयोगमा सञ्चालित नदी नियन्त्रण आयोजना | ३३७४०० | ४६४६७ | १३.७७ |
| ३०८०३१०९४ | मर्मत सम्भार आयोजनाहरू | ५१५५०० | १२४९७० | २४.२४ |
| ३०८०३११०४ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण | ६२८००० | २१७६२७ | ३४.६५ |
| ३०८०३१११४ | बागमती सिँचाइ आयोजना | ७९८६०० | ३३२३७७ | ४१.६२ |
| ३०८०३११२४ | बबई सिँचाइ आयोजना | १३२०००० | १०३१२४९ | ७८.१२ |
| ३०८०३११३४ | महाकाली सिँचाइ आयोजना (कन्चनपुर) | १२३५५०० | ७८८७०६ | ६३.८४ |
| ३०८०३११४४ | सुनसरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | ११६९४०० | ६२४४६१ | ५३.४० |
| ३०८०३११५४ | प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजना, दाङ | ३००००० | ६१७८७ | २०.६० |
| ३०८०३११६४ | सिक्टा सिँचाइ आयोजना | १७११००० | ४९८२०७ | २९.१२ |
| ३०८०३११७४ | पालुङटार- कुण्डुटार सिँचाइ आयोजना | ४३६०० | ११३५० | २६.०३ |
| ३०८०३११८४ | टार - बजार संरक्षण कार्यक्रम | ६४७८०० | ३६१२९५ | ५५.७७ |
| ३०८०३११९४ | रानी जमरा कुलरिया सिँचाइ आयोजना (प्रणाली आधुनिकीकरण समेत) | २८४८२०० | १०५३५३५ | ३६.९९ |
| ३०८०३१२०४ | भेरी - ववई डाइभर्सन बहुउद्देशीय आयोजना | २२४९४०० | ६३९९७१ | २८.४५ |
| ३०८०३१२१४ | प्राथमिकता प्राप्त नदी बेशिन बाढी जोखिम ब्यवस्थापन आयोजना | १६२७३०० | ४२२४५६ | २५.९६ |
| ३०८०३१२२४ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | ४२००० | २३६५ | ५.६३ |
| ३०८०३१२३४ | समृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम | २१४६४०० | ९००४५६ | ४१.९५ |
| ३०८०३१२४४ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देशिय आयोजना | ४३९५४०० | ३३२४२७९ | ७५.६३ |
| ३०८०३१२५४ | बृहद् दाङ उपत्यका सिँचाइ आयोजना | ४२२३०० | ३१३३०७ | ७४.१९ |
| ३०८०३१२७४ | एकीकृत ऊर्जा तथा सिँचाइ विषेश कार्यक्रम | ५७२८०० | १०३२७६ | १८.०३ |
| ३०८०३१३३४ | भूमिगत स्यालो तथा डिप ट्युववेल सिँचाइ आयोजना | २४१८०० | ६९३४४ | २८.६८ |
| ३०८०३१५४४ | जलस्रोत संरक्षण आयोजना | ५४४०० | ५२०३ | ९.५६ |
| ३०८०३१५६४ | नविनतम यान्त्रिक सिँचाइ आयोजना | १३४३३० | ८१८ | ०.६१ |
| ३०८०४१०१४ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | २४६६०० | ८४७७६ | ३४.३८ |
| ३०८२१०१२४ | जल तथा ऊर्जा आयोग | ९३३०० | १५४१४ | १६.५२ |
| ३०८२१०१३४ | नदी बेसिन योजना तथा जलविद्युत विकास गुरूयोजना तर्जुमा आयोजना | १७०००० | ६७८९३ | ३९.९४ |
| ३०८८१०११४ | भूमिगत जलस्रोत विकास समिति | ४९७०० | १०५१४ | २१.१५ |
| | जम्मा | ३७६७९१०१ | १६०३४७३३ | ४२.५६ |

# कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय कानुनी राज्यको अवधारणाअनुरूप नेपाल कानुनको तर्जुमा, मौजुदा कानुनहरूमा समसामयिक संशोधन लगायत न्याय प्रशासनसँग सम्बन्धित कार्यहरू सम्पादन गर्ने नेपाल सरकारको केन्द्रीय निकाय हो। कानुन कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्न, मानव अधिकार, लोकतान्त्रिक शासन व्यवस्था, समन्यायको आधारमा समानता, कानुनको सर्वोच्चता, स्वतन्त्र न्यायपालिकाका मूलभूत मान्यताहरूलाई आत्मसाथ गर्दै उचित, स्वच्छ तथा उपयुक्त कानुन मार्फत कानुनी शासनको प्रतिफल जनतामा पुऱ्याउन, दण्डहीनताको अन्त्य गर्न, अपराध नियन्त्रण तथा शान्ति कायम गर्न र न्याय प्रशासनको सुदृढीकरण र आधुनिकीकरण गर्न मन्त्रालय कार्यरत रहेको छ।

### १.२ दीर्घकालीन सोचः

कानुनको प्रभावकारी कार्यान्वयनबाट कानुनको शासनको प्रतिफल जनतासमक्ष पुऱ्याउने, कानुनी सहायताको प्रभावकारिता अभिवृद्धि गर्ने तथा संविधान प्रदत्त मौलिक हक र विश्वव्यापी रूपमा अवलम्वन गरिएका मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने।

### १.३ उद्देश्यः

- ऐन, अध्यादेश, नियम र गठन आदेशको मस्यौदा तर्जुमा गर्ने तथा परामर्श दिने, मस्यौदा जाँच गर्ने,
- नेपाल सरकारको लागि आवश्यक पर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी विवादको सम्बन्धमा आवश्यक राय परामर्श दिने,
- कानुनको एकीकरण तथा संहिताकरण गर्ने,
- नेपाल कानुन, अन्तर्राष्ट्रिय कानुन, न्याय प्रणाली र न्याय प्रशासनको अनुसन्धान, पुनरावलोकन, सुधार तथा न्याय प्रशासनसम्बन्धी काम गर्ने।

### १.४ रणनीतिः

- न्यायमा आम जनताको समान पहुँच अभिवृद्धि गरी कानुनको शासन सुदृढ गर्ने,
- कानुनको निर्माणमा सरोकारवालाहरूको सहभागिता सुनिश्चित हुने व्यवस्था गर्ने,
- सर्वसुलभ, छिटो छरिता न्याय सम्पादन गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने,
- मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनका लागि राज्यका निकायहरूलाई परिचालन गर्ने,
- मानव अधिकारको विषयलाई सबै क्षेत्रगत विषय, विकास नीति, योजना र कार्यक्रमहरूमा समावेश गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| १. | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | १०४ | ८७ | १७ |
| २. | न्याय सेवा तालिम केन्द्र | १९ | १९ | ० |
| ३. | नेपाल कानुन आयोग | ३३ | ३१ | २ |
| ४. | बेपत्ता पारिएको व्यक्तिको छानविन आयोग | ७० | ३६ | ३४ |
| ५. | सत्य निरूपण तथा मेलमिलाप आयोग र अन्तर्गत | ९१ | ४५ | ४६ |

३. **आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७९ चैत मसान्तसम्मको प्रगति विवरणः**

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३४४ | न्याय प्रशासनलाई छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रविधिमैत्री, विकासमैत्री प्रभावकारी र जनउत्तरदायी बनाउने उद्देश्य पूरा गर्न समग्र न्याय प्रणालीको सुदृढीकरण एवम् क्षमता विकास गरिने। | • १२ वटा विधेयकको अवधारणापत्रमा सैद्धान्तिक सहमति तथा ६ वटा विधेयकको मस्यौदामा तर्जुमा सहमति प्रदान गरिएको।<br>• २७ वटा कानुन मस्यौदा तर्जुमा तथा सहमति प्रदान गरिएको। |
| ३४५ | शान्ति प्रक्रियाका बाँकी कामहरू सम्पन्न गरिने। संक्रमणकालीन न्यायका अवयवहरू सत्य अन्वेषण, न्याय र परिपूरणका लागि बजेट विनियोजन गरिएको। लोकतन्त्र प्राप्तिका लागि विभिन्न राजनीतिक आन्दोलन र जनयुद्धमा सहभागी भई महत्त्वपूर्ण योगदान गर्ने योद्धाहरूलाई लोकतान्त्रिक सेनानीका रूपमा सम्मान गरिने। | • सङ्क्रमणकालीन न्याय सम्बन्धी कानुनको संशोधन विधेयकलाई अन्तिम रूप दिई प्रतिनिधि सभामा पेश गरिएको। |
| ३४९ | प्रदेश र स्थानीय तहका जननिर्वाचित प्रतिनिधिहरूको क्षमता अभिवृद्धिका लागि कानुन निर्माण लगायत विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने। | • गाँउसभा तथा नगरसभामा कानुन तर्जुमा सम्बन्धी २ वटा अभिमुखीकरण तालिम सञ्चालन गरिएको। |

४. **आर्थिक वर्ष २०७८/७९ मा र २०७९/८० को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरूः**

| क्र.सं | नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन |
|---|---|---|
| १. | खानेपानी तथा सरसफाई ऐन, २०७९ | नयाँ तर्जुमा |
| २. | तथ्याङ्क ऐन, २०७९ | संशोधन |
| ३. | स्टाण्डर्ड नाप र तौल ( पाँचौ संशोधन ) ऐन, २०७९ | संशोधन |
| ४. | प्रत्यायन ऐन, २०७९ | नयाँ तर्जुमा |
| ५. | शपथ सम्बन्धी ऐन, २०७९ | नयाँ तर्जुमा |
| ६. | योगमाया आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ | नयाँ तर्जुमा |
| ७. | सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ | संशोधन |
| ८. | बिमा ऐन, २०७९ | संशोधन |
| ९. | पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ | नयाँ तर्जुमा |
| १०. | मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय ऐन,२०७९ | नयाँ तर्जुमा |
| ११. | नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन ) ऐन, २०७९ | संशोधन |
| १२. | जेष्ठ नागरिक सम्बन्धी (पहिलो संशोधन ) ऐन, २०७९ | संशोधन |
| १३. | शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ | नयाँ तर्जुमा |
| १४. | कारागार ऐन,२०७९ | नयाँ तर्जुमा |
| १५. | आदिवासी जनजाति आयोग नियमावली, २०७९ | नयाँ तर्जुमा |
| १६. | लोक सेवा आयोग नियमावली, २०७९ | नयाँ तर्जुमा |
| १७. | फौजदारी कसूर (कैदकट्टा) (दोस्रो संशोधन) नियमावली, २०७९ | संशोधन |
| १८. | राष्ट्रिय चिकित्सा शिक्षा (दोस्रो संशोधन) नियमावली, २०७९ | संशोधन |
| १९. | हेजिङ्ग नियमावली, २०७९ | नयाँ तर्जुमा |
| २०. | सामाजिक सुरक्षा (दोस्रो संशोधन) नियमावली, २०७९ | संशोधन |

| क्र.सं | नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन |
|---|---|---|
| २१. | प्राइभेट फर्म रजिष्ट्रेशन (चौथो संशोधन) नियमावली, २०७९ | संशोधन |
| २२. | सैनिक सेवा (पाँचौ संशोधन) नियमावली, २०७९ | संशोधन |
| २३. | राष्ट्रिय सतर्कता प्रहरी (तेस्रो संशोधन) नियमावली, २०७९ | संशोधन |
| २४. | राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ | नयाँ तर्जुमा |
| २५. | अनुमतिपत्र बहाल नरहेका दुरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ | नयाँ तर्जुमा |
| २६. | कारागार (पन्धौं संशोधन) नियमावली, २०७९ | संशोधन |
| २७. | कर्जा सुरक्षण (तेस्रो संशोधन) नियमावली, २०७९ | संशोधन |
| २८. | पारस्पारिक कानूनी सहायता नियमावली, २०७९ | नयाँ तर्जुमा |
| २९. | न्यायाधीश नियुक्तिको प्रक्रिया सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७९ | संशोधन |
| ३०. | निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७९ | संशोधन |
| ३१. | बर्ड फ्लू नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुहरुको राहत दिने सम्बन्धी मापदण्ड, २०७९ | नयाँ तर्जुमा |
| ३२. | बर्ड फ्लू नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुहरुको राहत दिने सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ | संशोधन |

## ५. आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

### मानव अधिकार

- सञ्चार माध्यमबाट तथा शैक्षिक संस्थामा हरेक प्रकारका भेदभाव र छुवाछुत विरूद्ध जनचेतना मूलक कानुनी सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिएको।
- मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५ अन्तर्गत मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनमा योगदान गर्ने संस्थागत तर्फ १ संस्था र व्यक्तिगत तर्फ १ जनालाई पुरस्कार प्रदान गरिएको।
- स्थानीय तहको न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालनको लागि स्रोत पुस्तिका तयार गरिएको। न्याय सम्पादन दिग्दर्शन तयार भएको।
- न्यायमा पहुँच सुनिश्चित गर्न निःशुल्क कानुनी सहायता सम्बन्धी नीतिगत, कानुनी एवम् संस्थागत व्यवस्था गर्न एकीकृत कानुनी सहायता नीति २०७६ र नीतिको आधारमा प्रारम्भिक विधेयकको मस्यौदा तयार भएको।

### न्याय प्रणाली

- निःशुल्क कानुनी सहायतालाई पहुँचयोग्य र प्रभावकारी बनाउन ऐन, नियम, निर्देशिका, कार्यविधि निर्माण तथा कानुनी सुधार तथा संस्थागत सुदृढीकरण गर्न सङ्घ प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा कानुनी सहायताको कार्यक्रम कार्यान्वयन गर्न कार्यविधि तयार गरिएको।
- न्याय सेवाका कर्मचारी तथा स्थानीय न्यायिक समितिका पदाधिकारीको क्षमता अभिवृद्धिको लागि तालिम प्रदान गरिएको।
- स्थानीय न्यायिक समितिको न्याय सम्पादन सम्बन्धी नमूना विधेयक तथा दिग्दर्शन तयार गरिएको।
- नेपालको संविधान जारी भएपछि १८७ ऐन, ४४ अध्यादेश, २७९ नियमावली, ६४ वटा गठन आदेश जारी भएको।

### अन्य सम्पादित कार्यहरूः

- प्रचलित कानुनको अध्ययन गरी आवश्यकता बमोजिम ऐन, नियम संशोधन भइरहेको साथै, मानव अधिकार र मानवीय कानुनका सम्बन्धमा सचेतना अभिवृद्धि कार्यक्रमहरू निरन्तर सञ्चालनमा रहेको।
- नेपाल राजपत्रमा प्रकाशनको लागि १७८ वटा सूचना सम्पादन गरिएको।

- ५० वटा द्विपक्षीय, बहुपक्षीय सम्झौता, दातृ संस्थासँग सम्पन्न गरिने सम्झौताको मस्यौदामा राय र ११ वटा अनुदान सम्झौतामा कानुनी राय प्रदान गरिएको।
- विभिन्न निकायबाट माग भएबमोजिम ११ वटा कानुनी राय प्रदान गरिएको।
- अदालतमा दायर भएका ७२ रिट निवेदनमा मन्त्रालयको तर्फबाट लिखित जवाफ पेश गरिएको।
- गाँउसभा, नगरसभामा कानुन तर्जुमा सम्बन्धी अभिमुखीकरण तालिम अन्तर्गत सिद्धीचरण नगरपालिका र मानेभञ्ज्याङ गाउँपालिकामा गरि जम्मा दुई वटा कार्यक्रम सञ्चालन गरिएको।
- सञ्चार माध्यमबाट कानुनी सचेतना सम्बन्धी कार्यक्रम अन्तर्गत रेडियो नेपालबाट "कानुनका कुरा" नामक साप्ताहिक कार्यक्रम प्रसारणको व्यवस्था गरिएको।
- स्थानीय तहको शैक्षिक संस्थासँग अन्तरक्रिया तथा कानुनी सचेतना कार्यक्रम अन्तर्गत सिद्धीचरण नगरपालिका, रूम्जाटारमा सञ्चालन गरिएको कार्यक्रमबाट २०० जना सहभागी लाभान्वित भएका।
- मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५ अन्तर्गत मानव अधिकारको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिगत तर्फ र संस्थागत तर्फ मानव अधिकार पुरस्कार प्रदान गरिएको।

## ६. आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- प्रचलित कानुनको अध्ययन गरी आवश्यकता बमोजिम ऐन, नियम संशोधन भइरहेको साथै, मानव अधिकार र मानवीय कानुनका सम्बन्धमा सचेतना अभिवृद्धि कार्यक्रमहरू निरन्तर सञ्चालनमा रहेको।
- नेपाल राजपत्रमा प्रकाशनको लागि १७८ वटा सूचना सम्पादन गरिएको।
- ५० वटा द्विपक्षीय, बहुपक्षीय सम्झौता, दातृ संस्थासँग सम्पन्न गरिने सम्झौताको मस्यौदामा राय र ११ वटा अनुदान सम्झौतामा कानुनी राय प्रदान गरिएको।
- विभिन्न निकायबाट माग भएबमोजिम ११ वटा कानुनी राय प्रदान गरिएको।
- अदालतमा दायर भएका ७२ रिट निवेदनमा मन्त्रालयको तर्फबाट लिखित जवाफ पेश गरिएको।
- गाँउसभा, नगरसभामा कानुन तर्जुमा सम्बन्धी अभिमुखीकरण तालिम अन्तर्गत सिद्धीचरण नगरपालिका र मानेभञ्ज्याङ गाउँपालिकामा गरि जम्मा दुई वटा कार्यक्रम सञ्चालन गरिएको।
- सञ्चार माध्यमबाट कानुनी सचेतना सम्बन्धी कार्यक्रम अन्तर्गत रेडियो नेपालबाट "कानुनका कुरा" नामक साप्ताहिक कार्यक्रम प्रसारणको व्यवस्था गरिएको।
- स्थानीय तहको शैक्षिक संस्थासँग अन्तरक्रिया तथा कानुनी सचेतना कार्यक्रम अन्तर्गत सिद्धीचरण नगरपालिका, रूम्जाटारमा सञ्चालन गरिएको कार्यक्रमबाट २०० जना सहभागी लाभान्वित भएका।
- मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५ अन्तर्गत मानव अधिकारको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिगत तर्फ र संस्थागत तर्फ मानव अधिकार पुरस्कार प्रदान गरिएको।

७. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु तर्फ (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०००११३ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | ४१५०७२ | २६८८४१ | ६४.७७ |
| ३११०१०११३ | न्याय सेवा तालिम केन्द्र | २६९०० | १८५८६ | ६९.०९ |
| ३११२१०११३ | नेपाल कानुन आयोग | ३६७६६ | ३२७७९ | ८९.१६ |
| | जम्मा | ४७८७३८ | ३२०२०६ | ६६.८९ |

पुँजीगत तर्फ (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०००११४ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | १४४०० | ८९५३ | ६२.१८ |
| ३११०१०११४ | न्याय सेवा तालिम केन्द्र | १२०० | ४७५ | ३९.५८ |
| ३११२१०११४ | नेपाल कानुन आयोग | १००० | ८९७ | ८९.६७ |
| | जम्मा | १६६०० | १०३२५ | ६२.२० |

८. आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेट तथा २०७९ चैत मसान्तसम्मको खर्चको विवरणः

चालु तर्फ (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०००११३ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | ४६६२३८ | १४४३७१ | ३०.९७ |
| ३११०१०११३ | न्याय सेवा तालिम केन्द्र | ३०३७६ | १६९४१ | ५५.७७ |
| ३११२१०११३ | नेपाल कानुन आयोग | ३८४०० | २४७६९ | ६४.५० |
| | जम्मा | ५३५०१४ | १८६०८१ | ३४.७८ |

पुँजीगत तर्फ (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०००११४ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | १८५९७ | ७५६३ | ४०.६७ |
| ३११०१०११४ | न्याय सेवा तालिम केन्द्र | २००० | ५२९ | २६.४४ |
| ३११२१०११४ | नेपाल कानुन आयोग | २००० | ८६० | ४३.०२ |
| | जम्मा | २२५९७ | ८९५२ | ३९.६२ |

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

अधिक जनसङ्ख्या कृषिमा आश्रित रहेको नेपालमा कृषि क्षेत्रको विकास गरी अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान वृद्धि गर्नुका साथै मुलुकलाई कृषि उत्पादनमा आत्मनिर्भर तुल्याउन कृषि तथा पशुपन्छी मन्त्रालयको गठन गरिएको हो। नेपालको कृषि विकास सम्बन्धी कार्यक्रम सञ्चालनको थालनी संस्थागत रूपमा वि.सं. १९७८ मा चारखालमा स्थापित कृषि अड्डाबाट शुरू भएको हो। देशको आवश्यकता र सम्भाव्यता अनुरूप कृषि विकाससम्बन्धी नीति तर्जुमा एवम् कार्यान्वयन गर्ने मुल मर्म बोकेको यस मन्त्रालयको लक्ष्य व्यवसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च एवम् दिगो वृद्धि हाँसिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुऱ्याउनु रहेको छ। यस मन्त्रालयको कृषि तथा पशुपालनको क्षेत्रलाई व्यवसायिक एवम् आधुनिक तुल्याउँदै उत्पादनको विविधिकरण एवम् प्रतिस्पर्धी बनाउने उद्देश्य रहेको छ।

### १.२ दीर्घकालीन सोचः

निर्वाहमुखी कृषिप्रणालीलाई व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने।

### १.३ उद्देश्यः

- कृषि उत्पादन एवम् उत्पादकत्व बढाउने,
- व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धी बनाउने।
- प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवम् सदुपयोग गर्ने।

### १.४ रणनीतिः

- कृषि उत्पादनको गुणस्तर प्रवर्द्धन गरी व्यावसायिकरण, विविधिकरण र ग्रामीण पूर्वाधारको विकास र यान्त्रिकीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी आयआर्जन र रोजगारीका अवसर वृद्धिसँगै खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने,
- उन्नत र गुणस्तरीय बीउविजनको सुरक्षा, विषादीका असरलाई न्यूनीकरण, कृषि बाली, पशुपन्छी तथा मत्स्य बीमाको माध्यमबाट उत्पादन लागत कम गरी प्रतिस्पर्धात्मक क्षमता बढाउने,
- आर्थिक तथा जनस्वास्थ्यको दृष्टिकोणले महत्त्वपूर्ण पशुपन्छी रोगको रोकथाम, नियन्त्रण तथा उन्मूलन गरी स्वच्छ उत्पादनमा अभिवृद्धि गर्ने,
- कृषि उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन मापदण्ड निर्धारण गरी गुणस्तर अभिवृद्धि गर्दै कम आयतन तथा उच्चमूल्यका बालीवस्तु उत्पादन गर्न प्रोत्साहित गरी कृषि प्रशोधन उद्योग विकासमा जोड दिने।
- खाद्य, कृषि तथा मत्स्यजन्य वस्तुको गुणस्तर परीक्षण, प्रशोधन, अनुगमन र नियमनलाई स्थानीय पहुँच प्रभावकारी बनाउँदै बजारीकरणलाई प्रवर्द्धन गर्ने,
- कृषिजन्य जैविक विविधताको संरक्षण सम्वर्द्धन तथा सदुपयोग गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवम् विस्तार गर्ने,

- कृषि क्षेत्रको विकास, अनुसन्धान, प्रसार र गुणस्तर परीक्षणमा संलग्न निकायको सहकार्यमा प्राविधिक, कृषक/कृषिउद्यमी तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने,
- आधारभूत कृषिसूचना तथा तथ्याङ्क सङ्कलन एवम् विश्लेषण प्रणालीलाई समयानुकुल आधुनिकीकरण गर्दै तथ्यमा आधारित कार्यक्रम तर्जुमा, अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने,
- प्रत्येक प्रदेशको विभिन्न भू-परिस्थितिकीय क्षेत्रमा उन्नत प्रविधिको प्रभावकारी अनुसरणको लागि नमूना प्रविधि गाउँ, कृषक पाठशाला र बाह्य अनुसन्धानलाई थप सुदृढीकरण गर्ने।

## २. जनशक्ति विवरणः

| क.सं. | निकायको नाम | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय र पुल | १६१ | १६१ | २८ | ३२८ |
| २ | कृषि सूचना तथा प्रशिक्षण केन्द्र | ४४ | २५ | १९ | |
| ३ | वीउ विजनगुणस्तर नियन्त्रण केन्द्र | २२ | १६ | ६ | |
| ४ | प्लाण्टक्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र र अन्तर्गत | १३३ | ७३ | ६० | |
| ५ | कृषि विभाग र अन्तर्गत | ४४९ | २८६ | १६३ | |
| ६ | पशु सेवा विभाग र अन्तर्गत | ७३३ | ५७१ | १६२ | |
| ७ | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र अन्तर्गत | ३७० | २७१ | ९९ | |

## ३. आर्थिक वर्ष २०७९/८० को बजेट बक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमका बुँदाहरूको २०७९ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त ब्यहोरा | प्रगति |
|---|---|---|
| २७ | आगामी आर्थिक वर्ष आत्मनिर्भरताको लागि कृषि उत्पादनको राष्ट्रिय अभियान वर्ष हुने। यस अभियान अन्तर्गत आन्तरिक उत्पादन बढाउन आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम सञ्चालन गरिने। नेपालको ग्रामीण क्षेत्रलाई कृषि उत्पादनको केन्द्रको रूपमा विकास गरिने। किसानहरूलाई कृषि सहकार्य समूह र सहकारीमा सङ्गठित गरी उपलब्ध खेतीयोग्य जमिनका साथै बाँझो जमिनको उपयोग गरी कृषि उत्पादन बढाइने। कृषि क्षेत्रको उत्पादकत्व वृद्धिका लागि यस क्षेत्रको व्यावसायीकरण, यान्त्रिकीकरण र आधुनिकीकरण गरिने। यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि मार्गदर्शन गर्न सम्माननीय प्रधानमन्त्रीको संयोजकत्वमा विभागीय मन्त्रीहरू सहितको उच्चस्तरीय संयन्त्र निर्माण गरिने। | • समूह र सहकारीमा सङ्गठित किसानहरूलाई विभिन्न उत्पादन तथा प्रशोधनका कार्यक्रममा पुरक अनुदान कार्यक्रम सञ्चालन गरिएको। खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना अन्तर्गत ३०७ वटा सहकारी संस्थाहरूसँग सम्झौता भई कार्यक्रम कार्यान्वयनमा भएको।<br>• नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनाबाट दूध, मासु र पस्मिना मूल्य श्रृङ्खलामा उत्पादनमूलक कार्यक्रम सञ्चालनका लागि ५०४ उप-आयोजनाहरूलाई पूरक अनुदान वापत पहिलो र दोस्रो किस्ता भुक्तानी भएको।<br>• पोषण सुरक्षामा सुधारका लागि २४३ वटा साना अनुदान कार्यक्रम सञ्चालन भएको।<br>• सातवटा पालिकामा पशु सेवा केन्द्र निर्माणको लागि सम्झौता गरिएको। |
| २८ | कृषकहरूलाई सरल र सहज रूपमा बिउ, मल, प्रविधि र सिँचाइ सुविधा उपलब्ध गराउने, लघुवित्त मार्फत सहुलियतपूर्ण कर्जा प्रदान गर्ने, कृषि बीमा विस्तार गरी प्रभावकारी कार्यान्वयन गर्ने, कृषि उत्पादन | • बिज वृद्धि गर्ने कृषक समूहहरूलाई १४ मे.टन. मुल बीउ, ३६९ मे.टन उन्नत बीउ र ४२ हजार ७३० सङ्ख्यामा आलुको PBS Tuber वितरण गरिएको।<br>• ५६५ वटा साना सिँचाइ कार्यक्रम निर्माण |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त ब्यहोरा | प्रगति |
|---|---|---|
| | सङ्कलन केन्द्र निर्माण गर्ने, कृषि उत्पादन ढुवानीका लागि कृषि एम्बुलेन्सको व्यवस्था गर्ने, उत्पादित वस्तुको मूल्य निर्धारण गर्ने, कृषि उत्पादन बिक्री वितरणको लागि बजारको व्यवस्था गर्ने तथा स्थानीय तहले तोकेका विशिष्टिकृत कृषि तथा पशु उपजको न्यूनतम समर्थन मूल्य तोकी खरिद गर्ने प्रत्याभूति गरिने। | भएको। |
| २९ | प्राविधिक ज्ञान उपलब्ध गराउन प्रत्येक स्थानीय तहमा कृषि तथा पशु विज्ञानमा स्नातक गरेका एक एक जना जनशक्ति तथा सबै वडामा कृषि प्राविधिक उपलब्ध गराउने व्यवस्था मिलाइएको, कृषि उत्पादनदेखि बजारीकरणसम्मका प्रक्रियाहरूमा उत्प्रेरक, परिचालक र श्रम सहयोगीको रूपमा सहभागी हुने गरी प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार युवाहरू मध्येबाट प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत श्रम सहकारीमा आवद्ध गरी कम्तीमा ३ सय कृषि स्वयंसेवक तयार पारिने। | • स्थानीय तहमा कृषि तथा पशु विज्ञानमा स्नातक गरेका जनशक्ति परिचालन गर्न कृषि तर्फ ६२९ स्थानीय तह तथा पशु विज्ञानतर्फ ३४६ स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरण मार्फत बजेट तथा कार्यक्रम पठाइएको। |
| ३४ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको पुनर्संरचना गरी प्राविधिक र आर्थिक दृष्टिकोणबाट सम्भाव्य विभिन्न बाली तथा वस्तुका जोनहरूलाई प्रदेशमा हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको। कृषि ज्ञान केन्द्र र पशुसेवा विज्ञ केन्द्रलाई उत्पादन क्षेत्रमा सेवा प्रदान गर्ने गरी किसानसँग आवद्ध गर्ने नीति अवलम्बन गरिने। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको लागि बजेट विनियोजन गरिएको। | • ६८ वटा चक्लाबन्दीमा आधारित खेती कार्यक्रम, ७८ वटा कृषि यान्त्रीकरणको कार्यक्रम, २७ वटा पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण, प्याकेजिङ, लेवलिङ, बजारीकरण सहयोग कार्यक्रम सञ्चालन भएको।<br>• १०२ वटा प्राथमिक प्रशोधन, भण्डारण तथा उद्योग स्थापनामा सहयोग गरिएको।<br>• झापा, नुवाकोट र बाँकेमा कस्टम हायरिङ्ग सेन्टर स्थापनाको लागि सम्झौता भएको।<br>• ८७९ हेक्टरमा खाद्यान्न तथा दलहन वाली, २१९ हेक्टरमा तरकारी वाली, २२७ हेक्टरमा आलुवाली, ३९३ हेक्टरमा फलफूल वाली र ३५ हेक्टरमा माछा वालीको क्षेत्रफल विस्तार गरिएको।<br>• ३९४ वटा साना सिँचाइ निर्माणको काम सम्पन्न भएको।<br>• मुस्ताङ्गमा २ र अर्घाखाँचीमा ४ गरी जम्मा ६ वटा पशु नश्ल स्रोतकेन्द्र विकास गरिएको। |
| ३६ | ग्रीन हाइड्रोजन र ग्रीन एमोनिया प्रविधि प्रयोग गरी रासायनिक मल कारखाना स्थापना गर्न लगानी बोर्ड नेपाल मार्फत | • रू. ३० अर्बको मल खरिदको लागि टेन्डर भई १८० हजार मे.टन. रासायनिक मल बिक्री वितरण भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त ब्यहोरा | प्रगति |
|---|---|---|
| | कार्य अगाडि बढाइने। आगामी वर्ष प्रमुख बालीहरू लगाउने समयमा रासायनिक मलको सहज आपूर्ति सुनिश्चित गर्न मल खरिदका लागि विनियोजन गरिएको, तीनै तहका सरकारको समन्वयमा प्रत्येक स्थानीय तहमा प्राङ्गारिक मल उत्पादन तथा उपयोगलाई प्रोत्साहन गर्न आवश्यक रकम विनियोजन गरिएको। | • सरकारदेखि सरकारसम्म (G to G) माध्यमबाट भारत सरकारसँग थप ३० हजार मे.टन. रासायनिक मलको purchase order पठाइएको। |
| ३७ | धान, गहुँ, मकै र दूध लगायतका कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य तोकिने। उक्त मूल्यमा तोकिएका खाद्यान्न बाली खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड लगायतका संस्थाहरूले खरिद गर्ने व्यवस्था मिलाइने। समर्थन मूल्य र खरिद मूल्यबीच अन्तर हुन गएमा सोधभर्ना उपलब्ध गराउने व्यवस्था मिलाइएको। धान लगायतका खाद्यान्न भण्डारणका लागि मुलुकभर १०० सामुदायिक खाद्य गोदाम घर निर्माण गर्न बजेट विनियोजन गरिएको। | • मोटा धानको रू.२ हजार ९६७ र मध्यम धानको रू.३ हजार १२८ प्रति क्वीन्टल तय तथा गहुँको रू.३ तीनहजार ३५१ प्रति क्वीन्टल न्यूनम समर्थन मूल्य निर्धारण भएको।<br>• कृषि सहकारी मार्फत हालसम्म करिव १६ हजार ४ सय ४४ मे.टन धान र खाद्य तथा व्यापार कम्पनी लिमिटेड मार्फत १२ हजार मे.टन गरी जम्मा २८ हजार ४ सय ४४ मे.टन धान खरिद भएको। |
| ३८ | खाद्य सुरक्षाको लागि बिउ सुनिश्चितता अभियान अन्तर्गत कृषिमा आत्मनिर्भरताका लागि गुणस्तरीय बिउ बिजनमा क्रमशः आत्मनिर्भर बनाउँदै लगिने। उन्नत तथा वर्णशङ्कर बिउ विकास तथा अनुसन्धानमा राष्ट्रिय कृषि अनुसन्धान परिषद्, विश्वविद्यालयहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्था, निजी क्षेत्र तथा किसानहरूको समन्वय र सहकार्यलाई प्रभावकारी बनाइने। | • विभिन्न बालीको ३५६ मे.टन् श्रोत बीउ, ७९ हजार २०४ हजार प्रिबेसिक आलुको बीउ, फलफूल, अलैंची तथा कफीका ४ लाख ४९ हजार १८० बेर्ना/बिरूवा उत्पादन भएको।<br>• स्थानीय तहको लागत सहभागितामा बीउ श्रोत केन्द्र स्थापनाको लागि ६ वटा प्रस्ताव छनौट गरिएको।<br>• मकै बीउ स्रोत केन्द्र स्थापना/सुदृढीकरण कार्यक्रम सञ्चालन कार्यविधि तयार भएको। |
| ३९ | पशुपन्छी तथा मत्स्यपालनका लागि आवश्यक उन्नत नश्ल, माछाका भुरा, उन्नत घाँसका बिउ, बेर्ना, दाना, औषधी, खोप लगायतका सामग्रीहरू स्वदेशमै उत्पादन गर्न प्रोत्साहित गरिने। पशुपन्छीका महामारी रोग नियन्त्रणको लागि खोप कार्यक्रम सञ्चालन गरिने। पशु नश्ल सुधार मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्न पशु प्रजनन कार्यालयको संस्थागत क्षमता सुदृढीकरण गरी मुलुकका ५१० स्थानीय तहमा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराइने। कुखुरा लगायत पशुपन्छीको खोपको आयातमा सहजीकरण गरिने। | • राष्ट्रिय पशु प्रजनन् कार्यालय पोखरा, लाहान र नेपालगन्जबाट २०९.२२ हजार लिटर तरल नाइट्रोजन उत्पादन तथा वितरण भएको।<br>• पि.पि.आर, एच एस./ वि.क्यू लगायत पशुपन्छीका सङ्क्रामक रोगहरूविरूद्धको खोप ३५१ लाख डोज उत्पादन तथा वितरण भएको।<br>• व्यवसायिक खेतीका लागि २ करोड ३६ लाख माछा भुरा उत्पादन तथा वितरण भएको।<br>• ७१.३ लाख सङ्ख्यामा शुद्ध नश्लका माछाका भुरा उत्पादन तथा वितरण |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त ब्यहोरा | प्रगति |
|---|---|---|
| | | गरिएको।<br>• बहुवर्षिय तथा वर्षे घाँसको (भुई घाँस/ डाले घाँस) १२१ क्वीन्टल मल बीउ उत्पादन तथा वितरण भएको।<br>• पशुपन्छी रोग अन्वेषणको लागि ३८ हजार नमुना सङ्कलन तथा परीक्षण गरिएको। |
| ४० | पोखरा र नेपालगञ्जमा रहेको सिमेन उत्पादन केन्द्रमा थप प्रविधि जडान गरी उन्नत नश्लका साँढे र राँगा ल्याई सिमेन उत्पादन गरिनेछ। आगामी वर्ष २ लाख गाई र २ लाख भैंसीको उन्नत नश्लको सिमेनबाट कृत्रिम गर्भाधान सेवा उपलब्ध गराइने। | • राष्ट्रिय पशु प्रजनन कार्यालय लाहानमा वीर्य उत्पादन तथा प्रशोधन प्रयोगशाला निर्माण भएको।<br>• ७ लाख ४० हजार डोज जमेको वीर्य उत्पादन तथा वितरण भई ५ लाख ३७ हजार सङ्ख्यामा कृत्रिम गर्भाधान गराइएको। |
| ४१ | कृषि,खाद्य प्रविधि तथा पशुपन्छी रोग अन्वेषण प्रयोगशालाहरूलाई क्रमशः अन्तर्राष्ट्रिय प्रत्यायनयुक्त प्रयोगशालामा स्तरोन्नति गर्न न्यूनतम पूर्वाधार विकास र क्षमता अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गरिने।खाद्य पदार्थमा हुनसक्ने थप दुई वर्गका विषादीहरूको अवशेष परीक्षण शुरू गरिने।प्राङ्गारिक कृषि उत्पादनलाई प्रोत्साहन, प्रमाणीकरण र ब्राण्ड प्रवर्द्धन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा बजारीकरण गरिने। | • ४९ हजार ९२१ आयातित खाद्य वस्तुको नमुनामा विषादीको अवशेष Rapid Bioassay of Pesticide Residue (RBPR) विधिबाट परीक्षण भएको।<br>• हालसम्म २७ हजार ९२९ नमुनाको आयात निर्यात गुणस्तर प्रमाणिकरण भएको। |
| ४२ | जलवायु परिवर्तन, रोग/किराको प्रकोप एवम् प्राकृतिक विपद्हरूबाट कृषि, पशुपन्छीपालन तथा मत्स्य क्षेत्रमा रहेको जोखिम न्यूनीकरणका लागि पशुपन्छी बीमा लगायतका अनुकुलन व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। विक्रम सम्वत् २०७९ लाई कृषि जैविक विविधता वर्षको रूपमा मनाइने।कृषि बाली तथा पशु बीमाको प्रिमियममा ८० प्रतिशत अनुदान प्रदान गर्न बजेट विनियोजन गरिएको। | • पशुपन्छी बीमा प्रिमियम अनुदान वापत ३० करोड र बाली बीमा प्रिमियम अनुदान वापत ८ करोड २८ लाख रकम भुक्तानी भएको। |
| ४३ | नगदे बाली खेती गर्न किसानहरूलाई उत्प्रेरित गरिने। नेपाल सरकारले उखु किसानलाई उपलब्ध गराउने अनुदान रकम उखु क्रसिङ्ग भएकै वर्ष उपलब्ध गराइने। उखुको जातीय विकास गर्न उखु अनुसन्धान कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिने। चिनी उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाउन उखु बालीका अतिरिक्त | • उखु कृषकहरूलाई अनुदान दिने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम उखु कृषकहरूलाई ७३ करोड अनुदान वितरण गरिएको।<br>• उखुको न्युनतम खरिद मूल्य सरकारको प्रवर्द्धन खर्च प्रति क्विन्टल रू.७० सहित प्रति क्विन्टल रू.६१० तोकिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त ब्यहोरा | प्रगति |
|---|---|---|
| | सुगर बिट्स समेतको उत्पादन गर्ने कार्यक्रम सञ्चालन गरिने। उखु किसानलाई अनुदान उपलब्ध गराउन बजेट विनियोजन गरिएको। | |
| ४५ | कृषि तथा वन विश्वविद्यालय तथा अन्य कृषि क्याम्पसहरूले आफ्ना विद्यार्थीहरूलाई अध्ययन अनुसन्धानका अतिरिक्त अनिवार्य रूपमा उत्पादनमूलक कृषि तथा पशुपालन फार्महरूमा प्रयोगात्मक अध्ययन गराउने व्यवस्था मिलाइने। | • ८ वटा प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम सञ्चालन भएको।<br>• कृषि क्याम्पसहरूबाट स्नातक तह उर्तिण भएका ४९५ जना विद्यार्थीहरूलाई विभिन्न कृषि सम्बन्धी निकायहरुमा जनशक्ति अभावलाई कम गर्न र प्रयोगात्मक अध्ययनका लागि पठाइएको। |
| ४७ | कर्णाली प्रदेशमा रैथाने बाली तथा जैविक खेतीको संरक्षण र विकास गर्नुका साथै कृषिको आधुनिकीकरण, व्यावसायीकरण, विविधिकरण र विशिष्टिकरणका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि, मूल्य श्रृङ्खला विकासमा सहलगानी, सामुदायिक कृषि पूर्वाधार विकास एवम् कृषि उपजको बजारीकरणमा सहयोग गर्न कृषि क्षेत्र विकास कार्यक्रम कार्यान्वयन गरिने। | • कर्णाली प्रदेशका जिल्लाहरूमा समूह सहकारीमा मूल्य श्रृङ्खलामा आधारित कार्यक्रम अन्तर्गत २८१ समूह/सहकारीसँग सह-लगानीका लागि सम्झौता भई कार्यक्रम भइरहेको।<br>• कर्णाली प्रदेशका जिल्लाहरूमा ५३ वटा सिँचाइ पूर्वाधार विकास भएको।<br>• समूह/सहकारीहरूका लागि पाँच वटा ठुला सिँचाइ पूर्वाधार, बजार पूर्वाधार तथा सडक पूर्वाधार निर्माण भएको। |
| ५७ | अलैची, बेसार, अदुवा, लसुन, टिम्मुर, दालचिनी, धनिँया, जीरा, खुर्सानी जस्ता मसलाजन्य वस्तुको उत्पादन वृद्धि गरी आन्तरिक माग पूर्ति गर्नुका साथै निर्यात गरिने। यस्ता उत्पादनको प्रशोधन गर्ने उद्योग सञ्चालन गर्ने निजी क्षेत्रलाई सहुलियत दिइने। | • प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सञ्चालित मसलाबाली जोन, ब्लक र पकेट मार्फत मसलाजन्य वस्तुको उत्पादन कार्यमा सहयोग भएको। |

## ४. आर्थिक वर्ष २०७८/७९ मा र २०७९/८० को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरू:

| क्र.सं. | नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १ | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| २ | बर्ड फ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुहरूको राहत दिने सम्बन्धी मापदण्ड, २०७९ | नयाँ तर्जुमा |
| ३ | बर्ड फ्लु नियन्त्रण कार्यका खटाइएका कर्मचारी वा व्यक्तिलाई उपलब्ध गराइने प्रोत्साहन सुविधा सम्बन्धी मापदण्ड, २०७९ | नयाँ तर्जुमा |
| ४ | कृषि स्नातक परिचालन कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| ५ | मत्स्य विकास नीति, २०७९ | नयाँ तर्जुमा |
| ६ | स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि,२०७९ | नयाँ तर्जुमा |
| ७ | निर्यातका लागि प्राङ्गारिक कृषि उत्पादनको प्रमाणीकरण शुल्कमा अनुदान उपलब्ध गराउने व्यवस्था सम्बन्धि कार्यविधि,२०७९ | नयाँ तर्जुमा |

| क्र.सं. | नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| ८ | डिजिटल स्वायल म्याप व्यवस्थापनसम्बन्धी कार्यविधि,२०७९ | नयाँ तर्जुमा |
| ९ | आत्मनिर्भरका लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयन एकिकृत कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| १० | प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कृषि कार्यक्रमहरूको सञ्चालन सम्बन्धि कार्यविधि, २०७९ | नयाँ तर्जुमा |

## ५. आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- आगामी आर्थिक वर्ष २०८०/८१ मा धान लगाउने सिजनको लागि मल आपूर्ति सुनिश्चित गर्न रू.१५ अर्ब २३ करोडको स्रोतको सुनिश्चित भई थप ६० हजार मे.टन रासायनिक मलको खरिदका लागि टेण्डर प्रक्रिया शुरू भएको।
- किसानले उत्पादन गरेको (४ एकाइ फ्याट र ८ एकाइ एस.एन.एफ. भएको) कच्चा दूधको प्रति लिटर किसानले प्राप्त गर्ने न्यूनतम मूल्यमा ९ रूपैंया बृद्धि गरी रू.६५।- निर्धारण भएको।
- कृषि क्षेत्र सुधारको एकिकृत कार्ययोजना तयार भएको।
- खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाको additional financing को लागि Global Agriculture and Food Security Program (GAFSP) बाट २० मिलियन डलर अनुदान सहयोग प्रस्ताव स्वीकृत भएको।
- रू.१ अर्ब २० करोड बराबरको छुर्पी जापान, अमेरिका र युरोपियन मुलुकहरूमा निर्यात भएको।
- "वर्ड फ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुहरूको राहत दिने सम्वन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९" स्वीकृत गरी सम्बन्धित पिडित कृषकहरूलाई रू.५८ करोड रकम ५ वटा प्रदेशमा वित्तीय हस्तान्तरण भएको।

## ६. आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

**व्यवस्थापन, नीतिगत प्रयास तथा सुधारहरू**

- राष्ट्रिय पशु स्वास्थ्य नीति,२०७८ र राष्ट्रिय पशुपन्छी प्रजनन् नीति, २०७८ स्वीकृति भएको।
- बीउ बीजन ऐन, २०४५ र विरूवा संरक्षण ऐन, २०६४ र बर्ड फ्लु नियन्त्रण नियमावली, २०७८ स्वीकृत भएको।
- जातीय अनुसन्धान तथा परीक्षणका लागि प्रथम पटक निजी क्षेत्रलाई (३ वटा कम्पनीलाई) स्वीकृति प्रदान गरिएको।

**मलखाद व्यवस्थापन**

- २ लाख ६४ हजार मे.टन रासायनिक मल आयातको सम्झौता भए बमोजिम १ लाख ९१ हजार ५ सय मे.टन रासायनिक मल आपूर्ति गरिएको र गत वर्षको मौज्दात समेत गरी २ लाख १८ हजार मे.टन रासायनिक मल अनुदानमा बिक्री वितरण भएको।
- भारत सरकारसँग सरकारदेखि सरकारसम्म (G to G) विधिबाट आगामी ५ वर्षका लागि वार्षिक करिब १ लाख ५० हजार मे.टन देखि २ लाख १० हजार मे.टन सम्म मल आपूर्तिका लागि २०७८ साल फाल्गुन १६ गते MoU मा हस्ताक्षर भएको।
- रासायनिक मल नियन्त्रण आदेश, २०५५ अनुरूप Nano urea Liquid fertilizer लाई अनुसूचीमा समावेश गरी पैठारी भइरहेको।

**नश्ल सुधार**

- उन्नत नश्लका गाई, भैंसी, बाख्राबाट ८ लाख डोज जमेको वीर्य उत्पादन तथा वितरण गरिएको।
- ७ लाख ४० हजार पशुमा कृत्रिम गर्भाधान गरिएको।
- २ लाख ३१ हजार लिटर तरल नाइट्रोजन उत्पादन तथा वितरण भएको।
- खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाबाट आयोजना कार्यक्षेत्रमा ८ वटा बोयर बाख्राको मल्टिप्लायर हर्ड स्थापना भएको।
- पशु नश्ल सुधार कार्यक्रम सञ्चालनको लागि अमेरिकाबाट आपूर्ति गरिएका ६ वटा शुद्ध नश्लका जर्सी र होलस्टीन साँढे राष्ट्रिय पशु प्रजनन् कार्यालय, पोखरामा राखिएको।

**कृषि वजार तथा पूर्वाधार निर्माण एवम् सुधार**

- स्थानीय तहमा लागत सहभागितामा Buy Back Mechanism स्थापना गर्न चालु आर्थिक वर्षमा १३ खाद्य गोदाम घर निर्माणसहित अन्य पूर्वाधार सहयोगका लागि सशर्त बजेट हस्तान्तरण भएको।
- नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाबाट रत्ननगर, चितवनमा पशु हाटबजार निर्माण गरिएको।
- रूपन्देहीको कर्साघाटमा आधुनिक कृषि बजार निर्माणका लागि विस्तृत परियोजना प्रस्ताव (DPR) तयार गरिएको।
- तराईका विभिन्न ८ जिल्लामा डिप ट्यूबवेल निर्माण भई थप १ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार भएको।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतबाट विभिन्न जिल्लामा ९५ वटा पूर्वाधार (अलैंची भट्टी, रष्टिक स्टोर र बीउ स्रोत केन्द्र) निर्माणको कार्य सम्पन्न भइ सञ्चालनमा रहेको।

**बाली तथा पशुपन्छी विमा**

- आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्म कृषि तथा पशुपन्छी बीमा अन्तर्गत कुल रू.५० अर्ब ३ करोड ५४ लाख ७० हजार २ सय ३३ बिमाङ्क रकम कायम भई बीमा शुल्कबापत २ अर्ब १९ करोड १८ लाख ८४ हजार १०९ र बाली तथा पशुधन बीमाको प्रिमियममा ७५ प्रतिशत अनुदान अनुसार बाली बीमा तर्फ रू.१६ करोड ४३ लाख ६२ हजार १०३ र पशुपन्छी तथा मत्स्य बीमातर्फ रू.१ अर्ब ४८ करोड ६३ लाख ५६ अजार ३८० गरी जम्मा रू.१ अर्ब ६५ करोड ७ लाख १८ हजार ४८३ भुक्तानी गरिएको थियो।

**न्यूनतम समर्थन मूल्य तथा कृषि उत्पादन प्रोत्साहन अनुदान**

- आर्थिक वर्ष २०७८/७९ का लागि मोटा धान र मध्यम धानको न्यूनतम समर्थन मूल्य प्रति क्वीण्टल क्रमशः रू.२ हजार ७५२ र रू.२ हजार ९०२ तोकिएको, साथै, गहुँ र उखुको न्यूनतम समर्थन मूल्य क्रमश; रू.३ हजार १६५ र रू.५९० तथा कच्चा दूधको न्यूनतम समर्थन मूल्य रू.५६.०४ तोकिएको, सोही समर्थन मूल्य बमोजिम आर्थिक वर्ष २०७८/७९ मा मोटा र मध्यम गरी कुल ८ हजार ०९२.७१ टन धान किसानसँग खरीद गरिएको।
- आर्थिक वर्ष २०७८/७९ मा विभिन्न ८ जिल्लाका उखु कृषकलाई प्रति क्वीण्टल रू.७० का दरले उत्पादन गरेको १ करोड ४२ लाख १२ हजार मे.टन को प्रोत्साहन अनुदान कुल जम्मा रू.९९ करोड ४८ लाख ८४ हजार रूपैंया वितरण भएको।

**पशु स्वास्थ्य नियमन तथा निदान**

- पशुपन्छीका सङ्क्रामक रोगहरू नियन्त्रणका लागि विभिन्न किसिमका खोप गरी जम्मा ५ करोड २ लाख हजार डोज खोप उत्पादन।
- देश भरीका प्रयोगशालाबाट यस अवधिमा १ लाख नमुना सङ्कलन तथा परीक्षण भएको।

- ५ हजार ९ वटा पशु आहारा तयारी दाना, दानाको कच्चा पदार्थ, विभिन्न प्रजातिका घाँस, फिड सप्लिमेन्ट्स तथा दूधको नमूना सङ्कलन तथा परीक्षण भएको।
- केन्द्रीय रिफरल पशु चिकित्सालयबाट १६ हजार २८५ पशुपन्छीको उपचार गरिएको। २ हजार ४६ वटा पशु तथा पन्छीहरूको रगत जाँच तथा प्रेषण गरी प्राप्त रिपोर्टका आधारमा रोग निदान गरी उपचार सेवा प्रदान गरिएको।

**चिया तथा कफी खेती प्रवर्द्धन**

- २४ वटा चिया उद्योगलाई ट्रेडमार्क प्रदान गरिएको।
- १५ वटा चक्लाबन्दीमा व्यवसायिक कफी खेती विस्तारका लागि व्यवसायीहरू छनौट भई न्यूनतम ७५० रोपनी जग्गामा कफी खेती विस्तार गरिएको।
- कृषकको मुनाफा सुनिश्चित गर्न कफीलाई गुणस्तरका आधारमा वर्गीकरण गरी प्रति के.जी रू.८० देखि रू.४५० सम्म मूल्य निर्धारण गरिएको।

**डिजिटल स्वायल म्याप**

- डिजिटल स्वायल म्याप प्रणालीमा ७७ वटा जिल्लाका जम्मा ३० हजार ५४८ वटा माटोको नमुना परीक्षणको विवरण प्रविष्ट गरी डिजिटल स्वायल म्याप अद्यावधिक गरिएको। परीक्षणबाट प्राप्त विवरणलाई बाली/विरूवामा प्रयोग गर्ने मलखाद एवम् सुक्ष्म पोषक तत्वको मात्रा सिफारिस गर्न तथा माटोको गुणहरूको पूर्वानुमान गर्नको लागि प्रयोग भइरहेको।

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

**नयाँ जोन, ब्लक र पकेट स्थापना तथा सञ्चालन**

- ७१ वटा थप जोन सञ्चालन भइ कार्यक्रम सञ्चालन भइरहेको (पुरानो १०६ नयाँ ७१ गरी जम्मा १७७ जोन)।
- ब्लक ९९९ थप सञ्चालन भएको (पुरानो ६२१ र नयाँ ३७८, कृषि ब्लक ८४६ र पशुपन्छीको ब्लक १५३, हालसम्म १ हजार ५८७ वटा ब्लक)।
- पकेट ३ हजार २८४ थप सञ्चालन भएको (पुरानो पकेट २ हजार ३२० र नयाँ पकेट ९६४, कृषि पकेट २ हजार ३०८ र पशु सेवाको पकेट ९७६ गरी हालसम्म ७ हजार ६५७ वटा पकेट)।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत यस अवधिमा थप १ हजार ४४३ सहित हालसम्म ३ हजार ९३६ हेकटरमा चक्लाबन्दीमा आधारित भई खेती गरिएको।

**कृषक परिवार सूचीकरण**

- आर्थिक वर्ष २०७८/७९ सम्ममा जम्मा ६ लाख ५० हजार किसान परिवार सूचीकरण गरिएको।

**कृषि ईन्टर्न तथा कृषि स्नातक परिचालन**

- कृषि तथा वन विज्ञान विश्वविद्यालयसँग ३५० विद्यार्थी, जि. पी. कोइराला कलेज अफ एग्रीकल्चर एण्ड रिसर्च सेन्टरसँग ४४ जना विद्यार्थी र महेन्द्ररत्न बहुमुखी क्याम्पससँग ४८ जना विद्यार्थी गरी कुल ४४२ जना विद्यार्थी परिचालन गरिएको।
- ३५ वटा विभिन्न प्राविधिक शिक्षालयसँग समन्वय गरी पढाउँदै कमाउँदै कार्यक्रम सञ्चालन गरिएको।
- "सिक र कमाउ" मोडलमा १५० प्राविधिक शिक्षालयमा अध्ययनरत ४ हजार ६५० विद्यार्थीहरूलाई कृषि व्यवसाय सञ्चालनको व्यवहारिक ज्ञान तथा आयआर्जनको अवसर प्रदान गरिएको।

**दूध उत्पादन तथा व्यवस्थापन**

- दूध तथा दुग्ध पदार्थको गुणस्तर कायम राखी बजारीकरण गर्न १ टन क्षमताका तीन (काठमाडौं, हेटौडा, लुम्बिनी) वटा Refrigerated van खरिद गरी सञ्चालनमा ल्याइएको।
- नेपालमा दूधबाट उत्पादित रू.२ अर्ब ५८ करोड रूपैया बराबरको छुर्पी जापान, अमेरिका र यूरोपियन मुलुकहरूमा निर्यात भएको।
- जापानमा घ्यू निर्यातलाई निरन्तरता दिइएको र करीब २५ हजार लिटर घ्यू निर्यात गरिएको।

**खाद्य स्वच्छता तथा गुणस्तर**

- ४ हजार ६६० वटा खाद्य तथा दाना नमूना सङ्कलन भई विश्लेषण गरी सङ्कलित नमुना मध्ये ११५ वटा प्रतिकूल नमुना उत्पादन गर्ने फर्महरूमाथि मुद्धा दायर गरिएको।
- ८ हजार ८६६ पटक खाद्य तथा दाना बजार, उद्योग, होटल/रेष्टुरेन्ट, हाटबजार, मेला/महोत्सव रेपिड रेस्पोन्स मोडालिटीमा अनुगमन गरिएको।
- १६ हजार १४५ वटा आयात अनुमति जारी गरिएको।
- भन्सार विन्दुमा ५१ हजार ७६७ वटा खाद्य आयात निर्यात निरीक्षण तथा प्रमाणिकरण गरिएको।
- २०७८ कार्तिकदेखि नेपालका तराईका ७ वटा नाकामा द्रुत विषादी अवशेष परीक्षण प्रयोगशाला स्थापना भई तरकारी तथा फलफूलका ५६ हजार ३३८ नमुना लिई विषादी अवशेष परीक्षण गरिएको।

**विषादी व्यवस्थापन तथा आयात निर्यात नियमन**

- हालसम्म केन्द्र तथा मातहतका क्वारेन्टाइन कार्यालयहरू मार्फत जम्मा ७ हजार २०४ विरूवा स्वास्थता प्रमाणपत्र र १ लाख १८ हजार ६९१ आयात इजाजतपत्र जारी भएको।
- २ हजार ५३५ विषादी खुद्रा विक्रेता इजाजतपत्र नवीकरण भएको, २ हजार २९२ वटा विषादी पञ्जीकरण तथा नवीकरण भएको तथा विषादीको सुरक्षित प्रयोग तथा व्यवस्थापन प्रमाणपत्र ७५७ वटा जारी भई विषादी नियमन तथा व्यवस्थापनमा सहयोग पुगेको।

**सूचना तथा प्रविधि सम्प्रेषण**

- डिजिटल प्रविधिमार्फत बीउ वीजन उत्पादन, बिक्रि वितरण, आपूर्ति र व्यवस्थापन कार्यको शुरूवात गरिएको।
- २ हजार ४९५ जना कृषकलाई कृषि प्रविधि एवम् जलवायु सम्बन्धी २१ लाख ९३ हजार SMS मार्फत सूचना प्रवाह गरिएको।

**कृषि अनुसन्धानतर्फ**

- धानका ६ जातहरू 'खुमल बासमती १६, हर्दिनाथ-४, हर्दिनाथ-६, गङ्गा सागर-१, गङ्गा सागर-२, घैया-३ उन्मोचनका लागि राष्ट्रिय बीउ विजन समितिबाट पास भएको।
- चौमासे सिमीको १ जात दर्ताको लागि राष्ट्रिय बीउ विजन समितिबाट पास भएको।
- भन्टाको जात परवानीपुर सेलेक्सन-१ पञ्जीकरणको लागि राष्ट्रिय बीउ विजन समितिबाट पास भएको।
- मकैका वर्णसङ्कर जातहरूः रामपुर हाईब्रिड १२, रामपुर हाईब्रिड १४, रामपुर हाईब्रिड १६ उन्मोचनका लागि राष्ट्रिय बीउ विजन समितिबाट पास भएको।
- काक्रोको २ वर्णसङ्कर जातहरू पञ्जीकरणका लागि राष्ट्रिय बीउ विजन समितिबाट पास भएको।
- रैथाने पशु वस्तुका ६ विभिन्न प्रजातिका १८ जात (गाईका ४, भैंसिका ३, बाख्राका ३, भेडाका ३, कुखुराका ३ र सुङ्गुरका २) को जिवित जीन बैंकको अवधारणा अन्तर्गत संरक्षण तथा प्रवर्धन भइरहेको साथै विभिन्न स्थानीय तथा उन्नत पशु वस्तुको वीर्य जीन बैंकमा सुरक्षित राखि उपयोग भइरहेको।

आयोजनागत थप उपलव्धिहरू

- **खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना:** पूरक अनुदानतर्फ २५७ वटा प्रस्ताव साथै साना अनुदानतर्फ १६९ वटा प्रस्ताव छनौट भई सम्पन्न भएको साथै, जम्मा ८ वटा मल्टिप्लायर हर्ड स्थापना भएको। २२ वटा Handling and Processing संरचनाहरूको निर्माण र ८ वटा बजार/हाट बजारहरूको सुधारको कार्य सम्पन्न भएको।
- **कृषि क्षेत्र विकास कार्यक्रमः** २६७ वटा कृषक समूह र सहकारीहरूसँग सह-लगानीको लागि नयाँ सम्झौता भएको। ४९ वटा सामुदायिक पूर्वाधार र ९ वटा सामूदायिक कृषि प्रसार सेवा केन्द्र स्थापनाका लागि सम्झौता भएको।
- **नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाः** ६०४ उप- आयोजनाहरू सञ्चालनका लागि सम्झौता सम्पन्न गरी १३६ वटा उप-आयोजनाहरूलाई पहिलो किस्ता वापत रू.४२ करोड ३५ लाख ७४ हजार भुक्तानी भएको। ४ वटा उप-आयोजनाहरू सम्पन्न भएको।

## ७. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु तर्फ (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ४४५९०० | १६३९११ | ३६.७६ |
| ३१२००१०१३ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | ५३९९३ | २३७०७ | ४३.९१ |
| ३१२००१०२३ | विशेष कृषि उत्पादन कार्यक्रम | १६६२२८०० | १६६१६८८९ | ९९.९६ |
| ३१२००१०३३ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | ३३००० | २७७२२ | ८४.०१ |
| ३१२००१०४३ | प्लान्ट क्वारेन्टाइन तथा विषादि व्यवस्थापन कार्यक्रम | १३६३०० | १०२२०३ | ७४.९८ |
| ३१२००१०५३ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | ८३५६९ | ६७३४० | ८०.५८ |
| ३१२००१०६३ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | २७८०३३४ | २२०६०५४ | ७९.३४ |
| ३१२००१०७३ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | २३००२३८ | ७७२७८८ | ३३.६० |
| ३१२००१०८३ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | १०१९८०० | ८५४८३९ | ८३.८२ |
| ३१२००१०९३ | कृषि क्षेत्र विकास कार्यक्रम | १५८०९०० | २९७८५९ | १८.८४ |
| ३१२००११२३ | नेपाल कृषि बजार विकास कार्यक्रम | २९९५०० | १८४६७४ | ६१.६६ |
| ३१२००११८३ | ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम | ६१५६३० | ११२४४२ | १८.२६ |
| ३१२०१०११३ | कृषि विभाग | १२७४७०१ | ११७५१४८ | ९२.१९ |
| ३१२०११०१३ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | १०३७०० | ८३१३८ | ८०.१७ |
| ३१२०११०२३ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | १६८६०० | १४१४८५ | ८३.९२ |
| ३१२०११०३३ | व्यावसायीक कीट विकास कार्यक्रम | ७७३०० | ५७४४२ | ७४.३१ |
| ३१२०११०४३ | वाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | ७६७८८ | ५१४४७ | ६७.०० |
| ३१२०११०५३ | केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम | ५७६०० | ३२८४६ | ५७.०२ |
| ३१२०११०६३ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्धन कार्यक्रम | ५८१०० | ३९१९८ | ६७.४७ |
| ३१२०११०७३ | रानी जमरा कुलरिया सिँचाइ आयोजना<br>– प्रणाली आधुनिकिकरण कृषि कार्यक्रम | २६९५०० | १२५४५७ | ४६.५५ |
| ३१२०१११११३ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र कार्यक्रम(कृषि) | ३४९०० | ९७५० | २७.९४ |
| ३१२०२०११३ | पशु सेवा विभाग | १९५६१११ | १९२४५४८ | ९८.३९ |
| ३१२०२१०१३ | मत्स्य विकास कार्यक्रम | ११५९४३ | ९७७७५ | ८४.३३ |
| ३१२०२१०२३ | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम | ४८४६१६ | ४०२९७४ | ८३.१५ |
| ३१२०२१०३३ | पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | ४२९७५९ | ३४७१८३ | ८०.७९ |
| ३१२०२१०४३ | पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम | ३२३०० | २७३९१ | ८४.८० |
| ३१२०३१०१३ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | ३८२९३८ | ३०४२४० | ७९.४५ |
| ३१२२१०११३ | राष्ट्रिय किसान आयोग | ४३१०० | २९९५७ | ६९.५१ |
| ३१२३१०११३ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | ११५८०० | ९७२४७ | ८३.९८ |
| ३१२३१०१२३ | राष्ट्रिय दुग्ध विकास बोर्ड | ५६१०० | ५२१७६ | ९३.०० |
| ३१२४१०११३ | नेपाल पशु चिकित्सा परिषद् | १२२६० | १०९१८ | ८९.०५ |
| ३१२४११०१३ | कृषि अनुसन्धान कार्यक्रम | २३२६२६३ | २०९१८२८ | ८९.९२ |
| ३१२८१०११३ | कपास विकास समिति | २८३०० | १८१६८ | ६४.२० |
| | जम्मा | ३४०७६६४१ | २८५५०७४४ | ८३.७८ |

पुँजीगत तर्फ (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११४ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ८५६०० | २९९५७ | ३५.०० |
| ३१२००१०१४ | कृषि  विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | ० | ० | ० |
| ३१२००१०३४ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | २२०० | २१०५ | ९५.७० |
| ३१२००१०४४ | प्लान्ट क्वारेन्टाइन तथा विषादि ब्यवस्थापन कार्यक्रम | १३४०० | १३००२ | ९७.०३ |
| ३१२००१०५४ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | ७४०० | ३५१८ | ४७.५४ |
| ३१२००१०६४ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | २४९५०० | २०९६११ | ८४.०१ |
| ३१२००१०७४ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | ८४२६०० | ३१९७५७ | ३७.९५ |
| ३१२००१०८४ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ५७०० | ५५५७ | ९७.५० |
| ३१२००१०९४ | कृषि क्षेत्र विकास कार्यक्रम | ४१००० | ३३६०३ | ८१.९६ |
| ३१२००११२४ | नेपाल कृषि बजार विकास कार्यक्रम | ११०० | ९२९ | ८४.४८ |
| ३१२००११८४ | ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम | ६२५७७० | ८५३४३ | १३.६४ |
| ३१२०१०११४ | कृषि विभाग | ३२०० | २२५९ | ७०.६० |
| ३१२०११०१४ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | ३४९०० | ३३१८३ | ९५.०८ |
| ३१२०११०२४ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | १६१६६५ | ११३५८८ | ७०.२६ |
| ३१२०११०३४ | व्यावसायीक कीट विकास कार्यक्रम | २१२०० | २०९७५ | ९८.९४ |
| ३१२०११०४४ | वाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | ३१४७५ | २६६७५ | ८४.७५ |
| ३१२०११०५४ | केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम | ६१०० | ५४७८ | ८९.८० |
| ३१२०११०६४ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्धन कार्यक्रम | २२८००० | १३२६१८ | ५८.१७ |
| ३१२०११०७४ | रानी जमरा कुलरिया सिँचाइ आयोजना – प्रणाली आधुनिकिकरण कृषि कार्यक्रम | ४००० | ४९९ | १२.४६ |
| ३१२०२०११४ | पशु सेवा विभाग | २३७०० | ७४५८ | ३१.४७ |
| ३१२०२१०१४ | मत्स्य विकास कार्यक्रम | १०३६०० | ६४२६४ | ६२.०३ |
| ३१२०२१०२४ | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा  क्वारेन्टाईन कार्यक्रम | २३४७८२ | १५९२५३ | ६७.८३ |
| ३१२०२१०३४ | पशुपन्छी स्रोत ब्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | १९१००० | १४१५८३ | ७४.१३ |
| ३१२०२१०४४ | पशु आहारा तथा लाइभस्टक गुण ब्यवस्थापन कार्यक्रम | ७३०० | ५५४४ | ७५.९४ |
| ३१२०३१०१४ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | ९११०० | ७१९३९ | ७८.९७ |
| ३१२२१०११४ | राष्ट्रिय किसान आयोग | ३३०० | ३२२९ | ९७.८५ |
| ३१२३१०११४ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | ७३०० | ६३५२ | ८७.०१ |
| ३१२३१०१२४ | राष्ट्रिय दुग्ध विकास बोर्ड | २३०० | १७४३ | ७५.७७ |
| ३१२४१०११४ | नेपाल पशु चिकित्सा परिषद् | ७०० | ६७५ | ९६.३७ |
| ३१२४११०१४ | कृषि अनुसन्धान कार्यक्रम | ६५९३०३ | ३४७०५९ | ५२.६४ |
| ३१२८१०११४ | कपास विकास समिति | २०० | १९९ | ९९.५० |
| | **जम्मा** | **३६८९३९५** | **१८४७९५६** | **५०.०९** |

## ८. आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेट तथा २०७९ चैत मसान्तसम्मको खर्चको विवरणः

चालु तर्फ (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २११००० | १११३२७ | ५२.७६ |
| ३१२००१०१३ | कृषि  विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | १६३७३० | ५००० | ३.०५ |
| ३१२००१०२३ | विशेष कृषि उत्पादन कार्यक्रम | २७२१३२९२ | २१६२३१४९ | ७९.४६ |
| ३१२००१०३३ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | ३८४०० | २०१९९ | ५२.६० |
| ३१२००१०४३ | प्लान्ट क्वारेन्टाइन तथा विषादि ब्यवस्थापन कार्यक्रम | १३१८३८ | ६३८१५ | ४८.४० |
| ३१२००१०५३ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | ९४७०० | ४८८१६ | ५१.५५ |
| ३१२००१०६३ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | २७८१९७५ | ८०८१२५ | २९.०५ |
| ३१२००१०७३ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | २८४०२०० | १२०२५५४ | ४२.३४ |
| ३१२००१०८३ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | १०६०८०० | ५३२१४६ | ५०.१६ |
| ३१२००१०९३ | कृषि क्षेत्र विकास कार्यक्रम | १५२५६०० | २०३३९६ | १३.३३ |
| ३१२००११२३ | नेपाल कृषि बजार विकास कार्यक्रम | ४४१८०० | ० | ०.०० |
| ३१२००११८३ | ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम | ११७८९४० | ११६१८९ | ९.८६ |
| ३१२०१०११३ | कृषि विभाग | ११०७३०० | ८६८७३४ | ७८.४६ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०११०१३ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | ११८१०० | ५९३३९ | ५०.२४ |
| ३१२०११०२३ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | १८२८०० | १०६०८४ | ५८.०३ |
| ३१२०११०३३ | व्यावसायीक कीट विकास कार्यक्रम | ७९९०० | ३७३५८ | ४६.७६ |
| ३१२०११०४३ | वाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | १००८०० | ३६४३३ | ३६.१४ |
| ३१२०११०५३ | केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम | ४८१०० | २४०५९ | ५०.०२ |
| ३१२०११०६३ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्धन कार्यक्रम | ६४५०० | ३४६०१ | ५३.६४ |
| ३१२०११०७३ | रानी जमरा कुलरिया सिँचाइ आयोजना – प्रणाली आधुनिकिकरण कृषि कार्यक्रम | १९७६०० | १५४४५ | ७.८२ |
| ३१२०१११९३ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र कार्यक्रम(कृषि) | १०२०० | ६२६९ | ६१.४६ |
| ३१२०१११३३ | पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना | १५८९५७ | १९९० | १.२५ |
| ३१२०२०११३ | पशु सेवा विभाग | ७५५१०० | ४७४२०२ | ६२.८० |
| ३१२०२१०१३ | मत्स्य विकास कार्यक्रम | १४२८०० | ७७९०३ | ५४.५५ |
| ३१२०२१०२३ | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम | ५०१५०० | २७८७७५ | ५५.५९ |
| ३१२०२१०३३ | पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | ४५२२०० | २३५६२४ | ५२.११ |
| ३१२०२१०४३ | पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम | ३०९०० | १६३१८ | ५२.८१ |
| ३१२०३१०१३ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | ४३३५७६ | २१५३२५ | ४९.६६ |
| ३१२२१०११३ | राष्ट्रिय किसान आयोग | ४६८०० | २१५३५ | ४६.०२ |
| ३१२३१०११३ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | ११८८०० | ६२३२० | ५२.४६ |
| ३१२३१०१२३ | राष्ट्रिय दुग्ध विकास बोर्ड | ५९३०० | ३७०५० | ६२.४८ |
| ३१२४१०११३ | नेपाल पशु चिकित्सा परिषद् | १९००० | १०५१४ | ५५.३४ |
| ३१२४११०१३ | कृषि अनुसन्धान कार्यक्रम | २५१८५३५ | १४८४५११ | ५८.९४ |
| ३१२८१०११३ | कपास विकास समिति | २८७०० | १२६५० | ४४.०८ |
| | **जम्मा** | **४४८५७७४३** | **२८८५१७५५** | **६४.३२** |

## पुँजीगत तर्फ

(रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११४ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ७१४०० | ३७४४ | ५.२४ |
| ३१२००१०१४ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | १२०१५१ | १२१ | ०.१० |
| ३१२००१०३४ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | २७०० | १२९६ | ४८.०१ |
| ३१२००१०४४ | प्लान्ट क्वारेन्टाइन तथा विषादि व्यवस्थापन कार्यक्रम | १३००० | ६२४२ | ४८.०२ |
| ३१२००१०५४ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | १०००० | ७३९ | ७.३९ |
| ३१२००१०६४ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | २४७५१४ | ७०५५३ | २८.५० |
| ३१२००१०७४ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | ६६८८०० | १७२७२५ | २५.८३ |
| ३१२००१०८४ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ३०० | ० | ०.०० |
| ३१२००१०९४ | कृषि क्षेत्र विकास कार्यक्रम | ११५०० | ० | ०.०० |
| ३१२००११२४ | नेपाल कृषि बजार विकास कार्यक्रम | १८०० | ० | ०.०० |
| ३१२००११८४ | ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम | ६८९७०० | ३८११ | ०.५५ |
| ३१२०१०११४ | कृषि विभाग | ६४०० | ८२९ | १२.९६ |
| ३१२०११०१४ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | ३३६०० | ११८२४ | ३५.१९ |
| ३१२०११०२४ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | १५५९०० | ५१०४७ | ३२.७४ |
| ३१२०११०३४ | व्यावसायीक कीट विकास कार्यक्रम | १४९०० | ८८४६ | ५९.३७ |
| ३१२०११०४४ | वाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | २३३०० | ४८१७ | २०.६८ |
| ३१२०११०५४ | केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम | ६३०० | १३५६ | २१.५२ |
| ३१२०११०६४ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्धन कार्यक्रम | २४२४०० | ६९४६४ | २८.६६ |
| ३१२०११०७४ | रानी जमरा कुलरिया सिँचाइ आयोजना – प्रणाली आधुनिकिकरण कृषि कार्यक्रम | ६९०० | ० | ०.०० |
| ३१२०१११३४ | पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना | २०१४०९ | ० | ०.०० |
| ३१२०२०११४ | पशु सेवा विभाग | ३३२०० | ० | ०.०० |
| ३१२०२१०१४ | मत्स्य विकास कार्यक्रम | ११३२०० | २७६६१ | २४.४४ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०२१०२४ | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा  क्वारेन्टाईन कार्यक्रम | १५८६०० | ४०३३८ | २५.४३ |
| ३१२०२१०३४ | पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | १६६६०० | ५३१७५ | ३१.९२ |
| ३१२०२१०४४ | पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम | १०७०० | ४५१ | ४.२२ |
| ३१२०३१०१४ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | १३३३०० | १६६८२ | १२.५१ |
| ३१२२१०११४ | राष्ट्रिय किसान आयोग | २२०० | १४७३ | ६६.९३ |
| ३१२३१०११४ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | ८७०० | ५५६६ | ६३.९७ |
| ३१२३१०१२४ | राष्ट्रिय दुग्ध विकास बोर्ड | ६४०० | ८२८ | १२.९४ |
| ३१२४१०११४ | नेपाल पशु चिकित्सा परिषद् | २९०० | १७९० | ६१.७२ |
| ३१२४११०१४ | कृषि अनुसन्धान कार्यक्रम | ८६८२०० | २३४३४८ | २६.९९ |
| ३१२८१०११४ | कपास विकास समिति | ७८०० | ० | ०.०० |
| | **जम्मा** | **४०३९७७४** | **७८९७२६** | **१९.५५** |

# खानेपानी मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमि :

खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा पार्ने बहुआयामिक प्रभावका कारणले यस सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ। दिगो विकास लक्ष्य अन्तर्गत यस क्षेत्रमा पनि राष्ट्रिय लक्ष्यहरू निर्धारण भएका छन् र सो प्राप्ति गर्ने तर्फ राष्ट्रिय प्रतिवद्धता पनि रहेको छ। खानेपानी तथा सरसफाइसम्बन्धी स्पष्ट लक्ष्यहरू निर्धारित गरेको छ। नेपालमा व्यवस्थित खानेपानी प्रणालीको शुरूवात वि.सं. १९५१ मा वीरधाराबाट शुरू भएको हो। हालसम्ममा ९५ प्रतिशत जनसङ्ख्यालाई आधारभूत स्तरको र २६ प्रतिशत जनसङ्ख्यालाई उच्च तथा मध्यम स्तरको खानेपानी सेवामा पहुँच पुगिसकेको छ। सरसफाइतर्फ हाल सबै जिल्लाहरूका सम्पूर्ण स्थानीय तह खुला दिसामुक्त घोषणा भई राष्ट्र नै खुला दिसामुक्त घोषित भएको छ र शतप्रतिशत घरधुरीहरूले आधारभूत स्तरको सरसफाइ सेवा उपयोग गरिरहेका छन्।

### १.२ दीर्घकालीन सोचः

सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाइ सेवाको माध्यमबाट समृद्ध समाज तथा प्रदुषणमुक्त वातावरण निर्माणमा टेवा पुऱ्याउने।

### १.३ उद्देश्यः

सुरक्षित खानेपानी तथा सरसफाइ सेवामा आम नागरिकको पहुँच पुऱ्याई संविधान प्रदत मौलिक हकको प्रवर्धन र संरक्षण गर्ने उद्देश्य प्राप्तीका लागि सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारसँगको सहकार्य र समन्वयमा निम्नानुसारको राष्ट्रिय लक्ष्य निर्धारण भएको छ।

- दिर्घकालीन सोच अनुरूप बि.सं. २१०० सम्म ९५ प्रतिशत नागरिकलाई उच्च/मध्यमस्तरको खानेपानी सेवा उपलव्ध गराउने,
- दिगो विकास लक्ष्य अनुरूप सन २०३० सम्म सबै नागरिकलाई आधारभूत स्तरको खानेपानी र ९० प्रतिशत नागरिकलाई उच्च / मध्यमस्तरको खानेपानी सेवा उपलव्ध गराउने राष्ट्रिय लक्ष्य हासिल गर्ने,
- दिगो विकास लक्ष्य अनुरूप सन २०३० सम्म सबै नागरिकलाई आधारभूत स्तरको सरसफाइ र ५० प्रतिशत नागरिकलाई प्रशोधन सहितको ढल प्रणाली सेवा उपलव्ध गराउने,
- दिगो विकास अन्तर्गतको उद्देश्य नं. ६ अन्तर्गतको १५ औं विकास योजना अन्तर्गत पर्याप्त, सुरक्षित र सर्वसुलभ पहुँच हुनेगरी आर्थिक वर्ष २०८०/८१ सम्ममा ९९ प्रतिशत नागरिकलाई आधारभूत स्तरको खानेपानी, ४० प्रतिशत नागरिकलाई उच्च/मध्यम स्तरको खानेपानी सेवा उपलव्ध गराउने, सबै नागरिकलाई आधारभूत स्तरको सरसफाइ सेवा र २० प्रतिशत नागरिकलाई सुधारिएको सरसफाइ सेवा उपलव्ध गराउने,
- जलवायु परिवर्तन अनुकुल तथा विपद् व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्ने।

### १.४ रणनीतिः

- आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट वञ्चित रहेका समुदायहरूको सहभागितामा खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउने,

- निर्माणाधीन आयोजनाहरूको निर्माण सम्पन्न तथा सेवा सञ्चालनमा समस्या भएका आयोजनाहरूको उचित मर्मत सम्भार, पुनर्स्थापना तथा समय सापेक्ष सेवास्तर अभिवृद्धि गर्दै जाने,
- उच्च तथा मध्यमस्तरको खानेपानी सेवा विस्तारको लागि मागको आधारमा लागत साझेदारी, लागत उठ्तीको सिद्धान्त अनुरूप खानेपानी आयोजनाहरू सञ्चालन गर्ने,
- फोहोर पानीको उत्सर्जन कम गर्ने र उत्पादित फोहोरपानीको व्यवस्थापन गरी लाभ प्राप्त गर्ने,
- मानवजन्य फोहोरपानी प्रशोधन सहित व्यवस्थापन तथा दिसाजन्य लेदो व्यवस्थापन गर्दै नदी नाला, जलाशय, जलाधार तथा ताल तलैयाहरूको पर्यावरणीय स्वच्छता तथा सौन्दर्यता कायम गर्ने,
- जलवायु अनुकुलन, विपद् जोखिम न्यूनीकरणलाई खानेपानी तथा सरसफाइ आयोजनाहरूमा प्राथमिकता दिई दिगोपना कायम गर्ने,
- खानेपानीका स्रोतहरू तथा जलाधार क्षेत्रहरूको पहिचान र संरक्षण, भूमिगत पानीको पुनर्भरण, वर्षातको पानी सङ्कलन तथा जलस्रोतको बहुउपयोग, एकीकृत उपयोग तथा पुनरूपयोगलाई प्रोत्साहन र प्रवर्धन गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | खानेपानी मन्त्रालय | ६८ | ६१ | ७ | १ |
| २ | खानेपानी तथा ढल व्यवस्थापन विभाग | २८४ | २४९ | ३५ | |
| ३ | मेलम्ची खानेपानी विकास समिति | ६८ | ६० | ८ | |
| ४ | काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड | ५३ | ४५ | ८ | |
| ५ | आयोजना कार्यान्वयन निर्देशनालय | ८८ | ७१ | १७ | |
| ६ | नेपाल खानेपानी संस्थान | ८३४ | ६२३ | २११ | |

## ३. आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७९ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १७५ | **राज्यको अभिभाराः एक घर एक धारा** अभियान साकार पार्न प्रदेश र स्थानीय तहसँगको सहकार्यमा खानेपानी आयोजना सञ्चालन गरिने। यो कार्यक्रम दलितहरूको उच्च घनत्व रहेको वस्तीहरूमा प्राथमिकताका साथ सञ्चालन गरिने। | • NWASH प्रणाली मार्फत ४ सय ५२ पालिकाहरूको कुल ५० हजार सङ्ख्यामा एक घर एक धारा नक्साङ्कन भएको। |
| १७६ | मेलम्ची जलाधारको भौगोलिक अध्ययन प्रतिवेदनको आधारमा मेलम्ची खानेपानी आयोजनाको भरपर्दो पानी पथान्तरणको व्यवस्था मिलाइने। याङ्ग्री र लार्के खोलाबाट मेलम्ची खानेपानी वितरण प्रणालीमा पानी आपूर्ति गर्ने योजना कार्यान्वयन गरिने। दोस्रो चरणको काठमाडौं उपत्यका खानेपानी सुधार | • मेलम्ची खोलामा आएको बाढी/पहिरोका कारण अवरूद्ध हुन पुगेको मेलम्ची खानेपानी आयोजनामा २०७९ मङ्सिर १२ गते देखि अस्थायी रूपमा पानी पथान्तरण गरी प्रशोधन पश्चात काठमाडौं उपत्यकामा दैनिक १७ करोड लिटर पानी वितरण भइरहेको।<br>• कीर्तिपुर, भक्तपुर, ठिमी, पेप्सिकोला, |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | आयोजना अन्तर्गत चक्रपथ बाहिरका थप क्षेत्रहरूमा मेलम्ची खानेपानी वितरणका लागि पाइप लाइन विछ्याउने कार्य का लागि बजेट विनियोजन गरिएको। | जोरपाटी (NORTH SOUTH), कपन, बौद्ध, चाबहिल क्षेत्रमा पाइपलाइन बिछ्याउने कार्यको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार भएको। |
| १७७ | मेलम्ची खानेपानी विकास समिति र ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति खारेज गरिएको। यी समितिहरूबाट सम्पादन हुँदै आएका कार्यहरू खानेपानी तथा ढल व्यवस्थापन विभाग मातहतबाट सञ्चालन गर्ने व्यवस्था मिलाइने। | • ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति खारेज भई उक्त समितिको सम्पति, दायित्व लगायत खानेपानी तथा ढल व्यवस्थापन विभागमा हस्तान्तरण भएको।<br>• मेलम्ची खानेपानी विकास समिति गठन आदेश, २०७९ स्वीकृत भएको। |
| १७८ | काठमाण्डौं उपत्यकामा सिस्नेरी र ठोस्ने खोलाबाट खानेपानी आपूर्ति गर्न अध्ययन कार्य अघि बढाइने। नगरकोट क्षेत्र, दक्षिणकाली क्षेत्र, रामकोट क्षेत्र र गोदावरी क्षेत्र गरी काठमाडौं उपत्यकाका चार दिशामा पानीपोखरी सहितको जलाधार क्षेत्र निर्माण गर्न अध्ययन गरी यस्ता जलाधारलाई खानेपानी आपूर्तिको वैकल्पिक स्रोतको रूपमा विकास गरिने। यी क्षेत्रमा बहुपयोगी पार्क तथा मनोरञ्नात्मक स्थल समेत निर्माण गरिने। जलाशययुक्त विद्युत आयोजनाको बहुउपयोग गरी खानेपानी आपूर्ति गर्न आवश्यक पूर्वाधार र प्राविधिक क्षमता विकास गरिने। | • काठमाण्डौं उपत्यकामा सिस्नेरी खोलाबाट खानेपानी आपूर्ति गर्न अध्ययन कार्यको लागि परामर्शदाता परिचालन भई विस्तृत अध्ययनको कार्य भईरहेको।<br>• ठोस्ने खोलालाई खानेपानी आपूर्तिको वैकल्पिक स्रोतको रूपमा विकास गर्ने सम्वन्धी प्रारम्भिक अध्ययन प्रतिवेदन प्राप्त भएको।<br>• काठमाडौं उपत्यका भित्र १३ स्थानमा ढुङ्गेधारा पोखरी निर्माण, ११ स्थानमा वर्षातको पानी सङ्कलन प्रविधि जडान र ९ स्थानमा वाटर ए.टि.एम जडान सम्पन्न भएको। |
| १७९ | सबै स्थानीय तहको सरसफाइ गुरूयोजना तयार गर्ने नीतिअनुरूप आगामी आर्थिक वर्ष थप १०० वटा स्थानीय तहको सरसफाइ गुरूयोजना तयार गरिने। एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना अन्तर्गत देशका विभिन्न १२ वटा शहरहरूमा एकीकृत खानेपानी तथा फोहोरपानी प्रशोधन आयोजनाहरूको विस्तृत अध्ययन सम्पन्न गरिने। विभिन्न शहरहरूमा ढल निकासको उचित प्रबन्ध गर्न बजेट विनियोजन गरिएको। | • ४५२ पालिकाहरूका १५ हजार २ सय १७ खानेपानी प्रणालीहरूको तथ्याङ्क सङ्कलन भएको। तथ्याङ्कमा प्रणालीको संरचनागत अवस्था, खानेपानी पहुँचमा नपुगेको समुदाय, सरसफाइको अवस्था, विद्यालयको खानेपानी तथा सरसफाइको अवस्था जस्ता Cluster को पहिचान भएको।<br>• एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना अन्तर्गत १२ वटा शहरहरूमा एकीकृत खानेपानी तथा फोहोरपानी प्रशोधन आयोजनाहरूको लागि विस्तृत अध्ययनको प्रारम्भिक प्रतिवेदन प्राप्त भएको ।<br>• विभिन्न शहरहरूमा १० वटा निर्माणधीन ढल योजनाहरूको निर्माण ३२ प्रतिशत सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १८० | शहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत सुर्खेतको सुभाघाट, काभ्रेको पाँचखाल, दार्चुलाको खलङ्गा, भक्तपुरको दधिकोट र चितवनको शारदानगर खानेपानी आयोजनाहरू आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिने। यी आयोजनाहरूबाट करिब १ लाख ९ हजार जनसङ्ख्यालाई खानेपानी सेवा उपलब्ध हुने। | • शहरी खानेपानी आयोजना अन्तर्गतको देउराली हुप्सेकोट खानेपानी आयोजना र सुभाघाट खानेपानी आयोजना गरी २ वटा आयोजना सम्पन्न भई थप ३७ हजार ६ सय ८७ जना जनसङ्ख्यालाई उच्चस्तरको गुणस्तरीय पानी उपलब्ध गराइएको। |
| १८१ | खानेपानी तथा सरसफाइ सहलगानी कार्यक्रम र केन्द्रीय खानेपानी आयोजना अन्तर्गत सञ्चालित ३१ वटा आयोजनाहरू सम्पन्न गर्न बजेट विनियोजन गरिएको। यसबाट थप ४ लाख ९३ हजार जनसङ्ख्यालाई खानेपानी सेवा उपलब्ध हुने। जलवायु अनुकूलित बृहत खानेपानी आयोजना अन्तर्गत निर्माणाधीन आयोजनाहरूको कार्यान्वयनका लागि बजेट विनियोजन गरिएको। उक्त आयोजनाहरूबाट थप १ लाख ५० हजार जनसङ्ख्यालाई खानेपानी सेवा उपलब्ध हुने। | • सहलगानी खानेपानी आयोजना अन्तर्गत Inception Report र ४ वटा विस्तृत परियोजना प्रतिवेदन तयार भएको, २ नयाँ आयोजनाको टेण्डर भएको, २ आयोजना निर्माण सम्पन्न भएको।<br>• केन्द्रीय खानेपानीका ६ आयोजना अन्तर्गत नयाँ कार्यक्रमहरूको लागि टेण्डर भएको।<br>• जलवायु अनुकूलित खानेपानी आयोजना अन्तर्गत ५ आयोजनाको inception report तयार भई २ आयोजनाको टेण्डर सम्पन्न भएको। |
| १८२ | सङ्घीय सरकारबाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका खानेपानी आयोजनाहरू प्राथमिकीकरण गरी सम्पन्न गर्न बजेट विनियोजन गरिएको। | • चालु आर्थिक वर्षको विनियोजित वजेटबाट सङ्घीय सरकार मार्फत प्रदेश तहमा सशर्त अनुदानमा हस्तान्तरण भएका २ हजार ६ सय ८७ आयोजनाहरू निर्माणको क्रममा रहेका। |

## ४. आर्थिक वर्ष २०७९/८० मा तथा २०७९/८० को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डरुः

| क्र.सं. | नीति/कानुन/कार्यविधि/निर्देशन/मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन |
|---|---|---|
| १ | खानेपानी तथा सरसफाइ ऐन, २०७९ | नयाँ तर्जुमा |
| २ | मेलम्ची खानेपानी विकास समिति गठन आदेश २०७९ | नयाँ तर्जुमा |

## ५. आर्थिक वर्ष २०७९/८० को चैत मसान्त सम्ममा सम्पादन भएका कार्यहरुः

- थप ३७ हजार ६८६ जनसङ्ख्या उच्च तथा मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्बित भएका।
- मेलम्ची खानेपानी आयोजनाको हेडवर्क्ससम्मको पहुँचका लागि विभिन्न वैकल्पिक सडकहरूको स्तरोन्नति एवम् टिम्बुदेखि हेडवर्क्ससम्मको मूल प्रवेशमार्गको ट्र्याक खोलिएको तथा अस्थायी पुल निर्माण भएको।

- काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना अन्तर्गत वितरण प्रणालीमा १४६ कि.मी. Testing and commissioning कार्य सम्पन्न भएको तथा कीर्तिपुर (६ हजार घ.मी.) महाँकालचौर (८ हजार घ.मी.) पानी ट्याङ्कीको निर्माण कार्य ४० प्रतिशत सम्पन्न भएको।
- जापान सरकारको अनुदान सहयोगमा विराटनगर खानेपानी सुधार आयोजनाको लागि जाइका र नेपाल सरकारबीच सम्झौता भएको।
- नेपालगञ्ज शाखा अन्तर्गत निर्माण भएको आलानगर (कन्ठिपुर) खानेपानी आयोजना सम्पन्न भई १ हजार घरधुरीलाई खानेपानी सेवा विस्तार भएको।

## ६. आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः

- खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत सञ्चालित केन्द्रीय खानेपानी आयोजनाको १, सहरी खानेपानी आयोजनाको ६, सहलगानी खानेपानी तथा सरसफाइ आयोजनाको ९, जलवायु अनुकूलित बृहत खानेपानी आयोजनाको ३, खानेपानी तथा गुणस्तर सुधार कार्यक्रमको १५, खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रमको ११४ वटा योजना सम्पन्न भई कुल २ लाख १७ हजार ८ सय १२ जनसङ्ख्या आधारभूतस्तरको र ३ लाख २१ हजार ४ सय ८१ जनसङ्ख्या उच्च तथा मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित भएका।
- मेलम्ची खानेपानी आयोजना अन्तर्गत बैकल्पिक सडकको ट्र्याक खालिएको, अम्बाथान क्याम्प तथा मेलम्ची पुलबजार क्याम्पको मर्मत गरिएको। हेलम्बु गाउँपालिकाको समन्वयमा टिम्बुदेखि हेडवर्कस्सम्मको मूल प्रवेशमार्गको ट्र्याक खोल्ने तथा अस्थायी पुल निर्माण गरिएको। हेडवर्क्सको सफाइ, हेडवर्क्सदेखि अम्बाथान अडिटसम्मको सेक्सनमा करिव १५० हजार घनमिटर डेब्रिस हटाईएको। २०७८ चैत २९ गतेदेखि २०७९ जेठ १८ गतेसम्म अस्थायी रूपमा आयोजनाको सुरूङ्ग तथा पानी प्रशोधन केन्द्र सञ्चालन गरिएको।
- **काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना अन्तर्गतः** वितरण प्रणालीमा २१०.५६ कि.मी. Testing and commissioning कार्य सम्पन्न भएको। कटुन्जेमा पानी पोखरी ((६ हजार घ.मी.) निर्माण कार्य सम्पन्न भएको। नेपाल सरकारको पूर्ण लगानीको ठेक्का सङ्ख्या ७B,७C,९A, कपन मण्डिखाटारको कुल ८१० कि.मी. मध्ये १५० कि.मी. पाइपलाइन निर्माण भएको। कपन, बौद्द, जोरपाटी खण्डमा २२ कि.मी. वितरण पाइप सञ्जाल सुधार गरिएको।
- **काठमाडौं उपत्यका ढल व्यवस्थापन आयोजना अन्तर्गतः** काठमाडौं, ललितपुर, कीर्तिपुर, भक्तपुर तथा ठिमीमा १.१७ कि.मी. ढल निर्माण कार्य सम्पन्न भएको।
- **नेपाल खानेपानी संस्थान अन्तर्गतः** बुटवल शाखा अन्तर्गत झुम्सा खोलामा बाँध निर्माण भएको। नेपालगञ्ज शाखा अन्तर्गत रासि नदीमा सम्पवेल निर्माण भएको।

## ७. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु तर्फ** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०००११३ | खानेपानी मन्त्रालय | १००५०३ | ६३०३९ | ६२.७२ |
| ३१३००१०१३ | मेलम्ची खानेपानी आयोजना | ७७८८५ | ६३७६१ | ८१.८७ |
| ३१३०१०११३ | खानेपानी विभाग | ६५०३६ | ४९७१७ | ७६.४५ |
| ३१३०१०१२३ | जनसाधन विकास कार्यक्रम | ३६३२१ | २४३९५ | ६७.१६ |
| ३१३०१०१३३ | सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू | २९१७७५ | २१९९३५ | ७५.३८ |
| ३१३०११०१३ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | १८४६९ | ३३४५ | १८.११ |
| ३१३०११०२३ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | १६०० | १२७३ | ७९.५८ |
| ३१३०११०३३ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | १३१८४ | ८६९१ | ६५.९२ |
| ३१३०११०५३ | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना | ४१४८० | ३४१०६ | ८२.२२ |
| ३१३०११०६३ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | १५०५१ | १०५७४ | ७०.२५ |
| ३१३०११०७३ | खानेपानी तथा सरसफाई सह-लगानी कार्यक्रम | ४०८८४ | ३१०२९ | ७५.८९ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०११०८३ | सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | १४५४०० | ९१४७३ | ६२.९१ |
| ३१३०१११३३ | केन्द्रीय खानेपानी आयोजना | ८५०० | ५७७५ | ६७.९५ |
| ३१३०१११४३ | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना | ८८०० | ४४९६ | ५१.०९ |
| ३१३०१११५३ | कोभिड-१९ रेस्पोन्स आयोजना | ११३०० | ३४१९ | ३०.२६ |
| ३१३०१११७३ | खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्धन कार्यक्रम | ५०० | ४४० | ८८.०९ |
| ३१३५१०११३ | ग्रामीण खानेपानी तथा सरसफाइ कोष | ३९९०० | ३६७६१ | ९२.१३ |
| | जम्मा | ९१६५८८ | ६५२२३० | ७१.१६ |

**पुँजीगत तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०००११४ | खानेपानी मन्त्रालय | ३०८०० | २९४५५ | ९५.६३ |
| ३१३००१०१४ | मेलम्ची खानेपानी आयोजना | २४७०६०० | ८०९१०१ | ३२.७५ |
| ३१३००१०२४ | काठमाडौं उपत्यका थोक खानेपानी प्रशारण आयोजना (दोश्रो) | ४०२७०० | ११८५३० | २९.४३ |
| ३१३०१०११४ | खानेपानी विभाग | १६४३०० | २८०५६ | १७.०८ |
| ३१३०१०१२४ | जनसाधन विकास कार्यक्रम | १२६०० | ५१३९ | ४०.७८ |
| ३१३०१०१३४ | सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू | ३२८०० | २८१७९ | ८५.९१ |
| ३१३०११०१४ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | २१३०० | १४५२ | ६.८२ |
| ३१३०११०२४ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | ५४५४६७९ | ३५११३१६ | ६४.३७ |
| ३१३०११०३४ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | ४६२७८६ | २१२३४६ | ४५.८८ |
| ३१३०११०५४ | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना | ३२०७४०० | २५९३८०२ | ८०.८७ |
| ३१३०११०६४ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | १५७७९२३ | ७६१०७४ | ४८.२३ |
| ३१३०११०७४ | खानेपानी तथा सरसफाई सह-लगानी कार्यक्रम | २२६३९०० | १२०४८६७ | ५३.२२ |
| ३१३०११०८४ | सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | ४४२०७०० | २४३२१०७ | ५५.०२ |
| ३१३०१११३४ | केन्द्रीय खानेपानी आयोजना | २३१७७०० | १५७८१०३ | ६८.०९ |
| ३१३०१११४४ | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना | ७३८१२ | ७१५८ | ९.७० |
| ३१३०१११५४ | कोभिड-१९ रेस्पोन्स आयोजना | १०४९०० | १४५९६ | १३.९१ |
| ३१३०१११६४ | दिगो सरसफाइ आयोजना | १७८८०० | ० | ०.०० |
| ३१३०१११७४ | खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्धन कार्यक्रम | २०००० | ३३१३ | १६.५६ |
| ३१३५१०११४ | ग्रामीण खानेपानी तथा सरसफाइ कोष | ९७००० | ८५९७३ | ८८.६३ |
| | जम्मा | २३३१४७०० | १३४२४५६६ | ५७.५८ |

## ८. आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेट तथा २०७९ चैत मसान्तसम्मको खर्चको विवरणः

**चालु तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०००११३ | खानेपानी मन्त्रालय | ९४८०० | ५११०८ | ५३.९१ |
| ३१३००१०१३ | मेलम्ची खानेपानी आयोजना | ७७८०० | ४७१०७ | ६०.५५ |
| ३१३०१०११३ | खानेपानी विभाग | ६९३०० | ३९७४४ | ५७.३५ |
| ३१३०१०१२३ | जनसाधन विकास कार्यक्रम | ३४४०० | १२५६८ | ३६.५३ |
| ३१३०१०१३३ | सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू | २७४८०० | १६७९७९ | ६१.१३ |
| ३१३०११०१३ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | ६१७०० | २६९१ | ४.३६ |
| ३१३०११०२३ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | ३१०० | ६९१ | २२.२८ |
| ३१३०११०३३ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | १४७०० | ६११२ | ४१.५७ |
| ३१३०११०५३ | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना | ३९७४४ | २६७८५ | ६७.३९ |
| ३१३०११०६३ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | २२१०६ | १२४६१ | ५६.३७ |
| ३१३०११०७३ | खानेपानी तथा सरसफाई सह-लगानी कार्यक्रम | ४१००० | २७६७१ | ६७.४९ |
| ३१३०११०८३ | सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | १४५२०० | ७०२६५ | ४८.३९ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०१११३३ | केन्द्रीय खानेपानी आयोजना | १२१५६ | ५५६९ | ४५.८२ |
| ३१३०१११४३ | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना | १०४६० | ५२३९ | ५०.०९ |
| ३१३०१११५३ | कोभिड-१९ रेस्पोन्स आयोजना | ७२०० | ३६३१ | ५०.४३ |
| ३१३०१११७३ | खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्धन कार्यक्रम | २१०६८ | ३२३० | १५.३३ |
| ३१३५१०११३ | ग्रामीण खानेपानी तथा सरसफाइ कोष | १२८०० | १००८६ | ७८.७९ |
| | **जम्मा** | **९४२३३५** | **४९२९३५** | **५२.३१** |

**पुँजीगत तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०००११४ | खानेपानी मन्त्रालय | ४८०० | १८१९ | ३७.९० |
| ३१३००१०१४ | मेलम्ची खानेपानी आयोजना | ७२९९०० | २२३५०२ | ३०.६२ |
| ३१३००१०२४ | काठमाडौं उपत्यका थोक खानेपानी प्रशारण आयोजना (दोश्रो) | १६९५००० | २४५९२ | १.४५ |
| ३१३०१०११४ | खानेपानी विभाग | १३४००० | १२५३३ | ९.३५ |
| ३१३०१०१२४ | जनसाधन विकास कार्यक्रम | १०७०० | १२० | १.१२ |
| ३१३०१०१३४ | सङ्घीय खानेपानी तथा ढल ब्यवस्थापन आयोजनाहरू | ३२००० | ११२३८ | ३५.१२ |
| ३१३०११०१४ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | ६००० | ० | ०.०० |
| ३१३०११०२४ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | २३७९४७१ | ३७१८४५ | १५.६३ |
| ३१३०११०३४ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | ६६४३०० | १७११६० | २५.७७ |
| ३१३०११०५४ | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना | ३५०६१०० | १४३२०८७ | ४०.८५ |
| ३१३०११०६४ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | १९५७५०० | ४५६५०७ | २३.३२ |
| ३१३०११०७४ | खानेपानी तथा सरसफाई सह-लगानी कार्यक्रम | २२०८८०० | ७१८८६५ | ३२.५५ |
| ३१३०११०८४ | सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | ४०००७०० | १४६०४१९ | ३६.५० |
| ३१३०१११३४ | केन्द्रीय खानेपानी आयोजना | २८०४७०० | १३२१९४६ | ४७.१३ |
| ३१३०१११४४ | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना | २५०००० | ४४७११ | १७.८८ |
| ३१३०१११५४ | कोभिड-१९ रेस्पोन्स आयोजना | २५०००० | १३१७१४ | ५२.६९ |
| ३१३०१११६४ | दिगो सरसफाइ आयोजना | ३००००० | ८५२७ | २.८४ |
| ३१३०१११७४ | खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्धन कार्यक्रम | ३९६८०० | ० | ०.०० |
| | **जम्मा** | **२१३३०७७१** | **६३९१५८४** | **२९.९६** |

# गृह मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

नेपालमा २००७ सालको राजनैतिक परिवर्तन पश्चात देशको आन्तरिक कार्यको व्यवस्थापन हेर्ने गरी गृह मन्त्रालयको स्थापना भयो। विक्रम सम्वत् २०१७ सालमा पञ्चायती व्यवस्थाको स्थापनापछि गृह मन्त्रालयको नाम परिवर्तन गरी गृह पञ्चायत मन्त्रालय बनाइयो। विक्रम सम्वत् २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरी अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीको व्यवस्था भयो। स्थानीय प्रशासन ऐन, २०२८ लागू भएपछि अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार कानुनी रूपमा व्यवस्थित गरियो। विक्रम सम्वत् २०३७ सालमा गृह मन्त्रालयबाट पञ्चायत सम्बन्धी काम छुट्याई सो सम्बन्धी काम हेर्ने छुट्टै स्थानीय विकास मन्त्रालयको गठन भएपछि गृह मन्त्रालयको मुख्य कार्यभार शान्ति सुव्यवस्था र स्थानीय प्रशासन रहन गयो।

"मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गर्नु" गृह प्रशासनको मुख्य उद्देश्य हो। गृह प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न गृह मन्त्रालय मातहत नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, कारागार व्यवस्थापन विभाग, अध्यागमन विभाग, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग र कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग रहेका छन्। स्थानीय स्तरमा ७७ वटै जिल्लामा जिल्ला प्रशासन कार्यालय, ७३ इलाका प्रशासन कार्यालय तथा ७ वटा सीमा प्रशासन कार्यालय क्रियाशिल रहेका छन्।

### १.२ दीर्घकालीन सोचः

नेपालको प्रचलित संविधान तथा कानुनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्ने गरी कार्य गर्नु ।

### १.३ उद्देश्यः

शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह मन्त्रालयको मूलभूत उद्देश्य रहेको। यसका अतिरिक्त गृह मन्त्रालय र अन्तर्गतका निकायहरूको समग्रमा देहायानुसारको उद्देश्यहरू रहेका छन :

- सङ्घ, प्रदेश र स्थानीय तहमा रहने सबै सुरक्षा निकाय बीच शान्ति सुरक्षाका विषयमा सहयोग र समन्वय सुदृढ गर्दै विश्वसनीय र भरपर्दो सुरक्षा प्रणाली विकास गर्नु,
- सामाजिक विकृति, द्वन्द्व, अपराध र हिंसा नियन्त्रण गर्दै दिगो शान्ति प्रवर्द्धन गर्नु,
- शान्तिमैत्री विकास प्रणाली तथा संवेदनशील विकास प्रक्रियालाई अवलम्बन गर्दै सामाजिक-आर्थिक विकासका क्षेत्रगत विषयमा शान्ति सुरक्षाको विषयलाई आन्तरिकीकरण गर्नु,
- सबै सुरक्षा निकायलाई समयानुकूल चुस्त, दक्ष, व्यावसायिक र साधन-स्रोत सञ्चालन तुल्याउनु,
- अन्तर्राष्ट्रिय सीमाना र सीमा नाकाको सुरक्षा व्यवस्था र अध्यागमन प्रणालीलाई सुदृढीकरण गर्नु,
- विद्युतीय माध्यममा आधारित व्यक्तिगत घटना दर्ता र नागरिकको सबै प्रकारका सूचना र विवरण सहितको एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास गरी राज्यबाट प्रवाह हुने सेवासुविधालाई समेत एकीकृत सूचना प्रणालीमा आबद्ध गर्नु,
- सामाजिक सुरक्षा भत्ता वितरणलाई बैंकिङ्ग प्रणालीमा आबद्ध गरी एकीकृत सामाजिक लगत स्थापित गर्नु,

- सबै सुरक्षा निकायको व्यावसायिक क्षमता अभिवृद्धि गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शान्ति स्थापनामा योगदान पुर्‍याउनु,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् उत्थानमैत्री शासन पद्धतिको सुदृढीकरण गर्नु,
- तीन तहमा बहुप्रकोप जोखिम नक्साङ्कन/सूचनामा आधारित विपद् जोखिम पूर्वानुमान, पूर्वतयारी, प्रतिकार्य र पुनःलाभ सम्बन्धी क्षमता विकाससँगै विपद् जोखिम संवेदनशील योजना तथा पूर्वाधार निर्माण प्रक्रिया सुनिश्चित गर्नु,
- विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि सार्वजनिक, निजी तथा सामुदायिक लगानी वृद्धि गरी समुदाय स्तरदेखि नै उत्थानशील क्षमता अभिवृद्धि गर्नु,
- विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि बृहत् सहभागिता सुनिश्चित गरी सचेतना अभिवृद्धि गर्दै विपद् पश्चातको पुनःलाभ, पुनःस्थापना, पुनःनिर्माण र नवनिर्माणका कार्यलाई सबल र उत्थानशील बनाउनु,
- अभियुक्तरूलाई कानुन बमोजिम थुनामा राख्ने र छिटो एवम् उचित न्यायमा सबै बन्दीको पहुँचलाई सुनिश्चित बनाउने,
- अन्तर्राष्ट्रिय रूपमा स्वीकृत मापदण्डअनुसार सुरक्षित र मानवोचित वातावरणमा राखेर अपराधीहरूलाई आफ्नो सुधार र पुनःस्थापना गर्नको निम्ति सहयोग प्रदान गरी सार्वजनिक हित र सुरक्षाको प्रवर्द्धन गर्ने र बन्दीहरूको सामाजिक एकीकरणको प्रक्रियालाई सहज बनाउने,
- फौजदारी कसूरबाट प्राप्त सम्पत्ति तथा कसूरसँग सम्बन्धित साधन रोक्का राख्ने, नियन्त्रणमा लिने र जफत गर्ने।

## १.४ रणनीतिः

- राष्ट्रिय सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति, रणनीति र कानुन अनुसार सङ्गठनात्मक पक्षमा समसामयिक सुधार गरी राष्ट्रिय सुरक्षा व्यवस्थालाई सुदृढ बनाउने,
- कानुनको परिपालना, सामाजिक न्याय र द्वन्द्व व्यवस्थापन मार्फत दिगो शान्ति प्रवर्द्धन गर्ने,
- विकासका सवै आयामहरूमा सुरक्षा चासोलाई आन्तरिकीकरण गर्ने,
- शान्ति सुरक्षा, अपराध अनुसन्धान र नियन्त्रणका लागि आधुनिक प्रविधिको प्रयोग तथा गुप्तचर सुरक्षा सूचना प्रणालीको (Security Intelligence) संस्थागत एवम् प्राविधिक सुदृढीकरण गर्ने,
- विकासका सवै आयाममा सुरक्षा चासोलाई सम्बोधन गर्दै सुरक्षा निकायको कार्यक्षमता अभिवृद्धि गर्ने,
- नागरिक-मैत्री सुरक्षा व्यवस्था सुदृढ गर्ने तथा नागरिक र सुरक्षा अङ्गबीचको सम्बन्धलाई सुदृढ बनाउने,
- सबै सुरक्षा निकायलाई समयानुकूल दक्ष, आधुनिक, व्यावसायिक तथा साधन-स्रोत सम्पन्न बनाई सबै किसिमका सुरक्षा चुनौतीलाई सामना गर्न सक्षम बनाउने,
- सीमा सुरक्षा र अध्यागमन प्रणालीलाई द्विपक्षीय एवम् बहुपक्षीय कूटनीतिक पहल तथा संस्थागत सुदृढिकरणका आधारमा व्यवस्थित र सुदृढ गर्ने,
- कारागार सम्बन्धी न्यूनतम मापदण्ड समयसापेक्ष रूपमा परिमार्जन गरी प्रविधिमैत्री सेवा सुविधा सहितको सुधार गृहको रूपमामा विकास गर्ने,
- सरकारी निकाय लगायत अन्य निकायहरूबाट सञ्चालित सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमहरूको एकीकृत सामाजिक सुरक्षा लगत तयार गर्ने,
- बहुपयोगी तथा प्रविधियुक्त एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास गरी सबै नागरिकको विवरण र राज्यबाट प्रदान गरिने सेवा सुविधा समेतको अभिलेख एकीकृत रूपमा क्रमशः आवद्ध गर्दै लैजाने,

- व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई प्रविधिमा आधारित आधुनिक प्रणालीमा पूर्णरूपमा रूपान्तरण गरी आन्तरिक रूपमा सुधार गर्ने,
- सुरक्षा निकायको व्यावसायिक क्षमता अभिवृद्धि गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा शान्ति स्थापना कार्यमा योगदान पुऱ्याउने,
- विपद् जोखिम न्यूनीकरण मैत्री शासन पद्धति सुदृढ बनाउन आवश्यक नीतिगत, संस्थागत र कार्यपद्धतिमा सुधार गर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तहका विषयगत विकास प्रक्रियाहरूमा जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने र विपद् जोखिम न्यूनीकरण एवम् उत्थानशीलता अभिवृद्धि गर्न सार्वजनिक तथा निजी लगानी, साझेदारी र सहकार्य अभिवृद्धि गर्ने,
- समुदायदेखि राष्ट्रियस्तरसम्म बहुप्रकोप जोखिम आङ्कलन/नक्शाङ्कनमा आधारित पूर्वतयारी, प्रतिकार्य, पुनःलाभसम्बन्धी क्षमता विकास र पर्याप्त साधन स्रोतको व्यवस्थापन गर्ने,
- विपद् जोखिमको पूर्वानुमान, अनुगमन, पूर्वतयारी र प्रभावकारी प्रतिकार्य गर्न आवश्यक पूर्वाधार, जनशक्ति, क्षमता र प्रविधिको विकास र सुदृढीकरण गर्ने,
- प्राकृतिक स्रोतबाट प्राप्त आयलाई समुदायको विपद् जोखिम व्यवस्थापनमा न्यायोचित रूपमा उपयोग गर्ने।

## २. जनशक्ति विवरणः

| सि.नं. | निकाय | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| १. | गृह मन्त्रालय | २२१ | २२१ | ० |
| २. | जिल्ला/इलाका/सीमा प्रशासन कार्यालयहरू | ४२४९ | ३६३६ | ६१३ |
| ३. | अध्यागमन विभाग | ५५ | ५४ | १ |
| ४. | अध्यागमन कार्यालयहरूतर्फ | २८६ | २७० | १६ |
| ५. | राष्ट्रिय परिचय तथा पञ्जीकरण विभाग | ११४९ | ८१० | २९९ |
| ६. | नेपाल प्रहरी | ७९५४१ | ७८०५७ | १४८४ |
| ७. | सशस्त्र प्रहरी बल | ३७०५५ | ३५६४१ | १४१४ |
| ८. | राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | ३८ | २३ | १५ |
| ९. | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना | २०३६ | २०१४ | २२ |
| १०. | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | २८ | २३ | ५ |

## ३. आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको बुँदाहरूको २०७९ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १८६ | विपन्न, जेष्ठ नागरिक, एकल महिला र सीमान्तकृत वर्ग तथा समुदाय लक्षित सामाजिक सुरक्षाका कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरिएको। राजनीतिक परिवर्तनको आन्दोलनमा बलिदान गर्ने परिवारको लागि प्रदान हुँदै आएको जीवन वृत्ति रकमलाई निरन्तरता दिइएको। राजनीतिक | • द्वन्द्वपिडीत १८ वर्षमुनिका ३४ जना बालबालिकाहरू लगायत १ हजार ७७ जनालाई १२ करोड १६ लाख ५९ हजार राहत रकम वितरण गरिएको।<br>• घाइते तथा अपाङ्गता भएका व्यक्तिहरूको "घाइते/अपाङ्गता प्रतिशत अनुमोदन केन्द्रिय समिति" बाट ७४ जनाको परीक्षण/पुन:परीक्षण गरी अपाङ्गता प्रतिशत निर्धारण अनुमोदन गरी नियमानुसारको |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | परिवर्तनको क्रममा घाईते योद्धाहरूको जीवन निर्वाह भत्तालाई निरन्तरता दिइएको। | मासिक जीवन निर्वाह भत्ता उपलब्ध गराइएको। |
| १८७ | सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत हाल ७० वर्षमाथिको उमेर समूहमा ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिएकोमा आगामी आर्थिक वर्षदेखि यसको दायरा बढाई ६८ वर्ष माथिका जेष्ठ नागरिकलाई समेत सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था मिलाइएको। सामाजिक सुरक्षा भत्ता नलिन स्वःघोषणा गर्ने लाभग्राहीहरूलाई सरकारद्वारा सम्मान गरिने। | • चालु आर्थिक वर्षदेखि जेष्ठ नागरिकको दायरा बढाई ६८ वर्ष कायम गरिँदा १ लाख ९६ हजार थप भई कुल १५ लाख ७८ हजार ८१२ जना लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको। |
| १८८ | सामाजिक संरक्षण र सुरक्षा कार्यक्रमलाई यथार्थपरक र वस्तुनिष्ठ रूपमा एकद्वार प्रणाली मार्फत् सञ्चालन गर्न सामाजिक-आर्थिक सूचना सहितको एकीकृत लगत राख्ने व्यवस्था मिलाइने। | • व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन सूचना प्रणाली (VERSP MIS) र कम्प्यूटरीकृत सरकारी लेखा प्रणाली (CGAS) बीच सेवा आवद्ध गर्ने सम्बन्धमा ५० वटा स्थानीय तहमा नमूना परीक्षण गर्न स्वीकृति भएको।<br>• सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैंकसँग सम्झौता भएका ७५३ स्थानीय तहमा बैङ्किङ् प्रणाली मार्फत वितरण भइरहेको। |
| १९१ | जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका नागरिक, दलित जेष्ठ नागरिक, लोपोन्मुख आदिवासी जनजाती, मानव विकास सूचकाङ्क न्यून भएका २५ जिल्लाका ५ वर्षसम्मका बालबालिका, दलित बालबालिका लगायतलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ता र औषधि उपचार तथा आर्थिक सहायता समेतको लागि बजेट विनियोजन गरिएको। | • जेष्ठ नागरिक दलित तथा क्षेत्र तोकिएको (६० बर्ष) १ लाख ६९ हजार ४४१ जना, जेष्ठ नागरिक एकल महिला (६० बर्ष) २ लाख १२ हजार ३९९ जना, बिधवा महिला ३ लाख ६३ हजार १०९ जना, पुर्ण अपाङ्गता भएका ६४ हजार ५९८ जना, अति अशक्त अपाङ्गता भएका १ लाख ३५ हजार ३५ जना, लोपोन्मुख जनजाती २२ हजार २६९ जना, दलित वालवालिका ३ लाख ६० हजार ९३३ जना, क्षेत्र तोकिएका वालवालिका ७ लाख ७७ हजार ६२ जना लाभग्राहीलाई बैकिङ्ग प्रणाली मार्फत भत्ता उपलब्ध गराइएको। |
| ३१३ | विपद् जोखिम न्यूनीकरण गर्न वहुप्रकोपीय पूर्व चेतावनी राष्ट्रिय प्रणाली स्थापना तथा बहुप्रकोपीय जोखिम आँकलन प्रणाली स्थापना गरिने। विपद्का घटनाहरूबाट प्रभावित जनसङ्ख्याको तथ्याङ्क आधार निर्माण गरी राहत र पुनरूत्थानका कार्यक्रमहरू सञ्चालन गरिने। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | • मनसून पूर्व तयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०७९ जारी भएको।<br>• विपद्सम्बन्धी घटनाहरूको दैनिक जाहेरी सङ्कलन गरी DRR Portal मार्फत त्यसको अद्यावधिक तथा सम्प्रेषण गरिएको। साथै, मनसुन घटनासहितको प्रतिवेदन, २०७९ Portal मार्फत सार्वजनिक गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | प्राधिकरणको लागि बजेट विनियोजन गरिएको। | • जुम्ला, हुम्ला, मुगु, कालिकोट र दार्चुला जिल्लाका विपद् प्रभावित स्थानीय तहका भौगोलिक क्षेत्र एवम् सप्तकोशी नदीमा आएको बाढीबाट क्षति भएका भौगोलिक क्षेत्रलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको।<br>• विपद् व्यवस्थापन अनुदान रकम १७५ जना लाभग्राहीलाई वितरण गरिएको। |
| ३१४ | विपद् प्रभावितको उद्धार र राहतलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापनमा संलग्न निकायहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक स्रोत व्यवस्थापन गरेको। विपद् पूर्वतयारी, खोज, उद्धार, राहत र पुनःस्थापनामा स्थानीय समुदायको सहभागितामा अभिवृद्धि गर्न सङ्घ, प्रदेश र स्थानीयस्तरमा स्वयंसेवक परिचालन गरिने। | • विपद् प्रतिकार्य तथा तालिम केन्द्र स्थापनाको लागि अध्ययन कार्यदल गठन भएको।<br>• स्वयं सेवक ब्यूरो अन्तर्गत नेपाल भरी १ लाख भन्दा बढी स्वयं सेवकहरू दर्ता भएको।<br>• विभिन्न विपद् र दुर्घटनामा परी घाइते भएका विकट क्षेत्रका ३० जनालाई उद्धार गरिएको।<br>• वन डढेलो नियन्त्रणसँग सम्बन्धित उपकरण खरिद गरी डढेलोको उच्च जोखिममा रहेका जिल्लाहरूका डिभिजन वन कार्यालय र जिल्ला प्रशासन कार्यालयहरूलाई हस्तान्तरण गरिएको।<br>• कास्की, रूपमान्देही, मनाङ्ग, नवलपरासी सुस्ता पूर्व, डोटी, प्युठान र रूकुम पूर्वमा आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरिएको।<br>• धनगढी, नेपालगञ्ज, विरगञ्ज, भैरहवा, सुर्खेत, बर्दिबास, बसन्तपुर, खोड्पे तथा जुम्ला लगायत ११ रणनीतिक स्थानमा मानवीय सहायतास्थल सञ्चालन गरिएको।<br>• डोटी, कालिकोट, जुम्ला, मुगु, अछाम जिल्लाहरूमा पुनःनिर्माण तथा पुनःस्थापना तालिम सम्पन्न भएको। |
| ३१५ | विपद् उद्धार कार्यलाई थप प्रभावकारी बनाउन पूर्वमा सप्तरी र पश्चिममा कैलाली जिल्लामा सशस्त्र प्रहरी बल मातहत विपद् उद्धार तालिम शिक्षालय स्थापना गर्न आवश्यक रकम विनियोजन गरिएको। | • शिक्षालयहरूको भौतिक संरचना निर्माण कार्यको हालसम्म भौतिक प्रगति २५ प्रतिशत र वित्तीय प्रगति १६ प्रतिशत भएको। |
| ३५१ | शान्ति सुरक्षा र कानुनी शासनको प्रत्याभूति गरी मानव अधिकारको संरक्षण गरिने। आवश्यक स्रोत साधन उपलब्ध गराई सुरक्षा निकायको संस्थागत क्षमता | • नेपाल प्रहरीतर्फ क्रमागततर्फ ३४ वटा भवन मध्ये १६ वटा सम्पन्न भएको। सशस्त्र बल नेपाल अन्तर्गत २५ वटा भौतिक संरचनाको निर्माण कार्य भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | विकास गरिने। अन्तराष्ट्रिय सिमा सुरक्षालाई प्रभावकारी बनाइने। आधुनिक प्रविधिको प्रयोग गरी सिमा क्षेत्रमा हुने अपराध र अवैध कारोबार नियन्त्रण गरिने। | • जिल्ला प्रहरी कार्यालय सुनसरी र डोटीमा अन्तरवार्ता कक्षमा Video Recording प्रविधि जडान गरिएको।<br>• Digital Forensic Lab को स्तरवृद्धिको लागि उपकरण खरिद गरिएको।<br>• अपराध अनुसन्धान गर्ने इकाइहरूको लागि SOCO kit box ३० सेट, CFD विस्तारको लागि उपकरण खरिद गरिएको। |
| ३५२ | साइबर अपराध नियन्त्रण गर्न कानुनी व्यवस्थामा समयानुकुल सुधार तथा सस्थागत सुधार गरिने। यस्ता अपराध नियन्त्रणमा संलग्न हुने जनशक्तिको क्षमता विकास गरी अनुसन्धान र विश्लेषणलाई प्रभावकारी बनाउन आवश्यक उपकरणका लागि बजेट व्यवस्था गरिएको। | • संस्थागत क्षमता विकास गर्नको लागि विनियोजित बजेटबाट विभिन्न आवश्यक सामाग्रीहरू खरिद गरिएको। |
| ३५३ | अध्यागमन सेवालाई अत्याधुनिक एवम् डिजिटाइज गरी अन्तर्राष्टिय स्तरको बनाइने छ। सिमा नाकामा रहेका अध्यागमन कार्यालयहरूको भौतिक पूर्वाधार सुधार गरिने। नेपाल भित्रिने विदेशी नागरिकको बायोमेट्रिक विवरण सहितको अभिलेख विद्युतीय प्रणालीमा अद्यावधिक गर्ने र यात्रुको विवरण अग्रिम रूपमा प्राप्त हुने सूचना प्रणाली विकास गरी प्रयोगमा ल्याइने। | • अध्यागमन विभागबाट जारी हुने सबै प्रकारको हस्तलिखित भिसाको सट्टा QR code सहितको System generated visa लागु भएको।<br>• सबै अध्यागमन विन्दु (पशुपतिनगर र हिल्सा बाहेक)बाट आगमन र प्रस्थान हुने यात्रुहरूको जैविक विवरण लिने व्यवस्था मिलाइएको।<br>• अध्यागमन विभागको कैदी थुनुवा कक्षमा सि.सि.टि.भी. जडान गरिएको।<br>• अध्यागमन सूचना प्रणाली नेपाली पोर्ट लागु भई कार्यान्वयनमा रहेका।<br>• एकीकृत अनुगमन कार्यढाँचा कार्यान्वयनमा आएको। |
| ३५४ | दुई वर्ष भित्र सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराइने। आगामी आर्थिक वर्ष भित्र थप २० लाख नागरिकहरूलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराइने। वैयक्तिक सूचना प्रणालीलाई भरपर्दो र व्यवस्थित बनाउन व्यक्तिगत घटना दर्तालाई विद्युतीय प्रणालीमा आवद्ध गरी सबै वडासम्म विस्तार गरिने। | **राष्ट्रिय परिचयपत्रतर्फः**<br>• १ लाख ४२ हजार २३९ कार्ड वितरण भएको।<br>• सङ्कलन अभियान ४९ जिल्लामा सम्पन्न भई १ करोड १८ लाख ७१ हजार ७४३ नागरिकको विवरण सङ्कलन भएको, हाल १३ जिल्लामा अभियान सञ्चालनमा रहेको।<br>**व्यक्तिगत घटना दर्तातर्फः**<br>• ६ हजार ५८१ वडाहरू अनलाइन प्रणालीमा गइसकेका, ४८ लाख ५८ हजार ४५७ घटनाहरू दर्ता भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३५५ | निर्माणाधीन केन्द्रीय कारागार नुवाकोट, क्षेत्रीय कारागार बाँके, मोरङ्ग, पाँचथर लगायत दशवटा कारागार भवनहरूको निर्माण गर्न र पुराना कारागार भवनहरूको मर्मत सुधार गर्न बजेट बिनियोजन गरेको। खुला कारागार नीति कार्यान्वयन गर्न आवश्यक व्यवस्था गरिने। कारागारमा रहेको श्रम शक्तिलाई उत्पादन मुलक क्षेत्रमा प्रयोग गर्न आवश्यक व्यवस्था मिलाइने। कैदीबन्दीहरूको स्वास्थ्य उपचारलाई थप व्यवस्थित गर्न स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गरिने। | • यस अवधिसम्ममा ७ हजार कैदीवन्दीहरू मुडा बनाउने, टोपि बनाउने, गलैंचा बुन्ने, पोते उन्ने जस्ता लगायतका सीपमूलक रोजगारीमा संलग्न रहेको।<br>• कैदीबन्दीहरूको स्वास्थ्य बिमाका लागि स्वास्थ्य बीमा बोर्डबाट कारागारमा रहेका कैदीबन्दीको नाम अध्यावधिक भइरहेको। |

## ४. आर्थिक वर्ष २०७८/७९ मा र २०७९/८० को चैत मसान्तसम्म तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरूः

| क्र.सं. | नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन |
|---|---|---|
| १ | सामाजिक सुरक्षा ऐन, २०७५ | तेस्रो संशोधन |
| २ | विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| ३ | कारागार ऐन, २०७९ | नयाँ तर्जुमा |
| ४ | कारागार (पन्ध्रौ संशोधन) नियमावली, २०७९ | संशोधन |
| ५ | सामाजिक सुरक्षा नियमावली, २०७५ | तेस्रो संशोधन |
| ६ | सशस्त्र प्रहरी (दोश्रो संशोधन) नियमावली, २०७९ | संशोधन |
| ७ | हातहतियार खरखजाना दशौं संशोधन नियमावली, २०७८ | संशोधन |
| ८ | हातहतियार खरखजाना (एघारौं संशोधन) नियमावली, २०७९ | संशोधन |
| ९ | फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७९ | नयाँ तर्जुमा |
| १० | सामाजिक सुरक्षा (दोस्रो संशोधन) नियमावली, २०७९ | संशोधन |
| ११ | कारागार (पन्ध्रौ संशोधन) नियमावली, २०७९ | संशोधन |
| १२ | राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली मार्फत सुरक्षित तवरले नागरिकको विवरण प्रमाणीकरण एवम अन्तर प्रणाली आवद्धता सम्वन्धी कार्यविधि,२०७९ | नयाँ तर्जूमा |
| १३ | आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनःस्थापना अनुदान वितरण कार्यविधि, २०७८ | संशोधन |
| १४ | स्वयंसेवक व्युरो गठन तथा परिचालन कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| १५ | स्वयंसेवक व्युरो गठन तथा परिचालन कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| १६ | आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनःस्थापना अनुदान वितरण कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| १७ | विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| १८ | नेपाल प्रहरी प्रधान कार्यालय श्रव्य दृश्य शाखाबाट निर्माण हुने प्रहरी कार्यक्रम सम्बन्धी कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| १९ | वीरता सम्मान एवम् कर्तव्यनिष्ठा राहत कार्यक्रम सम्बन्धी कार्यविधि २०७९ | नयाँ तर्जुमा |

| क्र.सं. | नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन |
|---|---|---|
| २० | सीमा क्षेत्रको स्ट्रिप नक्सा प्रयोग तथा सीमा अभिलेख शाखा सञ्चालन सम्बन्धी कार्यविधि २०७९ | नयाँ तर्जुमा |
| २१ | सशस्त्र प्रहरी बल, नेपालमा निर्माण तथा जग्गा खरीद/प्राप्ति सम्बन्धी कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| २२ | सीमा क्षेत्रमा जडित क्लोज सर्किट क्यामेरा (सि.सि. क्यामेरा) सञ्चालन व्यवस्थापन तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| २३ | सशस्त्र प्रहरी बल, नेपालमा मेश सञ्चालन सम्बन्धी निर्देशिका (संशोधित), २०७९ | संशोधन |
| २४ | सशस्त्र प्रहरी बलमा UN FPU मिशन छनौट (दोस्रो संशोधन) निर्देशिका, २०७३ | संशोधन |
| २५ | सुरक्षा बेश अदली बदली निर्देशिका, २०७९ (संशोधन) | संशोधन |
| २६ | सीमा स्तम्भको मर्मत सम्भार र पुनर्स्थापना सम्बन्धी कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| २७ | विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ | संशोधन |
| २८ | मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनस्थापना अनुदान कार्यविधि, २०७७ र आगलागिजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८ संशोधन | संशोधन |
| २९ | सशस्त्र द्वन्द्वका अयोग्य लडाकुलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| ३० | प्रमुख जिल्ला अधिकारीको पदस्थापन वा सरूवा गर्ने वा कामकाज खटाउने सम्बन्धी कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| ३१ | सशस्त्र प्रहरी बलमा UN FPU मिशन छनौट (पहिलो संशोधन) निर्देशिका, २०७९ | संशोधन |
| ३२ | सशस्त्र प्रहरी बलमा UN FPU मिशन छनौट (दोश्रो संशोधन) निर्देशिका, २०७९ | संशोधन |
| ३३ | ए.पि.एफ. कमाण्ड तथा स्टाफ तालिमको प्रवेश परीक्षा सम्बन्धी कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| ३४ | सशस्त्र प्रहरी बल, नेपाल पुरस्कार तथा सम्मान कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| ३५ | पहिचान नभएका तथा वेवारिसे शव व्यवस्थापन निर्देशिका, २०७८ | संशोधन |
| ३६ | विपद् जोखिमका लागि वित्तीय व्यवस्थापन राष्ट्रिय रणनीति, २०७८ | नयाँ तर्जुमा |
| ३७ | मनसुन पूर्वतयारी र प्रतिकार्य राष्ट्रिय कार्ययोजना,२०७८ खण्ड २ | संशोधन |
| ३८ | एपिएफ कमाण्ड तथा स्टाफ कलेजको विधान, २०७९ | नयाँ तर्जुमा |
| ३९ | शीतलहर राहत मापदण्ड, २०६९ | नयाँ तर्जुमा |
| ४० | सिनियर प्रहरी अधिकृतको सरूवा सम्बन्धि मापदण्ड, २०७९ | नयाँ तर्जुमा |
| ४१ | नेपाल प्रहरीको तालिम सञ्चालन कार्यदिश, २०७९ | नयाँ तर्जुमा |
| ४२ | प्रहरी कर्मचारी (सादा पोशाक) परिचालन कार्यनिर्देशन, २०७९ | नयाँ तर्जुमा |
| ४३ | प्रहरी कर्मचारीलाई अध्ययन बिदामा पठाउने सम्बन्धी कार्य आदेश, २०७९ | नयाँ तर्जुमा |
| ४४ | वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम र क्रियाकलापहरू समावेश गर्ने सम्बन्धी मार्गदर्शन, २०७९ | नयाँ तर्जुमा |

## ५. आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्म सम्पादन भएका कार्यहरूः

### शान्ति सुरक्षा स्थापनातर्फ

- विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ को पूर्ण कार्यान्वयन गरिएको। (बहालवाला तथा पूर्व विशिष्ट पदाधिकारीहरूको सुरक्षामा खटिएका ३१६ जना सुरक्षाकर्मी फिर्ता भएको) ।
- नेपाल सरकार (मन्त्रिपरिषद्) बाट विभिन्न मितिमा शहीद घोषणा भई नेपाल राजपत्रमा प्रकाशन हुन बाँकी रहेका ८ हजार ४७१ जना शहीदको नामावली नेपाल राजपत्रमा प्रकाशन भएको।

### स्थानीय प्रशासन तथा समन्वयतर्फ

- प्रजातन्त्र दिवस, २०७९ को उपलक्ष्यमा ३८१ जना कैदी बन्दीहरूको बाँकी कैद सजाय र १४ जना व्यक्तिहरूको सजाय माफी भएको।

### नेपाल प्रहरी तथा सशस्त्र प्रहरीतर्फ

- अपराध नियन्त्रण कार्ययोजनाको प्रभावकारी कार्यन्वयन गर्न विधिविज्ञान प्रयोगशालाको तथा Digital Forensic Lab को स्तरवृद्धिको लागि आवश्यक उपकरणहरू खरिद गरिएको, ७१ जना प्रहरी कर्मचारीहरूलाई Technical Investigation & CDR Analysis तालिम प्रदान गरिएको र २५ जना प्रहरी कर्मचारीहरूलाई आकृतिकार आधारभूत तालिम सञ्चालन भएको।
- राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानबाट २५ समूहमा जम्मा २३ हजार १३६ जना कर्मचारीहरूलाई तालिम प्रदान गरिएको।
- समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत २१ हजार ४७८ वटा कार्यक्रम सम्पन्न भएको यसबाट १० लाख ३९ हजार ९५८ जना लाभान्वित भएको।
- २३ हजार १३६ जना प्रहरी कर्मचारीहरूलाई आधारभूत/उन्नत तालिम प्रदान गरिएको।
- ७ हजार ४८२ जनालाई विभिन्न पेशागत तथा उन्नत तालिम दिइएको तथा १ हजार १९८ जनालाई विभिन्न पेशागत तथा उन्नत तालिम तथा १७८ जनालाई आधारभूत तालिम सञ्चालन भएको।
- विपद् व्यवस्थापन आधारभुत तालिम ६१ जना प्रहरी कर्मचारीहरूलाई तालिम प्रदान गरिएको।

### कारागार व्यवस्थापन तर्फ

- Prisoners Management Information System र माफीमिनाहासम्बन्धी नयाँ सफ्टवेर निर्माण गरी कार्यान्वयनमा ल्याइएको।
- नख्खु, भीमफेदी र नवलपरासी कारागारमा ३ पटक विपश्यना ध्यान योग शिविर सञ्चालन गरिएको।
- ४५० जना कैदीबन्दीहरूलाई ध्यान योग अभ्यास गराइएको।
- २० वटा कारागार कार्यालयहरूको २ हजार २०० कैदीबन्दीहरूलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध भएको।

### सेवा प्रवाह तथा सुशासन प्रवर्द्धन

- २३ जिल्ला प्रशासन कार्यालयमा टोकन प्रणाली लागु भएको।
- गृह मन्त्रालय र अन्तर्गतका जिल्ला, ईलाका र सिमा प्रशासन कार्यालयहरूमा इन्ट्रानेट लिज लाइन मार्फत आफ्नै ICT Network को स्थापना गरी सञ्चालनमा ल्याइएको।
- टोल फ्रि नम्बर १ हजार ११२ लाई थप ४ लाइन जडान र गुनासो पोर्टल सञ्चालनमा ल्याइएको। मन्त्रालयमा हालसम्म प्राप्त ५७६ मध्ये ३५१ गुनासो फछ्र्यौट भएको।
- मिटर व्याजी सम्बन्धि विभिन्न ३६ जिल्लामा परेको जम्मा ३ हजार २२१ उजुरी मध्ये २३५ उजुरी जिल्ला प्रशासन कार्यालयहरूबाट समाधान भएको।
- २४९ वटा लागू औषध उपचार तथा पुनस्थापना केन्द्रलाई आवद्धता प्रदान गरिएको।

**कसूरजन्य सम्पत्ति व्यवस्थापनतर्फ**

- १५ जिल्लामा कसूरजन्य सम्पत्ति तथा साधनको निरीक्षण भएको।
- सूर्य विनायक नगरपालिका (साविक कटुञ्जे गाउँ विकास समिति वडा नं. २-क) मा रहेको ४ रोपनी १ आना ३ पैसा क्षेत्रफल भएको जग्गा कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको नाममा प्राप्त भएको।
- हाल सम्म कसूरजन्य सम्पत्ति व्यवस्थापन कोषमा नगद रू.२ करोड ३६ लाख ३० हजार २२६.५८ जम्मा भएको।

**प्रहरी किताबखाना (राष्ट्रिय)**

- ५ लाखको सङ्ख्यामा रहेको सम्पत्ति विवरणको व्यवस्थापन गरिएको।
- PPIS सफ्टवेयर रहेको सर्भर कोठा लगायतको सुरक्षाको लागि सिसिटिभी जडान गरिएको।

**६. आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः**

- Citizenship Information Management System (CIMS) मार्फत ७७ जिल्ला प्रशासन कार्यालय, ७० इलाका प्रशासन कार्यालय, ३ सीमा प्रशासन कार्यालयबाट नागरिकता परिचयपत्र वितरणको व्यवस्था मिलाइएको।
- राष्ट्रिय परिचयपत्रको लागि ८० लाख ७५ हजार ४६ जना नागरिकको विवरण सङ्कलन भएको।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिक १३ लाख २२ हजार ३१५, जेष्ठ नागरिक दलित र क्षेत्र तोकिएको ६० वर्ष उमेर पुगेका २ लाख १२ हजार ९१४ जना, जेष्ठ नागरिक एकल महिला ६० बर्ष पुगेका २ लाख ७६ हजार ४९३ जना र विधवा ३ लाख ६० हजार ५०२ जना गरी ३६ लाख २ हजार ७०५ जना रहेको।
- व्यक्तिगत घटना दर्तातर्फ २०७९ असार मसान्तसम्म ६ हजार २०२ वडा कार्यालयहरूबाट १९ लाख ७० हजार ८८७ जन्म, ४ लाख ९७ हजार १४५ मृत्यु, ७ लाख ९२ हजार ३६३ विवाह, २७ हजार ३२५ सम्बन्ध विच्छेद र ४ लाख ३३ हजार ४३४ बसाईँसराइ अनलाईन प्रणाली मार्फत दर्ता भएको।
- मन्त्रालय र अन्तर्गतको निकायको कुल बेरूजु रू.१ अर्ब १३ करोड ९९ लाख २ हजार रहेकोमा रू. ४८ करोड ९० लाख ८५ हजार अर्थात ४२.९१ प्रतिशत फछ्र्यौट भएको।
- गृह मन्त्रालय र अन्तर्गतका विभिन्न निकाय/पदाधिकारीहरूको विरूद्ध परेका कुल ७१३ उजुरीहरू मध्ये ८४.९% फछ्र्यौट भएको।
- आर्थिक वर्ष २०७९/८० को लागि गृहसचिव र प्रमुख जिल्ला अधिकारीबीच हुने कार्यसम्पादन सम्झौता परिमार्जन कार्यदलको प्रतिवेदन, २०७९ स्वीकृत गरी स्वचालित रूपमा कार्यसम्पादन मूल्याङ्कन हुने प्रणाली (CDO Performance Appraisal System (CPAS) को विकास गरिएको।
- कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको सङ्गठन संरचना स्वीकृत भएको।
- राष्ट्रिय विपद् व्यवस्थापन कोषबाट धनगढी, नेपालगञ्ज, वीरगञ्ज र सुर्खेतमा अवस्थित मानवीय सहायतास्थल, बर्दिबास, बसन्तपुर, धनकुटामा घुम्ती मानवीय सहायतास्थल सञ्चालनमा रहेका र खोड्पेमा घुम्ती मानवीय सहायतास्थल निर्माण सम्पन्न भएको तथा ७७ वटै जिल्लामा रहेका दमकल तथा एम्बुलेन्सहरूको विवरण, चालकको सम्पर्क नम्बर सहितको विवरण DRR Portal मार्फत् सार्वजनिक गरिएको।
- कार्य सञ्चालन अनुमति १६, ड्रोन उडान अनुमति ७, सेक्युरिटी क्लियरन्स ६, यात्रा अनुमतिपत्र ७६ (१८ भुटानी र ५८ तिब्बतीयन), वाकीटकी अनुमति ३१ गरिएको।
- अफगानिस्तानबाट ८८९ जना नेपाली नागरिकको उद्धार गरी नेपाल ल्याइएको।
- निषेधित क्षेत्रमा हेलिकप्टर उडान अनुमति ४३२ पटक, निषेधित क्षेत्रमा निःशुल्क पदयात्रा अनुमति २७ पटक तथा ३ हजार १५३ विदेशी नागरिकहरूलाई कार्य सहमति प्रदान गरिएको।

- सिन्धुपाल्चोक र धनुषा जिल्लामा विपद् प्रभावितहरूका लागि मनोसामाजिक परामर्श तालिम कार्यक्रमहरू सञ्चालन गरिएको।
- अध्यागमन विभागबाट इ-भिसा लागू गर्न QR Code सहितको System Generated Visa प्रणालीमा परिवर्तन गरिएको।
- हज अभिलेख व्यवस्थापन प्रणाली (Hajj Document Management System) निर्माण गरी सञ्चालनमा आएको सन् २०२२ मा नेपालबाट ५५७ जना हज यात्रुहरू सहभागी भएको।

## ७. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११३ | गृह मन्त्रालय | १५५३९०९ | १५१९३९९ | ९७.७८ |
| ३१४००१०१३ | राहत तथा पुर्नस्थापना कार्यक्रम | ४५०० | २४५५ | ५४.५६ |
| ३१४००१०२३ | लागू औषध नियन्त्रण कार्यक्रम | ७५०० | ६४९५ | ८६.५९ |
| ३१४००१०३३ | राष्टिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | ९६११५८ | ८८४२२८ | ९२.०० |
| ३१४०१०११३ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | २१४२३४६ | १५३४३०७ | ७१.६२ |
| ३१४०१०१२३ | सामाजिक सुरक्षा तथा संरक्षण | ९८०२४६२५ | ९५९७९५६९ | ९७.९१ |
| ३१४०२०११३ | कारागार व्यवस्थापन विभाग | २७४६७ | १९०८५ | ६९.४८ |
| ३१४०२०१२३ | कारागार कार्यालयहरू | २०३९३४७ | १८४१३१९ | ९०.२९ |
| ३१४०३०११३ | अध्यागमन विभाग | ५९४२५ | ५५३९८ | ९३.२२ |
| ३१४०३०१२३ | अध्यागमन कार्यालयहरू | २०१४४६ | १८२०३९ | ९०.३७ |
| ३१४०४०११३ | प्रहरी प्रधान कार्यालय | ४४२५९०४ | ४३३२१०० | ९७.८८ |
| ३१४०४०१२३ | उपत्यका प्रहरी कार्यालय | ६४८९६१२ | ६४४९४३३ | ९९.३८ |
| ३१४०४०१३३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ७१२०२६ | ६८६४२० | ९६.४० |
| ३१४०४०१४३ | प्रदेश प्रहरी कार्यालयहरू | ७१४०२४४ | ७०७८६५९ | ९९.१४ |
| ३१४०४०१५३ | नेपाल प्रहरी अस्पताल | ६३०९६५ | ५९६८७४ | ९४.६० |
| ३१४०४०१६३ | जिल्ला प्रहरी कार्यालयहरू | २९८३१४१६ | २९५८४०६५ | ९९.१७ |
| ३१४०४१०३३ | अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ९६०० | ८७२६ | ९०.८९ |
| ३१४०५०११३ | सशस्त्र प्रहरी बल | १४०६८२५ | १३७५३२९ | ९७.७६ |
| ३१४०५०१३३ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | १८०१६४९० | १७८८७००४ | ९९.२८ |
| ३१४०५०१४३ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | १३२७३१६ | १३०५८०४ | ९८.३८ |
| ३१४०५०१५३ | नेपाल ए.पी.एफ अस्पताल | ३६०६१९ | ३५१६०१ | ९७.५० |
| ३१४०६०११३ | प्रहरी किताबखाना | २०१३२ | १९६३० | ९७.५० |
| ३१४९१०११३ | समरजंग कम्पनी कार्यालय | १४१०० | ८८२६ | ६२.५९ |
| ३१४९२०११३ | जिल्ला प्रशासन कार्यालयहरू | १६९५२४८ | १४९८५२० | ८८.४० |
| ३१४९२०१२३ | सीमा प्रशासन कार्यालयहरू | २७३०८ | १८७४९ | ६८.६६ |
| ३१४९२०१३३ | इलाका प्रशासन कार्यालयहरू | ३८९१७९ | ३१९२९८ | ८२.०४ |
| ३१४९३०११३ | जुद्ध वारूणयन्त्र कार्यालय | १५६०० | १४१५८ | ९०.७५ |
| | **जम्मा** | **१७७५३४३०८** | **१७३५५९४८६** | **९७.७६** |

**पुँजीगत तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११४ | गृह मन्त्रालय | ११६००० | ६४१४२ | ५५.२९ |
| ३१४००१०२४ | लागू औषध नियन्त्रण कार्यक्रम | १०० | ९९ | ९९.४४ |
| ३१४००१०३४ | राष्टिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | २४११४०० | ७४७०८७ | ३०.९८ |
| ३१४०१०११४ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | ५७९१०० | ३००५७९ | ५१.९० |
| ३१४०२०११४ | कारागार व्यवस्थापन विभाग | ६३०१७९ | ४३१५८३ | ६८.४९ |
| ३१४०२०१२४ | कारागार कार्यालयहरू | १५९०४३ | १३४०६८ | ८४.३० |
| ३१४०३०११४ | अध्यागमन विभाग | ११४११७ | ५८८५५ | ५१.५७ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०३०१२४ | अध्यागमन कार्यालयहरू | १३४०० | १२५३० | ९३.५१ |
| ३१४०४०११४ | प्रहरी प्रधान कार्यालय | ९२८०६८ | ८२६९४५ | ८९.१० |
| ३१४०४०१२४ | उपत्यका प्रहरी कार्यालय | ८२०२४७ | ८०९३८१ | ९८.६८ |
| ३१४०४०१३४ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ५७१५०० | ५६४५३१ | ९८.७८ |
| ३१४०४०१४४ | प्रदेश प्रहरी कार्यालयहरू | १५६९२३ | १५१८२६ | ९६.७५ |
| ३१४०४०१५४ | नेपाल  प्रहरी अस्पताल | २५१३१३ | २४७७४७ | ९८.५८ |
| ३१४०४०१६४ | जिल्ला प्रहरी कार्यालयहरू | ९६३८९९ | ९०८९३५ | ९४.३० |
| ३१४०४१०३४ | अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ७२७०० | ७२१३८ | ९९.२३ |
| ३१४०५०११४ | सशस्त्र प्रहरी बल | १०९३१५४ | १०९२४९७ | ९९.९४ |
| ३१४०५०१३४ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | ७६८४२४ | ७२५३९१ | ९४.४० |
| ३१४०५०१४४ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | ६३१७२ | ६३०३८ | ९९.७९ |
| ३१४०५०१५४ | नेपाल ए.पी.एफ अस्पताल | ११३५२५ | १०३६९३ | ९१.३४ |
| ३१४०६०११४ | प्रहरी किताबखाना | २४०० | २३९४ | ९९.७५ |
| ३१४९१०११४ | समरजंग कम्पनी कार्यालय | १०० | ९५ | ९४.९८ |
| ३१४९२०११४ | जिल्ला प्रशासन कार्यालयहरू | १५७२१२३ | १४७०७२२ | ९३.५५ |
| ३१४९२०१२४ | सीमा प्रशासन कार्यालयहरू | ७०० | ६६४ | ९४.९२ |
| ३१४९२०१३४ | इलाका प्रशासन कार्यालयहरू | १८२३५० | १३५९२५ | ७४.५४ |
| ३१४९३०११४ | जुद्ध वारूणयन्त्र कार्यालय | १०० | १०० | ९९.५० |
| | जम्मा | ११५८४०३६ | ८९२४९६६ | ७७.०५ |

८. आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेट तथा २०७९ चैत मसान्तसम्मको खर्चको विवरणः
चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११३ | गृह मन्त्रालय | ४९९७५९ | ३५८५३५ | ७१.७४ |
| ३१४००१०१३ | राहत तथा पुर्नस्थापना कार्यक्रम | ४७३६८ | ५२९ | १.१२ |
| ३१४००१०२३ | लागू औषध नियन्त्रण कार्यक्रम | ६५०० | ७७८ | ११.९७ |
| ३१४००१०३३ | राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | ४२५८९७ | ९६७६२ | २२.७२ |
| ३१४०१०११३ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | १८७१९०० | १४०५७९६ | ७५.१० |
| ३१४०१०१२३ | सामाजिक सुरक्षा तथा संरक्षण | १०५७०५००० | ७०३४९९३४ | ६६.५५ |
| ३१४०२०११३ | कारागार व्यवस्थापन विभाग | २७९०० | १४९१४ | ५३.४६ |
| ३१४०२०१२३ | कारागार कार्यालयहरू | २०४९८३९ | १३८२२२५ | ६७.४३ |
| ३१४०३०११३ | अध्यागमन विभाग | ५९२०० | ४३५७० | ७३.६० |
| ३१४०३०१२३ | अध्यागमन कार्यालयहरू | २१०७९० | १५४६७६ | ७३.३८ |
| ३१४०४०११३ | प्रहरी प्रधान कार्यालय | ४८४२७४१ | ३७४२४३० | ७७.२८ |
| ३१४०४०१२३ | उपत्यका प्रहरी कार्यालय | ६२७६७३५ | ५४४४४०३ | ८६.७४ |
| ३१४०४०१३३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ७७०२८४ | ५८७३५३ | ७६.२५ |
| ३१४०४०१४३ | प्रदेश प्रहरी कार्यालयहरू | ७१३४८३१ | ५९८६४६५ | ८३.९० |
| ३१४०४०१५३ | नेपाल  प्रहरी अस्पताल | ६२३४१५ | ४७८३९० | ७६.७४ |
| ३१४०४०१६३ | जिल्ला प्रहरी कार्यालयहरू | ३१०५७०९४ | २७११३३८१ | ८७.३० |
| ३१४०४१०३३ | अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ९६०० | ५९८६ | ६२.३५ |
| ३१४०५०११३ | सशस्त्र प्रहरी बल | १४७४०४० | ८२६७८४ | ५६.०९ |
| ३१४०५०१३३ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | १७८२९२९६ | १५५६०६८९ | ८७.२८ |
| ३१४०५०१४३ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | १३४५०७८ | ११२०११६ | ८३.२८ |
| ३१४०५०१५३ | नेपाल ए.पी.एफ अस्पताल | ३२७३१० | २५११४८ | ७६.७३ |
| ३१४०६०११३ | प्रहरी किताबखाना | २५००० | १४९६५ | ५९.८६ |
| ३१४०७०११३ | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | २९१०० | १५५४९ | ५३.४३ |
| ३१४९१०११३ | समरजंग कम्पनी कार्यालय | १४२०० | ६४७३ | ४५.५८ |
| ३१४९२०११३ | जिल्ला प्रशासन कार्यालयहरू | १७११०२७ | १२५९२११ | ७३.५९ |
| ३१४९२०१२३ | सीमा प्रशासन कार्यालयहरू | २८००० | १५७०३ | ५६.०८ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४९२०१३३ | इलाका प्रशासन कार्यालयहरू | ३८९३५३ | २५२७५५ | ६४.९२ |
| ३१४९३०११३ | जुद्ध वारूणयन्त्र कार्यालय | १५८०० | ११४४३ | ७२.४३ |
| | **जम्मा** | **१८४८०७०५६** | **१३६५००९६४** | **७३.८६** |

## पुँजीगत तर्फ

(रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११४ | गृह मन्त्रालय | २९४६०० | ८३१४६ | २८.२२ |
| ३१४००१०२४ | लागू औषध नियन्त्रण कार्यक्रम | १००० | ० | ०.०० |
| ३१४००१०३४ | राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | ११९४९०० | ९६९२० | ८.११ |
| ३१४०१०११४ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | ३६८८०० | १९७३९४ | ५३.५२ |
| ३१४०२०११४ | कारागार व्यवस्थापन विभाग | २६४७२६ | ११२४९२ | ४२.४९ |
| ३१४०२०१२४ | कारागार कार्यालयहरू | ११८६७४ | २८८२१ | २४.२९ |
| ३१४०३०११४ | अध्यागमन विभाग | १२८१०० | २६१४६ | २०.४१ |
| ३१४०३०१२४ | अध्यागमन कार्यालयहरू | १०५०० | १६८२ | १६.०२ |
| ३१४०४०११४ | प्रहरी प्रधान कार्यालय | १७५०९५० | ९४७३०० | ५४.१० |
| ३१४०४०१२४ | उपत्यका प्रहरी कार्यालय | ४५३५४७ | २०३८०७ | ४४.९४ |
| ३१४०४०१३४ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | २९००७५० | ५२८८३५ | १८.२३ |
| ३१४०४०१४४ | प्रदेश प्रहरी कार्यालयहरू | २०५६०३ | १२२२५७ | ५९.४६ |
| ३१४०४०१५४ | नेपाल प्रहरी अस्पताल | ५४१६०० | २५१२६ | ४.६४ |
| ३१४०४०१६४ | जिल्ला प्रहरी कार्यालयहरू | ९२०४५० | ४६६२८८ | ५०.६६ |
| ३१४०४१०३४ | अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ७२७०० | ५०९९७ | ७०.१५ |
| ३१४०५०११४ | सशस्त्र प्रहरी बल | ४५४०८३ | ३२२४०३ | ७१.०० |
| ३१४०५०१३४ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | ६७०१०० | २७३२३२ | ४०.७७ |
| ३१४०५०१४४ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | १६८८०० | ४४०६५ | २६.११ |
| ३१४०५०१५४ | नेपाल ए.पी.एफ अस्पताल | १२१७०० | २६२१२ | २१.५४ |
| ३१४०६०११४ | प्रहरी किताबखाना | ३७०० | २८५२ | ७७.०९ |
| ३१४०७०११४ | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | ४९०० | २४३६ | ४९.७१ |
| ३१४९१०११४ | समरजंग कम्पनी कार्यालय | १०० | ० | ०.०० |
| ३१४९२०११४ | जिल्ला प्रशासन कार्यालयहरू | ४६१५५६ | २८१९३४ | ६१.०८ |
| ३१४९२०१२४ | सीमा प्रशासन कार्यालयहरू | ७०० | १३६ | १९.३९ |
| ३१४९२०१३४ | इलाका प्रशासन कार्यालयहरू | २१५२४४ | १३८४१९ | ६४.३१ |
| ३१४९३०११४ | जुद्ध वारूणयन्त्र कार्यालय | १०० | ८० | ८०.०० |
| | **जम्मा** | **११३२७८८३** | **३९८२९८१** | **३५.१६** |

# परराष्ट्र मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

परराष्ट्र मन्त्रालयले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय सुरक्षा र एकतालाई अक्षुण्ण राख्दै सबल, समुन्नत, शान्तिपूर्ण र प्रतिष्ठित राष्ट्र निर्माण गर्ने दूरदृष्टि सहित स्वतन्त्र र सन्तुलित परराष्ट्र नीतिको सञ्चालनबाट सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानमा आधारित बाह्य सम्बन्ध सुदृढ गर्दै समग्र राष्ट्रिय हितको जगेर्ना, सम्वर्द्धन र प्रवर्द्धन गर्ने लक्ष्य सहित द्विपक्षीय, क्षेत्रीय एवम् बहुपक्षीय कूटनीति, विधिमा आधारित विश्व व्यवस्था एवम् क्षेत्रीय सहयोग प्रवर्द्धन, आर्थिक कूटनीति, प्राकृतिक तथा कानूनी व्यक्तिको हकहितको संरक्षण जस्ता विषयहरूलाई प्राथमिकतामा राखी कूटनीति सञ्चालन गर्दै आएको छ। सक्रिय एवम् प्रभावकारी कूटनीतिको सञ्चालनद्वारा अनुकुल अन्तर्राष्ट्रिय परिस्थिति निर्माण गर्ने, अधिकतम सद्भाव/सहयोग प्राप्त गर्ने, अन्तर्राष्ट्रिय समुदायमा मुलुकको छवि र भूमिकालाई प्रभावकारी बनाउने तर्फ परराष्ट्र नीति परिलक्षित रही सोही अनुरूपका क्रियाकलापहरू परराष्ट्र मन्त्रालयले सञ्चालन गर्दै आएको छ। नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालनका लागि केन्द्रीय निकायको रूपमा परराष्ट्र मन्त्रालय र यसको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा रही विदेशस्थित नेपाली (३० वटा राजदूतावास, ३ वटा स्थायी नियोग, ७ वटा महावाणिज्यदूतावास र ५७ जना अवैतनिक महावाणिज्यदूत) कूटनीतिक नियोगहरूले नेपालको परराष्ट्र सम्बन्धको कार्यान्वयन गरिरहेको र २०७९ चैत मसान्तसम्म विश्वका १७८ मुलुकहरूसँग नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएको छ।

### १.२ दीर्घकालीन सोचः

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय सुरक्षा र एकतालाई अक्षुण्ण राख्दै सबल, समुन्नत, शान्तिपूर्ण र प्रतिष्ठित राष्ट्र निर्माण।

### १.३ उद्देश्यः

राष्ट्रिय हित अनुकुल स्वतन्त्र, सन्तुलित र विश्वसनीय परराष्ट्र नीतिको सञ्चालनबाट सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानमा आधारित द्विपक्षीय सम्बन्ध विस्तार एवम् सुदृढ गर्ने, संयुक्त राष्ट्रसङ्घ र अन्य अन्तर्राष्ट्रिय/क्षेत्रीय सङ्गठन तथा मञ्चहरूमा नेपालको पहिचान र प्रतिनिधित्व अभिवृद्धि गरी राष्ट्रिय हितको प्रवर्द्धन गर्ने, आर्थिक कूटनीतिद्वारा मुलुकको सामाजिक-आर्थिक रूपान्तरणमा योगदान पुऱ्याउने तथा विदेशमा रहेका नेपालीहरूको अधिकार र हितको संरक्षण मार्फत् समृद्ध नेपाल निर्माणमा योगदान गर्ने।

### १.४ रणनीतिः

- अन्तर्राष्ट्रिय जगतमा नेपालको राष्ट्रिय हित, राष्ट्रिय छवि, राष्ट्रिय पहिचान र प्रतिष्ठाको प्रवर्द्धन गर्ने।
- छिमेकी मुलुकहरूको सम्बन्धलाई संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशीलका सिद्धान्त तथा असल छिमेकीपनका मान्यताका आधारमा स्वतन्त्र र सन्तुलित ढङ्गबाट सञ्चालन गर्ने।
- राष्ट्रिय हित अनुकुल हुने गरी विद्यमान सन्धि, सम्झौता र समझदारीको विश्लेषण गरी पुनरावलोकन गर्ने।
- संयुक्त राष्ट्रसङ्घ लगायतका अन्य बहुपक्षीय मञ्चमा साना जोखिममा परेका, अतिकम विकसित र भूपरिवेष्टित राष्ट्रहरू तथा पर्वतीय मुलुकहरूको हक, हित रक्षाको लागि पैरवी एवम् सहकार्य गर्दै प्रभावकारी भूमिका निर्वाह गर्ने।

- आर्थिक कूटनीतिलाई समग्र कूटनीतिको एक महत्त्वपूर्ण आयामको रूपमा सञ्चालन गरी नेपालको आर्थिक विकास, व्यापार प्रवर्द्धन, पर्यटन विकास तथा लगानी प्रवर्द्धन गर्ने गरी विदेशस्थित नेपाली नियोग एवम् अवैतनिक महावाणिज्यदूतहरूलाई परिचालन गर्ने।
- आप्रवासी कामदारको हक, हित र सुरक्षा सुनिश्चित गर्दै वैदेशिक रोजगारीलाई पारदर्शी, मर्यादित र सुरक्षित बनाउन गन्तव्य मुलुक तथा सम्बद्ध निकायसँग सहकार्य गर्ने।
- परिवर्तित परिवेश अनुरूप राष्ट्रिय हितको सम्वर्द्धनका लागि प्रभावकारी ढङ्गले कार्यसम्पादन गर्नसक्ने प्रतिस्पर्धी, व्यवसायिक र सक्षम जनशक्तिको विकास गर्ने।

## २. जनशक्ति विवरणः

| क.सं. | सङ्गठनको नाम | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त/ फाजिल |
|---|---|---|---|---|
| १. | राष्ट्रपतिको कार्यालय | २ | १ | १ |
| २. | प्रधानमन्त्री तथा म. प.को कार्यालय | १ | १ | ० |
| ३. | परराष्ट्र मन्त्रालय | १५० | १३० | २० |
| ४. | राहदानी विभाग | ४९ | ४३ | ६ |
| ५. | प्रदेश प्रमुखको कार्यालय | ७ | १ | ६ |
| ६. | कन्सुलर सेवा विभाग | २० | १९ | १ |
| ७. | सम्पर्क कार्यालय बीरगञ्ज | ३ | १ | २ |
| ८. | विदेशस्थित नेपाली कूटनैतिक नियोगहरू | १७६ | १७६ | ० |

## ३. आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७९ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३५७ | सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानमा आधारित स्वतन्त्र, सन्तुलित र पञ्चशीलको सिद्धान्तको आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन गरिने। | • राष्ट्रिय हितका विषयहरू र अन्तर्राष्ट्रिय सम्बन्धका सिद्धान्तहरू अनुकुल अन्तर्राष्ट्रिय मञ्चहरूमा आफ्नो मत/अभिमत प्रकट गरेको।<br>• नेपालको राष्ट्रिय हित प्रवर्द्धन गर्न उच्चस्तरमा भ्रमण, भौतिक तथा भर्चुअल बैठकहरू, भेटवार्ता/वार्ता सम्पन्न गरिएको। |
| ३५८ | नेपालको आर्थिक कूटनीतिलाई वैदेशिक लगानी, निर्यात व्यापार, पर्यटन प्रवर्द्धन, विकास सहायता परिचालन, प्रविधि हस्तान्तरण जस्ता क्षेत्रमा प्रभावकारी र उद्देश्यमूलक ढङ्गले परिचालन गरिने। बदलिँदो परिवेश र कार्यबोझ विश्लेषण गरी आवश्यकता र औचित्यको आधारमा विदेशमा रहेका नियोगहरूको सङ्ख्या पुनरावलोकन गरिने। नेपाली नियोगको भौतिक उपस्थिति नरहेको स्थानमा भर्चुअल दूतावासको अवधारणा अन्तर्गत सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने। | • विदेस्थित नेपाली नियोगहरूलाई आर्थिक कूटनीतिलाई उच्च प्राथमिकतामा राखी कार्य सञ्चालन गर्ने व्यवस्था मिलाइएको। यस वर्ष बर्लिन, पेरिस र लण्डनको नेपाली राजदूतावासहरूको आर्थिक कूटनीतिक कार्यक्रमहरूको अनुगमन गरिएको।<br>• पर्यटन प्रवर्द्धन, निर्यात तथा लगानी प्रवर्द्धन, श्रमिक सचेतना र सांस्कृतिक कार्यक्रम सहितको राष्ट्रिय दिवस जस्ता कार्यक्रमहरू सम्पन्न गरिएको।<br>• विदेशस्थित नेपाली नियोगहरूद्वारा २९ वटा राष्ट्रिय दिवस, ५४ वटा पर्यटन प्रवर्द्धन, ४१ वटा वैदेशिक लगानी, २६ वटा वैदेशिक व्यापार, २३ वटा विप्रेषण सचेतना, १३४ वटा श्रमिक सचेतना तथा अन्य १६ वटा गरी आर्थिक कूटनीतिसम्बन्धी जम्मा ३२३ वटा कार्यक्रमहरू सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३५९ | विद्युतीय राहदानी सहज र सरल तवरले उपलब्ध गराउन राहदानी विभाग, जिल्ला प्रशासन कार्यालयहरू र विदेशस्थित नेपाली नियोगहरूमा स्रोतको प्रबन्ध गरिएको। कन्सुलर सेवा प्रवाह थप सहज, सरल र प्रभावकारी बनाइने। | • चैत मसान्तसम्ममा १० लाख ४९ हजार ८५६ विद्युतीय राहदानी जारी भएको।<br>• राहदानी सेवालाई थप प्रभावकारी बनाउन राहदानी विभाग, ७७ जिल्ला प्रशासन कार्यालयहरू, १७ ईलाका प्रशासन कार्यालय र ३८ वटा विदेशस्थित नेपाली नियोगहरूबाट मासिक राहदानी आवेदन फारामको कोटा बढाइएको।<br>• कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको सम्पूर्ण जिल्ला तथा ईलाका प्रशासन कार्यालयहरूका राहदानी सेवा प्रवाहमा संलग्न कर्मचारीहरूलाई विद्युतीय राहदानी सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।<br>• कन्सुलर सेवाको अनलाईन प्रणालीको Online login विभिन्न ४१ जिल्लाका जिल्ला प्रशासन कार्यालय तथा ११५ स्थानीय तहहरूलाई प्रदान गरी प्रमाणीकरण भएका सम्पूर्ण कागजातहरू सम्बन्धित निकाय वा व्यक्तिले कन्सुलर प्रमाणीकरण नम्बर र मितिका आधारमा हेर्न सकिने व्यवस्था मिलाइएको।<br>• राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, नेपाल प्रहरी, अध्यागमन विभाग लगायतका निकायहरू सञ्चालन अन्तरआबद्धता (API) गरिएको।<br>• विदेशमा मृत्यु भएका नेपालीहरूको शव झिकाउने, क्षतिपूर्ति रकम लिन सहयोग गर्ने, अप्ठ्यारोमा परेका नेपालीहरूलाई उद्धार तथा कानुनी परामर्श प्रदान गर्ने गरिएको। |

## ४. आर्थिक वर्ष २०७८/७९ मा र २०७९/८० को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानुन/ कार्यविधि/निर्देशिका/ मापदण्डहरूः

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १. | विद्युतीय राहदानीसम्बन्धी कार्यविधि, २०७८ | नयाँ जारी भएको |
| २. | विद्युतीय राहदानीको कार्यान्वयनको लागि राहदानी नियमावली, २०७७ | पहिलो संशोधन भएको |
| ३. | विदेशस्थित नेपाली नियोगको आर्थिक कार्यविधि, २०७९ | नयाँ जारी गरिएको |

## ५. आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

**द्विपक्षीय भ्रमणको आदान प्रदानः**

- सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीले ८-१० नोभेम्वर २०२२ सम्म आइसल्याण्डमा सम्पन्न Reykjavik Global Forum-Women Leaders सहभागी हुनुभएको। उक्त कार्यक्रममा सम्माननीय राष्ट्रपतिलाई WPL Trailblazer Award प्रदान गरिएको।
- सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको निमन्त्रणामा जनवादी गणतन्त्र चीनका National People's Congress का Standing Committee का Chairman H.E. Mr. Li Zhanshu ले १२-१५ सेप्टेम्वर २०२२ मा नेपाल भ्रमण गर्नुभएको। उक्त अवसरमा दुई देशका संसदबीच आपसी सहकार्य र सहयोग र समन्वय गर्न MOU मा समेत हस्ताक्षर भएको।
- चीनका State Councilor तथा परराष्ट्रमन्त्री H.E. Mr. Wang Yi को निमन्त्रणामा माननीय परराष्ट्र मन्त्री डा. नारायण खड्काले ९-११ अगष्ट २०२२ सम्म चीन भ्रमण गर्नुभएको।

- माननीय परराष्ट्र मन्त्री डा. नारायण खड्का बेलायती महारानी Her Majesty Queen Elizabeth II को निधनमा १७-२१ सेप्टेम्वर २०२२ मा लण्डनमा आयोजना भएको State Funeral मा सहभागी हुनुभएको।
- २-७ फ्रेबुअरी २०२३ सम्म मित्र राष्ट्र श्रीलङ्काका विदेमन्त्रीको मैत्रीपूर्ण निमन्त्रणामा माननीय परराष्ट्र मन्त्री श्री विमला राई पौड्यालले श्रीलङ्काको ७५औं स्वतन्त्रता दिवसको ३-४ मार्च २०२३ मा आयोजित कार्यक्रममा सरिक हुनु भएको।
- ब्रिटिश रक्षा मन्त्री Dr. Andrew Morrison MP ले ०८ फ्रेबुअरी २०२३ मा नेपाल भ्रमण गर्नु भई उच्चतहमा भेटवार्ता भएको।
- अमेरिकी विदेश उप-राज्य मन्त्री भिक्टोरिया नुल्यान्दद्वारा २९ देखि ३० जनवरी २०२३ मा नेपाल भ्रमण गर्नुभएको।
- संयुक्त अधिराज्यको संसदीय अन्तर्राष्ट्रिय विकास समितिका सदस्यहरू सम्मिलित प्रतिनिधिमण्डलद्वारा १३ देखि १६ मार्च २०२३ मा नेपाल भ्रमण गरिएको।
- भारतका विदेश सचिव श्री विनय मोहन क्वात्राको निमन्त्रणामा परराष्ट्र सचिव श्री भरतराज पौड्यालले १३-१४ सेप्टेम्वर २०२२ मा भारत भ्रमण गर्नुभएको।
- परराष्ट्र सचिव श्री भरतराज पौड्यालको निमन्त्रणामा भारतका विदेश सचिव श्री विनय मोहन क्वात्राले १३-१४ फ्रेबुअरी २०२३ सम्म नेपालको भ्रमण गर्नुभएको।

**द्विपक्षीय सम्बन्धः**

- नेपाल तथा जनवादी गणतन्त्र चीन (People's Republic of China) बीच Nepal-China Coordination Mechanism on Border Trade and Cooperation को पहिलो बैठक २९ मार्च २०२३ मा ल्हासामा सम्पन्न भएको। कोभिड १९ महामारी शुरू भएपछि बन्द भएको केरूङ-रसुवा, पुलान-यारी, हिल्सा-पुराङ्ग तथा झाङमु-कोदारी सीमानाका द्विपक्षीय आयात निर्यातका लागि पुनःसञ्चालनमा आएको।
- सन् २००५ मा सम्झौता भएको तर हङकङ पक्षबाट कार्यान्वयनमा आइ नसकेको कूटनीतिक तथा सर्भिस/अफिसियल राहदानी बाहकले हङकङ यात्रा गर्दा भीसा छुटको सम्झौता कार्यान्वयनमा ल्याउन कूटनीतिक पहल गरी डिसेम्वर २०२२ बाट कार्यान्वयनमा आएको।
- फेब्रुअरी १६, २०२३ मा मलावीसँग कूटनीतिक सम्बन्ध स्थापना भएको। नेपालको कूटनीतिक सम्बन्ध कायम भएका मुलुकको सङ्ख्या १७८ पुगेको।
- मित्रराष्ट्र पाकिस्तानमा आएको बाढी पहिरोको समयमा नेपाल सरकारले विमान चार्टर गरी १३ सेप्टेम्बर २०२२ मा राहत सामाग्री उपलब्ध गराएको।
- ६ फेव्रुअरी २०२३ को विनासकारी भूकम्पबाट टर्कीमा आइपरेको मानवीय विपत्तिमा मानवीय सहायता स्वरूप नेपाल सरकारको तर्फबाट २१ टन बराबरको राहत प्रदान गरिएको राहत सामाग्रीहरू मानवीय सहायता स्वरूप प्रदान गरिएको।

**द्विपक्षीय परामर्श संयन्त्रका बैठकहरूः**

- नेपाल र मोरक्कोको परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्रको प्रथम बैठक मोरक्कोको राजधानी रावतमा २०-२१ जुलाई २०२२ मा सम्पन्न भएको।
- नेपाल र अष्ट्रेलियाबीचको द्विपक्षीय परामर्श संयन्त्रको दोश्रो बैठक ३० अगष्ट २०२२ मा सम्पन्न भएको।
- नेपाल-क्यानाडा द्विपक्षीय परामर्श संयन्त्रको तेस्रो बैठक १९ सेप्टेम्वर २०२२ मा क्यानडाको राजधानी ओटावामा सम्पन्न भएको।
- नेपाल र फ्रान्सबीचको द्विपक्षीय परामर्श संयन्त्रको तेस्रो बैठक १७ जनवरी २०२३ मा काठमाडौंमा सम्पन्न भएको।

- नेपाल र युरोपेली सङ्घबीच स्थापित Joint Commission को १४ औँ बैठक बेल्जियमको ब्रसेल्समा १ फेब्रुअरी २०२३ मा सम्पन्न भएको।
- नेपाल र बेल्जियमबीच स्थापित द्विपक्षीय परामर्श संयन्त्रको दोस्रो बैठक २ फेब्रुअरी २०२३ मा ब्रसेल्समा सम्पन्न भएको।
- नेपाल र चीनबीचको द्विपक्षीय कूटनीति संयन्त्रको १५ औ बैठक ७ अप्रिल २०२३ मा बेइजिङ्गमा सम्पन्न भएको। नेपालको तर्फवाट परराष्ट्र सचिवले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभएको उक्त बैठकमा नेपाल चीन सम्बन्धका समग्र आयामहरूमा छलफल भएको।
- नेपाल र गणतन्त्र कोरियाबीचको द्विपक्षीय परामर्श संयन्त्रको छैठौं बैठक १४ अप्रिल २०२३ मा सिउल, दक्षिण कोरियामा सम्पन्न भएको।

**क्षेत्रीय तथा बहुपक्षीय कूटनीतिः**

- १३ सेप्टेम्बर २०२२ देखि शुरू भएको संयुक्त राष्ट्रसङ्घको ७७औं महासभामा परराष्ट्र सचिव श्री भरतराज पौड्यालको नेतृत्वको प्रतिनिधिमण्डलले सहभागिता जनाएको।
- संयुक्त राष्ट्रसङ्घको ७७ औं महासभाको लागि नेपाल Vice-president पदमा निर्वाचित भएको।
- नेपालले अतिकम विकसित मुलुकहरूको Global Bureau of the Least Developed Countries को अध्यक्षता ०६ अप्रिल २०२३ मा ग्रहण गरेको।
- सन् २०२३ जनवरी १ देखि दुई वर्ष अवधिका लागि Peacebuilding Commission मा निर्वाचित भएको।
- ८ डिसेम्बर २०२२ मा इण्डोनेशियाको बालीमा आयोजना भएको Bali Democracy Forum को १५औं बैठकमा नेपालको सहभागिता भएको।
- अतिकम विकसित मुलुकहरूको ५ औं सम्मेलन ५-९ मार्च २०२३ मा कतारको दोहामा सम्पन्न भएको। उक्त सम्मेलनमा नेपालको तर्फवाट माननीय उप-प्रधानमन्त्री तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री श्री नारायणकाजी श्रेष्ठले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभएको।
- विमस्टेकको ०८ मार्च २०२३ मा २३ औं Senior Officials बैठक तथा ०९ मार्च २०२३ मा १९ औ मन्त्रीस्तरीय बैठक भर्चुअल रूपमा सम्पन्न भएका। उक्त दुवै बैठकमा नेपालको प्रतिनिधित्व परराष्ट्र सचिव श्री भरतराज पौड्यालले गर्नुभएको।
- विमस्टेक स्थापनाको २५औ वार्षिकोत्सवका अवसरमा १४ औ फ्रेबुअरी २०२३ मा भुटानको राजधानी थिम्पुमा "BIMSTEC Quiz Competition" सम्पन्न भएको। उक्त मैत्रीपूर्ण प्रतियोगितामा श्रीलङ्का प्रथम, नेपाल द्वितीय तथा भारत तेस्रो स्थान प्राप्त गर्न सफल भएका।
- सन् २०२४-२६ को लागि ECOSOC को सदस्यमा नेपालको उम्मेद्वारीलाई समर्थन जुटाउन निरन्तर कुटनैतिक पहल गरिएको।

**आर्थिक कूटनीतिः**

- २०७९ भाद्र २०-२१ गते संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, अध्यागमन विभाग र पर्यटन व्यवसायमा संलग्न निजी क्षेत्र/संस्थाका प्रतिनिधिको सहभागितामा विदेशस्थित ४० वटै नेपाली नियोगहरूमा पर्यटन प्रवर्द्धनसम्बन्धी छलफल तथा अन्तर्क्रिया भौतिक तथा भर्चुअल रूपमा सम्पन्न भएको।
- विदेशस्थित नेपाली नियोगहरूद्वारा २९ वटा राष्ट्रिय दिवस, ५४ वटा पर्यटन प्रवर्द्धन, ४१ वटा वैदेशिक लगानी, २६ वटा वैदेशिक व्यापार, २३ वटा विप्रेषण सचेतना, १३४ वटा श्रमिक सचेतना तथा अन्य १६ वटा गरी जम्मा ३२३ वटा आर्थिक कूटनीतिसम्बन्धी कार्यक्रमहरू सम्पन्न भएका।
- यस अवधिमा बर्लिन, पेरिस र लण्डनस्थित नेपाली राजदूतावासहरूद्वारा गत आ.व. मा संचालित आर्थिक कूटनीति कार्यक्रमहरूको अनुगमन कार्य सम्पन्न भएको।

**द्विपक्षीय समझदारी /सम्झौताहरू लगायतः**

- गणतन्त्र इटालीसँग Bilateral Consultation Mechanism स्थापना गर्ने MOU मा हस्ताक्षर सम्पन्न भएको।
- EPS प्रणाली अन्तर्गत कोरिया सरकारले लैजाने नेपाली कामदारहरूको सम्बन्धमा भएको Memorandum of Understanding (MOU) को नवीकरण।
- वैदेशिक रोजगार विभाग र कन्सुलर सेवा विभागबीच सुचना आदान-प्रदान तथा विदेशी रोजगारदाताहरूले Job Demand Paper अनलाइनबाट पेश गर्न सक्ने गरी कन्सुलर सेवा विभागको प्रणाली सञ्चालन तथा अन्तर आवद्वता कार्य गर्ने सम्झौता सम्पन्न भएको।
- नेपाल सरकारको परराष्ट्र मन्त्रालय र काठमाडौं स्थित जर्मन राजदूतावासबीच GOETHE-ZENTRUM KATHMANDU सञ्चालन सम्बन्धमा संशोधित समझदारीपत्रमा १० फेब्रुअरी २०२३ मा हस्ताक्षर भएको।
- नेपाल सरकार र बेलायत सरकारकाबीच बेलायतको स्वास्थ्य सेवामा नेपालबाट स्वास्थ्य जनशक्ति भर्ना गर्ने बारेको समझदारीपत्रमा २२ अगस्ट २०२२ मा हस्ताक्षर भएको।
- नेपाल र गणतन्त्र कजाखस्थानबीच कूटनीतिक/सरकारी/सर्भिस राहदानी वाहकलाई प्रवेशाज्ञा उन्मुक्ति दिने सम्बन्धी सम्झौता हस्ताक्षर गर्ने प्रयोजनका लागि नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृति भएको।

**पुरातात्विक महत्त्वका मूर्ति एवम् कलाकृतिहरू स्वदेश फर्काउनेसम्बन्धीः**

- नेपालबाट सन् १९८०-९० को दशकमा हराएको हनुमानढोकाको पूर्वपट्टी कुमारी बहाःमा रहेको सोहौं शताब्दीको काठको तोरण र सन् १९८० को दशकमा हराएको घुँडा टेकेर नमस्कार मुद्रामा रहेको १८औं शताब्दीको ढुङ्गाको मुर्तिहरू लन्डनस्थित नेपाली राजदूतावास मार्फत नेपाल फिर्ता ल्याइएको।
- नेपालबाट हराएका २ कलाकृतिहरू हिमालयमा साधुहरूसँगको शिवको प्रस्तर मुर्ति र देवीको आकृति कुँदिएको काठको शालवृक्ष/सालभञ्जिका Metropolitan Museum of Art द्वारा नेपाललाई फिर्ता ल्याइएको।

**शिष्टाचारसम्बन्धीः**

- आर्थिक वर्ष २०७९/०८० मा चैत मसान्तसम्मको अवधिमा सम्माननीय राष्ट्रपतिज्यूसमक्ष नेपालका लागि विभिन्न ९(नौ) मित्रराष्ट्रका राजदूतहरू (आवासीय/गैरआवासीय) - साउदी अरेबिया, स्लोभाक रिपब्लिक फिनल्याण्ड, संयुक्त राज्य अमेरिका, आइसल्याण्ड, संयुक्त अरब इमिरेट्स, संयुक्त गणतन्त्र ताञ्जानिया, गणतन्त्र सर्बियाले आ-आफ्नो ओहोदाको प्रमाणपत्र पेश गर्नुभएको।
- नेपालका लागि राजदूत (गैरआवासीय समेत) नियुक्त गर्न पाकिस्तान, ग्रीस, पनामा, बेल्जियम, स्वीडेन, जिम्बाब्वे, अर्मेनिया र भियतनामबाट सहमति माग भई आएकोमा सम्बन्धित मुलुकको प्रस्ताव उपर प्रक्रियागत कामकारवाही पूरा गरी नेपाल सरकारको तर्फबाट सहमति प्रदान गरिएको।
- नेपाल सरकारको सहमतिमा काठमाडौं शहर कन्सुलर क्षेत्र हुने गरी बोत्स्वाना, डोमिनिकन रिपब्लिक र ट्युनिसियाको अवैतनिक वाणिज्यदूत नियुक्ति सम्बन्धी कार्य गरिएको।
- जाम्बिया, इटाली, टर्की र संयुक्त राज्य अमेरिकाका प्रस्तावित सैनिक सहचारीहरूको सहमति प्रदान गरिएको।

**राहदानी तथा कन्सुलर सेवा प्रवाहसम्बन्धी प्रमुख क्रियाकलापहरूः**

- उपत्यका आसपासका जिल्ला र हवाई सेवा भएका जिल्लाहरूमा दुई हप्ताभित्र राहदानी प्राप्त हुने व्यवस्था मिलाइएको, राहदानी ढुवानीका लागि हुलाक सेवा विभाग सञ्चालन सम्झौता भएको।

- प्रमाणीकरण भएका सम्पूर्ण कागजातहरू सम्बन्धित निकाय वा व्यक्तिले कन्सुलर प्रमाणीकरण नम्बर र मितिका आधारमा विभागको वेवसाइटमा हेर्न मिल्ने व्यवस्था मिलाइएको।
- कन्सुलर सेवा सम्बन्धमा सूचना तथा जानकारीका लागि टोल फ्री टेलिफोन नं. ११५२ सञ्चालनमा ल्याइएको।
- आर्थिक वर्ष २०७९/८० चैत मसान्त सम्ममा विदेशमा मृत्यु भएका १३२ वटा शव नेपाल झिकाउने तथा विदेशमा दाहसंस्कारको लागि समन्वय गरिएको। त्यसैगरी ३३२ जना नेपालीको खोज, तलास तथा उद्दार गरिएको।
- चालु आर्थिक वर्षको चैत मसान्तसम्म ४०१ जनाको क्षतिपूर्ति स्वरूप कुल रू. ५ अर्व ४५ करोड ६९ लाख ५८ हजार ७६० रकम प्राप्त भई सम्बन्धित आफन्तलाई जिल्ला प्रशासन कार्यालयहरू मार्फत पठाइएको।

## ६. आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

**द्विपक्षीय सम्बन्धः**

- नेपाल र चीनबीच जुलाई १४ मा सीमा तथा सीमा व्यवस्थापनका विविध विषयमा भर्चुअल रूपमा बैठक सम्पन्न भएको।
- Ninth Meeting of Nepal-India oversight Mechanism सम्पन्न भएको।
- बर्दिया र दाङ्ग जिल्लाको Cadastral Overlay गरी District Wise Spatial Information Inventory तयार गरेको।

**क्षेत्रीय तथा बहुपक्षीय कूटनीतिः**

- श्रीलङ्काको कोलम्बोमा मिति २०७८ चैत १४-१६ (तदनुसार २८-३० मार्च २०२२.क्ष्मा आयोजना भएको बिमस्टेक सदस्य राष्ट्रहरूको पाँचौ शिखर सम्मेलन र सम्बन्धित बैठकहरूमा सम्माननीय प्रधानमन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डल सहभागी भएको।
- सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूबाट संयुक्त राष्ट्रसङ्घको ७६औं महासभाका अवसरमा आयोजित UN Food Systems Summit लाई सम्बोधन।
- माननीय परराष्ट्रमन्त्री डा. नारायण खड्काज्यू नेतृत्वको प्रतिनिधिमण्डलबाट संयुक्त राष्ट्रसङ्घको ७६औं महासभामा सहभागिता एवम् माननीय परराष्ट्र मन्त्रीबाट सम्बोधन भएको।
- Seventy-fourth Session of the WHO Regional Committee for South-East Asia काठमाडौंमा सम्पन्न भएको।

**अन्यः**

- आर्थिक कूटनीतिका कार्यक्रमहरू विदेशस्थित नेपाली नियोगहरूबाट यस आर्थिक वर्षमा २०० भन्दा बढी कार्यक्रम सम्पन्न भएका।

## ७. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु तर्फ** (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०००११३ | परराष्ट्र मन्त्रालय | ४७६४५७ | २५०२९८ | ५२.५३ |
| ३२६०००१२३ | नेपाली राजदूतावासहरू, स्थायी नियोगहरू र महावाणिज्य दूतावासहरू | ३८३२२७८ | ३४३८९८२ | ८९.७४ |
| ३२६०००१३३ | सीमा नापी टोली | २६७०० | २९९६ | ११.२२ |
| ३२६०१०११३ | राहदानी विभाग | १०२०२७८ | १००७७८५ | ९८.७८ |
| ३२६०२०११३ | कन्सुलर सेवा विभाग | ३०७०० | २४३७१ | ७९.३९ |
| | **जम्मा** | **५३८६४१३** | **४७२४४३२** | **८७.७१** |

पुँजीगत तर्फ (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०००११४ | परराष्ट्र मन्त्रालय | ५८१९७२ | १४२०४५ | २४.४१ |
| ३२६०००१२४ | नेपाली राजदूतावासहरू, स्थायी नियोगहरू र महावाणिज्य दूतावासहरू | ८५४१२८ | १३९३५३ | १६.३२ |
| ३२६०००१३४ | सीमा नापी टोली | १६६०० | ३३१० | १९.९४ |
| ३२६०१०११४ | राहदानी विभाग | १३५०० | ६९७६ | ५१.६७ |
| ३२६०२०११४ | कन्सुलर सेवा विभाग | ७५०० | ५२५४ | ७०.०५ |
| | जम्मा | १४७३७०० | २९६९३८ | २०.१५ |

८. आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेट तथा २०७९ चैत मसान्तसम्मको खर्चको विवरणः

चालु तर्फ (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०००११३ | परराष्ट्र मन्त्रालय | ३९११९० | २०९४५४ | ५३.५४ |
| ३२६०००१२३ | नेपाली राजदूतावासहरू, स्थायी नियोगहरू र महावाणिज्य दूतावासहरू | ३८७७३८८ | ३०४१३३९ | ७८.४४ |
| ३२६०००१३३ | सीमा नापी टोली | २९००० | १७८७ | ६.१६ |
| ३२६०१०११३ | राहदानी विभाग | १७५६७३५ | १४५०२१५ | ८२.५५ |
| ३२६०२०११३ | कन्सुलर सेवा विभाग | ३७९०० | २०६४० | ५४.४६ |
| | जम्मा | ६०९२२१३ | ४७२३४३६ | ७७.५३ |

पुँजीगत तर्फ (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०००११४ | परराष्ट्र मन्त्रालय | २७१००० | ७२७० | २.६८ |
| ३२६०००१२४ | नेपाली राजदूतावासहरू, स्थायी नियोगहरू र महावाणिज्य दूतावासहरू | २८८७०० | ६००८३ | २०.८१ |
| ३२६०००१३४ | सीमा नापी टोली | १७००० | ५८ | ०.३४ |
| ३२६०१०११४ | राहदानी विभाग | ५८०० | १५३३ | २६.४३ |
| ३२६०२०११४ | कन्सुलर सेवा विभाग | ७५०० | ४५३ | ६.०४ |
| | जम्मा | ५९०००० | ६९३९७ | ११.७६ |

# भूमि व्यवस्था, सहकारी तथा तथा गरिबी निवारण मन्त्रालय

१. संक्षिप्त परिचयः

## १.१. पृष्ठभूमिः

### भूमि व्यवस्था

नेपालको संविधानमा व्यवस्था भएको सम्पत्तिको हक, खाद्य सुरक्षा र सम्प्रभुताको हक, महिलाको हक र भूमिहिन दलितको हक कार्यान्वयन गर्न तथा सन् २०३० सम्ममा हासिल गरी सक्नुपर्ने दिगो विकासका लक्ष्य प्राप्त गर्न उपलब्ध सीमित भूमि तथा भूमिस्रोतको दिगो व्यवस्थापन गर्न आवश्यक रहेको छ। भूमिको समुचित उपयोग सुनिश्चित गर्न, भूमि वर्गीकरण गरी भू-उपयोग योजना तयार गर्न, आधुनिक प्रविधिको प्रयोग मार्फत नापनक्सामा शुद्धता कायम गर्दै परम्परागत जग्गा प्रशासनको शैलीलाई समयसापेक्ष सुधार गरी भूमि व्यवस्थालाई सुरक्षित, पारदर्शी, विश्वसनीय बनाउन र सम्पूर्ण भूमिलाई कित्ता नापी प्रणालीमा आवद्ध गर्दै भू-सूचनाप्रणालीद्वारा अनलाइन सेवाप्रवाह तथा डिजिटल अभिलेख तयार गर्न आवश्यक नीति, कानुन, पूर्वाधार तयारी तथा स्रोत साधन परिचालन अपरिहार्य देखिन्छ।

यसै सन्दर्भमा हालसम्म देशभरमा करीब ७ हजार नियन्त्रण बिन्दुको राष्ट्रिय सञ्जाल स्थापना, देशको सम्पूर्ण भू-भाग समेट्ने गरी ७०६ स्थलरूप नक्सा, ७ वटै प्रदेश, ७७ जिल्ला र सबै स्थानीय तहको प्रशासनिक नक्सा तयार भएको छ। कुल आवादी क्षेत्रको करिब ७५ प्रतिशत कित्तानापी नक्सा, सोको डिजिटल अभिलेख, जग्गा दर्ता तथा जग्गाधनी पूर्जा वितरण भइसकेको छ। नक्सामा आधारित जग्गा प्रशासन प्रणाली लागु भई सबै मालपोत कार्यालयहरूमा अनलाइन सेवा सञ्चालन गरिएको छ। त्यसैगरी, ५३ वटा नापी कार्यालयहरूमा अनलाइन सेवा लागू गरिएको छ। कुल १३५ भूमिसुधार तथा मालपोत कार्यालयहरू मध्ये १२६ कार्यालयमा अनलाईन सेवा (LRIMS) र ७९ कार्यालयमा सेवाग्राहीले घरबाटै वा नजिकको भू सेवा केन्द्रवाट जग्गा सम्बन्धी कारोवार गर्न सक्ने किसिमको प्रविधि (PAM) मार्फत सेवाप्रवाह भइरहेको। भू-उपयोग नीति, भू-उपयोग नियमावली लागू भई भूमिको वर्गीकरण गर्ने कार्य अन्तर्गत भू-उपयोग नक्सा र डाटा स्थानीय तहमा हस्तान्तरण गर्ने कार्य सम्पन्न भएको छ।

### सहकारी

सार्वजनिक र निजी क्षेत्रका साथै सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति राज्यले लिएको छ। सहकारी क्षेत्रले छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्न सक्दछ। हाल देशमा ३१ हजार ३ सय ७३ विभिन्न प्रकृतिका प्रारम्भिक सहकारी संस्था तथा जिल्ला सहकारी सङ्घ, विषयगत जिल्ला सहकारी सङ्घ, विषयगत केन्द्रीय सहकारी सङ्घ, राष्ट्रिय सहकारी बैंक र राष्ट्रिय सहकारी महासङ्घ रहेका छन्। अन्तर्राष्ट्रिय रूपमा नेपालको सहकारी अभियानलाई जोड्न राष्ट्रिय सहकारी महासङ्घ अन्तर्राष्ट्रिय सहकारी महासङ्घमा समेत आवद्ध भएको छ। यस क्षेत्रले ९१ हजार ३ सय जनालाई प्रत्यक्ष रोजगारी दिनुका साथै लाखौंको सङ्ख्यामा अप्रत्यक्ष रोजगारी सृजना गरेको छ। वित्तीय पहुँच अभिवृद्धि, महिला सशक्तिकरण, नेतृत्व विकास तथा क्षमता विकास, सामाजिक एकीकरण, उद्यमशीलता प्रवर्द्धन र गरिबी न्यूनीकरणमा यस क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको छ।

### गरिबी निवारण

नेपालको संविधानले सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दै सबै वर्ग लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने नीति अङ्गिकार गरेको छ। नेपालमा विगत

दुई दशकदेखि गरिबी निवारणलाई विकास प्रयासको प्राथमिकतामा राखी कार्यक्रमहरू सञ्चालन गरिएको छ। हाल विभिन्न निकायवाट ५० भन्दा बढि गरिब लक्षित कार्यक्रम सञ्चालन भइरहेका छन्। यी कार्यक्रमहरू वास्तविक लक्षित वर्गमा मात्र केन्द्रित हुने सुनिश्चित गर्न गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सञ्चालनमा रहेको छ। यद्यपि, गरिबी निवारण र आर्थिक असमानता न्यूनीकरणको क्षेत्रमा अझै सुधार गर्नुपर्ने आवश्यकता देखिएको छ।
गरिबहरूको प्रतिव्यक्ति आय वृद्धि गर्नुका साथै भौगोलिक क्षेत्र, लिङ्ग र सामाजिक समूहहरूबीच विद्यमान रहेको आर्थिक असमानता न्यूनीकरण गर्न रूपान्तरणीय प्रयास आवश्यक देखिएको छ। त्यसैगरी, गरिबी न्यूनीकरण अन्तरसम्बन्धित विषय भएकाले यसका लागि सरकारी, सहकारी, सामुदायिक, निजी र गैरसरकारी क्षेत्र एवम् विकास साझेदारको एकीकृत र समन्वयात्मक भूमिका अपरिहार्यता महशुस गरिएको छ।

### १.२. दीर्घकालीन सोचः

समन्यायिक, उत्पादनमूखी र दिगो भूमि व्यवस्था, आर्थिक समृद्धि र सामाजिक रूपान्तरणका लागि गुणात्मक एवम् दिगो सहकारिता र सबै प्रकारको गरिबी मुक्त समाज निर्माण गर्ने।

### १.३. उद्देश्यः

- भूमिको समुचित उपयोग मार्फत उत्पादन वृद्धि र यसबाट प्राप्त लाभको समन्यायिक वितरण सुनिश्चित गर्ने,
- योजना तर्जुमा र विकास निर्माणको लागि आवश्यक शुद्ध एवम् विश्वसनीय नापनक्सा र भौगोलिक सूचना सर्वसुलभ बनाउने,
- भूमि व्यवस्थालाई आधुनिक प्रविधियुक्त, सरल र पारदर्शी बनाउने,
- सहकारी मार्फत लक्षित विपन्न वर्गलाई आर्थिक तथा सामाजिक सशक्तिकरणको प्रक्रियामा सहभागी गराउने,
- सहकारी मूल्य र सिद्धान्तहरूको अनुशरण तथा पारस्पारिकता र स्वावलम्बनको संस्कार विकास र सुशासन कायम गर्ने,
- सहकारी संस्थामा सुशासन कायम गर्ने,
- सहकारी संस्थाहरूलाई बहुउत्पादन, प्रशोधन तथा बजारीकरण तर्फ उन्मुख गराउन क्षमता अभिवृद्धि गर्ने,
- गरिब पहिचान गर्नु एवम् गरिब लक्षित कार्यक्रम सञ्चालन गर्ने,
- गरिब वर्ग लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्ने,
- राज्यको स्रोत साधनमा गरिबको सहज पहुँच स्थापित गर्ने।

### १.४. रणनीतिः

- भू-उपयोग नीतिबमोजिम क्षमता उपयुक्तता र आवश्यकताको आधारमा भूमिको वर्गीकरण तथा उपयोग सुनिश्चित गरी उत्पादन वृद्धि गर्ने,
- भूमिहिन दलित, कृषक, सुकुम्बासी, मोही तथा गुठी किसान, अव्यवस्थित बसोबासी लगायत सीमान्तीकृत वर्गको भूमि माथिको अधिकार र पहुँच सुनिश्चित गर्ने,
- आधुनिक प्रविधिमा आधारित नापनक्साका आधारभूत पूर्वाधारहरू तयार गर्ने र शुद्ध तथा विश्वसनीय भू-सूचना सङ्कलन गर्ने,
- भौगोलिक सूचना पूर्वाधारको अवधारणाबमोजिम आधारभूत भौगोलिक सूचना तथा विभिन्न क्षेत्रका विषयगत सूचना तयार गरी उपलब्ध गराउने,

- कित्तानापी हुन बाँकी रहेका भू-भागमा नापनक्सा गरी सम्पूर्ण जमीनलाई जग्गा प्रशासन प्रणालीमा आवद्ध गर्ने र सरकारी, सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको विस्तृत अभिलेख तयार गरी संरक्षण गर्ने,
- वैज्ञानिक सूचकका आधारमा अचल सम्पत्तिको वस्तुपरक मूल्याङ्कन गर्ने प्रणाली स्थापना गर्ने र सबै सरोकारवालाहरूले सोही मूल्याङ्कन प्रयोग गर्नुपर्ने व्यवस्था गर्ने,
- आधुनिक प्रविधिमा आधारित भूमिसम्बन्धी अभिलेखहरूको व्यवस्थित भण्डारण गर्ने र जग्गा प्रशासन सेवालाई सहज, सरल, विश्वसनीय र पारदर्शी बनाउने,
- सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्न प्रोत्साहित गर्ने,
- सहकारीको माध्यामबाट गरिब तथा विपन्न वर्गको संलग्नतामा सञ्चालन हुने व्यवसायिक आयोजनालाई वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउने,
- सहकारी क्षेत्रको प्रवर्द्धनका लागि नीतिगत र संस्थागत प्रवन्ध मजबुत बनाउने,
- सहकारी सङ्घसंस्थाको क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास एवम् व्यवस्थापन तालिमलाई व्यापक तुल्याउने,
- सहकारी क्षेत्रको प्रभावकारी नियमनका लागि एकीकृत अनुगमन प्रणालीको विकास गर्ने,
- कृषि बायोग्याँस प्लान्ट स्थापना र सहकारी क्षेत्रबाट उत्पादित वस्तुको प्रयोगको लागि प्रोत्साहन गर्ने,
- सर्भेक्षण मार्फत गरिब घरपरिवार पहिचान गरी अद्यावधिक विवरण राख्ने,
- पहिचान भएका गरिब लक्षित गरिबी निवारण कार्यक्रम तथा आयोजना तर्जुमा एवम् कार्यान्वयन गर्ने,
- रोजगार तथा स्वरोजगारमूलक सीप विकास तालिम तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने,
- उत्पादनमूलक रोजगारी तथा अवसरको अभिवृद्धि गरी यसमा गरिबको पहुँच सुनिश्चित गर्ने,
- गरिबी निवारण नीति तर्जुमा गरी उत्पादनका स्रोत साधानमा गरिबहरूको पहुँच सुनिश्चित गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ७८ | ५८ | २० | - |
| २. | नापी विभाग र अन्तर्गत कार्यालय | ३०३४ | २६३७ | ३९४ | ३ |
| ३. | भूमि व्यवस्थापन तथा अभिलेख विभाग र अन्तर्गत कार्यालय | ३२२२ | २१०३ | ११११९ | |
| ४. | सहकारी विभाग | ३१ | २५ | ६ | |
| ५. | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | ३९ | ३३ | ६ | - |
| ६. | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | २४ | २२ | २ | - |
| ७. | राष्ट्रिय भूमि आयोग | ५३ | ३९ | १४ | - |

## ३. आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७९ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तब्यको संक्षिप्त ब्यहोरा | प्रगति |
|---|---|---|
| १०३ | वैज्ञानिक भूमि सुधार योजना तर्जुमा गरी कार्यान्वयन गरिने। भूमिको समुचितउपयोग गर्न सङ्घीय भू-उपयोग योजना कार्यान्वयन गरिनेछ। | • भू-उपयोग योजना कार्यान्वयनका लागी ११७ स्थानीय तहहरूलाई प्राविधिक सहयोग प्रदान गरिएको। स्थानीय तहका लागि भू-उपयोग/ भूमि व्यवस्थापन तालीम सञ्चालन गरिएको। |

| बुँदा नं. | बजेट वक्तब्यको संक्षिप्त ब्यहोरा | प्रगति |
|---|---|---|
| | कृषियोग्य जमीन अन्य प्रयोजनमा प्रयोग गर्न निरूत्साहित गरिने। प्रदेश र स्थानीय तहमा भूउपयोग योजना तर्जुमा गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइने। | • भू-उपयोग सम्बन्धी कार्यविधि र सङ्घीय भू-उपयोग योजनाको मस्यौदा तयार भएको। |
| १०४ | भूमिहीन दलित, सुकुम्बासी एवम् अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन गर्ने कार्यलाई राष्ट्रिय भूमि आयोग मार्फत प्राथमिकताका साथ अघि बढाइने।<br>जग्गाधनी प्रमाणपूर्जा वितरण कार्यलाई निरन्तरता दिई थप ३ सय स्थानीय तहका ५ लाख परिवारलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गरिने। | • चैतसम्ममा राष्ट्रिय भूमि आयोग र थप ३२९ स्थानीय तहबीच सम्झौता भएको।<br>• भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान गरी लगत सङ्कलन गर्न थप ३६६ स्थानीय तहमा ३५ दिने सूचना प्रकाशन भई लगत सङ्कलनका कार्य सम्पन्न भएको।<br>• ३७३ स्थानीय तहमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई निस्सा वितरण भएको र १०९ स्थानीय तहमा सत्यापन र प्रमाणीकरण कार्य सम्पन्न भई नाप नक्साङ्कन कार्य जारी रहेको।<br>• १ हजार ६ सय ८४ वटा जग्गाधनी प्रमाणपूर्जा वितरण भएको। |
| १०६ | स्थानीय तहमा गरिब तथा सीमान्तकृत समुदायलाई कृषिमा आधारित एकीकृत उत्पादनमार्फत आर्थिक क्रियाकलापमा आवद्ध गरी स्थानीयस्तरमा थप रोजगारी सिर्जना गरिने। | • विदुर नगरपालिकामा जिल्ला स्तरीय सहकारी बजार, भरतपुरमा क्षेत्रीय सहकारी बजार, कृषि उत्पादन विविधिकरण सहयोग अन्तर्गत मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संस्था लि., भिमफेदी मकवानपुरको बिक्री केन्द, रत्ननगर नगरपालिका चितवनमा पालिकास्तरीय सहकारी बजार, बनेपा नगरपालिका, काभ्रेमा जिल्ला सहकारी बजार र धादिङको जिल्ला स्तरीय सहकारी बजार निर्माण सम्पन्न भएको। |
| १०७ | सरकारी, सार्वजनिक, सामुदायिक र गुठी जग्गाको संरक्षण र व्यवस्थापनको लागि नक्सा सहितको विस्तृत डिजिटल अभिलेख तयार गरी सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरिने। आगामी आर्थिक वर्ष १२६ नापी कार्यालयहरूमा भू-सूचना प्रविधिमा आधारित अनलाइन सेवाप्रवाह प्रणाली कार्यान्वयनमा ल्याइने।<br>भू-सूचना अभिलेख व्यवस्थापन प्रणालीलाई स्तरोन्नति गर्दै मालपोत कार्यालयबाट प्रदान हुने सेवालाई एकीकृत रूपमा प्रवाह गरिने। | • मालपोत तथा नापी कार्यालयवाट प्रदान हुने सेवालाई एकीकृत रूपमा प्रवाह गर्ने प्रणालीको Prototype परीक्षण भइरहेको।<br>• सरकारी, सार्वजनिक, सामुदायिक र गुठी जग्गाको संरक्षण र व्यवस्थापनको लागि नक्सा सहितको डिजिटल अभिलेख तयार गर्न प्रदेश र स्थानीय तहसँग समन्वय भइरहेको।<br>• ५ स्थानीय तहलाई भू-सेवा सञ्चालनको अनुमति प्रदान गरिएको।<br>• ३ वटा नापी कार्यालयहरूमा NeLIS कार्यान्वयनमा ल्याइएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १०८ | घर जग्गाको मूल्याङ्कन प्रणालीलाई व्यवहारिक बनाई एकरूपता कायम गर्न भौगोलिक सूचना प्रणालीमा आधारित एकीकृत घर जग्गा मूल्याङ्कन प्रणाली विकास गरी सबै सरोकारवालाहरूले सोही मूल्याङ्कन प्रणाली अनिवार्य रूपमा प्रचलनमा ल्याउने व्यवस्था मिलाइने। नापजाँच गर्न छुट भएका गाँउब्लक जग्गा र दर्ता हुन छुट भएका स्वबासी, वेनिस्सा लगायत जग्गाको नाप जाँच तथा दर्ता गरी दशकौंदेखि स्वामित्वबाट वञ्चित रहेका घर परिवारलाई जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराइने। | • ५८.७ हेक्टर गाउँ ब्लक नापी, १ हजार ७ सय ४०.६८ हेक्टर पुनः नापी र ६ हजार १ सय ८६.८२ हेक्टर बिशेष नापी गरी कुल जम्मा ७ हजार ९ सय ८६.२ हेक्टर नापनक्सा भएको।<br>• ९ हजार ८ सय ४९ जग्गाधनी प्रमाणपूर्जा वितरण गरिएको।<br>• नाप नक्सासम्बन्धी ८ वटा तालिम सञ्चालन भएको।<br>• नापनक्सा हुने जिल्लाहरूमा Control Network सुदृढीकरण गर्ने कार्य अन्तर्गत २९ वटा वडामा तेस्रो दर्जाको ५१ वटा र चौथो दर्जाको ३४५ वटा गरी जम्मा ३९६ वटा नियन्त्रण विन्दु स्थापना भएको। |
| ११० | भूमिहीन घरवारविहीनलाई आवास सुविधा, सीपविहीनलाई सीप, वेरोजगारलाई रोजगारी र गुणस्तरीय स्वास्थ्य र शिक्षासहित प्रभावकारी सार्वजनिक सेवा प्रवाहका माध्यमबाट दिगो रूपमा गरिबी कम गरिने। राज्य सुविधा परिचयपत्र वितरण कार्य सम्पन्न गरी गरिब घरपरिवारको एकीकृत सूचनाको लागि गरिब घरपरिवार सूचना प्रणालीको निर्माण गरिने। | • २३ जिल्लाका सम्बन्धित स्थानीय तहमा गरिब घरपरिवार परिचयपत्र वितरणका लागि हस्तान्तरण गरिएको।<br>• १५ जिल्लाका १ सय ८३ स्थानीय तहबाट प्राप्त ११ लाख ५० हजार तथ्याङ्कको विश्लेषण गरी २ लाख ६८ हजार ९ सय ६० गरिब परिवारको प्रारम्भिक सूची तयार भएको। |
| ११२ | सहकारीको मन्त्रः आत्मनिर्भर अर्थतन्त्र भन्ने नारालाई सार्थक बनाई सहकारी क्षेत्रलाई मूलुकको आर्थिक विकासको महत्त्वपूर्ण क्षेत्रको रूपमा परिचालन गरिने। सहकारी क्षेत्रको बचतलाई उद्यम विकास, उत्पादनमूलक क्षेत्र तथा रोजगारी सिर्जनामा परिचालन गर्न प्रोत्साहित गरिने।<br>सहकारीको कुल लगानीको कम्तीमा ५० प्रतिशत रकम उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नुपर्ने व्यवस्था मिलाइने। | • सहकारी सम्बन्धी ऐन/नियम संशोधनको मस्यौदा स्वीकृतिका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश भएको।<br>• कोपोमिस प्रणालिमा १४ हजार ८०५ वटा सहकारीको समष्टिगत विवरण तथ्याङ्क प्रविष्टि भएको।<br>• सहकारी प्रशिक्षण केन्द्रलाई ISO प्रमाणीकरण प्रमाणपत्र प्राप्त भएको।<br>• ४९२ जनालाई सहकारी सम्बन्धी तालिम दिइएको। |
| ११३ | कम्तीमा रू. २० करोड चुक्ता पुँजी रहने गरी कृषिजन्य उत्पादनमूलक उद्योग स्थापना गर्ने सहकारीलाई नेपाल सरकारले चुक्ता पुँजीको ५ प्रतिशत | • सहकारी सङ्घसंस्थाहरूको साझेदारीमा व्यावसायिक आयोजनाका लागि पुँजीगत अनुदान वितरण गर्न सूचना आह्वान गरिएको।<br>• प्रदेश स्तरीय उत्पादनमा आधारित नमूना |

| बुँदा नं. | बजेट वक्तब्यको संक्षिप्त ब्यहोरा | प्रगति |
|---|---|---|
| | रकम पुँजीगत अनुदान प्रदान गर्ने व्यवस्था मिलाइएको। स्थानीय तहले स्वःपुँजी लगानी गरी कम्तीमा ३ सय स्थानीय किसानहरूको सहभागितामा कृषिजन्य उत्पादनमूलक उद्योग स्थापना गरेमा त्यस्ता उद्योगहरूमा आवश्यक मेसिनरी औजार खरिदमा २० प्रतिशत अनुदान प्रदान गर्ने व्यवस्था मिलाइएको। | सहकारी प्रवर्द्धन प्रोत्साहन तथा विकास कार्यका लागि अनुदान वितरण गर्न प्रकाशित सूचनाबाट पेश हुन आएका आवेदनहरूको जाँच, मूल्याङ्कन र छनौट भइरहेको। |
| ११४ | विक्रम सम्वत् २०४९ साल अघि सञ्चालनमा रहेका साझा संस्थाहरूको सम्पत्ति र दायित्व यकिन गरी सो को संरक्षण र व्यवस्थापन गरिने। यी संस्थाहरूबाट ऋण लिएका किसानहरूको ऋण मिनाहा गरी धितो रहेका जग्गाको रोक्का फुकुवा गरिने। | • साझा सहकारी संस्थाका सदस्यको ऋण मोचन गरी धितो जग्गा रोक्का फुकुवा गर्न सूचना आह्वान गरिएको। |
| ११५ | भूमिहीन दलित, सुकुम्वासी, राउटे, वनकरीया, मुसहर र डोम समूदायद्वारा स्थापित सहकारी संस्थाहरू मार्फत सञ्चालन हुने कृषि, पशुपालन, तरकारी खेती, ग्रामीण उद्यम र व्यवसाय सञ्चालनको लागि अधिकतम ५ प्रतिशत सहुलियत ब्याजदरमा कर्जा प्रवाहको व्यवस्था मिलाइने। | • श्रमिक कृषक कालिगढ, न्यून आय भएका सीमान्तकृत समुदायले सञ्चालन गरेका एवम् उत्पादनमुलक सहकारीहरूलाई अनुदान प्रदान गर्ने कार्यक्रम अन्तर्गत कार्यविधि स्वीकृत भई सूचना प्रकाशन भएको। |

## ४. आर्थिक वर्ष २०७८/७९ मा र २०७९/८० चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरूः

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १ | भू-उपयोग नियमावली २०७९ | नयाँ तर्जुमा |
| २ | राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ | नयाँ तर्जुमा |
| ३ | राष्ट्रिय भूमि आयोग गठन (प्रथम संशोधन) आदेश, २०७८ | संशोधन |
| ४ | राष्ट्रिय भूमि आयोग गठन (दोस्रो संशोधन) आदेश, २०७८ | संशोधन |
| ५ | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रको कार्य सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७८ | संशोधन |
| ६ | भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| ७ | विगतका आयोग, समिति र कार्यदलका बाँकी काम समाप्त गर्ने सम्बन्धी कार्यविधि,२०७८ | नयाँ तर्जुमा |
| ८ | राष्ट्रिय सहकारी विकास बोर्डमा सह-अध्यक्ष, सदस्य-सचिव तथा सदस्यहरू | संशोधन |

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| | नियुक्ति तथा मनोनयन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७८ | |
| ९ | डिजिटल प्रणाली मार्फत जग्गा नापनक्सा तथा जग्गा प्रशासन सम्बन्धी सेवा प्रवाह निर्देशिका, २०७८ | नयाँ तर्जुमा |
| १० | कञ्चनपुर जिल्ला बेदकोट नगरपालिका अन्तर्गतका जग्गा नापजाँच सम्बन्धी गठन आदेश, २०७९ | नयाँ तर्जुमा |
| ११ | सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घ संस्थालाई जारी गरिएको (तेस्रो संशोधन), निर्देशन, २०७९ | संशोधन |
| १२ | सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति,२०७९ | नयाँ तर्जुमा |
| १३ | सहकारी संस्थालाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यबिधि, २०७९ | नयाँ तर्जुमा |

## ५. आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- व्यावसायिक वातावरण सुधारका लागि भूमि व्यवस्थापनको क्षेत्रमा गर्नुपर्ने सुधार र सेवा प्रवाह सुधार सम्वन्धी अवधारणा पत्र तयार गरिएको।
- अस्पताल निर्माण, स्थानीय तहको भवन निर्माण, कृषि विश्वविद्यालय, बहुप्राविधिक शिक्षालय, स्मृति प्रतिष्ठान, स्वास्थ्य चौकी, मेडिकल कलेज लगायतका ३३ वटा निकायहरूलाई जग्गा उपलब्ध गराइएको।
- जग्गा प्रशासनसम्बन्धी सेवा अनलाइन प्रविधिबाट सरल, सहज र पारदर्शी ढङ्गबाट प्राप्त गर्न LRIMS र Nagarik App बीच लिङ्क कायम भएकोले जग्गाधनी स्वयंले आफ्नो जग्गा र रोक्काको विवरण हेर्न सकिने प्रविधिको १३ हजार ३ सय ४२ प्रयोगकर्ताले उपयोग गरेको।
- राष्ट्रिय भूमि आयोग मार्फत ५९ हजार ९ सय ४१ भूमिहीन दलित, १ लाख २५ हजार ३ सय ६० भूमिहीन सुकुम्बासी र ६ लाख १२ हजार ५ सय ८१ अव्यवस्थित बसोबासी गरी जम्मा ७ लाख ९७ हजार ८ सय ८२ को लगत सङ्कलन भई National Land Commission Information System (NALCIS) प्रणालीमा निवेदन प्रविष्ट भएको।
- राष्ट्रिय भूमि आयोग अन्तर्गत जिल्ला समितिले छानबिन गरी विगतका आयोग, समिति र कार्यदलका ५ सय अधुरा कार्य सम्पन्न गरेको तथा रू.२३ करोड ४१ लाख ६८ हजार ३ सय १ राजस्व सङ्कलन भएको।
- सेवाग्राहीले जुनसुकै स्थानबाट अनलाईन प्रविधि मार्फत जग्गा कारोबारको लिखत सम्बन्धी कार्य गर्न सक्ने प्रणाली Public Access Model (PAM) थप ८ भूमिसुधार तथा मालपोत कार्यालयमा लागू गरिएको।
- बैंक, वित्तीय संस्था तथा सञ्चय कोषले मालपोत कार्यालयमा नगईकनै जग्गा रोक्का फुकुवा गर्न सक्ने प्रविधि विकास गरी लागू गरिएको।
- नापी कार्यालयहरूबाट प्रदान गरिने सेवा सञ्चालनमा Nepal Land Information System (NeLIS) र मेरो कित्ता प्रणाली थप ३ नापी कार्यालयमा लागू गरिएको।
- हरिवन, रङ्गेली, मनाङ, बुटवल र तेह्रथुममा नापी कार्यालयको र हरिवन, सर्लाहीमा मालपोत कार्यालयको नयाँ कार्यालय भवन निर्माण सम्पन्न भएको।
- भू-उपयोग योजना/कार्यान्वयनको लागि ११७ स्थानीय तहहरूलाई प्राविधिक सहयोग प्रदान गरिएको।

- समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयबाट समस्याग्रस्त घोषित १२ सहकारी संस्थाको ऋणी तथा सञ्चालकहरूवाट रू.५० लाख रकम सङ्कलन गरी पिडित बचतकर्ताहरूलाई वितरण गर्ने कार्य भएको।
- प्रादेशिक नक्सा तथा ११२ सिट अध्यावधिक स्थलरूप नक्सा नापनक्सा समितिबाट स्वीकृत भई प्रकाशन भएको।

## ६. आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- मुक्त कमैया, हलिया, कमलरी, हरवा, चरवाका समूहसँग आवश्यक छलफल गरी उनीहरूको पुनःस्थापन लगायतका विषयमा अध्ययन गर्न कार्यदल गठन भई स्थलगत अध्ययन सम्पन्न गरी प्रतिवेदन माननीय मन्त्रीज्यू समक्ष पेश भई प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक कार्यक्रम तय गरी सरोकारवालाहरूसँग बृहत छलफल एवम् अन्तरक्रिया गरिएको।
- चितवनको भरतपुर, सिन्धुलीको दुधौली नगरपालिका स्थित मुसहर बस्ती, मकवानपुरको बागमती गाँउपालिका, झापाको गौरादह ४ र ५, महारानी झोडा, सुर्खेतको भेरी गङ्गा र गुर्वाकोट र कैलालीको धनगढी ९ मा गरी हालसम्म २ सय ३ परिवार भूमिहिन दलित र भूमिहिन सुकुम्बासीलाई जग्गाधनी पूर्जा वितरण गरिएको।
- राष्ट्रिय भूमि आयोग सूचना प्रणालीमा ४ लाख ९२ हजार ४ सय ८३ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत प्रविष्टी भएको।
- अनलाईन प्रविधिमार्फत Public Access Model (PAM) प्रणालीको प्रयोगबाट बैंक, वित्तीय संस्था तथा सञ्चय कोष समेतले मालपोत कार्यालयमा उपस्थिति नभई जग्गा रोक्का/फुकुवा गर्न सक्ने प्रविधिसम्बन्धी कार्यविधि स्वीकृत भई धितो बन्धकी रोक्का/फुकुवा गर्ने कार्य कर्मचारी सञ्चयकोष र भूमिसुधार तथा मालपोत कार्यालय कलङ्की तथा ललितपुरबाट परीक्षण भइरहेको।
- कित्तानापी नापनक्सा गर्ने कार्य अन्तर्गत विशेष नापी १३ हजार ५९६.६४ हेक्टर, गाउँब्लक नापी ३०८.७४ हेक्टर, पुनः नापी १ हजार ९१०.५९ हेक्टर गरी जम्मा १५ हजार ७४८.९४ हेक्टर नापनक्सा सम्पन्न भएको।गाउँब्लक, विशेष नापी र पुनः नापी गरी जम्मा ४८ हजार २३ घरपरिवारलाई जग्गाधनी पूर्जा वितरण गरिएको।
- नापजाँच गर्न छुट भएका गाँउब्लक जग्गा दर्ता हुन छुट भएका वेनिस्सा स्वबासी, लगायत जग्गाको नाप जाँच तथा दर्ता गरी १ हजार ५ सय ६२ जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण गरिएको।
- भूमिको वैज्ञानिक वर्गीकरण, समुचित उपयोग तथा दिगो व्यवस्थापनका लागि स्थानीय तहमा भू-उपयोग कार्यक्रम सञ्चालन र भूउपयोग योजना तर्जुमाका लागि आवश्यक भू-उपयोग नक्सा-डाटा ७५३ स्थानीय तहहरूमा हस्तान्तरण सम्पन्न भएको।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना (COPOMIS) प्रणालीमा हालसम्म १० हजार ८४१ सहकारी संस्थाहरूलाई आवद्ध गरी १९ लाख ७७ हजार ७५ सदस्यको विवरण प्रविष्टी भएको।
- २३ जिल्लाका २१४ स्थानीय तहहरूबाट ११ लाख ८ हजार ८ सय ३६ घरपरिवारको तथ्याङ्क सङ्कलन भई २ लाख २३ हजार ३ सय ३० गरिब घर परिवार पहिचान कार्य सम्पन्न भएको।१४ जिल्लाका जिल्ला समन्वय समितिहरूलाई गरिब घर परिवार परिचयपत्र हस्तान्तरण गरिएको।
- १५ जिल्लाका १८३ स्थानीय तहको तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भई करिब ११ लाख ४६ हजार ८ सय ३९ परिवारको प्राप्त तथ्याङ्क विश्लेषण गरी गरिब परिवार पहिचान गर्ने कार्य भइरहेको।

- गरिब परिवार पहिचानको लागि तथ्याङ्क सङ्कलन हुन बाँकी १३ जिल्लाका ११५ स्थानीय तहमा १४ वटा MTOT/TOT तालिम सञ्चालन गरी १२ लाख २८ हजार ९ सय ८७ घरपरिवारको तथ्याङ्क सङ्कलन भएको।
- नुवाकोट तथा धादिङ जिल्लाका २१ विभिन्न कृषि सहकारी संस्थालाई तरकारी तथा फलफूल बजारसम्मको सुरक्षित ढुवानीका लागि १० साना र १४ ठूला गरी २४ वटा ढुवानीका साधन उपलब्ध गराइएको।

## ७. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु तर्फ** (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०००११३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ३०७२३३ | १५९५९४ | ५१.९५ |
| ३३६००१०१३ | गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिव लक्षित विशेष कार्यक्रम) | १११८४७ | ४८१६२ | ४३.०६ |
| ३३६००१०२३ | गरिबसंग विश्वेश्वर कार्यक्रम | १८०६६८ | १६२२३७ | ८९.८० |
| ३३६००१०३३ | जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम | ६११७४८ | २५२५८३ | ४१.२९ |
| ३३६०१०११३ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग | ११५३०३ | ९१०४५ | ७८.९६ |
| ३३६०१०१२३ | भूमि सुधार तथा मालपोत कार्यालयहरू | १८४७४३५ | १५४०८३१ | ८३.४० |
| ३३६०११०१३ | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम | १०४३१६ | ८८५१९ | ८४.८६ |
| ३३६०२०११३ | नापी विभाग | ६१६४१ | ५३६५४ | ८७.०४ |
| ३३६०२०१२३ | नापी कार्यालयहरू | १६४९२४५ | १३८०००२ | ८३.६७ |
| ३३६०२१०१३ | कित्ता नापी तथा नापी कार्यालय सुधार कार्यक्रम | १५९२२९ | १३५९८६ | ८५.४० |
| ३३६०२१०२३ | स्थलरूप नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम | १६९१३२ | १५६४०५ | ९२.४८ |
| ३३६०२१०३३ | खगोल तथा भू-मापन कार्यक्रम | ५४९०३ | ५००४९ | ९१.१६ |
| ३३६०३०११३ | सहकारी विभाग | २६८०१ | २५०५० | ९३.४६ |
| ३३६०३०१२३ | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | ३२४०० | २९१२८ | ८९.९० |
| ३३६०३१०१३ | सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम | ७४८८४ | ६३३५५ | ८४.६० |
| ३३६०४०११३ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | ९४८५२ | ८७७०६ | ९२.४७ |
| ३३६३१०११३ | राष्ट्रिय सहकारी विकास बोर्ड | ७३७० | ३०९९ | ४२.०४ |
| ३३६५१०११३ | गरिवी निवारण कोष | ७३९०० | ७१७१ | ९.७० |
| | **जम्मा** | **५६८२९०७** | **४३३४५७५** | **७६.२७** |

**पुँजीगत तर्फ** (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०००११४ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | १०५०० | ५७७७ | ५५.०२ |
| ३३६००१०१४ | गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिव लक्षित विशेष कार्यक्रम) | ३५०० | १८६८ | ५३.३७ |
| ३३६००१०३४ | जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम | ४०७०० | ३४८४६ | ८५.६२ |
| ३३६०१०११४ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग | १९०० | ६३६ | ३३.४६ |
| ३३६०१०१२४ | भूमि सुधार तथा मालपोत कार्यालयहरू | ८६००० | ८३०९० | ९६.६२ |
| ३३६०११०१४ | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम | ३६३१०० | २४८५०१ | ६८.४४ |
| ३३६०२०११४ | नापी विभाग | १२५८० | १०६९५ | ८५.०१ |
| ३३६०२०१२४ | नापी कार्यालयहरू | १५४०५४ | १३३६८५ | ८६.७८ |
| ३३६०२१०१४ | कित्ता नापी तथा नापी कार्यालय सुधार कार्यक्रम | ४०७८७४ | ३२१३२८ | ७८.७८ |
| ३३६०२१०२४ | स्थलरूप नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम | २७८६६९ | २५९८७९ | ९३.२६ |
| ३३६०२१०३४ | खगोल तथा भू-मापन कार्यक्रम | ८९३२८ | ८३८०७ | ९३.८२ |
| ३३६०३०१२४ | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | ४२०० | ४१९० | ९९.७७ |
| ३३६०३१०१४ | सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम | १२७०० | २५६९ | २०.२३ |
| ३३६०४०११४ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | २६६०० | २५२७४ | ९५.०२ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६५१०११४ | गरिवी निवारण कोष | १००० | ० | ०.०० |
| | जम्मा | १४९२७०५ | १२१६१४५ | ८१.४७ |

## ८. आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेट तथा २०७९ चैत मसान्तसम्मको खर्चको विवरणः

**चालु तर्फ** (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०००११३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २०६८५० | ७७०९९ | ३७.२७ |
| ३३६००१०१३ | गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिव लक्षित विशेष कार्यक्रम) | २८६०० | ४४३२ | १५.५० |
| ३३६००१०२३ | गरिबसंग विश्वेश्वर कार्यक्रम | १८०९०० | ६००९७ | ३३.२२ |
| ३३६००१०३३ | जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम | ६१६१०० | ३५१८२६ | ५७.११ |
| ३३६०१०११३ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग | ७६७४९ | ४५४४० | ५९.२१ |
| ३३६०१०१२३ | भूमि सुधार तथा मालपोत कार्यालयहरू | १८९८१९४ | १२४८९५१ | ६५.८० |
| ३३६०११०१३ | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम | १००००० | ६९२८९ | ६९.२९ |
| ३३६०२०११३ | नापी विभाग | ४८००० | ३५३६७ | ७३.६८ |
| ३३६०२०१२३ | नापी कार्यालयहरू | १७४८८४७ | १२१२१५५ | ६९.३१ |
| ३३६०२१०१३ | कित्ता नापी तथा नापी कार्यालय सुधार कार्यक्रम | १४६८०० | ८८९५८ | ६०.६० |
| ३३६०२१०२३ | स्थलरूप नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम | १५८६०० | ११२३७६ | ७०.८५ |
| ३३६०२१०३३ | खगोल तथा भू-मापन कार्यक्रम | ६०९०० | ५२१२३ | ८५.५९ |
| ३३६०३०११३ | सहकारी विभाग | २७४०० | १९२९३ | ७०.४१ |
| ३३६०३०१२३ | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | ३६५०० | २१६४८ | ५९.३१ |
| ३३६०३१०१३ | सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम | १०२३०० | १३४५७ | १३.१५ |
| ३३६०४०११३ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | ९५४४४ | ४२२१९ | ४४.२३ |
| ३३६३१०११३ | राष्ट्रिय सहकारी विकास बोर्ड | ६२५० | ० | ०.०० |
| ३३६५१०११३ | गरिवी निवारण कोष | २५७०० | ३४८२ | १३.५५ |
| | जम्मा | ५५६४१३४ | ३४५८२१२ | ६२.१५ |

**पुँजीगत तर्फ** (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०००११४ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ७३०० | १७३३ | २३.७४ |
| ३३६००१०१४ | गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिव लक्षित विशेष कार्यक्रम) | ८५०० | ० | ०.०० |
| ३३६००१०३४ | जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम | २७१०० | १०३२४ | ३८.१० |
| ३३६०१०११४ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग | १६०० | १२३ | ७.६७ |
| ३३६०१०१२४ | भूमि सुधार तथा मालपोत कार्यालयहरू | ९८१०० | ३६९१९ | ३७.६३ |
| ३३६०११०१४ | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम | २०३७०० | ५४७८२ | २६.८९ |
| ३३६०२०११४ | नापी विभाग | ३७०० | १००० | २७.०२ |
| ३३६०२०१२४ | नापी कार्यालयहरू | ११२००० | ४६२९९ | ४१.३४ |
| ३३६०२१०१४ | कित्ता नापी तथा नापी कार्यालय सुधार कार्यक्रम | २०८७०० | १००५५३ | ४८.१८ |
| ३३६०२१०२४ | स्थलरूप नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम | ७५७४०० | १८४६ | ०.२४ |
| ३३६०२१०३४ | खगोल तथा भू-मापन कार्यक्रम | २४१०० | ९४३७ | ३९.१६ |
| ३३६०३०१२४ | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | १६०० | ५८४ | ३६.५१ |
| ३३६०३१०१४ | सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम | १८००० | ६७०६ | ३७.२५ |
| ३३६०४०११४ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | १७२०० | ३१०१ | १८.०३ |
| ३३६५१०११४ | गरिवी निवारण कोष | २००० | ० | ०.०० |
| | जम्मा | १४९१००० | २७३४०८ | १८.३४ |

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

देशको आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउन विविध भौगोलिक क्षेत्र तथा आर्थिक क्षेत्रहरूलाई आर्थिक विकासका पूर्वाधार, सडक, जल तथा रेलसँग आवद्ध गर्दै राष्ट्रिय यातायात प्रणालीको समुचित विकासगरी देशका ग्रामीण क्षेत्रका गाउँहरूलाई बजारसँग आवद्ध गरी आर्थिक क्रियाकलापहरूको अभिवृद्धि गर्ने र देशभित्र सञ्चालन हुने पर्यटन, कृषि, विद्युत आदि विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित विविध क्रियाकलाप र आयोजनाहरूमा टेवा पुऱ्याउने कार्यमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय प्रयासरत रहेको छ।

### १.२ दीर्घकालीन सोचः

राष्ट्रिय एकीकरण, आर्थिक सामाजिक विकास, गरिबी निवारण र दिगो शान्तिको लागि भौतिक पूर्वाधार विकास गर्ने।

### १.३ उद्देश्यः

सडक, रेल तथा जलमार्ग जस्ता पूर्वाधारको विकास गरी राष्ट्रिय रणनीतिक यातायात सञ्जाल मार्फत देशका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरूलाई एक अर्कासँग आवद्ध गरी मुलुकको आर्थिक एवम् सामाजिक विकास अभिवृद्धि गर्नुका साथै देशका ग्रामीण क्षेत्रहरूलाई स्थानीय बजारहरूसँग आवद्ध गरी पर्यटन, कृषि, विद्युत, उद्योग लगायत विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित क्रियाकलाप एवम् आयोजनाहरूलाई टेवा पुऱ्याउने।

### १.४ रणनीतिः

- देशका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरूलाई परिपूरक हुने गरी विभिन्न मार्गहरूलाई एक अर्कोसँग आवद्ध गरी आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउन सडक, पुल, मूल बाटाहरू र जलमार्गहरूको समष्टिगत विकास, विस्तार, प्रवर्द्धन गरी राष्ट्रिय यातायात प्रणालीको विकास गर्ने,
- देशका ग्रामीण क्षेत्रका गाउँहरूलाई बजारसँग आवद्ध गर्नुका साथै पर्यटन, कृषि, विद्युत आदि विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित राष्ट्रिय महत्त्वका र अन्य आर्थिक क्षेत्रको विविध क्रियाकलाप एवम् आयोजनाहरूमा टेवा पुऱ्याई सन्तुलन कायम गर्ने,
- स्थल, जल तथा रेल्वे निर्माण र विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,
- सडक तथा पुल निर्माण, मर्मत सम्भार एवम् संरक्षणसम्बन्धी काम गर्ने,
- विभिन्न स्थलमार्ग, रेलमार्ग एवम् जलमार्गहरूको निर्माण र ईन्जिनियरिङ्ग कल्सल्टेन्सी विषयक संस्थान तथा सङ्गठनहरू सम्बन्धी कार्य गर्ने,
- भौतिक योजना क्षेत्रहरूका अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ संस्थाहरूसँग सम्पर्क र सहयोगसम्बन्धी कार्य गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार तथा यातयात मन्त्रालय | ७५ | ५३ | २२ | १ |
| २ | सडक विभाग | २५०५ | १८११ | ६९४ | ४४ |
| ३ | यातायात व्यवस्था विभाग | ११० | ८६ | २४ | ० |
| ४ | रेल विभाग | ९८ | ४८ | ५० | ० |
| ५ | नेपाल पानीजहाज कार्यालय | १८ | १६ | २ | ० |

३. आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७९ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २१५ | सडक सञ्जालको माध्यमबाट अन्तर आवद्धता विस्तार गरी आवागमनमा सहजता, यातायात लागतमा न्यूनता, भौगोलिक तथा जनसांख्यिक सन्निकटता र प्रादेशिक सन्तुलन कायम गर्ने गरी सडक पूर्वाधारको निर्माण तथा विस्तार गरिने। सडक पूर्वाधारलाई आर्थिक सामाजिक रूपान्तरणको प्रमुख माध्यमको रूपमा विकास गर्न लगानी गरिएको। सडक पूर्वाधारको नक्साङ्कन गरी उपयोगिता, भौगोलिक विकटता, प्रादेशिक सन्तुलन समेतको आधारमा संघ, प्रदेश र स्थानीय तहको सडक निर्माणको कार्यक्षेत्र स्पष्ट गरिने। आगामी आर्थिक वर्षभित्र थप ८०० कि.मी. सडक सञ्जाल विस्तार हुनुका साथै २५७ कि.मी. सडक स्तरोन्नति हुने। | • चालु आर्थिक वर्षको चैत महिनासम्ममा कुल २६४ कि.मी. कालोपत्रे सडक, ३५५ कि.मी. खण्डास्मिथ सडक, ११० कि.मी. नयाँ ट्र्याक र ८१ वटा पुलको निर्माण सम्पन्न भएको। साथै, १७७ कि.मी. सडक कालोपत्रे स्तरमा पुनःनिर्माण तथा स्तरोन्नति गरिएको र २७८ कि.मी. सडकको आवधिक मर्मत सम्पन्न भएको। |
| २१६ | पूर्व-पश्चिम राजमार्गलाई चार लेनमा विस्तार गर्ने कार्यलाई तीब्रता दिइने। आगामी वर्ष नारायणघाट-बुटवल खण्ड विस्तार कार्य सम्पन्न गरिने। कमला-कञ्चनपुर सडक खण्डको बिस्तार कार्यलाई तिब्रता दिनुका साथै कमला-ढल्केवर-पथलैया, पथलैया-हेटौडा-नारायणघाट, बुटवल-गोरूसिङ्गे र काँकडभिट्टा-लौकही सडक खण्डको विस्तार कार्य शुरू गरिने। बाँकी खण्डको स्तरोन्नतिका लागि विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरिने। | • नारायणघाट-बुटवल खण्ड (११३ कि.मी.) अन्तर्गत ४.१६ कि.मी. कालोपत्रे सडक, ३ वटा मुख्य पुल, २९ वटा साना पुल र २६१ वटा कल्भर्टको निर्माण सम्पन्न भएको।<br>• कमला-कञ्चनपुर खण्ड (८७ कि.मी.) अन्तर्गत १९ कि.मी. सबबेस, १८० वटा कल्भर्टको निर्माण सम्पन्न भएको छ भने ४२ वटा निर्माणाधीन पुल मध्ये ३५ वटा पुलको फाउन्डेसन कार्य सम्पन्न भएको छ।<br>• पथलैया-हेटौडा-नारायणगढ खण्ड (१०० कि.मी.) ४ लेनमा स्तरोन्नति गर्नका लागि डिजाईन तयार गर्ने कार्य अन्तर्गत ८० प्रतिशत सम्पन्न भएको।<br>• बुटवल-गोरूसिङ्गे-चन्द्रौटाको निर्माण सुपरभिजन गर्न परामर्शदाताहरूको प्रस्ताव मूल्याङ्कन भइरहेको।<br>• लौकही-काकरभिट्टा सडक खण्ड (१२० कि. मी.) ४ लेनमा स्तरोन्नति गर्नका लागि बोलपत्र आह्वान भएको । |
| २१८ | मध्य पहाडका २६ जिल्लाहरूलाई सडक सञ्जालमा आवद्ध गर्न निर्माणाधीन पुष्पलाल मध्य पहाडी | • मध्यपहाडी राजमार्गमा यस अवधिमा थप ६० कि.मी. सडक कालोपत्रे र ६ वटा पुल निर्माण भई कुल १ हजार ३१९ कि.मी. सडक |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | राजमार्गको २३५ कि.मी. कालोपत्रे र १६ वटा पुल निर्माण गरिने। | कालोपत्रे र ९९ वटा पुल निर्माण सम्पन्न भएको। |
| २१९ | निर्माणाधीन हुलाकी राजमार्गको २५० कि.मी. कालोपत्रे र १६ वटा पुलको निर्माण कार्य सम्पन्न गर्नुका साथै थप ६७ वटा पुलको निर्माण कार्य शुरू गरिने। | • हुलाकी राजमार्ग अन्तर्गत थप ६३ कि.मी. सडक कालोपत्रे र ९ वटा पुलको निर्माण भई कुल ९५४ कि.मी. कालोपत्रे सडक र १२४ वटा पुल निर्माण सम्पन्न भएको। |
| २२० | झापाको बाहुनडाँगीदेखि डडेलधुराको रूपालसम्म भित्री मधेश क्षेत्रमा अवस्थित ठूला उपत्यका जोड्न निर्माणाधीन मदन भण्डारी राजमार्गको गुल्मी-प्यूठान-रोल्पा- सल्यान-सुर्खेत खण्ड स्तरोन्नति गरिने। | • थप ६ कि.मी. सडक कालोपत्रे र ६ वटा पुल निर्माण भई कुल ७ सय ४० मध्ये २ सय ६५ कि.मी. सडक तथा कुल १ सय ८५ मध्ये ९९ वटा पुलको निर्माण सम्पन्न भएको।<br>• रिडी-तम्घास सडकको २२ कि.मी खण्ड र बद्दीचौर-गुटु-कर्णाली सडकको २५ कि.मी. खण्डमा ठेक्का व्यवस्थापन भएको ।<br>• गुल्मी- प्यूठान- रोल्पा- सल्यान- सुर्खेत खण्ड अन्तर्गत सिमलटारी- सौतामारे- मच्छी सडकको ३१ कि.मी. खण्डमा ठेक्का व्यवस्थापन सम्पन्न भएको। |
| २२१ | रणनीतिक सडकका रूपमा रहेका नागढुङ्गा-नौबिसे-मुग्लिन खण्ड र मुग्लिन-पोखरा सडकको स्तरोन्नति र विस्तार कार्य गरिने। | • मलेखु-मुग्लिङ्ग खण्ड (४० कि.मी.) स्तरोन्नतिका लागि ठेक्का सम्झौता भई निर्माण कार्य शुरू भएको।<br>• नागढुङ्गा-नौबिसे-मुग्लिङ्ग सडकमा पर्ने कुल १५ वटा पुल मध्ये ७ वटाको निर्माण कार्य भइरहेको।<br>• मुग्लिङ्ग-पोखरा सडक अन्तर्गत ७ कि.मी. सडक कालोपत्रे भइरहेको। मुग्लिङ-आँबुखैरनी खण्डको विस्तृत डिजाईन कार्य सम्पन्न भएको। |
| २२२ | उत्तर दक्षिण राजमार्ग अन्तर्गत निर्माणाधीन कालीगण्डकी कोरिडोर, कर्णाली कोरिडोर र कोशी कोरिडोरको लागि बजेट विनियोजन गरिएको। हुम्ला जिल्लाको सदरमुकामलाई राष्ट्रिय सडक सञ्जालमा जोडिने। | • कोशी कोरिडोर अन्तर्गत थप १६ कि.मी. ग्राभेल स्तरको सडक निर्माण भई कुल ७१ कि.मी. ग्राभेलिङ्ग भएको।<br>• कालीगण्डकी कोरिडोरको गैंडाकोट-राम्दी-मालढुङ्गा खण्ड अन्तर्गत थप २० कि.मी. कालोपत्रे सडक र ४ वटा पुल निर्माण भई कुल १३१ कि.मी. कालोपत्रे सडक र २७ वटा पुलको निर्माण सम्पन्न भएको।<br>• कालीगण्डकी कोरिडोरको मालढुङ्गा-बेनी-जोमसोम-कोरोला सडक खण्ड अन्तर्गत थप ३ कि.मी. कालोपत्रे सडक र २ वटा पुल निर्माण भई कुल २ सय २ कि.मी. ट्र्याक खुलेको, ३१ कि.मी. कालोपत्रे भएको र ६ वटा पुल निर्माण सम्पन्न भएको।<br>• कर्णाली कोरिडोर अन्तर्गत थप ३.५ कि.मी. |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | ट्र्याक निर्माण भई कुल २ सय ६९ कि.मी. मध्ये २६०.५ कि.मी. ट्र्याक खुलेको र कुल ६५ कि.मी. सडक ट्र्याक चौडा गर्ने कार्य भएको। |
| २२३ | प्रमुख व्यापारिक नाकाहरूलाई पूर्व-पश्चिम राजमार्गसँग जोड्ने रानी-विराटनगर- धरान, वीरगञ्ज- पथलैया, वेलहिया- बुटवल र मोहनापुल-अत्तरीया सडकको विस्तार तथा स्तरोन्नति गर्ने कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिने। | • रानी विराटनगर इटहरी धरान सडक अन्तर्गत थप ४.५ कि.मी. सडक कालोपत्रे भई कुल ३६.७ कि.मी. सडक कालोपत्रे भएको।<br>• जटही- जनकपुर- ढल्केवर खण्ड (४० कि.मी.) अन्तर्गत थप ३०० मी. सडक कालोपत्रे भई कुल ४० कि.मी. सडक कालोपत्रे भएको।<br>• वीरगञ्ज-पथलैया खण्ड अन्तर्गत थप १ कि.मी. कालोपत्रे भई कुल ३१ कि.मी. कालोपत्रे सडक ६ लेनमा स्तरोन्नति भएको।<br>• वेहलिया-बुटवल खण्डको २७.५ कि.मी. मध्ये कुल २५ कि.मी. कालोपत्रे सडक ६ लेनमा स्तरोन्नति भएको।<br>• मोहना-अत्तरिया खण्ड अन्तर्गत ३ वटा आकाशे पुल निर्माण गर्नका लागि डिजाईन तयार भई स्वीकृतिको चरणमा रहेको। |
| २२४ | पूर्व-पश्चिम राजमार्गबाट झापा, सप्तरी, महोत्तरी, सर्लाही, रौतहट, बारा, पश्चिम नवलपरासी, कपिलवस्तु र बर्दियाका जिल्ला सदरमुकाम जोड्ने सडकहरूलाई स्तरोन्नति गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य प्रारम्भ गरिने। | • रूपनी-राजविराज सडक स्तरोन्नति गर्नका लागि ठेक्का व्यवस्थापन भई निर्माण कार्य शुरू भएको। |
| २२५ | कालोपत्रे हुन बाँकी जिल्ला सदरमुकाम पुग्ने सडकहरूमा कालोपत्रे गरिने। भेरी कोरिडोरको जाजरकोट-दुनै-मरिम, तिन्जे-धो खण्ड, सेती राजमार्गको टीकापुर-लोडे-चैनपुर-ताक्लाकोट, नाग्मा-गमगढी खण्डको स्तरोन्नति, राप्ति राजमार्ग अन्तर्गत अमेलिया-तुल्सिपुर-सल्यान-मुसिकोट-छरेबगर खण्ड र शहीदमार्ग अन्तर्गत घोराही-थवाङ-मैकोट खण्डको लागि बजेट विनियोजन गरिएको। | • भेरी करिडोरको जाजरकोट- दुनै- मरिम, तिन्जे-धो खण्डमा ७ कि.मी. कालोपत्रे सडक निर्माण भएको। रिम्ना तल्लो बगर ४० कि.मी. खण्ड कालोपत्रे स्तरमा स्तरोन्नति गर्नका लागि ठेक्का व्यवस्थापन भई सम्झौता भएको।<br>• शहीद मार्गको घर्तिगाँऊ- थवाङ- काँक्री-मैकोट खण्डमा ५०० मिटर सडक ढलान भएको। होलेरी-दारबोट खण्डमा २४ कि.मी सबबेस निर्माण कार्य भएको।<br>• नाग्मा-गमगढी राजमार्गको निर्माण तथा स्तरोन्नति गर्ने कार्य शुरू भएको।<br>• सेती राजमार्गको दक्षिण खण्ड (टीकापुर- लोडे-चैनपुर) अन्तर्गत कुल १५२ कि.मी. र उत्तर खण्ड (चैनपुर- ताक्लाकोट) अन्तर्गत कुल ४१.२ कि.मी. ट्र्याक निर्माण सम्पन्न भएको। |
| २२६ | तमोर कोरिडोरको चतरा-मुलघाट- | • तमोर करिडोरको २६९ कि.मी. सडक निर्माण |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | माझीटार-दोभान- ओलाङचुङगोला-तिप्तला र मेची कोरिडोरको केचना-मिलाइएको सडक खण्डको स्तरोन्नति गरिने। दोधारा-चाँदनी जोड्ने महाकाली नदीमा चार लेनको मोटरेबल पुलको निर्माण कार्य सम्पन्न गरिने। | तथा स्तरोन्नति गर्न यस अवधिमा थप २० कि.मी. ग्राभेल सडक निर्माण भई कुल १५५ कि.मी. ग्राभेल सडक निर्माण भएको र १३० कि.मी. खण्डमा कालोपत्रे सडक निर्माणका लागि ठेक्का सम्झौता भएको।<br>• मेची कोरिडोर अन्तर्गत कुल १४८ कि.मी. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको । |
| २२७ | गल्छी-त्रिशुली-वेत्रावती-मैलुङ-स्याफ्रुवेशी-रसुवागढी सडकको गल्छीदेखि स्याफ्रुवेशी खण्डको ६५ कि.मी. दुईलेन कालोपत्रे गरिने र स्याफ्रुवेसी-रसुवागढी १७ कि.मी. स्तरोन्नति गरिने। | • गल्छी-त्रिशुली-'बेत्रावती'-मैलुङ्ग-स्याफ्रुवेशी सडकको थप ६.१७६ कि.मी. सडक कालोपत्रे (अस्फाल्ट) र २ वटा पुल निर्माण भई कुल ३३.५ कि.मी. कालोपत्रे (अस्फाल्ट) र १३ वटा पुल निर्माण सम्पन्न भएको। |
| २२८ | निर्वाचन क्षेत्र रणनीतिक सडक कार्यक्रमलाई निरन्तरता दिइने। | • निर्वाचन क्षेत्र रणनीतिक सडक कार्यक्रम अन्तर्गत १६१ वटा सडकको ठेक्का व्यवस्थापनको कार्य भई निर्माण कार्य शुरू भएको। |
- ८ जिल्लाका विभिन्न स्थानीय तहहरूमा विद्यालयस्तरका बालबालिकालाई लागुऔषधी दुर्व्यसनी तथा बालविवाह नियन्त्रण कार्यक्रम सञ्चालन गरिएको।
- सामाजिक कुरीति तथा हानिकारक अभ्यास विरूद्ध सचेतना कार्यक्रम ५ वटा जिल्लाका विभिन्न स्थानीय तहमा सञ्चालन गरिएको।
- कोभिड लगायत विपद्मा आइपर्ने समस्या तथा समाधानसम्बन्धी संरक्षण विषय क्षेत्र (Protection Cluster) सम्बन्धी अन्तर्क्रिया कार्यक्रम ४ जिल्लामा सञ्चालन गरिएको ।
- मनोसामाजिक विमर्श केन्द्र सञ्चालन गर्न विभिन्न जिल्लाको २७ वटा महिलासँग सम्बन्धित संस्थाहरूसँग सम्झौता गरी अनुदान उपलब्ध गराइएको।

**राष्ट्रिय बाल अधिकार परिषद्**

- नेपाल र भारतमा ओसारपसार तथा वेवारीस बनाइएका ४२ बालक तथा २ बालिका गरी ४४ जना नेपाली बालबालिकाको उद्धार गरिएको।
- विशेष संरक्षणको आवश्यकता भएका, जोखिममा परेका र विपन्न परिवारका ४७ जना (बालक ३३ र बालिका १४) बालबालिकाको संरक्षण गरिएको।
- विपद प्रभावित १०४ जना बालबालिकालाई तत्काल राहत सहायता सामाग्री वितरण गरिएको।
- सुस्त मनस्थिति, मानसिक विरामी तथा अपाङ्गता भएका कारण घर परिवारबाट परित्यक्त ७४ जना बालबालिकालाई संरक्षण तथा सहयोग गरिएको।
- आमाबाबु नभएका, विपन्न दलित र अपाङ्गता भएका २० जना बालबालिकाको उपचार गरिएको।
- सडक बालबालिका तथा जोखिमपूर्ण कार्यमा संलग्न २३९ जना बालबालिकालाई आवश्यक सहयोग प्रदान गरिएको।
- सडक, बालश्रम तथा जोखिमपूर्ण अवस्थाबाट उद्धार गरिएका ९६ जना बालबालिकाको गम्भीर तथा विशेष प्रकारको रोग, घाउ तथा चोटपटकको उपचारमा सहयोग गरिएको।
- बाल हेल्पलाइन नं. १०९८ बाट ७ हजार ७५२ जना जोखिममा परेका बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गरिएको।
- मापदण्ड विपरीत सञ्चालनमा रहेका बाल गृहहरूबाट २२ बालक र ११ बालिकाको उद्धार गरिएको।

## ७. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु तर्फ (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४०००० ११३ | महिला,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ९५१५३ | ८४४२२ | ८८.७२ |
| ३४०००० १२३ | पशुपति वृद्धाश्रम | ३०३०० | २२८३२ | ७५.३५ |
| ३४०००१०१३ | लैङ्गिक हिंसा निवारण तथा मानव बेचविखन नियन्त्रण कार्यक्रम | ३४४८३ | २७६२७ | ८०.१२ |
| ३४०००१०२३ | सामाजिक विकास कार्यक्रम | ८३३४१ | ६८३८१ | ८२.०५ |
| ३४०००१०३३ | बाल विकास कार्यक्रम | ७८४१६ | ४२५०१ | ५४.२० |
| ३४०००१०५३ | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | ७२५२३ | ६४३६० | ८८.७४ |
| ३४००११०१३ | महिला तथा बालबालिका विभाग | ३१९०० | २४९०६ | ७८.०८ |
| ३४०४१०११३ | समाज कल्याण परिषद् | ४५०० | ३५०० | ७७.७८ |
| ३४०८१०११३ | राष्ट्रिय बाल अधिकार परिषद् | ७१२०० | ६६०६६ | ९२.७९ |
| | जम्मा | ५०१८१६ | ४०४५९६ | ८०.६३ |

पुँजीगत तर्फ (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४०००० ११४ | महिला,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ६४०० | २८७३ | ४४.९० |
| ३४०००० १२४ | पशुपति वृद्धाश्रम | ५०० | ५०० | १००.०० |
| ३४०००१०२४ | सामाजिक विकास कार्यक्रम | ५७००० | १५८३ | २.७८ |
| ३४०००१०३४ | बाल विकास कार्यक्रम | ५१९०० | १२१७७ | २३.४६ |
| ३४०००१०५४ | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | ११००० | ६३०५ | ५७.३२ |
| ३४००११०१४ | महिला तथा बालबालिका विभाग | २५९०० | २०३६५ | ७८.६३ |
| ३४०८१०११४ | राष्ट्रिय बाल अधिकार परिषद् | ३५०० | २९५९ | ८४.५५ |
| | जम्मा | १५६२०० | ४६७६२ | २९.९४ |

## ८. आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेट तथा २०७९ चैत मसान्तसम्मको खर्चको विवरणः

चालु तर्फ (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४०००० ११३ | महिला,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ९६९०० | ६६१३२ | ६८.२५ |
| ३४०००० १२३ | पशुपति वृद्धाश्रम | ३१६०० | १७३७७ | ५४.९९ |
| ३४०००१०१३ | लैङ्गिक हिंसा निवारण तथा मानव बेचविखन नियन्त्रण कार्यक्रम | ३६५०० | ११७१४ | ३२.०९ |
| ३४०००१०२३ | सामाजिक विकास कार्यक्रम | १२३७०० | ४५३५० | ३६.६६ |
| ३४०००१०३३ | बाल विकास कार्यक्रम | ७१४०० | ३६६९५ | ५१.३९ |
| ३४०००१०५३ | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | १००६१० | २८५७५ | २८.४० |
| ३४०००१०६३ | महिला समुत्थान कार्यक्रम | ३७८००० | ० | ०.०० |
| ३४००११०१३ | महिला तथा बालबालिका विभाग | ३५८०० | २०२०६ | ५६.४४ |
| ३४०८१०११३ | राष्ट्रिय बाल अधिकार परिषद् | ७०८०० | ४३६२३ | ६१.६२ |
| | जम्मा | ९४५३१० | २६९६७३ | २८.५३ |

पुँजीगत तर्फ (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४०००० ११४ | महिला,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ४३०० | २१५३ | ५०.०७ |
| ३४०००० १२४ | पशुपति वृद्धाश्रम | १५०० | १३९४ | ९२.९२ |
| ३४०००१०२४ | सामाजिक विकास कार्यक्रम | २२५००० | ० | ०.०० |
| ३४०००१०३४ | बाल विकास कार्यक्रम | १००२०० | १७३०५ | १७.२७ |
| ३४०००१०५४ | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | २९०० | २१८९ | ७५.५० |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४०००१०६४ | महिला समुत्थान कार्यक्रम | ७१०० | ० | ०.०० |
| ३४००११०१४ | महिला तथा बालबालिका विभाग | १७००० | ९७४८ | ५७.३४ |
| ३४०८१०११४ | राष्ट्रिय बाल अधिकार परिषद् | ३५०० | १३२३ | ३७.८१ |
| | जम्मा | ३६१५०० | ३४११३ | ९.४४ |

# युवा तथा खेलकुद मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

युवाको क्षमता अभिवृद्धि गरी राष्ट्रको आर्थिक, सामाजिक र साँस्कृतिक रूपान्तरणमा उनीहरूको सक्रिय सहभागिता बढाउन र खेलकुद गतिविधिमार्फत् नागरिकको शारीरिक तन्दुरूस्तीका साथसाथै सामाजिक, मानसिक र संवेगात्मक पक्षको सन्तुलित विकास गर्दै राष्ट्रिय एकता र गौरव अभिवृद्धि गर्न युवा तथा खेलकुद मन्त्रालय क्रियाशील रहेको छ। स्वरोजगार तथा रोजगार बन्नका लागि युवालाई सहयोग गर्नुका साथसाथै स्काउट अभियान मार्फत युवामा अनुशासन र स्वयंसेवकीय संस्कार अभिवृद्धि गर्न मन्त्रालय प्रयासरत छ।

### १.२ दीर्घकालीन सोचः

युवाको सर्वाङ्गीण विकास गरी राष्ट्र निर्माणको प्रमुख आधार बनाउनुका साथै स्वच्छ, व्यवसायिक र मैत्रीपूर्ण खेलकुद वातावरणको अभिवृद्धि गरिनेछ।

### १.३ उद्देश्यः

- युवामा दक्षता र क्षमताको विकास गर्ने।
- युवालाई उद्यमशील, रोजगारमूलक र स्वरोजगार बनाउने।
- शासकीय प्रक्रिया एवम् सामाजिक, साँस्कृतिक र आर्थिक रूपान्तरणमा युवाको सार्थक सहभागिता अभिवृद्धि गर्ने।
- युवालाई आत्मनिर्भर, स्वावलम्वी, अनुशासित र चरित्रवान बनाउने।
- स्वयंसेवकीय कार्यमा युवालाई उत्प्रेरित गरी परिचालन गर्ने।
- खेलकुद पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गर्ने।
- खेलकुद क्षेत्रलाई प्रतिष्पर्धी र व्यवसायिक बनाउने।
- सबै क्षेत्रमा खेलकुदलाई मूलप्रवाहीकरण गर्ने।

### १.४ रणनीतिः

- प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासको अवसर सिर्जना गर्ने।
- युवालाई उद्यम र व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने।
- युवाद्वारा सञ्चालित उद्यम, व्यवसाय तथा उद्योगको प्रवर्द्धन गर्ने।
- वित्तीय स्रोत साधनमा युवाको पहुँच विस्तार गर्ने।
- तीन वटै तहको नीति निर्माणदेखि कार्यान्वयनसम्म युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्ने।
- युवामा स्वयंसेवी संस्कृतिको विकास गर्ने।
- स्काउटको संरचनालाई विकास र विस्तार गर्ने।
- सबै तहसँगको समन्वय र सहकार्यमा खेलकुदका पूर्वाधारहरूको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने।
- खेलकुद पूर्वाधारको विकास, व्यवस्थापन र गतिविधि सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने।
- खेलकुद विकासमा आवद्ध निकाय, सङ्घ संस्थाहरूको क्षमता विकास तथा संस्थाहरूमा सुशासन प्रवर्द्धन गर्ने।
- प्रतिभावान् खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको विकास गर्ने।
- समाजका प्रत्येक तह र क्षेत्रमा खेलकुदको महत्त्व स्थापित गर्दै सबै उमेर समूहका नागरिक सहभागी हुने अवसर सिर्जना गर्ने।

- आर्थिक तथा सामाजिक विकासका लागि खेलकुद गतिविधिलाई प्राथमिकता दिने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | युवा तथा खेलकुद मन्त्रालय | ५७ | ५० | ७ | ० |
| २ | राष्ट्रिय खेलकुद परिषद | १००० | ४८७ | ५१३ | ० |
| ३ | राष्ट्रिय युवा परिषद | ३० | २९ | १ | ० |
| ४ | युवा तथा साना व्यवसायी स्वरोजगार कोष | ६८ | ५३ | १५ | ० |
| ५ | फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समिति | ८ | ३ | ५ | ० |
| ६ | नेपाल स्काउट | ५६ | ५६ | ० | ० |

## ३. आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७९ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १९२ | युवाहरूलाई उत्पादनमूलक उद्यममा आकर्षण गर्न तालिम तथा शैक्षिक प्रमाणपत्रका आधारमा युवा स्टार्ट अप कार्यक्रम अन्तर्गत उद्यम प्रस्तावको धितोमा सहुलियतपूर्ण ऋण उपलब्ध गराउने व्यवस्था मिलाइएको। | • २७६ जना युवाहरूलाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम र ८४२ जना युवाहरूलाई उद्यम परामर्श सेवा उपलब्ध गराइएको।<br>• ५ वटा विद्यालयमा एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न विद्यालयसँग सम्झौता भएको। |
| १९३ | देशको जनसांख्यिक लाभको रूपमा रहेका युवाहरूको उत्पादनशील क्षमता उपयोग गर्न युवा तथा साना व्यावसायिक स्वरोजगार कोष मार्फत थप १२ हजार युवालाई स्वरोजगार बनाउने गरी कार्यक्रम सञ्चालन गरिने। प्राविधिक तथा व्यावसायिक सीपसहितको कर्जा कार्यक्रमलाई निरन्तरता दिइएको। स्थानीय तह, बैंक तथा वित्तीय संस्थाहरूसँगको सहकार्यमा विजनेस इनक्युबेशन सेन्टर मार्फत १० हजार युवालाई उद्यमशीलता तालिम प्रदान गरिने। | • स्वरोजगारका लागि सहकारी संस्थाहरू मार्फत रू.१ अर्ब ८ करोड २६ लाख कर्जा लगानी गरी ७ हजार ४४९ जना स्वरोजगार भएको।<br>• स्वरोजगारका लागि सञ्चालन गरिएका कृषि, पशु/पन्छी पालन तथा अन्य व्यवसायमा थप ६ हजार ८ जनाले रोजगार प्राप्त गरेका।<br>• रू.२ करोड ३लाख ९६ हजार प्रिमियम भुक्तानी गरी ८ हजार ४१० जना ब्यबसायी र व्यवसायको बीमा गरिएको।<br>• खेलकुद पूर्वाधार निर्माणको क्षेत्रमा ३ हजार ३०० जनाले रोजगारी प्राप्त गरेका। |
| १९४ | म्यादी प्रहरीको रूपमा राष्ट्रिय सेवामा संलग्न युवाहरूलाई लक्षित गरी उद्यमशीलता र स्वरोजगार केन्द्रित कार्यक्रम सञ्चालन गरिने। उनीहरूको रूचिको विषयमा तालिम प्रदान गरी कृषि, वन्यजन्य र अन्य उद्यममा संलग्न हुने अवसर उपलब्ध गराइने। म्यादी प्रहरीलाई सुरक्षा बलको | • १५० जना म्यादी प्रहरीलाई उद्यमशीलताका लागि उद्यम परामर्श प्रदान गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | रूपमा उपयोग गर्न आवश्यक व्यवस्था मिलाइने। | |
| १९५ | खेलकुद पर्यटनको प्रवर्द्धनका लागि सार्वजनिक निजी साझेदारीमा साहसिक तथा पर्वतीय खेलकुदका पूर्वाधार निर्माण तथा सञ्चालन गर्न प्रोत्साहित गरिने। जुम्ला जिल्लाको टोप्ला पाटन लगायत स्थानमा हाई अल्टिच्यूड स्पोर्ट्स एण्ड ट्रेनिङ्ग सेन्टर स्थापना गर्न आवश्यक रकम विनियोजन गरिएको। | • मनाङ्गको तिमाङमा DPR अनुसार खेलमैदान सम्याउने, मेटलको घेराबार लगाउने र रिटेनिङ वाल लगाउने कार्य भएको।<br>• जुम्लामा फिल्ड सम्याउने कार्यका लागि सम्झौता भएको। |
| १९६ | काठमाडौंको मूलपानीमा निर्माणाधीन अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियमको निर्माण कार्य आगामी आर्थिक वर्ष सम्पन्न गरिने। कीर्तिपुर अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा रात्रिकालीन खेल खेल्न सकिने गरी स्तरोन्नति गर्न आवश्यक रकम विनियोजन गरिएको। प्रदेश र स्थानीय तहसँगको सहकार्यमा चितवनमा निर्माणाधीन गौतम बुद्ध क्रिकेट स्टेडियमको अधुरो निर्माण कार्य पूरा गर्ने व्यवस्था मिलाइने। नवौं राष्ट्रिय खेलकुद आयोजनाका लागि आवश्यक रकम विनियोजन गरिएको। दशौं राष्ट्रिय खेलकुदको लागि आवश्यक पूर्वाधार तयार गरिने। | • मूलपानीमा निर्माणाधीन अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको भी.आई.पी. पेभेलियन ब्लकमा पहिलो र दोस्रो तल्ला ढलान सम्पन्न भएको। ब्लक “ए” को जगको कार्य सम्पन्न भएको। आयोजनाको ३२.५० प्रतिशत कार्य सम्पन्न भएको।<br>• २०७९ साल असोज २८ देखि कार्तिक ३ गतेसम्म गण्डकी प्रदेशको पोखरामा सम्पन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश ३६ वटै खेलमा ७ प्रदेश ३ विभागीय टिम र एनआरएन टिमका २ हजार ७ सय १३ जना महिला तथा ३ हजार ४ सय १४ जना पुरूष गरी कूल ६ हजार १ सय २७ जना खेलाडी सहभागी भएको। जसमा ३ सय ९७ स्वर्ण, ३ सय ९५ रजत र ६ सय ३ कास्य पदकमा प्रतिस्पर्धा भएको। |
| १९७ | एक स्थानीय तहः एक खेलग्राम कार्यक्रमलाई निरन्तरता दिइएको। बाँकेको कोहलपुरमा महिला क्रिकेट एकेडेमी तथा रङ्गशाला निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिएको। धनगढीको फाप्लामा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको क्रिकेट रङ्गशाला तथा खेलग्रामको निर्माण गरिने। | • १७१ वटा स्थानीय तहहरूमा खेलग्राम निर्माण कार्य शुरू भएको।<br>• फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार विकास समितिको कार्यालय स्थापना भएको।<br>• भैरहवा क्रिकेट रङ्गशालामा प्यारापिट “घ” स्ट्रक्चर कार्य सम्पन्न भई आयोजनाको २२ प्रतिशत कार्य सम्पन्न भएको।<br>• महिला क्रिकेट एकेडेमी निर्माण कोहलपुरको ब्लक एच को स्ट्रक्चर निर्माणका लागि ठेक्का आह्वानको भएकोमा बोलपत्रको प्राविधिक मूल्याङ्कन गरिएको।<br>• पोखरा क्रिकेट स्टेडियममा भीआईपी तथा प्लेयर्स ब्लक निर्माणका लागि ठेक्का आह्वान भएकोमा बोलपत्रको मूल्याङ्कन कार्य भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • धरान रङ्गशालाको थप प्यारापिट निर्माणका लागि ठेक्का सम्झौता भई निर्माण कार्य शुरू भएको।<br>• सिमरा रङ्गशालामा थप प्यारापिट निर्माणका लागि ठेक्का सम्झौता भई निर्माण कार्य शुरू भएको।<br>• फिदिम रङ्गशालामा मल्टिपर्पोज सपिङ ब्लकको स्ट्रक्चर कार्य सम्पन्न भएको तथा वाल लगाउने कार्य सम्पन्न भई १५.८५ प्रतिशत कार्य सम्पन्न भएको।<br>• नारायणी रङ्गशालामा ब्लक "सि" को ९० प्रतिशत कार्य सम्पन्न भएको।<br>• पोखरा रङ्गशालामा बोरिङ निर्माणको डि.पी.सी., बीम ढलान कार्य सम्पन्न भई आयोजनाको कार्य ३५ प्रतिशत सम्पन्न भएको। |
| १९८ | खेलकुद विकासको २० वर्षे गुरूयोजना तयार गरी कार्यान्वयनमा ल्याइने। निजी क्षेत्रलाई खेल विश्वविद्यालय खोल्न प्रोत्साहन गरिने। विदेशी क्लबहरूलाई नेपालमा फ्रेञ्चाइज लिग आयोजना गर्न अनुकूल वातावरण निर्माण गरिनेछ। | • खेलकुद विश्वविद्यालय स्थापनाका लागि अवधारणापत्र तयार गरिएको। |
| १९९ | खेलकुद सङ्घहरूको संस्थागत क्षमता अभिवृद्धि गरी खेलकुद प्रतियोगिताहरूको आयोजनामा खेलसङ्घहरूको भूमिकालाई प्रभावकारी बनाइनेछ। खेलाडी र प्रशिक्षकहरूको क्षमता विकासका लागि कार्यक्रमहरू सञ्चालन गरिने। खेलाडीहरूलाई प्रोत्साहन गर्ने कार्यक्रमहरूलाई निरन्तरता दिइएको। अन्तर्राष्ट्रिय र राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडी तथा प्रशिक्षकहरूको बीमा गर्ने व्यवस्था मिलाइने। खेलकुद सङ्घहरूलाई दिई आएको अनुदान वृद्धि गरिएको। | • खेलुकद प्रशिक्षकहरूबाट १ लाख ५० हजार खेलाडीलाई निरन्तर आधारभूत तालिम प्रदान गरिएको।<br>• १ हजार २ सय जनालाई खेलुकदको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको प्रशिक्षण प्रदान गरिएको।<br>• खो खो का २, सोतोकान करााँतेका २, फेन्सिङका ३ गरी ७ जना प्रशिक्षकलाई अन्तर्राष्ट्रिय प्रशिक्षण प्रदान गरिएको।<br>• ७ वटा राष्ट्रियस्तरका र ६ वटा अन्तर्राष्ट्रियस्तरका प्रतियोगिता सम्पन्न भएको।<br>• विदेशमा आयोजना भएको १० वटा अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी भएको।<br>• नवौं राष्ट्रिय खेलकुदमा सहभागी ७ हजार खेलाडीको बीमा गरिएको। |
| २०१ | एसियाली र ओलम्पिक खेलकूदमा पदक प्राप्त गर्ने खेलाडीहरूलाई आजीवन मासिक जीवन वृत्तिको व्यवस्थापन गर्ने प्रवन्ध मिलाइने। | • ओलम्पिकमा सहभागी भएका ६५ जनालाई मासिक रू.४ हजारका दरले भत्ता रकम उपलब्ध गराइएको।<br>• अन्तर्राष्ट्रियस्तरका प्रतियोगितामा पदक हासिल गर्ने १७२ जनालाई प्रतिव्यक्ति मासिर रू. ६ |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | हजारका दरले र प्रथम ओलम्पियनमा सहभागी भएका खेलाडीलाई मासिक रू.१० हजारका दरले २०७९ पौष महिनासम्मको भत्ता रकम उपलब्ध गराइएको। |

**४. आर्थिक वर्ष २०७८/७९ मा र २०७९/८० को चैत मसान्तसम्ममा तर्जुमा/ संशोधन भई कार्यान्वयन आएका नीति/ कानून/ कार्यविधि/ निर्देशिका/ मापदण्डहरू:**

| क्र.सं. | नीति/ कानून/ कार्यविधि/ निर्देशिका/ मापदण्डहरू | नयाँ तर्जुमा/ संशोधन |
|---|---|---|
| १ | राष्ट्रिय खेलुकद विकास नियमावली, २०७९ (२०७९ भदौ २१ गते मन्त्रिपरिषद्‌बाट स्वीकृत) | नयाँ तर्जुमा |

**५. आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:**

- ७० जना स्काउटलाई विपद व्यवस्थापन तालिम प्रदान गरिनुको साथै १ हजार २२४ जनालाई नेपाल स्काउटबाट स्काउटतालिम प्रदान गरिएको।
- विभिन्न पर्व, दिवस र स्वास्थ्य तथा सामाजिक कार्यमा ३१ हजार ५७५ जना स्काउट स्वयंसेवक परिचालन गरेको।
- बङ्गलादेशमा आयोजना भएको अण्डर १५ महिला फुटबल प्रतियोगितामा नेपाल प्रथम भएको।
- माल्दिभ्समा आयोजना भएको एशियन शारिरीक सुगठन प्रतियोगितामा नेपालले १ स्वर्ण र १ रजन पदक प्राप्त गरेको।
- २०७९ मङ्सिर ११ गते बेलायतको ओर्चेस्टरमा आयोजनामा भएको वर्ल्ड युनिफाईड मार्सल आर्ट् ब्रिटिस च्याम्पियनसीपमा उद्धव थापाले १ स्वर्ण र १ रजत प्राप्त गरेको।
- थाइल्याण्डको फुटेकमा मङ्सिर आयोजना भएको तेह्रौं विश्व शारिरीक सुगठन तथा फिजिक्स स्पोर्ट्स च्याम्पियनसीपमा नेपालका प्रज्वलमान शाक्यले कास्य र स्वेता कपालीले रजत पदक प्राप्त गरेको।
- साउदी अरेवियामा आयोजना भएको विश्व पारा तेक्वान्दो ग्राण्ड प्रिक्स सिर्जना तामाङले स्वर्ण पदक प्राप्त गरेको।
- चालु आर्थिक वर्षको यस अवधिसम्ममा ३६ खेलमध्ये १९ वटा खेल जितेर ICC Mens' Cricket World Cup Qualifier League 2 मा ४० स्कोरसहित नेपाल तेस्रो स्थानमा पुग्न सफल भएको र २०२३ को जुन महिनामा Zimbabwe मा हुने Cricket World Cup Qualifying खेल्नका लागि योग्यता प्राप्त गरेको।
- यु. ए. ई. को अजमानमा सन् २०२३ को फेब्रुअरी २४ देखि मार्च २ सम्म आयोजना भएको ICC U-19 Mens' Cricket World Cup Asia Qualifier मा ६ खेलमध्ये ६ वटै खेल जितेर प्रथम स्थान हासिल गरी २०२४ मा श्रीलङ्कामा आयोजना हुन गैरहेको **ICC U-19** Mens' Cricket World Cup मा छनौट हुन सफ़ल भएको।
- Asian Boxing Championship मा सुष्मा तामाङले १ रजत र ३ कास्य पदक प्राप्त गरेको।
- थाइल्याण्डमा सम्पन्न 18th World Muathai Championship मा नेपालले १ रजत र ३ कास्य पदक प्राप्त गरेको।
- नेपालमा आयोजना भएको U-18 Asian पुरूष तथा महिला रग्गी प्रतियोगतामा नेपाली पुरूष रग्वी टिम South Asian Champion भएको।
- इरानमा सम्पन्न भएको Second World Junior Kabaddi मा नेपालले कास्य पदक प्राप्त गरेको।

## ६. आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- १ लाख ५५ हजार जना खेलाडीलाई स्थानीयस्तरमा आधारभूत खेलकुद प्रशिक्षण प्रदान गरिनुको साथै १६ हजार २ सय ५१ जनालाई राष्ट्रियस्तरको प्रशिक्षण प्रदान गरिएको। राष्ट्रिय टिम तयारीका लागि ५८५ जना खेलाडीलाई १९ औं एशियाली खेलकुद प्रतियोगिताका लागि विशेष प्रशिक्षण प्रदान गरिएको।
- अन्तर्राष्ट्रियस्तरको १६ वटा र राष्ट्रियस्तरका ८५ वटा खेलकुद प्रतियोगिता आयोजना गरिनुको साथै ३७ वटा अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगितामा सहभागिता जनाइएको।
- भारतमा आयोजित MK Classic Open Pumse, Taekwondo प्रतियोगितामा नेपाललाई ३ स्वर्ण, १ रजत र १ कास्य प्राप्त भएको।
- सर्वियामा आयोजित ISF U-15 World School Sports Games मा नेपाललाई तेक्वान्दो तर्फ ३ वटा कास्य पदक र पौडी टोलीलाई Best Performance Award प्राप्त भएको।
- माल्दिभ्समा भएको साफ च्याम्पियनसीप फुटबलमा नेपाललाई दोस्रो स्थान प्राप्त भएको।
- बङ्गलादेशमा भएको एभिसि सनेन्ट्रलजोन महिला भलिबल प्रतियोगितामा स्वर्ण भएको।
- जर्मनीमा आयोजित चिम्निज ओपन कराँतेमा नेपाललाई ४ स्वर्ण र २ रजत प्राप्त भएको।
- बङ्गलादेशमा आयोजित बंगलाबन्धु शेख मुजिव ढाका म्याराथनमा पुष्पा भण्डारीलाई रजत प्राप्त भएको।
- दुबईमा आयोजित SBC Youth and Junior Boxing मा नेपाललाई ३ वटा कास्य प्राप्त भएको।
- बहराइनमा भएको एशियाली युथ पारा गेम्समा नेपाललाई १ स्वर्ण, १ रजत र १ कास्य प्राप्त भएको।
- इरानमा आयोजित WT President Cup Asia Region Para Taekwondo मा नेपाललाई १ रजत प्राप्त
- कोवे ओशाका अष्ट्रेलिया कराँते च्याम्पियनसीपमा नेपालकी सरिता श्रेष्ठलाई कास्य पदक प्राप्त भएको।
- माल्दिभ्समा आयोजित दक्षिण एशियाली जुनियर तथा क्याडेट टेबुलटेनिसमा नेपाललाई १ रजत र २ कास्य पदक प्राप्त भएको।
- बेल्जीयममा कोरियन एम्बासेडर पुम्से तक्वान्दोमा मधुसुदन सापकोटालाई कास्य पदक प्राप्त भएको।
- नेपाल, मलेशिया र पपुवा न्यूगिनि बीच सम्पन्न भएको Tri-Nation Series T-20 क्रिकेट प्रतियोगिताका विजेता नेपाली पुरूष क्रिकेट टिमका १९ जनालाई जनही रू.२ लाखका दरले ६० जनालाई पुरस्कृत गरिएको।
- रू.२ अर्ब ३ करोड ५४ लाख लगानी गरी १२ हजार १३९ जना लक्षीत युवाहरू युवा तथा साना व्यवसायी स्वरोजगार कोष मार्फत स्वरोजगार भएका।
- १ हजार ४८१ जना व्यवसायीहरूलाई ब्याज अनुदानका लागि रू.२ करोड ९ लाख १९लाख निकासा दिइएको।
- ७ हजार ५४६ जना ब्यवसाय र व्यवसायीको बीमा गरिनुको साथै स्वरोजगार कर्जा लगानी भई व्यवसाय क्षति भएका तथा व्यवसायी मृत्यु भएका १२६ जना व्यवसायीहरूको रू.८० लाख ११ हजार १८२ दाबीमा क्षतिपूर्ति प्राप्त भएको।
- बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाका ९१९ जना अध्यक्ष र व्यवस्थापकलाई अनुशिक्षण तालिम प्रदान गरिएको।
- ४५ वटा जिल्लाका ७७३ वटा सहकारी संस्थाको असुलीको प्रयोजनका लागि स्थलगत अनुगमन गरिएको साथै खराब कर्जा असुली रू.१३ करोड ८८ लाख ८२ हजार ४७ रूपैयाँ गरिएको। किस्ता भाखा नाघेको सहकारी संस्थाहरूबाट असुली रू.१३ करोड ८२ लाख ९० हजार ९ सय २२ रूपैयाँ गरी जम्मा असुली रू.२७ करोड ७१ लाख ७२ हजार ९ सय ६९ गरिएको।

- नेपाल स्काउटले विभिन्न उत्सव तथा मेला पर्वहरूमा जम्मा ६८ हजार २७३ जना स्काउट स्वयम्सेवक परिचालन गरिएको।
- ७० जना स्काउटरहरूलाई लागुपदार्थ दुर्व्यसन विरूद्ध तालिम प्रदान गरिएको।
- २ हजार २४० सेट स्काउट पोशाक तथा औजार सामुदायिक स्काउट युनिटलाई वितरण गरिएको
- १ हजार ७२२ जनालाई स्काउट तालिम प्रदान गरिएको।
- ७० जना स्काउटहरूलाई विपद व्यवस्थापन तालिम प्रदान गरिएको।

## ७. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०००११३ | युवा तथा खेलकुद मन्त्रालय | ५०७७६ | ४२७५७ | ८४.२१ |
| ३४३००१०१३ | राष्ट्रिय युवा परिचालन कार्यक्रम | २७२२४ | १०१६७ | ३७.३४ |
| ३४३००१०२३ | खेलकुद विकास कार्यक्रम | ४३३०० | ३२३४९ | ७४.७१ |
| ३४३००१०३३ | नेपाल स्काउट | ४६००० | ४६००० | १००.०० |
| ३४३४१०११३ | राष्ट्रिय खेलकुद परिषद् | ९८९००० | ८१२२४७ | ८२.१३ |
| ३४३४१०१२३ | राष्ट्रिय युवा परिषद् | ८७३०० | ७२३९७ | ८२.९३ |
| ३४३५१०११३ | युवा स्वरोजगार कोष | १२४२०० | १००२८६ | ८०.७५ |
| | जम्मा | १३६७८०० | १११६२०२ | ८१.६१ |

**पुँजीगत तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०००११४ | युवा तथा खेलकुद मन्त्रालय | १८०० | १७७२ | ९८.४४ |
| ३४३००१०३४ | नेपाल स्काउट | ७००० | ७००० | १००.०० |
| ३४३४१०११४ | राष्ट्रिय खेलकुद परिषद् | ५२४००० | १९६४६७ | ३७.४९ |
| ३४३४१०१२४ | राष्ट्रिय युवा परिषद् | ३५०० | ३२५३ | ९२.९५ |
| ३४३५१०११४ | युवा स्वरोजगार कोष | १४०० | १३५१ | ९६.५२ |
| | जम्मा | ५३७७०० | २०९८४४ | ३९.०३ |

## ८. आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेट तथा २०७९ चैत्र मसान्तसम्मको खर्चको विवरणः

**चालु तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०००११३ | युवा तथा खेलकुद मन्त्रालय | ६०२७४ | ४०२७५ | ६६.८२ |
| ३४३००१०१३ | राष्ट्रिय युवा परिचालन कार्यक्रम | १५७२६ | २५७ | १.६३ |
| ३४३००१०२३ | खेलकुद विकास कार्यक्रम | २४१०० | २३५४ | ९.७७ |
| ३४३००१०३३ | नेपाल स्काउट | ४३६०० | ३१६५५ | ७२.६० |
| ३४३४१०११३ | राष्ट्रिय खेलकुद परिषद् | १८२०००० | १०९७१८५ | ६०.२८ |
| ३४३४१०१२३ | राष्ट्रिय युवा परिषद् | ८६८०० | ३३६५५ | ३८.७७ |
| ३४३५१०११३ | युवा स्वरोजगार कोष | १२१७०० | ६१७२२ | ५०.७२ |
| | जम्मा | २१७२२०० | १२६७१०४ | ५८.३३ |

**पुँजीगत तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०००११४ | युवा तथा खेलकुद मन्त्रालय | १५०० | १३५ | ९.०० |
| ३४३००१०३४ | नेपाल स्काउट | ७००० | ३५० | ५.०० |
| ३४३४१०११४ | राष्ट्रिय खेलकुद परिषद् | ८६९६०० | ७८८५३ | ९.०७ |
| ३४३४१०१२४ | राष्ट्रिय युवा परिषद् | ३३०० | ८६४ | २६.१९ |
| ३४३५१०११४ | युवा स्वरोजगार कोष | १४०० | ३२७ | २३.३९ |
| | जम्मा | ८८२८०० | ८०५३० | ९.१२ |

# रक्षा मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

मुलुकलाई आन्तरिक तथा बाह्य सुरक्षा चुनौतीहरूबाट स्वतन्त्र र सुरक्षित राख्दै नेपाली जनताको जीउ धनको सुरक्षा र संरक्षण गर्न, शान्तिपूर्वक बाँच्न पाउने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न र नेपालको भौगोलिक अखण्डता र एकतालाई अटल र अक्षुण्ण राख्न रक्षा मन्त्रालय एवम् नेपाली सेना सदैव क्रियाशील रही आएको छ। नेपालको संविधानको भाग २८ धारा २६७ मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाको लागि संविधानप्रति प्रतिवद्ध समावेशी नेपाली सेनाको एक सङ्गठन रहने व्यवस्था रहेको छ। संविधान प्रदत्त दायित्वहरू निर्वाह गर्ने क्रममा हालका दिनमा नेपाली सेनाले मूलतः बाह्य सुरक्षा, प्रतिरक्षा, विपद् व्यवस्थापन, प्रकृति संरक्षण, नेपाल सरकारको निर्देशनबमोजिम राष्ट्रिय पहिचान बोकेका ठूला एवम् रणनीतिक महत्त्वका विकास निर्माण, करिडोर तथा सडक खण्डहरू, मुलुकका महत्त्वपूर्ण ऐतिहासिक सांस्कृतिक संरचना तथा अति विशिष्ट र विशिष्ट व्यक्तिहरूको सुरक्षा एवम् संयुक्त राष्ट्रसङ्घको आह्वान अनुसार विभिन्न देशमा शान्ति स्थापना जस्ता नेपाल सरकारले सुम्पेको जिम्मेवारी कुशलतापूर्वक सम्पादन गर्दै आइरहेको छ। मुलुकमा सङ्घीय गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना पश्चात् सेना माथि नागरिक नियन्त्रण, सेनाको आधुनिकीकरण र पुनर्संरचना, नागरिक-सैनिक सम्बन्ध जस्ता विषयहरू शासकीय प्रणालीभित्र प्राथमिकताका साथ कार्यान्वयन भइरहेका छन्।

### १.२ दीर्घकालीन सोच :

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाभिमान र सामाजिक सद्भावको रक्षा एवम् राष्ट्रिय मूल्य-मान्यता र गरिमामा आधारित रहेर राष्ट्रिय हितको पहिचान र **प्रवर्द्धन** गर्दै नेपाललाई सुरक्षित, शान्तिपूर्ण, सुशासित, समतामूलक, एकताबद्ध र समृद्ध राष्ट्रको रूपमा विकास गर्ने।

### १.३ उद्देश्यः

- रक्षा मन्त्रालय र नेपाली सेनाको भौतिक, मानवीय तथा प्राविधिक क्षेत्रमा क्षमता अभिवृद्धि गरी थप दक्ष, आधुनिक र व्यावसायिक बनाउनु।
- सुदृढ र सबल आन्तरिक तथा बाह्य सुरक्षा प्रणाली अवलम्बन गर्दै मुलुकलाई सुरक्षित बनाउनु।
- रणनीतिक महत्त्वका विकास निर्माण तथा विपद् व्यवस्थापनमा नेपाली सेनाको भूमिकालाई प्रभावकारी बनाउनु।
- आधारभूत राष्ट्रिय मूल्य मान्यता, राष्ट्रिय एकता तथा सामाजिक सद्भावलाई अभिवृद्धि गर्दै नागरिक ÷सैनिक सम्बन्धलाई सुदृढ गर्नु।
- सैनिक कूटनीतिलाई प्रभावकारी बनाउँदै अन्तर्राष्ट्रिय स्तरमा मुलुकको प्रतिष्ठा अभिवृद्धि गर्नु।
- संयुक्त राष्ट्र सङ्घको नेतृत्वमा विश्व शान्ति स्थापना कार्यमा योगदान पुऱ्याउनु।
- मानव अधिकारको संरक्षण एवम् प्रवर्द्धनमा योगदान पुऱ्याउनु।

### १.४ रणनीतिः

- राष्ट्रिय सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति, रणनीति र कानुन तथा संगठनात्मक पक्षमा समसामयिक सुधार गरी राष्ट्रिय सुरक्षा व्यवस्थालाई सुदृढ बनाउने।
- सरकारका तीनवटै तह तथा नेपाली सेनाबीच उचित संयन्त्र निर्माण र समन्वय सुदृढ गरी मुलुकमा विश्वसनीय र भरपर्दो सुरक्षा प्रणालीको विकास गर्ने।

- नेपाली सेनालाई समयानुकुल दक्ष, आधुनिक, व्यावसायिक, प्रविधि-मैत्री तथा साधनस्रोत सम्पन्न बनाउने एवम् कर्मचारीको क्षमता अभिवृद्धि गर्ने।
- नेपाली सेनालाई मुलुकको अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा, नदी, खानी, वनजङ्गल र प्रकृति संरक्षण कार्यमा सहभागी गराउने तथा ठूला एवम् रणनैतिक महत्त्वका विकास आयोजनाहरूको सम्भाव्यता अध्ययन गर्दा राज्यको सुरक्षामा पर्ने प्रभावबारे सुरक्षा प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गर्ने।
- राष्ट्रिय स्वार्थ र हित विपरितका क्रियाकलापहरूलाई नियन्त्रण र निरूत्साहित गर्ने।
- नेपाली सेनामा वृत्ति विकासका नवीन पक्षहरूलाई समावेश गरी क्षमतावान् र उच्च मनोबलयुक्त जनशक्ति निर्माण गर्ने।
- नेपाली सेनाको सामरिक र रणनैतिक महत्त्वका विकास निर्माण कार्यहरू सम्पादन गर्ने तथा विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने।
- नेपाली सेनासम्बन्धी कानुनमा समसामयिक सुधार गरी मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा थप योगदान पुऱ्याउने।
- आधारभूत राष्ट्रिय मूल्य मान्यताहरूको जगेर्ना तथा राष्ट्र र राष्ट्रिय हितप्रति समर्पित जनशक्तिको निर्माण गर्दै नागरिक-सैनिक सम्बन्धलाई सौहार्द्रपूर्ण तुल्याउने।
- नेपाली सेना र अन्य सुरक्षा निकायबीच समन्वय र सहकार्य विस्तार गर्दै विश्व शान्ति स्थापनामा नेपालको भूमिका वृद्धि गर्ने।

## २. जनशक्ति विवरणः

नेपाल सरकार, मन्त्रिपरिषद्को २०७६ माघ २० गतेको निर्णयानुसार रक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूको स्वीकृत दरबन्दी (निजामती तर्फ) १४२ जना रहेकोमा हाल १ जना रिक्त रहेको। साथै, मन्त्रिपरिषद्को २०७८ असार २४ गतेको निर्णयानुसार अनुसार नेपाली सेनाको कुल दरबन्दी ९६ हजार ४७७ जना (निजामती बाहेक) मा कार्यरत दरबन्दी ८५ हजार ७९५ जना र १० हजार ६८२ जना रिक्त रहेको।

## ३. आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको बुँदाहरूको २०७९ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १२३ | नदी प्रणालीमा आधारित रहेर भू-क्षय नियन्त्रण सहित क्षतिग्रस्त भूमिको पुनःस्थापना, बायो ईन्जिनियरिङ्ग सहितको तटबन्ध निर्माण, वर्षाको पानी उपयोग, जल पुनःभरण, सिमसार व्यवस्थापन तथा भेटियर, जेट्रोपा र बाँसरोपण जस्ता क्रियाकलाप सञ्चालन गरी चुरे क्षेत्रको संरक्षण गरिने। | • सिराहा, सप्तरी, नवलपरासी र दाङ जिल्लाका सामुदायिक वनहरू (९१ हेक्टर क्षेत्रफल) मा १ लाख ४५ हजार ६ सयवटा बिरुवा वृक्षरोपण गर्ने लक्ष्यअनुसार निर्माणकर्तासँग ठेक्का सम्झौता भएको।<br>• रूपन्देही जिल्लाको गैडहवा ताल र सुनसरी जिल्लास्थित बर्जुतालको जीर्णोद्धार, संरक्षण र पुनःनिर्माण कार्य अन्तर्गत Dam filling एवम् foot track सम्बन्धी कार्य सम्पन्न भएको। |
| २१७ | काठमाडौं-तराई/मधेश द्रुतमार्ग तोकिएको समयमै सम्पन्न गर्ने गरी निर्माण कार्यलाई तिव्रता दिइने। | • द्रुतमार्ग आयोजनाको कुल कार्य अंशको २१.१८% (समष्टिगत) प्रगति भई आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्ममा १.२९% (समष्टिगत) काम सम्पन्न भई कुल कार्यको २२.४७% प्रगति हासिल भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • द्रुतमार्गको सुरूङ्ग मार्ग प्याकेज नं. १ र २ को क्रमशः ७६५.१३ मि. र ७५५.१ मि. निर्माण कार्य सम्पन्न भएको।<br>• द्रुतमार्गको सडक मार्ग प्याकेज नं. १, २, ३, ४ र ५ अन्तर्गत Earthwork Cutting र Filling कार्य भइरहेको।<br>• द्रुतमार्गको पुल निर्माण कार्यको प्याकेज नं. १ अन्तर्गत २ वटा पुलहरूको Pile Foundation को कार्य भइरहेकोमा १६० Pile मध्ये ५० वटा सम्पन्न भएको। प्याकेज नं. २ अन्तर्गत ५ वटा पुलहरूको Pile Foundation को कार्य शुरू भई १०६ Pile मध्ये ५२ वटा सम्पन्न भएको। प्याकेज नं.३ अन्तर्गत वटा पुलको Pile Foundation को कार्य सम्पन्न भएको तथा २ वटा पुलमा ७२२ Pile मध्ये ४७८ वटा सम्पन्न भएको। प्याकेज नं.४ अन्तर्गत २ वटा पुलको Pile Foundation को कार्य भइरहेकोमा ५५४ Pile मध्ये ९२ वटा सम्पन्न भएको। प्याकेज नं.५ अन्तर्गत Bridge Design लाई फाइनल Approval दिई Foundation को कार्य सुरू गरिएको।<br>• प्याकेज नं. ६. M/S China First Highway Engineering Co. Ltd., China सँग खरिद सम्झौता भएकोमा २०७९/१०/२८ गतेबाट Commencement भएको।<br>• प्याकेज नं. ७. मिति २०७९/०८/०२ गते M/S XINGRUN-ASHISH-TUNDI-JV खरिद सम्झौता सम्पन्न भइ ऐ.२४ गतेबाट Letter of Commencement जारी गरिएको। |
| २२२ | उत्तर दक्षिण राजमार्ग अन्तर्गत निर्माणाधीन कालीगण्डकी कोरिडोर, कर्णाली कोरिडोर र कोशी कोरिडोरको लागि रकम विनियोजन गरिएको। | • दार्चुला-टिङ्कर (तुषारपानी-टिङ्कर) सडक खण्ड अन्तर्गत १.०५ कि.मि ट्र्याक निर्माण र १.५ कि.मी. ट्र्याक मध्ये १ कि.मी. ट्र्याक स्तरोन्नति भएको।<br>• कर्णाली करिडोर (लालिबगर-दुल्लिकुन्ना र घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला) खण्ड अन्तर्गत ४ कि.मी. ट्र्याक र १ क्याम्प निर्माण भएको।<br>• बेनीघाट-आरूघाट-लार्केभन्ज्याङ्ग सडक खण्ड अन्तर्गत २ कि.मि ट्र्याक निर्माण तथा २.७ कि.मी. ट्र्याक स्तरोन्नति भएको।<br>• कोशी करिडोर अन्तर्गत खाँदबारी-किमाथाङ्का सडक (च्याम्ताङ्ग-घोङघप्पा) खण्ड अन्तर्गत २.८८५ कि.मि ट्र्याक तथा २.१६ कि.मी. ट्र्याक स्तरोन्नति भएको। |
| ३५६ | नेपालको अखण्डता एवम् राष्ट्रिय सुरक्षाको सम्वर्द्धनको लागि सुरक्षा निकायहरूको | • बङ्करदेखि ब्यारेकसम्म कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा २१३ वटा कार्यक्रमहरू सञ्चालनमा रहेको। भौतिक प्रगति ५६.६९%। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | दक्षता एवम् क्षमता विकास गरी व्यावसायिक बनाइने। नेपाली सेनाको क्षमता विकास, पूर्वाधार निर्माण र लजिष्टिकका लागि आवश्यक रकम विनियोजन गरिएको। बङ्करदेखि ब्यारेकसम्मको कार्यक्रमलाई निरन्तरता दिइएको। | • छनौट भएका २१४ वटा विद्यालयबाट ७ हजार ७०४ जना छात्र/छात्रालाई राष्ट्रिय सेवा दल सम्बन्धी तालिम प्रदान गरिएको। |
| | | • राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको अवधारणापत्र, साङ्गठनिक संरचनाको स्वरूपको तथा विधेयकको मस्यौदा स्वीकृतिको प्रक्रिया अघि बढाइएको।<br>• विस्तृत परियोजना प्रतिवेदन (DPR) बमोजिम कुल लागतमध्ये हालसम्म अर्थ मन्त्रालयबाट स्रोत सहमति प्राप्त भएको रकमको परिधिभित्र रही प्राथमिकताको आधारमा भौतिक पूर्वाधार निर्माण कार्यक्रमको DPR मा पुनरावलोकन गरी बहुवर्षीय आयोजनाको प्रस्ताव स्वीकृतिको प्रक्रिया अघि बढाइएको।<br>• नेपाली सेनाको बजेट सीमाबाट Student Accommodation Building र Central Library Building को निर्माण कार्य शुरू भई Student Accommodation Building र Central Library Building निर्माण तर्फ क्रमशः ३९% र ३७% भौतिक प्रगति हासिल भएको। |
| | | • चालु आर्थिक वर्ष चैत मसान्तसम्ममा कुल २२ स्थानमा जम्मा १ हजार ५५७ (६२.२८%) जना स्थानीयलाई सामुदायिक विपद् प्रतिकार्य तालिम प्रदान गरिएको।<br>• International Search and Rescue Advisory Groups (INSARAG) Guideline अनुसार नेपाली सेनाले तयार गरेको 1XMedium (४२ जना) र 1XLight USAR Team (१७ जना) को मिति २०७९।०९।०१ गते सम्बद्ध मन्त्रालय/निकायहरूका प्रतिनिधिहरू सहभागी गराई निरीक्षण गर्ने कार्य सम्पन्न भएको।<br>• INSARAG Guideline अनुसार तयार गरिएको १x Medium USAR Team को INSARAG Recognized National Accreditation Process (IRNAP) गर्ने पूर्व तयारीको लागि २०७९ माघ १५ र १६ गते Base of Operation (BOO) को अभ्यास सञ्चालन गरिएको। |

**४. आर्थिक वर्ष २०७८/७९ मा र आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्ममा तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरू:**

| क्र.सं. | कार्यविधिको नाम | लागु भएको मिति |
|---|---|---|
| १. | सैनिक सेवा नियमावली, २०६९ (चौथो संशोधन) | २०७८/०५/१४ गते |
| २. | सैनिक सेवा नियमावली, २०६९ (पाँचौ संशोधन) | २०७९/०६/२४ गते |
| ३. | "काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजना सञ्चालन (चौंथो संशोधन) कार्यविधि, २०७९ | २०७९/१०/२३ गते |

## ५. आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- 7th Version of Partnership for Technology in Peacekeeping International Symposium (PTPIS) को बैठक आगामी २०८० जेठ ३० देखि असार १ गतेसम्म गर्ने गरी तयारीका लागि निर्देशक समिति, व्यवस्थापन समिति गठन, संयुक्त राष्ट्रसङ्घसँगको समन्वयात्मक बैठकहरू गरिएको।
- नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार "नेपाली सेनाको साङ्गठनिक पुनःसंरचना-२०७८ (परिमार्जित)" स्वीकृत भई हाल नेपाली सेनाको विभिन्न निकायहरूको व्यवस्थापन तथा वृत्ति विकास LLC सँग प्राविधिक सहकार्य गरी सुन्दरीजल स्थित कठ्ठाघरमा २०७९ कार्तिक ३० गते SWAT Boot कारखानाको उद्घाटन भई उत्पादन शुरू भएको।
- दक्षिण कोरियाबाट प्राप्त PONGSANG Ammunition Plant २०७९ कार्तिक ३० गते सुन्दरीजल स्थित आर्सनलमा नेपाली सेनालाई हस्तान्तरण भई उत्पादन शुरू भएको।
- मित्रराष्ट्र बेलायतमा २०७९ असोज २१ गतेदेखि ऐ.३० गतेसम्म सञ्चालन भएको Exercise Cambrian Patrol मा नेपाली सेनाको तर्फबाट १० जना फौज सहभागी भई Silver Medal प्राप्त गर्न सफल भएको।
- विगतका वर्षहरू सरह यस वर्षको Ex Surya Kiran-XVI २०७९ पौष १ गतेदेखि ऐ.१४ गतेसम्म नेपाली सैनिक व्याटल स्कुल सालझण्डीमा नेपाली सेनाको तर्फबाट ३३४ जना र भारतीय सेनाको तर्फबाट ३३४ जना गरी कुल ६६८ जना संयुक्त फौजको सहभागितामा सञ्चालन गरिएको।
- छाउनी र नगरकोट इलाकामा २०७९ पुष २५ गतेदेखि माघ २० गतेसम्म नेपाली सेनाका ४५ जना र अमेरिकी सेनाका १६ जनाको टोली बीच संयुक्त रूपमा Ex-Teak Balance Nail २३-३०११ सञ्चालन गरिएको।
- विगतमा नेपाली सेना र चिनियाँ जनमुक्ति सेनाबीच भएको सम्झौता Protocol to the Agreement (No.2011B-025-JY115) बमोजिमको MRI Machine मिति २०७९ मङ्सिर१९ गते नेपाली सेनालाई प्राप्त भई वीरेन्द्र सैनिक अस्पताल, छाउनीमा जडानको क्रममा रहेको।
- नेपाल-अमेरिका ल्यान्ड फोर्स टक (एल.एफ.टी.), २०७९ चैत १३ देखि १५ गतेसम्म नेपालमा सम्पन्न भएको छ। शान्ति मिसन, मानवीय सहायता र विपद् व्यवस्थापन, तालिम तथा विषयवस्तु बारे विज्ञता आदानप्रदान भएको।
- **विपद् व्यवस्थापन कार्यसम्बन्धी**

| विपद् व्यवस्थापन कार्य | संख्या |
|---|---|
| प्राकृतिक विपद् | ४० स्थान |
| हवाई उद्धार | ६० जना |
| अवरूद्ध सडक सुचारू | १ स्थान |
| अस्थाई/काठे पुल निर्माण | ४ स्थान |
| जमिनी खोज तथा उद्दार (बाजुरा भूकम्प) | १ स्थान |
| हिमपातको कारण अवरूद्ध सडक सुचारू गर्न सहयोग (जुम्लाको धिमिचोर सडक) | १ स्थान |
| आगलागी नियन्त्रण | २४९ स्थान |
| विमान दुर्घटना | ७१ वटा शव निकाल्ने कार्यमा सहयोग |

- **प्रकृति संरक्षणसम्बन्धी**
  - विभिन्न राष्ट्रिय निकुञ्ज तथा आरक्षहरूमा चालु आर्थिक वर्षको चैत मसान्तसम्म देहायानुसारको कार्य सम्पादन भएको:

| मुख्य कार्यहरूको विवरण | संख्या |
|---|---|
| गैर कानूनी रूपमा प्रवेश गरेका व्यक्तिहरू पक्राउ गरी निकुञ्ज प्रशासनलाई बुझाइएको | ७ हजार २२९ जना |

| मुख्य कार्यहरूको विवरण | संख्या |
|---|---|
| हातहतियार | १४ नाल |
| जाल/पासो | ७५२ वटा |
| घरेलु औजार | २०६२ वटा |
| सवारी साधन | १०७२ वटा |
| ओखेटोपहार | ७४ वटा |

- **सफा हिमाल अभियान**

  २०७९ चैत १४ गतेदेखि सफा हिमाल अभियान-२०२३ सञ्चालन गरी ४ वटा हिमालहरू (सगरमाथा, ल्होत्से, अन्नपूर्ण र बरूञ्चे) बाट करिब ३५ हजार टन फोहोर सङ्कलन गरिएको छ।

- **विश्व शान्ति स्थापनार्थ कार्यहरू:**
  - संयुक्त राष्ट्रसङ्घको आह्वानमा विश्व शान्ति स्थापनार्थ २०७९ चैत २१ गतेसम्म नेपाली सेनाको तर्फबाट कुल ६ हजार ५९ जना (५६१ जना महिलासहित) कार्यरत रहेको।
  - संयुक्त राष्ट्र सङ्घको Troops Contributing Country (TTC) मध्ये फौजको सहभागिताको आधारमा नेपाल दोस्रो स्थानमा रहन सफल भएको।

- **कल्याणकारी कार्यक्रम**
  - सैनिक कल्याणकारी कोषमा रू.७३ अर्ब ७१ करोड ४ लाख ५ हजार कायम भएको। उक्त कोषबाट हिताधिकारीहरूले प्राप्त गरिरहेको शिक्षा, स्वास्थ्य, सीप तथा स्वरोजगार र सुविधा तथा सहुलियतहरूलाई चार **"स"** को लक्ष्य अनुरूप थप प्रभावकारी बनाउन समयानुकूल विस्तार तथा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइएको।

## ६. आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- नेपाल भारत द्विपक्षीय परामर्श समूह (BCGSI) को बैठक कार्तिक १० र ११ गते भारतको बैङ्गलोरमा सम्पन्न भएको।
- अमेरिकाको हवाईमा २०७८ चैत ७ देखि ११ गतेसम्म 3rd Land Force Talk कार्यक्रम सम्पन्न भएको।
- दक्षिण अफ्रिकाको प्रिटोरियामा २०७९ असार ९ देखि १० गतेसम्म 6th Partnership for Technology in Peacekeeping International Symposium मा सहभागी हुनुका साथै 7th Symposium नेपालमा गर्ने जिम्मेवारी UN बाट प्राप्त भएको।
- राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (दोस्रो संशोधन) गठन आदेश, २०७९ स्वीकृत भई राजपत्रमा प्रकाशन भएको।
- राष्ट्रिय सुरक्षा नीति, २०७५ कार्यान्वयन कार्ययोजना सम्बन्धमा मुलुक भित्रका विभिन्न सरकारी, गैरसरकारी, बैङ्क तथा वित्तीय संस्था र सुरक्षा निकाय एवम् आम सर्वसाधारण लगायतले प्रयोग गर्ने हातहतियारको व्यवस्थापन र नियमन गर्ने विषयमा विद्यमान व्यवस्थाको विश्लेषण गरी कानुनमा गर्नुपर्ने सुधार सहित मापदण्डको मस्यौदा तयार गर्ने कार्य अघि बढाइएको।

**नेपाली सेनातर्फका महत्त्वपूर्ण कार्यहरू:**

- **गोलीगठ्ठा, सैनिक तथा विकास निर्माण प्रयोजनको लागि आवश्यक विष्फोटक पदार्थ लगायत सैनिक सरसामानहरू स्वदेशमा नै उत्पादन गरी आत्मनिर्भर हुने दीर्घकालीन योजना** अनुरूप स्मल आर्मस एम्यूनिशन, गोलीगठ्ठा तथा नेपाली सेनाको लागि आवश्यक पोशाक लगायतका ईक्युपमेन्टहरू स्वदेशमा नै उत्पादन गर्ने कार्यलाई नेपाली सेनाले आर्थिक वर्ष २०७८/७९ मा पनि निरन्तरता दिएको।

- स्वदेशमा सञ्चालित विभिन्न प्रकारका १ हजार ४१४ वटा तालिमहरूमा ८५ हजार २९९ जना र विदेशमा ४९७ जना गरी कुल ८५ हजार ७९६ जनाले तालिम/प्रशिक्षण प्राप्त गरेको।

**वातावरण, प्रकृति तथा प्राकृतिक सम्पदा संरक्षण**

- गत आर्थिक वर्षमा वन्यजन्तुको चोरी शिकारी, वन पैदावारको तस्करी, अवैध अतिक्रमण कार्यलाई नियन्त्रण गर्न आवश्यक कारबाही गरी निकुञ्ज भित्र गैर कानूनी कार्यमा संलग्न जम्मा ५ हजार १९ जना व्यक्तिहरू पक्राउ भई निजहरूले प्रयोग गरिरहेको हात हतियार, सवारी साधन, ओखेटोपहार समेत बरामद गरी निकुञ्ज प्रशासनलाई हस्तान्तरण गरिएको।
- हिमालको सरसफाई कार्यलाई निरन्तरता स्वरूप सफा हिमाल अभियान-२०२२ सञ्चालन भई ४ वटा हिमालहरू (सगरमाथा, मनास्लु, कन्चनजङ्घा, ल्होत्से) बाट Bio-Degradable र Non-Bio-Degradable गरी जम्मा ३३.८ टन फोहोरहरू सङ्कलन गरी सरोकारवाला निकायहरूलाई हस्तान्तरण गरिएको।

**नेपाली सेनाबाट सञ्चालित स्वास्थ्य सेवा सुविधा**

- सैनिक नागरिक मैत्री सम्बन्ध विस्तारको उद्देश्यले काठमाण्डौ महानगरपालिकासँगको सहकार्यमा वीरेन्द्र अस्पतालमा विस्तार गरिएको हेमोडाईलासिस विभागबाट गैर सैनिक व्यक्तिहरूलाई समेत सेवा प्रदान गर्दै आएको कार्यलाई सम्बन्धित निकायहरूसँग समन्वय तथा सहकार्य गरी निरन्तरता दिइएको।
- वीरेन्द्र अस्पताल, छाउनी परिसरमा १०० एन क्यू.मि./घण्टा क्षमताको Pressure Swing Adsorption (PSA) Oxygen Plant जडान गरिएको।
- विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीबाट सिर्जित समस्याको व्यवस्थापन, भाईरस संक्रमणको रोकथाम र बिरामीहरूको उपचारलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन PCR र RDT Test, Ventilators सहितको ICU र HDU सञ्चालन लगायतका अन्य कार्यहरू गरिएको।

**नागरिक-सैनिक सम्बन्ध सहयोग र सहकार्य अन्तर्गत सम्पादित मुख्य कार्यहरू**

- जमिनी खोज तथा उद्धार - ४ हजार ६२८ जना।
- हवाई खोज उद्धार - ३०८ जना (सुत्केरी/गर्भवती -१५० सहित)।
- आगलागी नियन्त्रण - २८४ स्थान।
- स्वास्थ्य शिविर - ३३ स्थान (६ हजार ३४३ जना लाभान्वित)।
- रक्तदान - ३१५ जना।
- सर्पदंश उपचार - ३ हजार १७० जना।
- शैक्षिक/खेलकुद तथा राहत वितरण - १० स्थान।
- बस्ती जोखिम नियन्त्रण - १ स्थान (नेगी गाँउ नुवाकोट)।

## ७. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु तर्फ** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०००११३ | रक्षा मन्त्रालय | ७१८६३ | ५९८१७ | ८३.२४ |
| ३४५०००१२३ | राष्ट्रिय सुरक्षा परिषद् | ४८८०० | ४३५५७ | ८९.२६ |
| ३४५०१०११३ | जंगी अड्डा | ४५६०८२९४ | ४५३०९४९१ | ९९.३४ |
| ३४५०१०१२३ | सैनिक हवाई महा-निर्देशनालय | ५७९८४१ | ५६७५११ | ९७.८७ |
| ३४५०१०१३३ | वीरेन्द्र अस्पताल (पोष्ट एक्सीडेन्ट सेन्टर समेत) | १५८७४४५ | १५७२८८६ | ९९.०८ |
| ३४५०१०१४३ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | ११८८११ | ११६९०९ | ९८.४० |
| ३४५०१०१५३ | राष्ट्रिय सेवा दल | ३७४९४१ | ३६४४३३ | ९७.२० |
| ३४५०१०१६३ | अति विशिष्ट व्यक्तिहरूको सुरक्षा | २२०३२५ | २१८००६ | ९८.९५ |
| | जम्मा | ४८६१०३२० | ४८२५२६११ | ९९.२६ |

**पुँजीगत तर्फ** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०००११४ | रक्षा मन्त्रालय | ११७३९ | ११०१७ | ९३.८५ |
| ३४५०००१२४ | राष्ट्रिय सुरक्षा परिषद् | ४५०० | ४४३७ | ९८.६१ |
| ३४५०१०११४ | जंगी अड्डा | ७६०९०२८ | ४३८५५२९ | ५७.६४ |
| ३४५०१०१२४ | सैनिक हवाई महा-निर्देशनालय | १४३५०० | १३७७६४ | ९६.०० |
| ३४५०१०१३४ | वीरेन्द्र अस्पताल<br>(पोष्ट एक्सीडेन्ट सेन्टर समेत) | ३६१४०० | ३५४९०५ | ९८.२० |
| ३४५०१०१४४ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | ३७०२२ | ३५३९२ | ९५.६० |
| ३४५०१०१५४ | राष्ट्रिय सेवा दल | ९०० | ८८८ | ९८.७० |
| | **जम्मा** | ८१६८०८९ | ४९२९९३१ | ६०.३६ |

## ८. आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेट तथा २०७९ चैत्र मसान्तसम्मको खर्चको विवरणः

**चालु तर्फ** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०००११३ | रक्षा मन्त्रालय | ८३७०० | ५०१५१ | ५९.९२ |
| ३४५०००१२३ | राष्ट्रिय सुरक्षा परिषद् | ४५२०० | २५८५९ | ५७.२१ |
| ३४५०१०११३ | जंगी अड्डा | ४५४१०९३६ | ३७३४३०३० | ८२.२३ |
| ३४५०१०१२३ | सैनिक हवाई महा-निर्देशनालय | ६३४७९१ | ३७३६९६ | ५८.८७ |
| ३४५०१०१३३ | वीरेन्द्र अस्पताल (पोष्ट एक्सीडेन्ट सेन्टर समेत) | १५८९५७१ | १२१७८५२ | ७६.६२ |
| ३४५०१०१४३ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | १३२८५० | १०७९३२ | ८१.२४ |
| ३४५०१०१५३ | राष्ट्रिय सेवा दल | ३९१४०० | २७०७६४ | ६९.१८ |
| ३४५०१०१६३ | अति विशिष्ट व्यक्तिहरूको सुरक्षा | २५४२८९ | १९३९४७ | ७६.२७ |
| | **जम्मा** | ४८५४२७३७ | ३९५८३२३० | ८१.५४ |

**पुँजीगत तर्फ** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०००११४ | रक्षा मन्त्रालय | ८००० | २१३ | २.६६ |
| ३४५०००१२४ | राष्ट्रिय सुरक्षा परिषद् | ३००० | ५०४ | १६.७९ |
| ३४५०१०११४ | जंगी अड्डा | ७१०२००० | १७१९५६८ | २४.२१ |
| ३४५०१०१२४ | सैनिक हवाई महा-निर्देशनालय | ६८६७०० | १९१९३ | २.७९ |
| ३४५०१०१३४ | वीरेन्द्र अस्पताल (पोष्ट एक्सीडेन्ट सेन्टर समेत) | २२८८०० | ५०१८९ | २१.९४ |
| ३४५०१०१४४ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | १३४४०० | ४६९८१ | ३४.९६ |
| ३४५०१०१५४ | राष्ट्रिय सेवा दल | २१४३१ | १४०९४ | ६५.७६ |
| ३४५०१०१६४ | अति विशिष्ट व्यक्तिहरूको सुरक्षा | ३०४६९ | ३३५६ | ११.०१ |
| | **जम्मा** | ८२१४८०० | १८५४०९६ | २२.५७ |

# वन तथा वातावरण मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

वन तथा वातावरण मन्त्रालयका प्रमुख जिम्मेवारीमा वन, वातावरण तथा जलवायु परिवर्तनका क्षेत्रहरू समावेश छन्।वन अन्तर्गत मूलतः वन, वन्यजन्तु, वनस्पति, जैविक विविधता र जलाधारहरूको दिगो, समावेशी र सहभागितामूलक व्यवस्थापन र तीनबाट प्राप्त वस्तु र सेवाको न्यायोचित उपयोग गर्ने विषय पर्दछन्। वातावरण कार्यक्षेत्र तर्फ तीनै तहका सरकार, समुदाय र निजीक्षेत्रको सहयोग र सहकार्यमा खासगरी प्रदूषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन, वातावरणीय मापदण्डको निर्धारण र वातावरणीय प्रभावको नियमन रहेका छन्।जलवायु परिवर्तन तर्फ मानव समाज र प्राकृतिक वातावरणमा जलवायु परिवर्तनले पारेका वा पार्न सक्ने प्रभावहरूबाट बच्न अनुकूलनका उपयाहरूको खोजी र विस्तार गर्नु, त्यसका निम्ति अन्तराष्ट्रिय वित्त, प्रविधि र ज्ञानमा पहुँच बढाउनु, जलवायु परिवर्तनको न्यूनीकरण हुने गरी स्रोतको व्यवस्थापन गर्नु र हरितगृह ग्याँसको उत्सर्जनको नियमित मापन गर्नु जस्ता क्रियाकलापहरू रहेका छन्। यी तीनवटै कार्यक्षेत्रमा लैंगिक तथा सामाजिक समावेशीकरण, अध्ययन-अनुसन्धान, क्षमता विकास र शासकीय सुधार प्रमुख अन्तरसम्बन्धित पक्षहरू हुन्।

### १.२ दीर्घकालीन सोचः

वन क्षेत्रको दिगो व्यवस्थापन, सफा, स्वच्छ र हरित वातावरण तथा जलवायु समानुकूलित समाजको निर्माणबाट नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धि र सुखमा योगदान।

### १.३ उद्देश्यः

वन तथा वातावरण मन्त्रालयको नीतिगत उद्देश्य निम्नानुसार छन्:

**राष्ट्रिय वन नीति, २०७५**

- वन क्षेत्रको उत्पादकत्व उत्पादन र वातावरणीय सेवामा अभिवृद्धि गर्ने।
- वन पैदावरमा आत्मनिर्भर भई मूल्य अभिवृद्धि सहित निर्यात प्रवर्द्धन गर्ने।
- संरक्षित क्षेत्र सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरूबाट पर्यटन प्रवर्द्धनमा उल्लेख्य योगदान पुऱ्याउने।
- वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण पुनःस्थापना र दिगो उपयोग गर्ने
- वन क्षेत्रको संरक्षण र सो को बहुआयमिक उपयोग गर्ने।
- फलफूल लगायतका कृषि वनको विकास र संरक्षण गरी वन क्षेत्रलाई आर्थिक उपार्जनको माध्यमको रूपमा विकास गर्ने।
- हालको वन क्षेत्रलाई घट्न नदिई विभिन्न प्रकारबाट क्षति भएका वनको पुनःस्थापना गर्ने।
- जलाधार क्षेत्रहरूको, व्यवस्थापनबाट जल र भूमिको संरक्षण गर्ने।
- कार्वन उत्सर्जन न्यूनीकरण गर्ने नेपालको समग्र लक्ष्यमा वन क्षेत्रबाट योगदान पुऱ्याउने।
- वन क्षेत्रको शासकीय सुधार गर्दै प्राप्त लाभको न्यायोचित वितरण गर्ने।
- वन क्षेत्रको अध्ययन अनुसन्धान शैक्षिक गुणस्तर तथा क्षमता अभिवृद्धि गर्ने।

**राष्ट्रिय वातावरण नीति २०७६**

- जल, वायु, माटो, ध्वनि, विद्युत-चुम्बकीय तरङ्ग, रासायनिक र रेडियोधर्मी लगायत सबै प्रकारका प्रदूषणको रोकथाम नियन्त्रण र न्यूनीकरण गर्ने।

- घरेलु औद्योगिक तथा सेवा क्षेत्र लगायत सबै स्रोतबाट सिर्जित फोहोरमैलाको व्यवस्थापन गर्ने।
- शहरी तथा नगर क्षेत्रमा उधान विकास तथा हरियाली विस्तार गर्ने।
- विकासका सबै आयामहरूमा वातावरणीय चासोलाई मूलप्रवाहीकरण गर्ने।
- प्रदूषण पीडितलाई वातावरणीय न्यायको सुनिश्चितता गर्ने।
- वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा जनसहभागिता जुटाउने।
- वर्तमान तथा भावी पुस्ताबीचमा न्यायोचित हुने गरी प्राकृतिक तथा मानव निर्मित स्रोतहरूको उपयोग गर्ने।
- वातावरण संरक्षण र व्यवस्थापनका लागि शोध अनुसन्धान र क्षमता अभिवृद्धि गर्ने।
- जमीनको प्रयोग भू-उपयोग योजनाबमोजिम गर्ने।
- सम्भवभएसम्म उपलब्ध स्रोत साधनको पुनःप्रयोग र पुनःप्रशोधन गर्ने।

**राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६**

- सङ्कटासन्न र जोखिमपूर्ण अवस्थामा रहेका व्यक्ति, परिवार, समूह र समुदायको जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि गर्ने।
- जलवायु परिवर्तनका प्रतिकूल प्रभावको जोखिममा रहेका पारिस्थितीकीय प्रणालीहरूको उत्थानशीलता विकास गर्ने।
- न्यून कार्बन उत्सर्जन विकासको अवधारणा अवलम्बन गर्दै हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने।
- जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय स्रोतहरूको न्यायोचित परिचालन गर्ने।
- जलवायु परिवर्तनसम्बन्धी अनुसन्धान, प्रविधि विकास र सूचना सेवा प्रवाहलाई प्रभावकारी बनाउने।
- राज्यका सबै तह र विषयगत क्षेत्रका नीति, रणनीति, योजना तथा कार्यक्रमहरूमा जलवायु परिवर्तनका विषयहरूलाई एकीकृत गर्ने।
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन कार्यक्रमहरूमा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्ने।

## २. जनशक्तिको विवरणः

<table>
<tr><th>क्र.सं.</th><th>निकाय</th><th>स्वीकृत दरवन्दी</th><th>पदपूर्ति</th><th>करार</th><th>रिक्त</th><th>फाजिल</th></tr>
<tr><td>१</td><td>वन तथा वातावरण मन्त्रालय</td><td>१२९</td><td>९४</td><td>२३</td><td>१२</td><td rowspan="7">सहायक भू-संरक्षण अधिकृत-१० जना र फरेष्टर ४२३ जना फाजिलमा रहेका</td></tr>
<tr><td>२</td><td>वन तथा भू संरक्षण विभाग र अन्तरगतका निकायहरू(सशस्त्र वन रक्षक समेत)</td><td>१२९३</td><td>७७२</td><td>३९५</td><td>१२६</td></tr>
<tr><td>३</td><td>राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र अन्तर्गतका निकायहरू</td><td>१९४४</td><td>१२९१</td><td>२८८</td><td>३६५</td></tr>
<tr><td>४</td><td>वनस्पति विभाग र अन्तरगतका निकायहरू</td><td>२८८</td><td>१२२</td><td>११४</td><td>५२</td></tr>
<tr><td>५</td><td>वातावरण विभाग र अन्तर्गतका निकायहरू</td><td>५५</td><td>३३</td><td>७</td><td>१५</td></tr>
<tr><td>६</td><td>रेड कार्यान्वयन केन्द्र</td><td>१३</td><td>९</td><td>३</td><td>१</td></tr>
<tr><td>७</td><td>वन अनुसन्धान तथा सर्वेक्षण केन्द्र</td><td>७३</td><td>४७</td><td>१८</td><td>८</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३७९५</td><td>२३६८</td><td>८४८</td><td>५७९</td><td>४३३</td></tr>
</table>

**३. आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७९ चैत मसान्तसम्मको प्रगति विवरणः**

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ११७ | वन क्षेत्रलाई वातावरण संरक्षण, दिगो विकास, रोजगारी सिर्जना र आर्थिक वृद्धिको महत्त्वपूर्ण आधारको रूपमा विकास गरिने। सिल्भिकल्चर प्रणालीमा आधारित रही दिगो वन व्यवस्थापनको माध्यमबाट वन पैदावारमा आत्मनिर्भर हुनुका साथै काठ आपूर्ति तथा वनजन्य उद्यम विकास एवम् विस्तार गरिने। वन क्षेत्रको संरक्षण र यसको व्यवसायिक प्रयोगलाई सन्तुलित रूपमा अघि बढाइने। काठजन्य सामग्रीमा आत्मनिर्भर बन्न र गैरकाठजन्य प्रशोधित सामग्रीको निर्यात प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिने। | • हालसम्म १ करोड ३४ लाख क्यू. फिट काठ उत्पादन भएको ।(लक्ष्य : २ करोड ७५ लाख क्यू. फिट) |
| | | • ट्रेड सपोर्टतर्फ ८३४ वटा नमुनाहरूको विश्लेषण, प्रमाणीकरण, गुण नियन्त्रण तथा सिफारिस कार्य भएको।(लक्ष्य : १५००) |
| | | • जडीबुटी प्रशोधन केन्द्रको सम्भाव्यता अध्ययनका लागि परामर्शदाताबाट सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भई गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई हस्तान्तरण भएको।(लक्ष्य : १) |
| | | • समुदायस्तरमा वनजन्य उद्यम प्रवर्द्धनका लागि १२ वटा समुदायसँग सम्झौता भएको। (लक्ष्य:२७) |
| | | • गोदावरी फूल्चोकी क्षेत्रमा संरक्षण पोखरी निर्माण तथा मर्मतको लागि सम्झौता भई कार्य शुरू भएको।(लक्ष्य:१) |
| | | • वनक्षेत्र बाहिर रहेको बाँसको स्रोत सर्वेक्षण गर्न सेवा प्रदायक छनौट भई फिल्ड Crew का लागि तालिम सम्पन्न भएको।(लक्ष्य : १) |
मुलुकभित्र मर्यादित श्रम (Decent Work) को लागि आन्तरिक रोजगारी प्रवर्द्धन र असल श्रम सम्बन्ध विकास गर्दै रोजगारीका अवसरहरू सिर्जना गर्ने, श्रमिकको हकहित एवम् पेशागत सुरक्षा प्रदान गर्ने, मर्यादित कार्य वातावरण बनाउने, योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यान्वयन, वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, नियमित र मर्यादित बनाउने तथा सीपयुक्त जनशक्तिको विकास गरी रोजगारी र स्वरोजगारी प्रवर्द्धन गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्य श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट सम्पादन हुँदै आएको छ। मन्त्रालयको मुख्य कार्यक्षेत्र आन्तरिक रोजगार प्रवर्द्धन, वैदेशिक रोजगारी व्यवस्थापन, सीप विकास तथा तालिम, श्रम सम्बन्ध तथा व्यवसायजन्य सुरक्षा र योगदानमा आधारित सामाजिक सुरक्षाका क्षेत्रमा राष्ट्रिय नीति, कानुन, मापदण्ड, योजना र कार्यक्रमहरूको तर्जुमा कार्यान्वयन र व्यवस्थापन रहेको छ। श्रम तथा रोजगार क्षेत्रलाई व्यवस्थित गर्ने उद्देश्यले नेपालमा वि.सं.२०२८ सालमा उद्योग मन्त्रालय अन्तर्गत श्रम विभाग स्थापना भएको पाइन्छ। श्रम विभाग स्थापनाको एक दशकपछि वि.सं.२०३८ सालमा श्रम तथा समाज कल्याण मन्त्रालयको स्थापना भई यसै अन्तर्गत श्रम विभाग रहको थियो। वि.सं.२०५२ सालमा समाज कल्याणसम्बन्धी विषय अलग गरी श्रम मन्त्रालय मात्र कायम भएकोमा वि.सं.२०५७ सालमा यातायात व्यवस्थापनको कार्य समेत थप गरी श्रम तथा यातायात मन्त्रालयको रूपमा कार्यसम्पादन गरेको पाइन्छ। वि.सं.२०६९ सालमा मन्त्रालयको कार्यक्षेत्र पुनः हेरफेर भई श्रम तथा रोजगार मन्त्रालय स्थापना गरीयो। नेपालको संविधानअनुरूप राज्य पुनःसंरचना गरी संघीय व्यवस्था कार्यान्वयन गर्ने क्रममा प्रशासनिक संरचनामा फेरवदल हुँदा वि.सं.२०७४ चैत ३ मा मन्त्रालयको कार्यक्षेत्र पुनः परिमार्जन भई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा रूपान्तरित भएको छ।

### १.२ दीर्घकालीन सोचः

मर्यादित श्रम, उत्पादनशील रोजगारी र दिगो सामाजिक सुरक्षा सहितको समृद्धि।

### १.३ उद्देश्यः

- उत्पादनशील रोजगारीका अवसरमा वृद्धि गर्ने,
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने,
- श्रमिकको अधिकार सुनिश्चित गर्दै असल औद्योगिक श्रम सम्बन्ध कायम गर्ने,
- बालश्रम लगायत सवै प्रकारका श्रम शोषणको अन्त्य गर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको माग बमोजिम सीपयुक्त श्रमशक्ति उत्पादन र त्यसको मर्यादित उपयोग गर्ने,
- एकीकृत सामाजिक सुरक्षा नीति अवलम्बन गरी आम नागरिकलाई सामाजिक सुरक्षाको दायरामा समेट्ने,
- सुशासन अभिवृद्धि गर्नु।

### १.४ रणनीतिः

- न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने,
- उत्पादनशील रोजगारीको प्रवर्द्धन तथा विस्तार गर्ने,
- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित, सहज र उपलब्धिमूलक बनाउने,

- अन्तर्राष्ट्रिय श्रम बजारमा रहेका दक्षता आवश्यक पर्ने रोजगारीका अवसरहरूको पहिचान गरी वैदेशिक रोजगारीलाई अधिकतम प्रतिफलयुक्त बनाउने,
- वैदेशिक रोजगारीबाट प्राप्त पुँजी, ज्ञान, सीपप्रविधि र अनुभवको सदुपयोग गर्ने,
- वैदेशिक रोजगारीमा जान चाहने र रहेका नेपाली महिलाको सुरक्षा र सम्मानको प्रत्याभूति गर्ने,
- वैदेशिक रोजगारीमा श्रम कुटनीतिको प्रभावकारिता अभिवृद्धि गर्ने,
- श्रम प्रशासनसँग सम्बन्धित कानुनहरूलाई समसामयिक बनाउने,
- श्रमको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
- असल औद्योगिक सम्बन्ध कायम गर्ने,
- श्रम अभ्यासलाई मर्यादित (Decent Work) बनाउँदै श्रमशक्तिको विविधताको अधिकतम उपयोग गर्ने,
- बालश्रम निवारण गुरूयोजना (२०७५-२०८५) को कार्यान्वयन गर्ने,
- व्यवसायिक स्वास्थ्य र सुरक्षाको प्रवर्द्धन गर्दै कार्यस्थलमा हुने जोखिमलाई न्यूनीकरण गर्ने,
- श्रम सम्वद्ध सेवाको विस्तार तथा सुदृढीकरण गर्ने,
- अनौपचारिक श्रमलाई क्रमशः औपचारिकरण गर्ने,
- राष्ट्रिय श्रम बजारको आवश्यकताबमोजिम दक्ष तथा अर्धदक्ष जनशक्तिको माग र आपूर्ति बीच सन्तुलन कायम गर्ने,
- अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न योग्य जनशक्तिको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने,
- व्यावसायिक तथा सीपमुलक तालिम सञ्चालन गर्न अन्तरतह र अन्तर निकायहरूबीच समन्वय कायम गर्ने,
- व्यवसायिक तथा सीपमूलक तालिममा नागरिकको सहज पहुँच स्थापित गर्नुका साथै तालिमलाई गुणस्तरीय र जीवनपयोगी बनाउने,
- औपचारिक, अनौपचारिक तथा वैदेशिक रोजगारमा रहेका श्रमिक एवम् स्वरोजगारमा रहेका व्यक्ति र कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्ने,
- सामाजिक सुरक्षा कोषको वित्तीय दिगोपना हाँसिल गर्ने,
- सामाजिक सुरक्षा कोषको संस्थागत सुदृढीकरण गर्ने,
- गैर योगदानमा आधारित सामाजिक संरक्षण प्रणाली (Non- Contributory Social Protection System) लाई योगदानमा आधारित सामाजिक सुरक्षामा रूपान्तरण गरी समष्टिगत कुशलता हासिल गर्ने,
- सुशासन प्रवर्द्धन गर्ने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| १ | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ८८ | ८६ | २ |
| २ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ३२ | २६ | ६ |
| ३ | वैदेशिक रोजगार विभाग | ७३ | ६९ | ४ |
| ४ | वैदेशिक रोजगार बोर्डको सचिवालय | १८ | १८ | ० |
| ५ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, भैंसेपाटी | २१ | १९ | २ |
| ६ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, सुनसरी | १३ | १० | ३ |
| ७ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, रूपन्देही | १३ | १० | ३ |
| ८ | वैदेशिक रोजगार कार्यालय, ताहाचल | ६० | ६० | ० |
| ९ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र, भैसेपाटी | २० | १६ | ४ |
| १० | श्रम तथा रोजगार कार्यलय,धनगढी | १५ | ११ | ४ |

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| ११ | श्रम तथा रोजगार कार्यालय, सुर्खेत | १४ | १२ | २ |
| १२ | श्रम तथा रोजगार कार्यालय, बुटवल | १४ | १३ | १ |
| १३ | श्रम तथा रोजगार कार्यालय, पोखरा | १३ | १२ | १ |
| १४ | श्रम तथा रोजगार कार्यालय, काठमाडौं | १२ | १२ | ० |
| १५ | श्रम तथा रोजगार कार्यालय, जनकपुर | १४ | ११ | ३ |
| १६ | श्रम तथा रोजगार कार्यालय,विराटनगर | १४ | १३ | १ |
| १७ | श्रम तथा रोजगार कार्यालय, वीरगञ्ज | ८ | ४ | ४ |
| १८ | श्रम तथा रोजगार कार्यालय, हेटौडा | ८ | ८ | ० |
| १९ | श्रम तथा रोजगार कार्यालय, नेपालगञ्ज | ८ | ७ | १ |
| २० | श्रम तथा रोजगार कार्यालय, झापा | ८ | ८ | ० |
| **जम्मा** | | ४६६ | ४२५ | ४१ |

**३. आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७९ चैत मसान्तसम्मको प्रगति विवरणः**

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १२६ | उत्पादनशील र मर्यादित रोजगारीको माध्यमबाट श्रम बजारमा प्रवेश गर्न योग्य जनशक्तिलाई रोजगारीका क्षेत्रमा आफ्नो सम्भावनाको उच्चतम प्रयोग गर्न सक्ने बनाउन सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा सीपमूलक व्यवसायिक तालिम कार्यक्रमहरू सञ्चालन गरिने। सबै बेरोजगार जनशक्तिको योग्यता, क्षमता र सीपसमेत उल्लेख हुने गरी तथ्याङ्क अध्यावधिक गरिने। कृषि तथा वन, पर्यटन, पूर्वाधार, सूचना प्रविधि, औधोगिक र घरेलु तथा साना उद्योग क्षेत्रलाई रोजगारी सिर्जनाको स्तम्भको रूपमा विकास गरिने। | • राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली निर्माणको प्रकृया अगाडि बढाइएको। |
| १२७ | प्रधानमन्त्री रोजगार कार्यक्रमको ढाँचा परिमार्जन गरिने। स्थानीय तहको सहकार्यमा खेतीयोग्य बाँझो जमिन पहिचान गरी रोजगार सेवा केन्द्रमा सुचीकृत बेरोजगारलाई यस कार्यक्रम मार्फत कृषि र उत्पादनमूलक क्षेत्रमा रोजगारी प्रदान गरिने। प्रत्येक वर्ष रोजगार सेवा केन्द्र मार्फत २ लाख सूचीकृत बरोजगारलाई रोजगारी प्रदान गरिने। प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि बजेट विनियोजन गरिएको। | • प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारी तथा श्रमिकको सामुहिक दुर्घटना बीमा नवीकरणका लागि राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँग सम्झौता भएको।<br>• आन्तरिक रोजगार प्रवर्द्धन तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको परिमार्जित ढाँचा तयार भएको।<br>• युवा रोजगारीका लागि रूपान्तरण आयोजनाको आयोजना कार्यसञ्चालन निर्देशिका, २०७९ स्वीकृत भएको।<br>• चैत मसान्तसम्ममा १७ हजार ४४६ जनाले न्यनूतम रोजगारी प्राप्त गरेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १२८ | कम्तीमा ५ लाख विपन्न बेरोजगार नागरिकलाई सम्बन्धित स्थानीय तहमा श्रम सहकारीको रूपमा दर्ता भई आपसी प्रतिस्पर्धाको आधारमा सङ्घ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने रू.१० करोडसम्मको विकास आयोजना निर्माणमा संलग्न गराई रोजगारीको अवसर प्रदान गरिनेछ। श्रम सहकारी मार्फत विभिन्न सीपमूलक तालिम प्रदान गर्नुका साथै श्रमिकहरूलाई मागका आधारमा विभिन्न परियोजना निर्माण कार्यमा खटाउने व्यवस्था मिलाइने। | • श्रम सहकारी गठन तथा सञ्चालनसम्बन्धी कार्यविधि तर्जुमाको लागि समिति गठन भएको। |
| १२९ | मुलुकभरका सबै सीपमूलक तालिम प्राप्त व्यक्तिको अभिलेख व्यवस्थित गरिने। विभिन्न निकायबाट सम्पादन हुँदै आएको रोजगार सम्वद्ध कार्यक्रमहरूलाई व्यवस्थित र प्रभावकारी बनाई दोहोरोपन हटाउन र सीपमूलक तालिमहरूलाई समन्वयात्मक ढङ्गले सञ्चालन गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको नेतृत्वमा उच्चस्तरीय समन्वय समिति गठन गरिने। | • राष्ट्रिय व्यावसायिक सीप विकास तालिम नीतिको प्रारम्भिक मस्यौदा तयार भएको।<br>• मन्त्रालय अन्तर्गत सञ्चालन गरिने सीप विकास तालिमसम्बन्धी पाठ्यक्रममा एकरूपता ल्याउने सम्बन्धमा कार्यदल गठन भएको। |
| १३० | उद्योग तथा व्यवसायका क्षेत्रमा सुमधुर श्रम सम्बन्ध स्थापना, सामूहिक सौदावाजी प्रवर्द्धन, रोजगारदाता र श्रमिकबीच मेलमिलाप स्थापना, श्रम निरीक्षणको प्रभावकारीता अभिवृद्धि, श्रम बजारको अध्ययन र अनुसन्धान तथा श्रमिकहरूको सीप, विकास र कल्याणकारी कार्य सञ्चालनमा नेतृत्वदायी भूमिका निर्वाह गर्न राष्ट्रिय श्रम प्रतिष्ठान गठन गरिने। | • श्रम आयोग, राष्ट्रिय रोजगार प्राधिकरण, श्रम बैंक स्थापना र राष्ट्रिय श्रम प्रतिष्ठान गठन हुने क्रममा रहेको। |
| १३२ | वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित तथा मर्यादित बनाइने। वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको दक्षता अभिवृद्धि गर्न गन्तव्य मुलुकको माग अनुसार आवश्यक सीपमूलक तालिम प्रदान गरिने। वैदेशिक रोजगारीका नयाँ र आकर्षक गन्तव्य मुलुकहरूको पहिचान गरी विद्यमान श्रम सम्झौताको प्रभावकारीता अध्ययन तथा पुनरावलोकन गरिने। वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणालीलाई स्तरोन्नती गरी वैदेशिक रोजगारी सम्वद्ध सेवाहरू अनलाइन प्रणाली मार्फत प्रदान गर्न व्यवस्था मिलाइने। हाल काठमाडौंबाट प्रदान गरिँदै आएको श्रम स्वीकृति काठमाडौं | • जापानमा नेपालीहरूलाई रोजगारीका लागि नेपाल सरकार र जापान सरकारबीच संयुक्त कार्यसमितिको बैठक काठमाडौंमा सम्पन्न भएको।<br>• नेपालबाट बेलायतमा स्वास्थ्य क्षेत्रका जनशक्ति पठाउने सम्बन्धी श्रम समझदारीपत्रमा हस्ताक्षर भएको।<br>• नेपाल सरकार र इजरायल सरकारबीच सन् २०२० मा भएको द्विपक्षीय श्रमसम्झौता बमोजिम इजरायलका दीर्घकालिन स्याहार केन्द्रमा हालसम्म नेपालबाट १ हजार १९ कामदारहरू पठाइएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | बाहिरका सबै श्रम तथा रोजगार कार्यालयहरूमार्फत अनलाइन प्रणालीबाट उपलब्ध गराउने व्यवस्था मिलाइएको। | • श्रम स्वीकृतिसम्बन्धी जानकारी SMS मार्फत पठाउने व्यवस्था गरिएको।<br>• बुटवल, पोखरा, विराटनगर, जनकपुर, सुर्खेत र धनगढी स्थित श्रम तथा रोजगार कार्यालयबाट सबै प्रकारको श्रम स्वीकृति प्रदान गरिएको।<br>• नेपाल सरकार र दक्षिण कोरिया सरकारबीच द्विपक्षीय श्रम समझदारीपत्र नवीकरण भएको।<br>• श्रम स्वीकृति सम्बन्धी सेवालाई 'फेस लेस', 'क्यास लेस' र 'पेपरलेस' बनाई पूर्णरूपमा अनलाइन प्रणालीमा आवद्ध गरिएको। |
| १३३ | श्रमिकको गन्तव्य, कामको किसिम, पारिश्रमिक तथा सामाजिक सुरक्षासम्बन्धी विषयमा डिजिटल माध्यमबाट अग्रीम जानकारी दिने व्यवस्था मिलाइने। वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक तथा निजहरूको परिवारलाई प्रदान गरिने राहत, उद्धार तथा अन्य कल्याणकारी सेवा अनलाइन प्रणालीबाट प्रवाह गर्ने व्यवस्था मिलाइने। वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूलाई टेलिमेडिसिन सेवा प्रवाह गर्न आवश्यक व्यवस्था मिलाइने। वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूको लागि उत्पादनमूलक क्षेत्रमा लगानी गरी प्रतिफल वितरण गर्ने गरि सञ्चित लगानी कोष सञ्चालन गरिने। | • वैदेशिक रोजगारीमा गई अङ्गभङ्ग वा मृत्यु भएका कामदार र निजका परिवारलाई उपलब्ध गराउने आर्थिक सहायता र छात्रवृत्ति सम्बन्धी सेवालाई समेत अनलाईन मार्फत प्रदान गर्ने व्यवस्था गरिएको।<br>• वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूलाई टेलिमेडिसिन सेवाप्रवाह गर्ने कार्यको शुरूवात भएको।<br>• २०७९ चैत सम्ममा नयाँ श्रम स्वीकृति र पुनः श्रम स्वीकृति गरी जम्मा ५ लाख ७७ हजार ७४४ जनालाई वैदेशिक रोजगारीमा जना श्रम स्वीकृति प्रदान गरिएको। |
| १३४ | वैदेशिक रोजगारीबाट फर्केका नागरिकहरूलाई उनीहरूले आर्जन गरेको अनुभव, सीप र पुँजी लगानी गरी उत्पादन र स्वरोजगार क्षेत्रमा काम गर्न प्रोत्साहन गर्नुका साथै व्यवसाय सञ्चालनका लागि सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने व्यवस्था मिलाइएको। सातै प्रदेशमा बहुउद्धेश्यीय तालिम केन्द्र स्थापना गरी सञ्चालन गरिने। | • स्वीस सरकारको सहयोगमा वैदेशिक रोजगारीबाट फर्किएका नेपालीहरूको लागि पुन:एकीकरण कार्यक्रम सञ्चालनको लागि वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुका लागि पुन: एकीकरण (ReMi) परियोजना अन्तर्गत स्थानीय तह छनौट भई कार्यान्वयनको चरणमा रहेको।<br>• KOICA को सहयोगमा दक्षिण कोरियामा काम गरी फर्केका व्यक्तिहरूको पुन: एकीकरण सम्बन्धी परियोजना सञ्चालन गर्ने सम्बन्धमा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | MoU सम्पन्न भई कार्यान्वयनको क्रममा रहेको। |
| १३५ | कार्यस्थलमा भेदभाव तथा हिंसा हुन दिइने छैन। समान कामका लागि समान पारिश्रमिकको सिद्धान्तको प्रभावकारी कार्यान्वयन गरिने। श्रम अडिटलाई व्यवस्थित र प्रभावकारी बनाइ श्रमिकको हक, हीत, व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा, न्यूनतम पारिश्रमिक र श्रम कानुनको परिपालना सुनिश्चित गरिने। बालश्रम निवारण कार्ययोजना २०७५-२०८५ को प्रभावकारी कार्यान्वयन गरी क्रमश: सबै स्थानीय तहलाई बालश्रममुक्त घोषणा गरिने। दैनिक ज्यालादारीमा काम गर्ने श्रमिकहरूको हित रक्षाका लागि काममा लगाउने पक्ष र श्रमिककोबीचमा करार गर्नुपर्ने व्यवस्था मिलाइने। | • प्रदेशस्तरका सबै अस्पतालहरूमा श्रमिक सहायता कक्षको स्थापना भएको।<br>• विदेशी नागरिकलाई श्रम इजाजत, श्रमिक आपूर्तिकर्ता र ट्रेड युनियनसम्बन्धी उजुरी गुनासो सुनुवाई सेवा अनलाईन प्रणालीबाट गर्न एकीकृत सफ्टवेर निर्माण भइरहेको। |
| १३६ | स्वरोजगार नागरिकलाई योगदानमा आधारित नागरिक पेन्सन योजनामा आवद्ध गर्न आवश्यक व्यवस्था मिलाइने। निजी तथा अनौपचारिक श्रेत्र र वैदेशिक रोजगारीमा रहेका नागरिकलाई सामाजिक सुरक्षा कोषबाट सञ्चालित सामाजिक सुरक्षा योजनाहरूमा क्रमश: आवद्ध गर्दै लगिने। | • योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ संशोधनको मस्यौदा तयार भएको।<br>• योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा स्वदेशमा अनौपचारिक तथा स्वरोजगार क्षेत्रमा रहनुभएका व्यक्तिका लागि २०८० वैशाखदेखि योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन कार्यविधि स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको। |
| १८९ | सामाजिक सुरक्षा कोषको रकम कामदारको स्वास्थ्य उपचार, कामदारको सन्ततिको शिक्षा तथा कामदारको परिवारको बीमा गर्न उपयोग गरिने। कोषको रकम व्यवसाय सञ्चालन गर्न र व्यवसायिक सीपसम्बन्धी तालिम सञ्चालन गर्न समेत उपयोग गरिने। कोषलाई दिगो बनाउन कोषको रकम उत्पादनमूलक तथा पूर्वाधार लगायतका क्षेत्रमा लगानी गर्न कानूनी प्रबन्ध गरिने। | • स्वास्थ्य संस्थामार्फत दावी भुक्तानीलाई स्वचालित गर्ने कार्यको शुरूवात गरिएको। |
| १९० | योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिनुका साथै वैदेशिक रोजगारी तथा स्वरोजगारमा रहेका श्रमिकलाई सामाजिक | • वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका ब्यक्तिहरूलाई योगदानमा आधारित |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सुरक्षा कोषमार्फत योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा आवद्ध गर्न आवश्यक व्यवस्था मिलाइने। | सामाजिक सुरक्षा कार्यक्रममा आवद्धता गर्ने कार्य शुरू गरिएको। |

४. आर्थिक वर्ष २०७८/७९ मा र आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्ममा तर्जुमा/ संशोधन भई कार्यान्वयन आएका नीति/कानुन/कार्यविधिः

| क्र.सं | नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १ | आप्रवासी श्रोत केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ | नयाँ जारी |
| २ | वैदेशिक रोजगार कल्याणकारी सूचना प्रणाली (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ | नयाँ जारी |
| ३ | विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६ | प्रथम संशोधन |
| ४ | प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ | दोस्रो संशोधन |
| ५ | कार्यस्थलमा आधारित (एप्रेन्टसिप) तालिम सञ्चालन कार्यविधि, २०७६ | प्रथम संशोधन |
| ६ | वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि पुन:एकीकरण कार्यक्रम(सञ्चालन तथा व्यवस्थापन ) निर्देशिका, २०७९ | नयाँ तर्जुमा |
| ७ | सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ | नयाँ तर्जुमा |
| १ | वैदेशिक रोजगारीमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिका लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| २ | अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| ३ | वैदेशिक रोजगारमा मौसमी कामदार पठाउने सम्बन्धी निर्देशिका,२०७९ | नयाँ तर्जुमा |

५. आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- मन्त्रालयको पाँच वर्षे रणनीति योजना स्वीकृत गरी कार्यान्वयनको प्रक्रियामा रहेको।
- वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका ब्यक्तिको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम शुभारम्भ भई झण्डै ५४ हजार जना सूचीकरण भएका।
- स्वदेशमै अनौपचारिक तथा स्वरोजगार क्षेत्रमा रहनुभएका व्यक्तिका लागि आगामी २०८० वैशाखदेखि योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आएको।
- श्रमिकलाई सहजरूपमा विदेश स्थित नियोगबाटै श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाइएको।
- स्वीटजरल्याण्ड सरकारको नगद अनुदानमा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको पुन: एकीकरण (ReMi) परियोजना सञ्चालनका लागि कोशी प्रदेश र मधेश प्रदेशबाट दश/दश गरी बीस वटा स्थानीय तह छनौट गरी कार्यक्रम कार्यान्वयनको शुरूवात गरिएको।

**क्षमता विकास क्षेत्रः**

- प्रशिक्षण प्रशिक्षक तयार गरी काभ्रेपलाञ्चोक, दोलखा र सिन्धुपाल्चोक जिल्लाका सबै स्थानीय तहको रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीहरूलाई तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिएको।
- वैदेशिक रोजगारीमा जान चाहने १ लाख ५९ हजार ६४० जनालाई सूचना तथा परामर्श सेवा, ४६६ जनालाई सीपमुलक तालिम १ हजार १८९ जनालाइ मनोसामाजिक परमर्श सेवा, १ हजार

३६९ जनालाई कानूनी सहयता सहजीकरण सेवा र ५ हजार ५९७ जनालाई वित्तीय साक्षरतासम्बन्धी तालिम प्रदान गरिएको ।

- वैदेशिक रोजगार वोर्डबाट सिटिइभिटिको सम्बन्धन प्राप्त निजी संस्थामार्फत ४ हजार ७०० जनालाई निःशुल्क सीपमूलक तालिम प्रदान गर्ने कार्य भइरहेको।

**श्रम कुटनीतिको क्षेत्रः**

- वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूको समस्याहरूलाई समयमा नै सुनुवाइ गरी समस्याको समाधानमा सहजीकरण गर्ने प्रयोजनका लागि विदेशस्थित सबै नियोगहरूमा श्रमसम्बन्धी छुट्टै Dedicated Focal Point तोकिएको।

**सेवा प्रवाहको क्षेत्रः**

- सातवटै प्रदेशस्थित श्रम तथा रोजगार कार्यालयहरूबाट समेत वैदेशिक रोजगारका लागि श्रम स्वीकृति प्रदान गर्ने कार्यको थालनी भएको। पुनःश्रम स्वीकृतिको कार्य विदेशबाट नै अनलाईन प्रणालीको मार्फत लिनसक्ने व्यवस्था गरिएको।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग र सतर्कता केन्द्र, हेलो सरकार र कल सेन्टरमा प्राप्त भएका उजुरीहरू मध्ये ९४ प्रतिशत उजुरीहरू फछ्र्यौट भएको।
- नेपालको आन्तरिक श्रम प्रशासनको कामलाई चुस्त दुरूस्त र छिटो छरितो तरिकाले Online माध्यमबाट प्रवाह गर्न श्रम सम्बन्धी एकीकृत सफ्टवेयर (Integrated Labour Management Information System) निर्माण गर्न खरीद सम्झौता भएको।
- वैदेशिक रोजगार विभागबाट सञ्चालन हुने सेवाहरूलाई सरलीकरण गर्न कार्यसञ्चालन कार्यविधि तर्जुमा गरिएको, वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणका साथै राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन मार्सल टिम, शीघ्र प्रत्युत्तर टोली गठन तथा २४ घण्टा गुनासो सुन्ने गरी मन्त्रालयमा श्रम कल सेन्टर प्रभावकारी रूपमा सञ्चालन गरिएको।

## ६. आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः

**श्रम सम्बन्ध**

- २०७८ साउन १ गतेदेखि लागु हुने गरी न्यूनतम पारिश्रमिक रू.१५ हजार कायम गरिएको।
- ILO को विधानको धारा २२ बमोजिम परराष्ट्र मन्त्रालय मार्फत ४ वटा प्रतिवेदन अन्तर्राष्ट्रिय श्रम सङ्गठनमा पेश गरिएको।
- अन्तराष्ट्रिय श्रम सङ्गठनको सहकार्यमा श्रम प्रशासन सम्बन्धी पुनरावलोकन (Assessment of Labour Administration Review) को प्रतिवेदन तयार भएको।
- Diagnostics of Informality in Nepal प्रतिवेदन तयार भई कार्यान्वयनको कार्ययोजना तयार गरिएको।
- श्रम सम्बन्ध, श्रमिक कल्याणसम्बन्धी ७ वटा अन्तर्क्रिया सम्पन्न गरिएको।
- ILO को सहयोगमा नेपालको श्रम प्रशासन सुधार र अनौपचारिकता सम्बन्धी अध्ययन गरिएको।

**आन्तरिक रोजगार प्रवर्द्धन (प्रधानमन्त्री रोजगार कार्यक्रम)**

- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ मा दोस्रो संशोधन गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन ज्यालादर वृद्धि, दुर्घटना बीमाको व्यवस्था, स्वास्थ्य र शिक्षा क्षेत्र समेट्ने गरी कार्यक्षेत्र थप गरिएको साथै कार्यक्रमका रोजगार सहायक र प्राविधिक सहायकको नियुक्तिसम्बन्धी मापदण्ड स्वीकृत गरिएको।
- प्रधानमन्त्री रोजगार कार्यक्रम लागु भएको चौथो वर्षमा पहिलो पटक सबै स्थानीय तहका रोजगार संयोजकलाई अभिमुखीकरण गरिएको।

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचीकृत वेरोजगार संख्या ७ लाख ८ हजार २८९, रोजगारी सिर्जना १ लाख ४९ हजार ११३ जना, औसत रोजगारीको दिन ७५ दिन, सञ्चालित आयोजना १८ हजार ४२८ र २ लाख जना श्रमिकको सामुहिक दुर्घटना बीमा गरिएको।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रूपान्तरण पहल आयोजना तर्फको २०७८ चैत महिनासम्मको खर्च रू.३ अर्ब ८५ करोड विश्व बैंकको अन्तर्राष्ट्रिय विकास सङ्घ (International Development Association - IDA) तर्फको शोधभर्ना प्राप्त भएको।

**वैदेशिक रोजगार**

- वैदेशिक रोजगारीबाट फर्किएका नेपालीहरूको सामाजिक तथा आर्थिक पुन:स्थापनाको लागि राष्ट्रिय पुन:एकीकरण निर्देशिका, २०७९ स्वीकृति भएको।
- संयुक्त अधिराज्य बेलायत सरकारको National Health Service मा नेपाली नर्सलाई रोजगारी प्रदान गर्ने विषयमा नेपाल सरकार र बेलायत सरकारबीच समझदारी गर्न समझदारी मन्त्रिपरिषद्बाट स्वीकृत भएको।
- इ.पि.एस. प्रणाली अन्तर्गत नेपाली नागरिकहरूलाई दक्षिण कोरिया पठाउने सम्बन्धमा नेपाल सरकार र दक्षिण कोरिया सरकारबीच सम्पन्न भएको द्विपक्षीय श्रम समझदारीपत्र नवीकरण भई नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको। इ.पि.एस. प्रणाली मार्फत ५ हजार ५०० जना भन्दा बढी व्यक्तिहरू दक्षिण कोरियाको रोजगारीमा गएका।
- इजरायलमा नेपाली कामदारलाई केयर गिभरको रूपमा पठाउने सम्बन्धमा नेपाल सरकार र इजरायल सरकारबीच भएको दुईपक्षीय सम्झौताबमोजिम छनौट परीक्षा सञ्चालन गरी २०७९ असारसम्म २९७ जना नेपालीहरू इजरायल प्रस्थान गरेको।
- भैरहवामा सञ्चालित गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नजिक रहेको वैदेशिक रोजगार व्यवस्थापन शाखाबाट वैदेशिक रोजगारीमा जाने श्रमिकले अन्तिम श्रम स्वीकृति लिन सकिने व्यवस्था गरिएको।
- वैदेशिक रोजगारीमा गई अङ्गभङ्ग वा मृत्यु भएका कामदार र निजका परिवारलाई उपलब्ध गराउने आर्थिक सहायता र छात्रवृत्ति सम्बन्धी सेवालाई समेत अनलाईन मार्फत प्रदान गर्ने व्यवस्था गरिएको।
- यु.ए.ई., साउदी अरेविया तथा भारतमा अलपत्र परेका श्रमिकलाई उद्धार गरिएको। भिजिट भिषामा यूएई पुऱ्याएर अलपत्र पार्ने काममा संलग्न व्यक्ति वा कम्पनीलाई पीडितको उद्धार तथा दोषिलाई कारवाहीको दायरामा ल्याइएको। वैदेशिक रोजगारीको नाममा ठगी गर्नेहरूलाई पहिलो पटक नेपाल प्रहरीको सहयोगमा रेड कर्नर नोटिस जारी गरी नेपाल ल्याई कारवाहीको दायरामा ल्याउने प्रकृया अघि बढाइएको।
- विभिन्न मुलुकमा घरेलु कामदारका रूपमा रहेका नेपाली महिलालाई स्वदेश आएर पुन:फर्कन पाउने व्यवस्था गरिएको।
- नेपाली श्रमिकको प्रमुख गन्तव्य मुलुक रहँदै आएको मलेसिया जाने श्रमिकलाई श्रम स्वीकृति दिन पुन:शुरू गर्ने निर्णय गरेको। श्रम स्वीकृति प्रदान गर्ने कार्य करिव दुई वर्षदेखि रोकिएकोमा पुन: शुरू गर्न २०७८ फागुन २९ मा निर्णय भएको।
- वैदेशिक रोजगारीमा गएका मृतक कामदारका परिवारलाई आर्थिक सहायता १ हजार ३७९ जना अङ्गभङ्ग वा गम्भीर विरामी भएका कामदारलाई तथा अशक्तता निर्धारण गरी दिइने आर्थिक सहायता २२२ जना, छोराछोरीहरू मध्ये २ हजार ६८७ जनालाई रू.२ करोड ४९ लाख ८२ हजार छात्रवृत्ति सहायता रकम वितरण गरिएको।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउने उद्देश्यले सञ्चालित सुरक्षित आप्रवासन परियोजना अन्तर्गत वैदेशिक रोजगारी सम्बन्धी सूचना २३ हजार ७३३ जना, मनोसामाजिक

परामर्श सेवा ४ हजार ७४१ जना र वित्तीय साक्षरता १४ हजार ३२० जनालाई प्रदान गरिएको, ३ वटा प्रदेशलाई श्रम रोजगार नीति बनाउन सहयोग गरिएको।

- संस्थागत श्रम स्वीकृति, नयाँ व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृति (EPS नविकरण समेत) गरी पुरूष ५ लाख ८७ हजार ६०५ जना र महिला ४९ हजार ६०२ जना गरी जम्मा ६ लाख ३७ हजार २०७ जनाले श्रम स्वीकृति लिएको।

### सामी कार्यक्रम (रोजगार प्रवर्द्धन कार्यक्रम)

- सुरक्षित आप्रवासन परियोजना (सामी) को समयावधि २ वर्ष थप भएको,
- ४९ वटा स्थानीय सरकारले सुरक्षित आप्रवासन पार्श्वचित्र निर्माण गरेको,
- ७ वटा स्थानीय सरकारको आवधिक योजनामा सुरक्षित वैदेशिक रोजगारको विषय समावेश गरेको,
- ६१ वटा स्थानीय सरकारलाई सुरक्षित आप्रवासनसम्बन्धी कार्यविधि निर्माणका लागि सहजीकरण गरेको,
- आर्थिक वर्ष २०७८/०७९ मा सामी कार्यक्रम सञ्चालन भएका ९२ र कार्यक्रम सञ्चालन नभएका १७ स्थानीय तह समेत गरी कुल १०९ स्थानीय तहहरूले कुल रू.७ करोड ३३ लाख बजेट विनियोजन गरेको।

### योगदानमा आधारित सुरक्षा कोषको मुख्य उपलब्धि तथ्याङ्कमा

| विवरण | २०७९ असारसम्मको उपलब्धि |
|---|---|
| प्रतिष्ठान सूचीकरण (संख्या) | १७ हजार १९२ |
| श्रमिक सूचीकरण (संख्या) | ३ लाख ४६ हजार ७४४ |
| कुल योगदान रकम (रू.) | २१ अर्व ८ करोड |
| कुल दावी भुक्तानी (रू.) | १ अर्व ६५ करोड ९९ लाख |
| सामाजिक सुरक्षा योजनाको संख्या | ४ |

### सीप विकास

- राष्ट्रिय प्रशिक्षण प्रतिष्ठान विकास समितिको स्थापना गर्न बनेको गठन आदेश स्वीकृतिको चरणमा रहेको,
- व्यावसायिक सीप विकाससम्बन्धी राष्ट्रिय नीति मस्यौदा गरिएको,
- हालसम्म १९ हजार ५५३ जनालाई विभिन्न ट्रेडको व्यावसायिक सीप विकास तालिम प्रदान गरिएको,
- व्यावसायिक सीप विकाससम्बन्धी ७ वटा अन्तर्क्रिया सम्पन्न गरिएको।

**व्यावसायिक सीप विकाससम्बन्धी उपलब्धि तथ्याङ्कमा**

| तालिम प्रदायक निकाय | इकाइ | वार्षिक लक्ष्य | वार्षिक उपलब्धि |
|---|---|---|---|
| व्यावसायिक तथा सीप विकास प्रतिष्ठानहरूबाट | जना | १३,२६७ | १२०८९ |
| वैदेशिक रोजगार वोर्ड | जना | १०,००० | ५७१७ |
| रोजगार प्रवर्द्धन कार्यक्रम (सामी परियोजना) | जना | २,५०० | १७४७ |
| जम्मा लक्ष्य तथा प्रगति | जना | २५,७६७ | १९,५५३ |

### सेवा प्रवाह र सुशासन प्रवर्द्धन

- वैदेशिक रोजगारीको लागि प्रयोग भएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEIMS) मा सुधार गरी श्रम स्वीकृति गर्न अनलाइन प्रणालीबाट मात्र श्रम स्वीकृति गर्ने व्यवस्था मिलाइएको, जसले गर्दा लाइन बस्नुपर्ने बाध्यताको अन्त्य गरिएको। श्रम स्वीकृति नवीकरणका लागि ४ चरणको व्यवस्थालाई २ चरणबाट सम्पन्न गर्ने गरिएको।

- वैदेशिक रोजगारीमा जाने श्रमिक तथा कामदारलाई विना झन्झट सहज र सरल तरिकाबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको। सेवाग्राहीका समस्या समाधान गर्न, जानकारी एवम् सूचना प्रवाह गर्न हेल्प डेस्क स्थापना गरिएको।
- वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणका साथै राहत तथा उद्दार कार्यलाई प्रभावकारी वनाउन, गुनासोलाई तत्काल निराकरण गर्न तथा क्षतिपूर्तिको सिफारिस गर्न तथा अन्तर निकाय समन्वयका लागि र्‍यापीड रेस्पोन्स टीम मार्फत कार्य भइरहेको।
- वैदेशिक रोजगार विभागवाट सञ्चालन हुने सेवाहरूलाई सरलीकरण गर्न कार्यसञ्चालन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिएको।
- मन्त्रालय र मातहतका निकायका सार्वजनिक खरिद कार्यमा संलग्न कर्मचारीहरूलाई सार्वजनिक खरिद व्यवस्थापनसम्बन्धी तालिम प्रदान गरिएको।
- मन्त्रालयमा रहेको कल सेन्टर ११४१ को स्तरोन्नती गरी २४ सैं घण्टा सञ्चालनमा ल्याइएको।
- हेलो सरकार, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सतर्कता केन्द्र, मन्त्रालयको कल सेन्टरबाट प्राप्त हुने गुनासोको फछ्र्यौट करिब ९८ प्रतिशत रहेको।

## ७. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु तर्फ** (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०००११३ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १६३०७२ | १०२७८८ | ६३.०३ |
| ३७१०००१२३ | वैदेशिक रोजगार न्यायाधिकरण | २४६०० | १६७२२ | ६७.९८ |
| ३७१००१०१३ | रोजगार प्रवर्द्धन कार्यक्रम | ३५११०० | २८८८४० | ८२.२७ |
| ३७१००१०२३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | २७८८३८ | २७४०९ | ९.८३ |
| ३७१००१०३३ | युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना | ८४४१९१ | ५४५५९ | ६.४६ |
| ३७१०१०११३ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ३२६०० | २६४३८ | ८१.१० |
| ३७१०१०१२३ | श्रम तथा रोजगार कार्यालयहरु | १६१९९२ | १११८४८ | ६९.०५ |
| ३७१०११०२३ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | २५६०० | १९३१५ | ७५.४५ |
| ३७१०२०११३ | वैदेशिक रोजगार विभाग | १५९४५९ | १३८५३७ | ८६.८८ |
| ३७१०३०११३ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान | ३१८८०० | २४६९७८ | ७७.४७ |
| ३७१३१०११३ | वैदेशिक रोजगार बोर्ड | २१०७५ | १७९७८ | ८५.३० |
| | **जम्मा** | **२३८१३२७** | **१०५१४१३** | **४४.१५** |

**पुँजीगत तर्फ** (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०००११४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ८००० | ७१०० | ८८.७५ |
| ३७१०००१२४ | वैदेशिक रोजगार न्यायाधिकरण | ३९०० | ३१४६ | ८०.६६ |
| ३७१००१०१४ | रोजगार प्रवर्द्धन कार्यक्रम | ६३०० | ५५०५ | ८७.३७ |
| ३७१००१०३४ | युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना | ५४९०० | ८७६१ | १५.९६ |
| ३७१०१०११४ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ४५०० | २३३५ | ५१.९० |
| ३७१०१०१२४ | श्रम तथा रोजगार कार्यालयहरु | ३२४०० | १७८६९ | ५५.१५ |
| ३७१०११०२४ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | २९०० | २२१२ | ७६.२८ |
| ३७१०२०११४ | वैदेशिक रोजगार विभाग | १५१०० | १४१९१ | ९३.९८ |
| ३७१०३०११४ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान | ११८०० | ८२१६ | ६९.६२ |
| | **जम्मा** | **१३९८००** | **६९३३५** | **४९.६०** |

## ८. आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेट तथा २०७९ चैत मसान्तसम्मको खर्चको विवरणः

### चालु तर्फ
(रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०००११३ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १९६१८० | ७२९७१ | ३७.२० |
| ३७१०००१२३ | वैदेशिक रोजगार न्यायाधिकरण | २४४०० | १३५२३ | ५५.४२ |
| ३७१००१०१३ | रोजगार प्रवर्द्धन कार्यक्रम | ३३०६०० | १३७१३४ | ४१.४८ |
| ३७१००१०२३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ५४३०० | २५३०५ | ४६.६० |
| ३७१००१०३३ | युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना | ४२७०५७ | ३८२०० | ८.९४ |
| ३७१००१०४३ | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि पुन एकिकरण परियोजना पहिलो चरण | १५१२८८ | ० | ०.०० |
| ३७१०१०११३ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ४१३०० | १८७५० | ४५.४० |
| ३७१०१०१२३ | श्रम  तथा रोजगार कार्यालयहरु | १४५२०० | ७८५१४ | ५४.०७ |
| ३७१०११०२३ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | २६१०० | १४९४५ | ५७.२६ |
| ३७१०२०११३ | वैदेशिक रोजगार विभाग | १४६१०० | ९१२४४ | ६२.४५ |
| ३७१०३०११३ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान | २९५७०० | ३१४७६ | १०.६४ |
| ३७१३१०११३ | वैदेशिक रोजगार बोर्ड | २०२०० | १३३०९ | ६५.८९ |
| | **जम्मा** | **१८५८४२५** | **५३५३७१** | **२८.८१** |

### पुँजीगत तर्फ
(रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०००११४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ९४०० | १६३२ | १७.३६ |
| ३७१०००१२४ | वैदेशिक रोजगार न्यायाधिकरण | १५०० | १२७९ | ८५.२८ |
| ३७१००१०१४ | रोजगार प्रवर्द्धन कार्यक्रम | २००० | २७७ | १३.८३ |
| ३७१००१०३४ | युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना | ५७३०० | ११८४ | २.०७ |
| ३७१०१०११४ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ९७०० | ५४३ | ५.५९ |
| ३७१०१०१२४ | श्रम  तथा रोजगार कार्यालयहरु | २३९०० | ९६५३ | ४०.३९ |
| ३७१०११०२४ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | ३८०० | ३५७९ | ९४.१९ |
| ३७१०२०११४ | वैदेशिक रोजगार विभाग | १४८०० | ५२०१ | ३५.१४ |
| ३७१०३०११४ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान | ८२०० | १००७ | १२.२८ |
| | **जम्मा** | **१३०६००** | **२४३५५** | **१८.६५** |

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

प्रकृति र संस्कृतिको धनी नेपाल आकर्षक, सुरक्षित, मनोरम र साहसिक पर्यटकीय गन्तव्यका रूपमा विश्व पर्यटन बजारमा परिचित रहेको छ। नेपालको पर्यटन क्षेत्रले विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, आर्थिक क्रियाकलाप अभिवृद्धि र समग्र आर्थिक विकास र समुन्नतिमा टेवा पुऱ्याउँदै आएको छ। देशमा रहेका सम्पूर्ण मूर्त र अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षण र विकास गरी तिनको आर्थिक उपयोग गर्ने तथा पर्यटनलाई मुलुकको आर्थिक आधारको रूपमा ग्रामीण तहसम्म विकास र विस्तार गरी यसको प्रतिफल जनजीवनको तल्लो तहसम्म पुऱ्याउन संस्कृति र पर्यटन क्षेत्रको विविधिकरण, विस्तार र प्रवर्द्धन गरिनु आवश्यक छ। पर्यटन क्षेत्रको विकास र विस्तार सहित आन्तरिक र बाह्य हवाई यातायात विकास गरी थप सुरक्षित, स्तरीय र भरपर्दो बनाउन यो मन्त्रालय केन्द्रित रहेको छ।

### १.२ दीर्घकालीन सोचः

मुलुकको समृद्धिको एक अग्रणी सम्वाहक पर्यटन क्षेत्र रहने।

### १.३ उद्देश्यः

- नेपाललाई गुणस्तरीय पर्यापर्यटन अनुकुल र सुरक्षित बनाई आकर्षक तथा प्रमुख पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्ने।
- पर्यटकीय गन्तव्यस्थल तथा उपजमा विविधिकरण गरी पर्यटन संस्कृतिको विकास गर्ने।
- पर्यटकीय क्षेत्रबाट प्राप्त लाभ जनस्तरमा पुऱ्याउने।

### १.४ रणनीतिः

- पर्यटनलाई सबै मौसममा चलायमान बनाउन प्रविधि तथा गतिविधिको विकास गर्ने।
- छिमेकी मुलुकहरू तथा प्रमुख पर्यटन बजारमा व्यापक प्रचारप्रसार र प्रवर्द्धन गरी गुणस्तरीय पर्यटक वृद्धि गर्ने,
- पर्यटकीय गतिविधिहरूलाई सुरक्षित, दिगो र गुणस्तरीय बनाउने,
- पर्यटनको सम्भावना बोकेका शिक्षा, स्वास्थ्य, खेलकूद जस्ता क्षेत्रहरू समेटेर एकीकृत पर्यटन विकासमा जोड दिने,
- स्वदेशी तथा विदेशी लगानी प्रोत्साहित गर्दै सार्वजनिक-निजी-सहकारी साझेदारीको अवधारणाअनुरूप पर्यटन पूर्वाधारहरूको विकास, बजारीकरण र प्रर्वद्धन गर्ने,
- तीनै तहका सरकारबीच समन्वय कायम गरी पर्यटकीय गन्तव्यस्थलको एकीकृत विकास तथा विस्तार गर्ने,
- पर्यटकीय उपजको मूल्य श्रृङ्खलामा आबद्ध गरी जनस्तरसम्म लाभ पुऱ्याउने।

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | करार | रिक्त | फाजिल | पूल |
|---|---|---|---|---|---|---|---|
| १. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ८४ | ५७ | २४ | ३ | - | १ |
| २. | पर्यटन विभाग | २४ | २३ | - | १ | - | - |
| ३. | पुरातत्व विभाग र अन्तर्गत | ४५१ | २५५ | - | १९६ | - | - |
| ४. | राष्ट्रिय अभिलेखालय | ३० | १९ | - | ११ | - | - |

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | करार | रिक्त | फाजिल | पूल |
|---|---|---|---|---|---|---|---|
| ५. | नारायणहिटी दरबार सङ्ग्रहालय विकास समिति | १९७ | १२४ | ३८ | ७३ | - | - |
| | कुल जम्मा | ७८६ | ४७८ | ६२ | २८४ | - | १ |

३. **आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७९ चैत मसान्तसम्मको प्रगति विवरणः**

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त ब्यहोरा | प्रगति |
|---|---|---|
| ८६ | नेपालको विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति र सभ्यतालाई विश्व पर्यटन बजारमा प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई आय आर्जन र समृद्धिको आधारको रूपमा स्थापित गरिने। आगामी वर्ष थप १० लाख पर्यटक भित्र्याउने गरी कार्यक्रम सञ्चालन गरिने। नेपालको भौगोलिक विविधता र विकटतालाई पृथक र नवीन पर्यटकीय थलोको रूपमा विकास गरी नयाँ पुस्तालाई नेपाल भ्रमणको लागि आकर्षित गरिने। दिगो विकास तथा वातावरण संरक्षणतर्फ संवेदनशील हुँदै उच्च मूल्यका हरित पर्यटन तथा पर्या पर्यटन प्रवर्द्धन गरिने। | • नेपाल सरकार र UNWTO को संयुक्त आयोजनामा २०७९ चैत १ गते देखि ३ गतेसम्म Regional Workshop on Measuring Tourism in Asia and the Pacific (TSA) विषयक ३(तीन) दिने कार्यशाला गोष्ठी सम्पन्न भएको।<br>• यस अवधिमा ५ लाख ९७ हजार पर्यटकको आगमन भएको। |
| ८९ | ऐतिहासिक तथा पुरातात्विक स्थलहरूको उत्खनन् कार्यलाई निरन्तरता दिइने। भूकम्पबाट क्षतिग्रस्त पुरातात्विक सम्पदाहरूको पुनःनिर्माणको कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्न बजेट विनियोजन गरिएको। | • कपिलवस्तुको तिलौराकोटलाई विश्वसम्पदामा सूचीकृत गर्न अन्तर्राष्ट्रिय सम्पदा विज्ञ प्रो. मार्शल डङ्कनसँग सम्झौता भई कार्यप्रारम्भ भएको।<br>• बृहत्तर लुम्बिनी क्षेत्रमध्ये तिलौराकोटको नयाँ सिमाङ्कन भएको।<br>• सांस्कृतिक सम्पदा पुनःनिर्माणतर्फ २१ वटा वहुवर्षीयमध्ये ११ वटाको पुनःनिर्माण कार्यसम्पन्न भएको र सालबसालीतर्फ ११ वटा कार्यक्रम मध्ये ४ वटा सम्पन्न भएको।<br>• भूकम्पबाट क्षति भएका साँस्कृतिक सम्पदाहरू मध्ये ९१ सम्पदाहरूको निर्माण कार्य अन्तर्गत ४ सम्पदाको निर्माण कार्य तथा ६४ सम्पदाको खरिद प्रक्रिया सम्पन्न भएको।<br>• १०० वर्ष पुराना २१३ वटा गुम्बाहरूको संरक्षण तथा पुनःनिर्माण कार्य अन्तर्गत २६ गुम्बामध्ये ५ गुम्बाको वहुवर्षीय खरिद योजना अनुसार कार्य भइरहेको, १८ गुम्बाको लागि सूचना प्रकाशन भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त ब्यहोरा | प्रगति |
|---|---|---|
| | | **राष्ट्रिय महत्त्वका अभिलेख संरक्षणतर्फः**<br>• माइक्रोफिल्म स्क्यान २ लाख २५ हजार पाना, भूमि सम्बन्धी ताडपत्र, कुमारीचोकका कागजातहरू लगायत अन्य दुर्लभ ग्रन्थहरूको कलर डिजिटाइजेशन ६ हजार पाना, अभिलेखको रासायनिक एवम् भौतिक संरक्षण २ हजार ५०० पाना र २ हजार पानाको अभिलेखको विवरणात्मक सूची तयार गर्ने कार्य सम्पन्न भएको। |
| ९० | पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गरिने। प्रदेश सरकार र निजी क्षेत्रको सहकार्यमा पहाडी तथा हिमाली क्षेत्रमा मनोरञ्जनात्मक तथा साहसिक पर्यटनको लागि हिल स्टेशनहरू विकास गर्न प्रोत्साहन गरिने। स्थानीय तहको लागत साझेदारीमा २१६ स्थानमा सञ्चालित पर्यटन पूर्वाधार विकास कार्यक्रमको लागि बजेट विनियोजन गरिएको। | • पर्यटकीय गन्तव्य पूर्वाधार विकास अन्तर्गत हालसम्म रू. ९० करोड २८ लाख ४७ हजार ८४४ स्थानीय तहमा निकासा भएको।<br>• पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारीमा सञ्चालित विभिन्न योजनाहरूको ५३ वटा टोलीमार्फत अनुगमन गरिएको।<br>• नारायणी नदी छेउमा Walkway सहितको पर्यटकीय पुर्वाधार ८० प्रतिशत निर्माण गरिएको।<br>• लाकुरी भन्ज्याङ्ग, फुल्चोकी, गुर्दुमडाँडा महाभारत ट्रेल ७० कि.मी. मध्ये ११ कि.मी निर्माण सम्पन्न भएको।<br>• मुक्तिनाथ क्षेत्रमा Rescue Center तथा Master Plan बमोजिमका अन्य पर्यटकिय पुर्वाधार निर्माण कार्यतर्फ Frame Structure निर्माण सम्पन्न भएको। |
| ९१ | आरोहणका लागि खुल्ला गरिएका हिमालहरूको आधार शिविरसम्म जाने पदमार्गहरूको स्तरोन्नति गरिने। पदमार्गमा सञ्चार सुविधाको पहुँच विस्तार गर्न बजेट व्यवस्था गरिएको। उच्च हिमाली क्षेत्रमा पूर्वदेखि पश्चिमसम्म फैलिएको ग्रेट हिमालयन ट्रेलको निर्माणका लागि बजेट विनियोजन गरिएको। | • मकालु वरूण ५ कि.मी., मनास्लु ६ कि.मी., सगरमाथा हेरिटेज ९ कि.मी., टासि लाप्चापास ५ कि.मी., रूविभ्याली गणेश हिमाल २३ कि.मी., जुगल हिमाल ६ कि.मी, धौलागिरी राउण्ड ७ कि.मी., धौलागिरी आइसफल ४ कि.मी., भैरव कुण्ड पाँचपोखरी ३० कि.मी., अपि हिमाल ७ कि.मी., माछापुच्छ्रे मार्दी हिमाल ५ कि.मी., हेलम्बु ग्रेट ट्रेल १.५ कि.मी, माथिल्लो मुस्ताङ्ग ट्रेल १० कि.मी. र दामोदर कुण्ड ट्रेल ६ कि.मी. गरी कुल जम्मा १३४.५ कि.मी. पदमार्ग निर्माण भएको। |
| ९४ | प्रमुख पर्यटकीय गन्तव्यसम्मको यात्रा सहज बनाउन मुगु, मनाङ, मुस्ताङ र सोलुखुम्बु जस्ता पर्यटकीय क्षेत्रको सडक स्तरोन्नतिको लागि आवश्यक बजेट | • दश पर्यटकीय गन्तब्यमा Free WIFI र Digital Information Display स्थापना तथा सञ्चालनको लागि अवधारणापत्र तयार भई स्थान छनौटको लागि नेपाल पर्यटन वोर्डको |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त ब्यहोरा | प्रगति |
|---|---|---|
| | व्यवस्था गरिएको। पर्यटकीय गन्तव्यहरूमा खानेपानी, शौचालय, सरसफाइ, ढल व्यवस्थापन, साइकल लेन, निःशुल्क इन्टरनेट लगायतको सुविधा उपलब्ध गराउने प्रबन्ध गरिएको। | समन्वयमा एक प्राविधिक समिति गठन भई कार्य प्रारम्भ भएको। |
| ९९ | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको चापलाई व्यवस्थित गर्न ट्याक्सी वे थप र दोस्रो टर्मिनल भवन निर्माणका लागि बजेट विनियोजन गरिएको। हवाई तथा यात्रु चापको विश्लेषणको आधारमा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको दोस्रो टर्मिनल भवन निर्माण कार्य अगाडि बढाइने। | • त्रिभुवन विमानस्थलको स्तरोन्नतितर्फ ह्याङगर निर्माण ५ प्रतिशत, एप्रोन निर्माण १८ प्रतिशत र ट्याक्सी वे विस्तार ६ प्रतिशत सम्पन्न भएको। |
| १०० | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लगानी ढाँचा निर्धारण गरी लगानी बोर्ड नेपाल मार्फत आयोजना विकास कार्य अगाडि बढाइने। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण रूपमा सञ्चालनमा ल्याइने। | • मन्त्रिपरिषद्को २०७९ साउन २६ गतेको निर्णयानुसार गठित विज्ञ समूहद्वारा पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माणसम्बन्धी प्रतिवेदन मिति २०७९ असोज २ गते सम्माननीय प्रधानमन्त्री समक्ष पेश भएको। |
| १०१ | नेपाल नागरिक उड्डयन प्राधिकरणको पुनःसंरचना गरी सेवा प्रदायक र नियामकको रूपमा छुट्टाछुट्टै निकाय स्थापना गरिने। | • नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक र नेपाल हवाई सेवा प्राधिकरण विधेयकको मस्यौदा उपर रायका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको। |

**४. आर्थिक वर्ष २०७८/७९ मा र २०७९/८० को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरूः**

| क्र.सं. | नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १. | तारा गाउँ विकास समितिको कर्मचारी सेवा, शर्त तथा सुविधासम्बन्धी विनियमावली, २०७८ | नयाँ तर्जुमा |
| २. | नागरिक उड्डयनसँग सम्बन्धित संस्थालाई इजाजत दिनेसम्बन्धी कार्यविधि,२०६६ | संशोधन |
| ३. | लुम्बिनी विकास कोषको कर्मचारी सेवा, शर्त तथा सुविधासम्बन्धी विनियमावली, २०७८ | नयाँ तर्जुमा |
| ४. | नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७९ | संशोधन |
| ५. | सगरमाथा आरोहीहरूलाई ब्याच तथा परिचयपत्रसम्बन्धी कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| ६. | साहसिक खेल बन्जि सञ्चालन मापदण्ड, २०७८ | नयाँ तर्जुमा |
| ७. | मोटरबोट(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| ८. | Heritage Impact Assessment Format and Procedure | नयाँ तर्जुमा |
| ९. | Integrated Management Framework: Lumbini the Birthplace of Gautam Buddha | नयाँ तर्जुमा |

| क्र.सं. | नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| | सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा क्यासिनो व्यवसायीलाई जारी गरिएको निर्देशन, २०७६ | संशोधन |
| १०. | नेपाल नागरिक उड्डयन प्राधिकरण आन्तरिक विमानस्थल सञ्चालन (व्यवस्थापन) निर्देशिका, २०६६ | संशोधन |
| ११. | नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरूको पदपूर्ति कार्यविधि निर्देशिका,२०६६ | संशोधन |
| १२. | नेपाल नागरिक उड्डयन प्राधिकरण, सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका,२०७८ | नयाँ तर्जुमा |
| १३. | विमानस्थल सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९ | नयाँ तर्जुमा |
| १४. | नेपाल नागरिक उड्डयन प्राधिकरण, विमानस्थल सेवा शुल्क नियमावली, २०७८ | संशोधन |
| १५. | नेपाल नागरिक उड्डयन प्राधिकरण, कर्मचारी कल्याणकारी कोष निर्देशिका, २०६८ | संशोधन |
| १६. | State Safety Program Nepal,2020 | संशोधन |
| १७. | नेपाल नागरिक उड्डयन प्राधिकरण, कर्मचारीहरूको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ | संशोधन |
| १८. | नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान कार्य सञ्चालन तथा तालिम निर्देशिका, २०७९ | संशोधन |
| १९. | विमानस्थल सरसफाइ सेवा निर्देशिका, २०७९ | नयाँ तर्जुमा |
| २०. | त्रि.अ.वि. निषेधित क्षेत्र अनुमति प्रवेश पत्र (पास) क्षेत्र निर्धारण सिफारिस कार्यविधि | संशोधन |
| २१. | Certification Procedures for Aviation Security Instructor and Screeners (Second Edition) 2021 | संशोधन |

## ५. आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूबाट पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको २०७९ पुस १७ गते समुद्घाटन भएको। साथै, सम्माननीय प्रधानमन्त्रीज्यूबाट भरतपुर आन्तरिक विमानस्थलको सुविधा सम्पन्न टर्मिनल भवन निर्माण र विमानस्थल विस्तार कार्यको लागि २०७९ चैत्र १६ गते शिलान्यास भएको।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानहरू नियमित गर्ने सम्बन्धी कार्ययोजना बनाइएको।
- नेपाल वायुसेवा निगमले २०७९ माघ १ गतेदेखि आन्तरिक उडान विस्तार गर्दै हप्ताको एक दिन काठमाडौं-इलाम-काठमाडौं नियमित उडान सञ्चालन गरिएको। साथै, नेपाल वायुसेवा निगमले २०७९ माघ २० गतेदेखि आन्तरिक र अन्तर्राष्ट्रिय हवाई टिकट अनलाइन प्रविधि मार्फत काट्न सकिने गरी अनलाइन टिकटिङ्ग सेवाको शुरूवात गरिएको।
- यती एयरलाइन्सको 9N-ANC विमान पोखरा विमानस्थल नजिकै दुर्घटना भए पश्चात् गठित दूर्घटना जाँच आयोगले फ्रान्स, क्यानडा, सिङ्गापुरका विज्ञहरू समेतको सहयोगमा जाँचबुझ जारी रहेकोमा हाल प्रारम्भिक प्रतिवेदन पेश गरेको र सो प्रतिवेदनमा दिइएका सुझावहरू कार्यान्वयनमा लगिएको।
- पाशुपत क्षेत्रमा प्रत्येक शनिबार विहान ८ बजेदेखि १० बजेसम्म ३ (तीन) महिने बृहत सरसफाइ अभियान कार्यक्रम सञ्चालन गरिएको।
- नारायणहिटी दरबार सङ्ग्रहालय अवलोकन गर्न आउनुहुने महानुभावहरूलाई मिति २०७९ फागुन १५ गतेदेखि अनलाइन टिकटिङ्ग शुरू गरिएको।

- नेपाल भ्रमण दशक २०२३-३२ मनाउन मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति समेत प्राप्त भएको, कार्ययोजना तर्जुमा कार्यदल गठन भई आवश्यक कार्य अगाडि बढाइएको।

## ६. आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यूबाट गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल २०७९ जेठ २ गते समुद्घाटन भई व्यावसायिक उडान शुरू भएको।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल मिति २०७९ जेठ २ गतेदेखि २४ सैं घण्टा सञ्चालनमा आएको र रात्री उडान सुविधा भएका काठमाडौं बाहिरका विमानस्थलहरू २०७९ जेठ १५ गतेदेखि १८ घण्टा सञ्चालनमा ल्याई Air Traffic Congestion व्यवस्थापन गरिएको।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक तर्फका हवाई यात्रुहरूको सेवा सुविधाका लागि आन्तरिक टर्मिनल भवनदेखि स्वर्णद्वारसम्म दुईतर्फी निःशुल्क Shuttle Bus सेवा सञ्चालनमा आएको।
- नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको नामबाट नेपाल राष्ट्रका लागि वि.सं.२०७९ सालको राष्ट्रिय पञ्चाङ्ग नामक पात्रो प्रकाशन गरिएको।
- पर्यटन क्षेत्र समेटिएको Nepal Tourism Statistics 2021 & Nepal Tourism Fact 2021 प्रकाशन भएको।

## ७. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु तर्फ** (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०००११३ | सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १२२००५ | ८९८२६ | ७३.६२ |
| ३२५००१०१३ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | ८१०० | २९२८ | ३६.१५ |
| ३२५००१०२३ | दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना | ८६३०० | ५०१५६ | ५८.१२ |
| ३२५००१०३३ | संस्कृति प्रवर्द्धन कार्यक्रम | १३७६७५ | ११२२०४ | ८१.५० |
| ३२५००१०५३ | सांस्कृतिक संस्थान | १६००० | १६००० | १००.०० |
| ३२५०१०११३ | पर्यटन विभाग | १४९७१० | १४६२२८ | ९७.६७ |
| ३२५०११०६३ | पर्यटन पूर्वाधार विकास आयोजना | ८०८०७ | ६६०७० | ८१.७६ |
| ३२५०२०११३ | पुरातत्व विभाग | ४६४०० | ४०२३८ | ८६.७२ |
| ३२५०२०१२३ | राष्ट्रिय संग्राहालय (छाउनी) | २९२०० | २४६१९ | ८४.३१ |
| ३२५०२०१३३ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | २००० | १३९५ | ६९.७७ |
| ३२५०२०१४३ | नारायणहिटी दरबार संग्रहालय | ९५२०० | ९०४४४ | ९५.०० |
| ३२५०२०१५३ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | १४२०० | १३२५२ | ९३.३२ |
| ३२५०२०१६३ | क्षेत्रीय संग्रहालयहरु | ६७०० | ४९७४ | ७४.२४ |
| ३२५०२०१७३ | संग्रहालयहरु (जातीय संग्रहालय समेत) | २४२०० | २०२०६ | ८३.५० |
| ३२५०२०१८३ | ऐतिहासिक दरबारहरु | ७६९२२ | ६४१६६ | ८३.४२ |
| ३२५०२०१९३ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | १२४०० | १०५२१ | ८४.८५ |
| ३२५०२१०१३ | पुरातात्विक स्थल संरक्षण आयोजना | १४०० | १३५३ | ९६.६४ |
| ३२५०२१०२३ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | १००० | ५७७ | ५७.६६ |
| ३२५०३०११३ | राष्ट्रिय अभिलेखालय | २४००० | १८४०६ | ७६.६९ |
| ३२५०४०११३ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | १३२०० | १०९४२ | ८२.९० |
| ३२५२१०११३ | भाषा आयोग | ४८४१५ | ४४८२४ | ९२.५८ |
| ३२५४१०११३ | बृहतर जनकपुर क्षेत्र विकास परिषद् | ४८८३४ | ४५७१९ | ९३.६२ |
| ३२५५१०११३ | पशुपति क्षेत्र विकास कोष | ३५४२४५ | २४९९८३ | ७०.५७ |
| ३२५५१०१२३ | लुम्बिनी विकास कोष | १५००००० | १५००००० | १००.०० |
| ३२५६१०११३ | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | ४०००० | १५४२३ | ३८.५६ |
| ३२५६१०१२३ | नेपाल प्रज्ञा प्रतिष्ठान | १९१२६४ | १९१२६४ | १००.०० |
| ३२५६१०१३३ | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान | ५४२६३ | ५४२६३ | १००.०० |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५६१०१४३ | नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान | ७७४०० | ७७४०० | १००.०० |
| ३२५८१०११३ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | ७८५०० | ७२१६० | ९१.९२ |
| | **जम्मा** | **३३४०३४०** | **३०३५५४०** | **९०.८८** |

## पुँजीगत तर्फ (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०००११४ | सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ५९१८ | ३६७४ | ६२.०९ |
| ३२५००१०२४ | दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना | ७०२७ | ६७६४ | ९६.२५ |
| ३२५००१०३४ | संस्कृति प्रवर्द्धन कार्यक्रम | २०००० | ० | ०.०० |
| ३२५०१०११४ | पर्यटन विभाग | ३५०० | १४६३ | ४१.८१ |
| ३२५०११०६४ | पर्यटन पूर्वाधार विकास आयोजना | १५११२०० | १०२८६२९ | ६८.०७ |
| ३२५०२०११४ | पुरातत्व विभाग | १५५००० | १३००५६ | ८३.९१ |
| ३२५०२०१२४ | राष्ट्रिय संग्राहालय (छाउनी) | १०१०० | ८५३० | ८४.४६ |
| ३२५०२०१३४ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | ४९०० | ४८१४ | ९८.२५ |
| ३२५०२०१४४ | नारायणहिटी दरबार संग्रहालय | १५००० | १४५६९ | ९७.१३ |
| ३२५०२०१५४ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | २६०० | २५७२ | ९८.९१ |
| ३२५०२०१६४ | क्षेत्रीय संग्रहालयहरु | ११०० | १०४२ | ९४.७५ |
| ३२५०२०१७४ | संग्रहालयहरु (जातीय संग्रहालय समेत) | ४६०० | ४५६७ | ९९.२८ |
| ३२५०२०१८४ | ऐतिहासिक दरबारहरु | १९०० | १८२० | ९५.८० |
| ३२५०२०१९४ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | १८०० | १५४० | ८५.५८ |
| ३२५०२१०१४ | पुरातात्विक स्थल संरक्षण आयोजना | ४७७६०० | २५९०७० | ५४.२४ |
| ३२५०२१०२४ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | ३८०० | ३६८८ | ९७.०६ |
| ३२५०३०११४ | राष्ट्रिय अभिलेखालय | १८४०० | १५३९१ | ८३.६५ |
| ३२५०४०११४ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | ३००० | २७६४ | ९२.१३ |
| ३२५२१०११४ | भाषा आयोग | ६०० | ५७७ | ९६.२४ |
| | **जम्मा** | २२४८०४५ | १४९१५३२ | ६६.३५ |

## ८. आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेट तथा २०७९ चैत मसान्तसम्मको खर्चको विवरणः

## चालु तर्फ (रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०००११३ | सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ११९६४४ | ६३७९८ | ५३.३२ |
| ३२५००१०१३ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | ९४५२ | १७१९ | १८.१८ |
| ३२५००१०३३ | संस्कृति प्रवर्द्धन कार्यक्रम | १०१७०० | ३४२४३ | ३३.६७ |
| ३२५००१०५३ | सांस्कृतिक संस्थान | १६००० | ११५०० | ७१.८८ |
| ३२५०१०११३ | पर्यटन विभाग | १४८५०० | १२४९२१ | ८४.१२ |
| ३२५०११०६३ | पर्यटन पूर्वाधार विकास आयोजना | ६९२०६ | ३०९२० | ४४.६८ |
| ३२५०२०११३ | पुरातत्व विभाग | ८५५०० | ५४००७ | ६३.१७ |
| ३२५०२०१२३ | राष्ट्रिय संग्राहालय (छाउनी) | ३०६०० | १८१६७ | ५९.३७ |
| ३२५०२०१३३ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | ७०० | १२५ | १७.८८ |
| ३२५०२०१४३ | नारायणहिटी दरबार संग्रहालय | ९४८०० | ७१०१३ | ७४.९१ |
| ३२५०२०१५३ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | १६२०० | १२०६३ | ७४.४६ |
| ३२५०२०१६३ | क्षेत्रीय संग्रहालयहरु | ७३०० | ३७०६ | ५०.७६ |
| ३२५०२०१७३ | संग्रहालयहरु (जातीय संग्रहालय समेत) | २४७०० | १५९३८ | ६४.५३ |
| ३२५०२०१८३ | ऐतिहासिक दरबारहरु | ७७२०० | ५५१८२ | ७१.४८ |
| ३२५०२०१९३ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | १३३०० | ८४७६ | ६३.७३ |
| ३२५०२१०१३ | पुरातात्विक स्थल संरक्षण आयोजना | १३०० | ४९० | ३७.७२ |
| ३२५०२१०२३ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | १००० | ३४० | ३४.०० |
| ३२५०३०११३ | राष्ट्रिय अभिलेखालय | २३००० | १२२५३ | ५३.२७ |
| ३२५०४०११३ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | १५००० | ८९४० | ५९.६० |
| ३२५२१०११३ | भाषा आयोग | ५३३६४ | ३४०४६ | ६३.८० |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५४१०११३ | बृहतर जनकपुर क्षेत्र विकास परिषद् | ३४००० | १६५२२ | ४८.५९ |
| ३२५५१०११३ | पशुपति क्षेत्र विकास कोष | २४०००० | ११६५५८ | ४८.५७ |
| ३२५५१०१२३ | लुम्बिनी विकास कोष | १५५०००० | ७५६००० | ४८.७७ |
| ३२५६१०११३ | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | २०००० | १३८५२ | ६९.२६ |
| ३२५६१०१२३ | नेपाल प्रज्ञा प्रतिष्ठान | १४२५५० | ११७२७८ | ८२.२७ |
| ३२५६१०१३३ | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान | ४६००० | ३५६२७ | ७७.४५ |
| ३२५६१०१४३ | नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान | ५४६०० | ४०५२३ | ७४.२२ |
| ३२५८१०११३ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | ७८५०० | ४१३०८ | ५२.६२ |
| | **जम्मा** | ३०७४११६ | १६९९५१६ | ५५.२८ |

## पुँजीगत तर्फ

(रु.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०००११४ | सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ९६५० | ५३९ | ५.५८ |
| ३२५००१०१४ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | २५०० | ० | ०.०० |
| ३२५००१०३४ | संस्कृति प्रवर्द्धन कार्यक्रम | १०००० | ० | ०.०० |
| ३२५०१०११४ | पर्यटन विभाग | ६०० | ४५५ | ७५.८४ |
| ३२५०११०६४ | पर्यटन पूर्वाधार विकास आयोजना | ११२६९०० | ४२१७८५ | ३७.४३ |
| ३२५०२०११४ | पुरातत्व विभाग | २११४३०० | ३०४५२६ | १४.४० |
| ३२५०२०१२४ | राष्ट्रिय संग्राहालय (छाउनी) | ५००० | ११९५ | २३.८९ |
| ३२५०२०१३४ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | २००० | ५९१ | २९.५६ |
| ३२५०२०१४४ | नारायणहिटी दरबार संग्रहालय | ५००० | ० | ०.०० |
| ३२५०२०१५४ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | ३४०० | २६९० | ७९.१० |
| ३२५०२०१६४ | क्षेत्रीय संग्रहालयहरु | ३८०० | ७२५ | १९.०७ |
| ३२५०२०१७४ | संग्रहालयहरु (जातीय संग्रहालय समेत) | ३५०० | ७५९ | २१.६८ |
| ३२५०२०१९४ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | १९०० | ० | ०.०० |
| ३२५०२१०१४ | पुरातात्विक स्थल संरक्षण आयोजना | ५००००० | ४५०४१ | ९.०१ |
| ३२५०२१०२४ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | ७००० | १७० | २.४३ |
| ३२५०३०११४ | राष्ट्रिय अभिलेखालय | १३००० | ३४५९ | २६.६० |
| ३२५०४०११४ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | १३०० | ९१२ | ७०.१४ |
| ३२५२१०११४ | भाषा आयोग | १००० | ९४१ | ९४.१३ |
| | **जम्मा** | ३८१०८५० | ७८३७८६ | २०.५७ |

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग पनि संविधान र कानुनको अधीनमा रही तीनै तहको सरकारले गर्ने व्यवस्था गरेको छ। नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सङ्घीयताको व्यवस्थापन गर्ने सन्दर्भमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने, सङ्घ, प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापन गर्ने केन्द्रीय निकायको रूपमा आफ्नो भूमिका निर्वाह गर्दछ। सङ्घीयता व्यवस्थापनको सन्दर्भमा यस मन्त्रालयले सङ्घ र स्थानीय तह तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र सम्बन्धका विषयमा एवम् स्थानीय पूर्वाधार निर्माणमा आवश्यक नीति, मापदण्ड, कानुन निर्माणमा समन्वयकारी भूमिका निर्वाह गर्दछ। उल्लिखित कार्यभार पूरा गर्न मन्त्रालयले आफ्ना क्रियाकलापहरूलाई वृहत् रूपमा सङ्घीयता कार्यान्वयनमा सहजीकरण, सार्वजनिक सेवामा मानव संसाधन व्यवस्थापन, स्थानीय पूर्वाधार विकासमा सहजीकरण तथा सेवा प्रवाह र सुशासन गरी चार आधार स्तम्भमा केन्द्रित रही कार्यान्वयन गर्दै आएको छ।

### १.२ दीर्घकालीन सोचः

सबल सङ्घीयता; सक्षम, सुदृढ र जनउत्तरदायी सार्वजनिक प्रशासन।

### १.३ उद्देश्यः

- **सङ्घीयता कार्यान्वयनमा सहजीकरणः** स्थानीय तहको संस्थागत क्षमता विकास तथा सङ्घ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकार कार्यान्वयनमा सङ्घीय एकाइहरूबीच प्रभावकारी समन्वय र सहजीकरण गर्नु।
- **सार्वजनिक सेवामा मानव संसाधन व्यवस्थापनः** सार्वजनिक प्रशासनमा सदाचारी, व्यावसायिक एवम् उत्तरदायी जनशक्तिको प्राप्ति, विकास र उपयोग सुनिश्चित गर्नु।
- **सेवप्रवाह र सुशासनः** सहज, सुलभ र गुणस्तरीय सार्वजनिक सेवा प्रवाहका लागि नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्नु।
- **स्थानीय पूर्वाधार विकासमा सहजीकरणः** दिगो र सन्तुलित स्थानीय पूर्वाधार विकासका लागि सहजीकरण गर्नु।

### १.४ रणनीतिः

- सङ्घ, प्रदेश र स्थानीय तहबीच प्रशासनिक अन्तरसम्बन्ध सुदृढ गर्ने,
- सङ्घ र स्थानीय तह एवम् प्रदेश र स्थानीय तहबीच प्रभावकारी अन्तरसम्बन्ध कायम गर्ने,
- स्थानीय तहको क्षमता विकास तथा संस्थागत सुदृढीकरण गर्ने,
- स्थानीय तहले हासिल गरेको उपलब्धिलाई एकीकृत राष्ट्रिय उपलब्धिमा समावेश गर्ने,
- स्थानीय तहको अनुदान वितरणलाई कार्यसम्पादनसँग आवद्ध गर्ने,
- स्थानीय तहको दिगो र सन्तुलित आर्थिक तथा सामाजिक विकासका लागि समन्वय र सहजीकरण गर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी अनुरूप जनशक्ति प्रक्षेपण गरी सार्वजनिक सेवामा प्रतिभावान व्यक्तिहरूको आकर्षण अभिवृद्धि गर्ने,
- निजामती कर्मचारीहरूमा पेशागत आचरण र व्यावसायिक दक्षता अभिवृद्धि गर्ने,
- वृत्तिपथ तथा सेवा सुविधा पुर्वानुमानयोग्य बनाई निजामती कर्मचारीलाई उत्प्रेरित र उच्च मनोबलयुक्त बनाउने,

- प्रशासन सुधारलाई संस्थागत गर्न निरन्तर सुधारलाई कार्य संस्कृतिको रूपमा विकास गर्ने,
- सार्वजनिक सेवालाई प्रभावकारी बनाउन प्राज्ञिक निकाय तथा विज्ञहरूसँगको सहकार्यमा अध्ययन अनुसन्धान गर्ने,
- दिगो स्थानीय पूर्वाधार विकासका लागि नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयनमा सहजीकरण गर्ने,
- स्थानीय तहमा न्यूनतम आधारभूत पूर्वाधारहरू विकासका लागि समन्वय र सहजीकरण गर्ने,
- स्थानीय पूर्वाधार विकासमा सहलगानी तथा सार्वजनिक निजी साझेदारी प्रवर्द्धन गर्ने,
- स्थानीय पूर्वाधार विकासका लागि अन्तर्राष्ट्रिय विकास सहायतालाई एकीकृत रूपमा परिचालन गर्ने,
- विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्ने,
- सार्वजनिक सेवामा नागरिकको सरल, सहज र सुलभ पहुँच सुनिश्चित गर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तहबाट प्रवाह गरिने सार्वजनिक सेवामा गुणस्तरीयता कायम गर्न आवश्यक नीति, कानुन तथा मापदण्ड तयार गरी लागू गर्ने,
- प्रशासकीय सुशासन कायम गर्न आवश्यक औजारहरूको विकास गरी कार्यान्वयन गर्ने, र
- सार्वजनिक प्रशासनलाई पारदर्शी, सदाचारयुक्त र जनउत्तरदायी बनाउने,

## २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १७२ | १७० | २ | - |
| २ | राष्ट्रिय किताबखाना (निजामती) | ७० | ६७ | ३ | ४ |
| ३ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | ७३ | ६० | १३ | ८ |
| ४ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | १३४ | ४२ | ९२ | - |
| ५ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ११ | ११ | - | - |
| ६ | निजामती कर्मचारी अस्पताल विकास समिति | ४६१ | ५६२* | - | - |
| ७ | तराई मधेश समृद्धि कार्यक्रम | १३ | १३ | - | - |
| ८ | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ५२ | ३३ | १९ | - |

*अस्पतालको सेवा विस्तारका लागि आन्तरिक स्रोतबाट ज्यालादारीमा नियुक्त समेत

## ३. आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७९ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३०० | **एक घरपरिवार एक रोजगार, एक बस्ती एक आर्थिक पहिचान, एक वडा एक बजार**को अवधारणा कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय तहको लागत साझेदारी र निजीक्षेत्रसँगको सहकार्यमा नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन गरिने। यस कार्यक्रमलाई आत्मनिर्भरताका लागि कृषि उत्पादन कार्यक्रमसँग आबद्ध गरिने। | • नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ को मस्यौदा स्वीकृतिको चरणमा रहेको। |
| ३०३ | तराई-मधेश र कर्णाली समृद्धि कार्यक्रमलाई निरन्तरता दिएको। कर्णाली समृद्धि कार्यक्रम | • तराई-मधेशका २२ जिल्लाका २७८ स्थानीय तहमा रू.१ अर्ब ५३ करोड |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | अन्तर्गत आगामी आर्थिक वर्ष जुम्लाको सिँजा उपत्यकाको एकीकृत विकास योजना तयार गरी कार्यान्वयन गरिने। उच्च हिमाली तथा पहाडी क्षेत्रका पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम सञ्चालन गरिने। | बजेट वित्तीय हस्तान्तरणमार्फत स्थानीय तहहरूमा बाँडफाँड गरी ४९६ वटा आयोजना/कार्यक्रमहरू कार्यान्वयनको चरणमा रहेका। |
| ३०४ | पूर्वाधार विकासका लागि आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवा जस्ता निर्माण सामग्रीको अनियन्त्रित दोहन रोकी लाभको समन्यायिक बाँडफाँट तथा उपयोग र संरक्षण गर्न तहगत सरकारको जिम्मेवारी बमोजिम कार्य गर्नका साथै सहज र दिगो आपूर्तिको व्यवस्था मिलाइने। | • ढुङ्गा, गिट्टी, वालुवा जस्ता निर्माण सामग्रीको उपयोग र संरक्षण गर्न उत्खनन्, बिक्री र व्यवस्थापन सम्बन्धी कानुनको मस्यौदा तयार भई सरोकारवालाहरूको राय/सुझाव सङ्कलन भइरहेको। |
| ३०५ | स्थानीय पूर्वाधार विभाग खारेज गरी विभागमा रहेका प्राविधिक कर्मचारी मध्ये बढिमा १० प्रतिशत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार विकास सहजीकरण इकाइमा रहने तथा बाँकी कर्मचारी प्रदेश सरकार र भौतिक पूर्वाधार सम्बद्ध सङ्घीय मन्त्रालयमा समायोजन हुने व्यवस्था मिलाइएको। | • विभागमा रहेका प्राविधिक कर्मचारी मध्ये बढीमा १० प्रतिशत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वा अन्तर्गत व्यवस्थापनका लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण कार्य भइरहेको। |
| ३४८ | सङ्घीयता कार्यान्वयनको पाँच वर्षको अभ्यासको आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ संशोधन गरिने। | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को संशोधनको मस्यौदा तयार भई सरोकारवालहरूसँग छलफल भइरहेको। |
| ३४९ | प्रदेश र स्थानीय तहका जननिर्वाचित प्रतिनिधिहरूको क्षमता अभिवृद्धिका लागि कानुन निर्माण, स्थानीय शासन, सुशासन, सेवा प्रवाह, वित्तीय अनुशासन, विकास निर्माण लगायत विषयमा अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिने। स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानलाई सङ्घीय मामिला प्रशिक्षण प्रतिष्ठानमा रूपान्तरण गरिने। | • स्थानीय तहले कार्यसम्पादनको क्रममा अनुभूत गरेका समस्याहरूको स्थलगत सहजीकरण गर्न ९ वटा स्थानीय तहमा स्थलगत रूपमा सहजीकरण गरिएको।<br>• विभिन्न ६ वटा स्थानीय तहको आवधिक योजनाको मस्यौदा उपर सुझाव तथा पृष्ठपोषण प्रदान गरिएको।<br>• आर्थिक वर्ष २०७७/७८ को स्थानीय तह संस्थागत स्वमूल्याङ्कन नतिजा विश्लेषण सम्पन्न गरी कमजोर नतिजा आएका र गुणस्तर परीक्षणमा धेरै अङ्क भिन्नता देखिएका स्थानीय तहहरूलाई पृष्ठपोषण दिइएको।<br>• आर्थिक वर्ष २०७८/७९ को संस्थागत स्वःमूल्याङ्कन गरी ७३९ स्थानीय तहलको नतिजा सार्वजनिक भएको। |
| ३५० | स्थानीय तहका नीति तथा योजना, आर्थिक सशक्तिकरण, सीप विकास र उद्यमशीलता | • स्थानीय तहको लागि थप ३ वटा नमूना कानुनको मस्यौदा तयार भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | प्रवर्द्धन समावेश गरी स्थानीय आर्थिक विकास सूचक निर्माण गरी कार्यान्वयनमा ल्याइने। स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रणाली प्रयोग गर्न सबै स्थानीय तहलाई प्रोत्साहन गरिने। स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणाली लागु गरिने। | • स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणाली तयार भई मूल्याङ्कनको कार्य अघि बढाइएको। <br>• स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको। |
| ३६५ | सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई पारदर्शिता सुनिश्चित गर्ने, प्रक्रियागत सरलीकरण गर्ने र सेवा प्रवाहको समय तथा लागत घटाइने। सेवा प्रवाहमा प्रत्यक्ष संलग्न हुने कार्यालयहरूलाई सेवाग्राहीमैत्री एवम् खुला कार्यस्थलको ढाँचामा विकास गर्दै लगिनेछ। सार्वजनिक सेवालाई मुहाररहित, सम्पर्करहित र कागजरहित बनाउन आवश्यक प्रबन्ध मिलाइने। | • सबै सङ्घीय मन्त्रालय तथा १६ वटा विभागको व्यवस्थापन परीक्षणको प्रारम्भिक प्रतिवेदन तयार भएको। <br>• ललितपुर, काठमाडौं, सुनसरी, झापा, कपिलवस्तु र प्यूठान जिल्लाका विभिन्न १७ वटा निकायमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण सम्पन्न गरिएको। <br>• प्रभावकारी स्थानीय सरकार सञ्चालन तथा व्यवस्थापन सम्बन्धी १८ वटा स्थानीय तहमा अनुसन्धान सम्पन्न भई एकीकृत प्रतिवेदन तयार भएको। <br>• ३० वटा स्थानीय तहहरूलाई e-building Permit System सम्बन्धी अन्तर्क्रिया तालिम सञ्चालन गरिएको। |
| ३६६ | सङ्घीय निजामती सेवा ऐन जारी गरिनेछ। निजामती सेवा र अन्य सरकारी सेवाको जनशक्ति विकास योजना तयार गरी कार्यान्वयन गरिनेछ। सङ्घीयता कार्यान्वयनको पाँचवर्षको अभ्यासको आधारमा सङ्घ, प्रदेश र स्थानीय तहको प्रशासनिक पुनर्संरचना गर्न एक उच्चस्तरीय आयोग गठन गरिनेछ। | • सङ्घीय निजामती सेवासम्बन्धी विधेयकको मस्यौदा तयार भई राय/सहमति लिने क्रममा रहेको। |
| ३६७ | निजामती, सेना, प्रहरी, शिक्षक लगायत सबै राष्ट्रसेवकहरूलाई उत्प्रेरित गरी सेवा भाव उच्च बनाउन विक्रम सम्बत् २०७९ साउन १ गतेदेखि लागू हुने गरी तलबमानमा १५ प्रतिशत वृद्धि गरिएको। महङ्गी भत्तालाई समेत निरन्तरता दिइएको। राष्ट्र सेवक कर्मचारीहरूको न्यूनतम तलब सुविधा पुनरावलोकन गर्न र श्रमिकहरूको तलब सुविधाको अध्ययन गरी नेपाल सरकारलाई सिफारिस गर्न एक उच्चस्तरीय तलब सुविधा आयोग गठन गरिने। | • उच्चस्तरीय तलब सुविधा आयोग गठन भई उक्त आयोगले नेपाल सरकार समक्ष प्रतिवेदन पेश गरेको। |
| ३७९ | सरकारी निकायका संगठन संरचना र दरबन्दीको पुनरावलोकन गरिनेछ। सङ्घीय निजामती सेवा तथा अन्य सरकारी सेवाका | • सबै निकायहरूलाई परिपत्र गरि सम्बन्धित निकायबाट दरवन्दी कटौतीको खाका सङ्कलन भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | कम्तीमा १० प्रतिशत दरबन्दी कटौती गरिनेछ। निजामती तथा सुरक्षा निकायमा प्राविधिक र अत्यावश्यक बाहेकका नयाँ दरबन्दी थप गरिने छैन। सरकारी निकायको चालु प्रकृतिका प्रशासनिक खर्च न्यूनतम १५ प्रतिशतले घटाउने गरी बजेट कार्यान्वयन गरिने। | |

**४. आर्थिक वर्ष २०७८/७९ मा र २०७९/८० को चैत मसान्त सम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरू:**

| क.सं. | नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा / संशोधन |
|---|---|---|
| १ | फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ | नयाँ तर्जुमा |
| २ | वालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| ३ | व्यवस्थापन परीक्षण निर्देशिका, २०७९ | अद्यावधिक/नयाँ |
| ४ | स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| ५ | तराई–मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ | अद्यावधिक |
| ६ | "निजामती कर्मचारीको सामूहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" | अद्यावधिक |
| ७ | निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलव्ध गराउने सम्बन्धी निर्देशिका, २०७९ | अद्यावधिक |
| ८ | प्रतिभा डवली कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ | नयाँ तर्जुमा |

**५. आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:**

**सङ्घीयता कार्यान्वयन तथा सहजीकरण**

- ७५३ वटै स्थानीय तहका निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरूलाई विपद जोखिम न्यूनीकरण सम्बन्धी दुई दिने तालिम सञ्चालन गरिएको।
- स्थानीय आर्थिक विकास सूचकाङ्क (LED Index) सम्बन्धी ५ वटा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- मुगु, रूकुम पूर्व/पश्चिम जिल्लाका सबै पालिकाहरूको सहभागितामा स्थानीय तहको स्रोत परिचालनसम्बन्धी एक दिवसीय अन्तर्क्रिया/अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।
- जुम्ला जिल्लाका सबै स्थानीय तह तथा कालिकोट जिल्लाका ४ वटा स्थानीय तह, मधेश प्रदेश अन्तर्गत महोत्तरी जिल्लाका ४ र अन्य ७ वटा जिल्लाबाट २/२ वटा स्थानीय तह गरी जम्मा १८ वटा तह तथा वाग्लुङ र पर्वत जिल्लाका सबै तथा म्याग्दी जिल्लाका ३ वटा स्थानीय तहको सहभागितामा राजस्व परामर्श समितिको क्षमता विकास सम्बन्धी २ दिवसीय अन्तर्क्रिया/अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत १६ वटा पोषण स्वयंसेवकहरूको तालिम, १ वटा पोषणमैत्री स्थानीय शासनसम्बन्धी प्रशिक्षक प्रशिक्षण, ६ वटा जिल्ला स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको।
- प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमले संयुक्त रूपमा बागमती प्रदेशका स्थानीय तहका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको लागि एक दिने "दिगो विकासमैत्री मध्यमकालीन खर्च संरचना र राजस्व सुधार कार्ययोजना निर्माण"

तथा "दिगो विकास लक्ष्य साङ्केतीकरण गर्ने र लैङ्गिकमैत्री बजेट तर्जुमा" सम्बन्धी तालिम सम्पन्न भएको।

**मानव संशाधन व्यवस्थापनः**

- सरकारी एवम् सार्वजनिक निकायका १ हजार ५३९ जना अधिकृत कर्मचारीहरूको लागि प्रशिक्षण प्रदान गरिएको।
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान मार्फत स्थानीय तहका ३७७ जना महिला जनप्रतिनिधिहरूलाई नेतृत्व सीप विकास प्रशिक्षण प्रदान गरिएको।
- सङ्घ वा अन्तर्गतका सहायक तथा प्रदेश र स्थानीय तहका अधिकृतस्तरका २६२ जना कर्मचारीहरूलाई सेवाकालीन प्रशिक्षण प्रदान गरिएको।
- Eastern Regional Organization for Public Administration (EROPA) को "Governance and public Administration in Covid-19 Pandemic: Learning, Innovations, and Reforms in Managing Global Changes" विषयक ६७ औं General Assembly and Conference सम्पन्न गरिएको।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट नेपाल सरकारलाई नीति निर्माणमा सहयोगी हुने, सार्वजनिक नीति, शासकीय व्यवस्थापन र प्रशासनसम्बन्धी २ वटा विभागीय अनुसन्धानको लागि Fildwork Tool (Questionnaire) तयार गरिएको। साथै, सोही विषयमा आधारित मामला (case) तयार गरी प्रशिक्षण सत्रहरूमा कार्यान्वयन गर्नको लागि प्राप्त ८ वटा अनुसन्धान प्रतिवेदन छनौट भई हाल मामला अध्ययनको लागि तयारी गरिएको।

**स्थानीय पूर्वाधार विकास र वैदेशिक सहायता परिचालनः**

- तराई मधेश समृद्धि कार्यक्रममार्फत सीमानाका वस्ती सडक पूर्वाधार गुरूयोजना, कृषिको आधुनिकीकरण उत्पादन वृद्धिका लागि विस्तृत गुरूयोजना र स्वरोजगारका लागि पूर्वाधार जनशक्ति परिचालन मार्फत समृद्धि विस्तृत योजना तयार भएको।
- वातावरणीय अध्ययन सम्बन्धी २१ वटा वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी TOR स्वीकृत गरिएको, ६ वटा वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी प्रतिवेदन स्वीकृत भएको।
- गाउँपालिका तथा नगरपालिकाहरूका लागि भवन निर्माण अनुमति प्रक्रियासम्बन्धी स्रोत पुस्तिका स्वीकृत गरी प्रकाशन गरिएको।

**सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहः**

- सङ्घीय निजामती सेवाका ३६ हजार ३१६ स्थायी कर्मचारीहरूको २०७९ भदौ २१ देखि २०८० भदौ २० गतेसम्मको रू.१० लाख बीमाङ्कको सामूहिक दूर्घटना बीमाको लागि राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँग सम्झौता भएको।
- ७ वटै प्रदेशमा आपतकालिन कार्यसञ्चालन केन्द्रसँग सम्बन्धित सरोकारवालाहरूको अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको।
- फोहोरमैला व्यवस्थापन ऐन, २०६८ लाई सङ्घीय संरचना अनुकूल हुने गरी नयाँ ऐनको मस्यौदा तयारीको लागि Solid Waste Management सम्बन्धी अन्तराष्ट्रिय अनुभव तथा सिकाइ आदानप्रदानको लागि भारतका बृहन्मुंबई महानगरपालिका, अहम्दावाद महानगरपालिका र पानाजी नगरपालिका, पानाजी, गोवाको फोहोरमैला व्यवस्थापनको समग्र पक्षको स्थलगत अध्ययन गरी प्रतिवेदन तयार गरिएको।
- स्थानीय तहमा जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापन सम्बन्धी खाँदवारी नगरपालिका, संखुवासभा र हल्दिबारी गाउँपालिका, झापामा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको।
- निजामती कर्मचारी अस्पतालवाट औसत दैनिक ७६५ सेवाग्राहीलाई विभिन्न प्रकारका स्वास्थ्य सेवा उपलब्ध गराउँदै आइरहेको।

- आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान मार्फत लोकसेवा आयोग तयारीको लागि नायब सुब्बा र शाखा अधिकृत जम्मा २०० जनालाई प्रशिक्षण प्रदान गरिएको। आदिवासी जनजातिहरूको विभिन्न ७ वटा विषयहरूमा खोज अध्ययन अनुसन्धान गरिएको। साथै, राजवंशी जातिको संस्थागत भवन निर्माण भएको।

**६. आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:**

**सङ्घीयता कार्यान्वयन तथा सहजीकरण:**

- स्थानीय तहका नवनिर्वाचित प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्षहरूलाई स्थानीय सरकार सञ्चालन तथा स्थानीय विकास सम्बन्धी प्रदेशगत रूपमा २ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको।
- स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास सम्बन्धी नीति स्वीकृत भएको।
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ लाई आन्तरिकीकरण गर्न सबै ७५३ स्थानीय तहका पदाधिकारी तथा सम्बन्धित कर्मचारीलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।
- स्थानीय तहको लागि विभिन्न १० वटा विषय क्षेत्रमा नमूना कानुनको मस्यौदा तयार भएको।
- गाउँ/नगर वस्तुस्थिति विवरण तयारी (पहिलो संशोधन) कार्यविधि, २०७८ स्वीकृत भई सफ्टवेयर अपग्रेड गर्ने कार्य सम्पन्न भएको।
- स्थानीय तहले कार्यसम्पादनको क्रममा अनुभूत गरेका समस्याहरूको स्थलगत सहजीकरण गर्न सातै प्रदेशका लागि सहसचिवको नेतृत्वमा कार्यटोली गठन भई १६ वटा स्थानीय तहमा स्थलगत रूपमा सहजीकरण गरिएको।
- स्थानीय तह आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ स्वीकृत गरी स्थानीय तहहरूलाई अभिमुखीकरण गरिएको।
- "स्थानीय तहको भगिनी सम्बन्ध स्थापनासम्बन्धी निर्देशिका,२०७८" को मस्यौदा स्वीकृतिका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएको।
- “स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि,२०७७” अनुसार स्थानीय तहको वित्तीय सुशासन जोखिम लेखाजोखा गर्ने कार्यका लागि तयार भएको FRRAP प्रणाली सम्बन्धी प्रशिक्षण सम्पन्न भएको।

**मानव संशाधन व्यवस्थापन:**

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट ३ हजार ४६५ जना अधिकृत कर्मचारीलाई लामो र छोटो अवधिको प्रशिक्षण प्रदान गरिएको।
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानबाट स्थानीय तहमा कार्यरत १०६ जना अधिकृत र सङ्घ, प्रदेश तथा स्थानीय तहमा कार्यरत ९४ जना सहायक कर्मचारीलाई सेवाकालीन प्रशिक्षण प्रदान गरिएको।
- ३४ जना महिला जनप्रतिनिधि तथा कर्मचारीहरूलाई नेतृत्व सीप विकास सम्बन्धी तथा ४५ जना जनप्रतिनिधि तथा कर्मचारीहरूलाई दिगो विकास लक्ष्य स्थानीयकरण सम्बन्धी प्रशिक्षण प्रदान गरिएको।
- सार्वजनिक सरोकारका विषयमा नवीन सोच/ईनोभेटिभ आईडियाको पहिचान र त्यसको उपयोग गर्ने उद्देश्यले प्रतिस्पर्धात्मक प्रतिभा डवली (Talent Forum) कार्यक्रम सम्पन्न गरिएको।
- सङ्घ, प्रदेश र स्थानीय तहको आगामी दश वर्षको लागि आवश्यक जनशक्ति प्रक्षेपण र एकीकृत योजना तयारी सम्बन्धी अध्ययन सम्पन्न भई प्रतिवेदन प्राप्त भएको।
- नेपाल सरकारलाई नीति निर्माणमा सहयोगी हुने सार्वजनिक नीति, शासकीय व्यवस्थापन र प्रशासन सम्बन्धी ११ वटा अनुसन्धान सम्पन्न भएको।

- प्रदेश तथा स्थानीय तहका २१० जना प्राविधिक जनशक्तिलाई सेवा प्रवेश तालिम प्रदान गरिएको।

**स्थानीय पूर्वाधार विकास र वैदेशिक सहायता परिचालनः**

- वैदेशिक सहायतामा सञ्चालन हुनेगरी प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) $200 M, सडक सञ्जाल सुधार आयोजना अतिरिक्त लगानी (RCIP-AF) $100 M तथा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) $150 M कार्यान्वयनको लागि तयारी चरणका कार्य प्रारम्भ भई चालु आर्थिक वर्षदेखि कार्यान्वयन हुने गरी बजेट व्यवस्था गरिएको।
- वस्ती तथा बजार केन्द्रलाई जोड्ने गरी १२२.३३ किलोमिटर सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको। साथै ५३.३४ किलोमिटर सडक चौडाई विस्तार तथा मोड सुधार गर्ने कार्य सम्पन्न भएको। यसैगरी ६०० किलोमिटर सडकको Final DPR (डिजाइन रिपोर्ट, CPP IEE बाहेक) तयार भएको।
- ५९४ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको, ११० वटा नयाँ झोलुङ्गे पुल निर्माणको लागि ठेक्का गरिएको। रिडीको सङ्गम पुल र त्रिवेणीको वाल्मिकी आश्रम जाने झोलुङ्गेपुल निर्माण सम्पन्न भएको।
- पहिचान भएका १४३ तुइन मध्ये हालसम्म १४२ वटा तुइन झोलुङ्गे पुलद्वारा विस्थापित गरिएको।
- स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ स्वीकृत भई १४४ वटा स्थानीय तहलाई बजेट बाँडफाँड गरिएको। थप ५० वटा नयाँ भवनको निर्माण शुरू भएको। थप २० वटा क्रमागत भवनको निर्माण सम्पन्न भएको।
- सुदूरपश्चिम र कर्णाली प्रदेशमा ५० वटा खानेपानी तथा ५७ वटा सिँचाइ तथा बहुउपयोगी योजना सम्पन्न भई ४९ हजार १९४ जनसङ्ख्या लाभान्वित भएको। विद्यालय, स्वास्थ्य चौकी तथा सार्वजनिक स्थानमा ५४ वटा संस्थागत शौचालय निर्माण भएको।
- मुगु-हुम्ला लिङ्क रोडको १३.५ किलोमिटर सडक निर्माण भएको।
- स्थानीय स्तरका ३० वटा सडकपुल निर्माण सम्पन्न भएको। साथै, ५० वटा नयाँ सडकपुलको DPR तयार भएको।
- साना सिँचाइ कार्यक्रम अन्तर्गत २६६ वटा नयाँ योजनाको पि.पि.आर तयार भएको। १७९ वटा नयाँ र १६८ वटा क्रमागत योजना सम्पन्न भएको।
- तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ स्वीकृत भई चालु आर्थिक वर्षमा विनियोजित रकम वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा बाँडफाँड गरी ५ सय १८ आयोजना/कार्यक्रमहरू कार्यान्वयन भएको।
- उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम विपन्न वर्ग लक्षित समृद्धि उन्मुख कार्यक्रम सञ्चालनको लागि ४३ वटा र एकीकृत वस्ती विकास सम्बन्धी क्रियाकलाप सञ्चालनका लागि ८ वटा स्थानीय तहलाई वित्तीय हस्तान्तरण मार्फत बजेट उपलब्ध गराइएको।
- राष्ट्रिय पुनःनिर्माण कार्यक्रमबाट हस्तान्तरण भई आएका पुनःनिर्माण हुन बाँकी ६ वटा सडक, ३ वटा सडक पुल र ८७ वटा गुम्बाको निर्माण सम्पन्न भएको।

**सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहः**

- ३३ हजार १३७ जना निजामती कर्मचारीको सामूहिक दुर्घटना बीमा गरिएको।
- निजामती कर्मचारीका ६९० जना सन्ततीलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराइएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, हेलो सरकार तथा अन्य निकायहरूबाट प्राप्त १ सय ७९ वटा उजुरी/गुनासो फछ्र्यौट गरिएको।

- विभिन्न योजना/आयोजनाहरूको वातावरणीय अध्ययनको सम्बन्धमा ५८ वटा कार्यसूची तथा २० वटा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तथा २ संक्षिप्त वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत भएको।
- वहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत १३१ वटा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिहरूलाइ क्रियाशील गरिएको। २१६ वटा विद्यालय खानेपानी तथा सरसफाइ योजना सञ्चालन गरिएको। २५२ वटा महिला समूह सहकारी मार्फत विपन्न परिवारको आयआर्जनमा सुधारको लागि अनुदान प्रदान गरिएको। २३ वटा जिल्लास्तरीय अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको। साथै, पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका स्वीकृत कार्यान्वयनमा आई प्रदेशस्तरमा १२७ जना प्रशिक्षकहरू तयार गरिएको।
- राष्ट्रिय किताबखाना (निजामती) को समन्वयमा स्थानीय तहमा कार्यरत अन्य सेवाका कर्मचारीहरूको विवरण व्यवस्थापनका लागि वैयक्तिक सूचना एकीकृत प्रणालीको विकास भएको।
- Capacity Development Management Information System मा आबद्ध हुने गरी अनलाईन स्वयं-सिकाइ प्रणालीको विकास गर्ने र प्रणालीमा विशेषताहरू थप गरी अद्यावधिक गर्ने कार्य सम्पन्न भएको।
- स्थानीय तहहरूको लागि GESI Index र Framework तयार गर्ने कार्य भएको।

## ७. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०००११३ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ५५९९४५ | ४३३६३९ | ७७.४४ |
| ३६५०००१२३ | अतिरिक्त समूह | १९६८६९ | १०४७३२ | ५३.२० |
| ३६५००१०२३ | सङ्घीय शासन प्रणाली व्यवस्थापन कार्यक्रम | ५४०० | ४५९९ | ८५.१८ |
| ३६५००१०५३ | जिल्ला समन्वय समितिको कार्यालयहरू | १२०२६७७ | ९५२९१५ | ७९.२३ |
| ३६५००१०६३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ८८८०० | ७७८८९ | ८७.७१ |
| ३६५००१०७३ | तराई मधेस समृद्धि कार्यक्रम | १३९११ | ११८८२ | ८५.४२ |
| ३६५००१०८३ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ५७१९२७ | ३३७९६७ | ५९.०९ |
| ३६५००१०९३ | उत्तरीक्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम | ९१३९०० | ० | ०.०० |
| ३६५००१११३ | उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम | ३७०० | ११६० | ३१.३६ |
| ३६५०१०११३ | स्थानीय पूर्वाधार विभाग | २५३०० | २०१६१ | ७९.६९ |
| ३६५०११०१३ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | १३९०० | १००५१ | ७२.३१ |
| ३६५०११०२३ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | १०३७०० | ७९६०१ | ७६.७६ |
| ३६५०११०३३ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २६६०० | २३४४५ | ८८.१४ |
| ३६५०११०४३ | ग्रामीण पहुंच कार्यक्रम | ३१०० | २४५७ | ७९.२७ |
| ३६५०११०६३ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | २५०० | २३०६ | ९२.२५ |
| ३६५०११०९३ | साना सिँचाइ कार्यक्रम | ४३००० | १७०३ | ३.९६ |
| ३६५०१११०३ | साना विकास आयोजना | ४८०००० | ० | ०.०० |
| ३६५०११११३ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम | ४००० | ३५५४ | ८८.८४ |
| ३६५०१११२३ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | १६८६५४ | ८४७६७ | ५०.२६ |
| ३६५०२०११३ | निजामती किताबखाना | ५२५०० | ४८८५३ | ९३.०५ |
| ३६५६१०११३ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ६३२३१ | ५३२१० | ८४.१५ |
| ३६५६१०१२३ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २३१५०० | १६३४१४ | ७०.५९ |
| ३६५६१०१३३ | आदिवासि / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ५३७०० | ४९२२० | ९१.६६ |
| ३६५८१०११३ | निजामती कर्मचारी अस्पताल विकास समिति | ७०३१०० | ६८५१८० | ९७.४५ |
| | **जम्मा** | ५५३१९१४ | ३१५२७०६ | ५६.९९ |

पुँजीगत तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०००११४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १०२०० | १०१४९ | ९९.५० |
| ३६५००१०७४ | तराई मधेस समृद्धि कार्यक्रम | ४०४०० | १७१३१ | ४२.४० |
| ३६५००१०८४ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ११६१०० | ४०९८० | ३५.३० |
| ३६५००११२४ | कर्णाली समृद्धि कार्यक्रम | ५००० | ७८६ | १५.७२ |
| ३६५०१०११४ | स्थानीय पूर्वाधार विभाग | ६३८०० | ३९८०७ | ६२.३९ |
| ३६५०११०२४ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | ४४३५००० | २४१०६५६ | ५४.३६ |
| ३६५०११०३४ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | ३५२७२०० | २५९५०९४ | ७३.५७ |
| ३६५०११०४४ | ग्रामीण पहुंच कार्यक्रम | १५०० | १०५५ | ७०.३२ |
| ३६५०११०६४ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | ७१५४०० | १९७८२० | २७.६५ |
| ३६५०११०९४ | साना सिँचाइ कार्यक्रम | १२४००० | ० | ०.०० |
| ३६५०१११४ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम | १३७०४०० | ११६८०८९ | ८५.२४ |
| ३६५०१११२४ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | २५४१२०० | १५५६८ | ०.६१ |
| ३६५०२०११४ | निजामती किताबखाना | १५९०० | १५०५४ | ९४.६८ |
| ३६५६१०१३४ | आदिवासि / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ६६०० | ६५७६ | ९९.६४ |
| | जम्मा | १२९७२७०० | ६५१८७६५ | ५०.२५ |

## ८. आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेट र २०७९ चैत मसान्तसम्मको खर्चको विवरणः

चालु तर्फ (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०००११३ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ७६००९८ | २२१२९७ | २९.११ |
| ३६५०००१२३ | अतिरिक्त समूह | १२०००० | ८८७९५ | ७४.०० |
| ३६५००१०२३ | सङ्घीय शासन प्रणाली व्यवस्थापन कार्यक्रम | २५०० | ११९० | ४७.६२ |
| ३६५००१०५३ | जिल्ला समन्वय समितिको कार्यालयहरू | ११२९८९७ | ७०८१३४ | ६२.६७ |
| ३६५००१०६३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ४८६५० | १६२४७ | ३३.४० |
| ३६५००१०७३ | तराई मधेस समृद्धि कार्यक्रम | १२६०० | ७१०० | ५६.३५ |
| ३६५००१०८३ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ४५२४०० | १५२८६८ | ३३.७९ |
| ३६५००१०९३ | उत्तरीक्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम | १७७७२३० | ० | ०.०० |
| ३६५००११०३ | साना विकास परियोजना | ५००००० | ० | ०.०० |
| ३६५००१११३ | उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम** | ७९ | ७९ | १००.०० |
| ३६५००११३३ | नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम | २८२५५०० | ० | ०.०० |
| ३६५०१०११३ | स्थानीय पूर्वाधार विभाग** | १८४७८ | १८४७८ | १००.०० |
| ३६५०११०१३ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना** | १८७ | १८७ | १००.०० |
| ३६५०११०२३ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना** | ७६३५ | ७६३५ | १००.०० |
| ३६५०११०३३ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम** | ४९५६ | ४९५६ | १००.०० |
| ३६५०१११३ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम** | ३८० | ३८० | १००.०० |
| ३६५०१११२३ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम** | १५३८ | १५३८ | १००.०० |
| ३६५०२०११३ | निजामती किताबखाना | ६५७९० | ४४४९७ | ६७.६४ |
| ३६५६१०११३ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ७४२६२ | ४५७२५ | ६१.५७ |
| ३६५६१०१२३ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २३५१०० | १०७२९० | ४५.६४ |
| ३६५६१०१३३ | आदिवासि / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ६२९०० | ३२८८९ | ५२.२९ |
| ३६५८१०११३ | निजामती कर्मचारी अस्पताल विकास समिति | २६९६०० | ५९३७५ | २२.०२ |
| | जम्मा | ८३६९७८० | १५१८६६० | १८.१४ |

**पुँजीगत तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०००११४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ९८०० | ५०९५ | ५१.९९ |
| ३६५००१०७४ | तराई मधेस समृद्धि कार्यक्रम | २०५०० | ० | ०.०० |
| ३६५००१०८४ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ७७१०० | २७९१८ | ३६.२१ |
| ३६५०१०११४ | स्थानीय पूर्वाधार विभाग** | १६१६६ | १६१६६ | १००.०० |
| ३६५०११०२४ | सडक सञ्जाल सुधार आयोजना** | ६५२९२ | ६५२९२ | १००.०० |
| ३६५०११०३४ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम** | ५०९९९७ | ५०९९९७ | १००.०० |
| ३६५०११०६४ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना** | ३६६ | ३६६ | १००.०० |
| ३६५०१११११४ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम** | २५४ | २५४ | १००.०० |
| ३६५०१११५४ | ग्रमिण सडक सञ्जाल सुधार आयोजना -ए एफ** | १५६७ | १५६७ | १००.०० |
| ३६५०२०११४ | निजामती किताबखाना | ३९०० | २८०३ | ७१.८७ |
| ३६५६१०१३४ | आदिवासि / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ५०० | ६० | १२.०० |
| ३६५८१०११४ | निजामती कर्मचारी अस्पताल विकास समिति | ३०००० | ० | ०.०० |
| | **जम्मा** | **७३५४४२** | **६२९५१८** | **८५.५६** |

** नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९।०४।१९ को निर्णयानुसार हाल शहरी विकास मन्त्रालय अन्तर्गत कायम भएका कार्यक्रमहरूको साविकमा यस मन्त्रालय अन्तर्गत रहेको अवधिमा भएको खर्चको विवरण।

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमिः

सूचना तथा सञ्चार क्षेत्रको विकास तथा विस्तारका लागि २०२८ साल साउन १ गते सञ्चार मन्त्रालयको स्थापना भएको थियो। यस अघिसम्म सूचना तथा सञ्चार क्षेत्रका विषयहरू हेर्ने जिम्मेवारी निर्माण, यातायात तथा सञ्चार मन्त्रालयलाई सुम्पिएको थियो। प्रशासन सुधार आयोग, २०४८ को प्रतिवेदनले सुझाव गरेअनुसार तत्कालीन सञ्चार मन्त्रालयलाई २०४९ सालदेखि सूचना तथा सञ्चार मन्त्रालय नामकरण गरिएकोमा नेपाल सरकारको २०७४ फागुन ११ गतेको निर्णयबाट यस मन्त्रालयको नाम सञ्चार तथा सूचना प्रविधि मन्त्रालय कायम भएको छ।

नेपालको संविधानले स्वतन्त्रताको हक, सञ्चारको हक, सूचनाको हक, गोपनीयताको हकको व्यवस्था गरेको छ। संघको अधिकारको सूची अन्तर्गत दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँट, रेडियो टेलिभिजन र हुलाक, प्रदेशको अधिकारको सूची अन्तर्गत रेडियो, एफ.एम, टेलिभिजन सञ्चालन र स्थानीय तहको अधिकार सूची अन्तर्गत एफ.एम. सञ्चालनसम्बन्धी कार्य तहगत सरकारको संवैधानिक जिम्मेवारीकोरूपमा रहेको छ। राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने राज्यको नीति रहेको छ।

सञ्चार र सूचना प्रविधिको क्षेत्रमा भएको द्रुततर विकास अनुकूल नयाँ प्रविधि ग्रहण गर्नुपर्ने आवश्यकता देखिएको छ। सरकारी, निजी तथा सामुदायिक क्षेत्रबाट भएको लगानी र प्रयासबाट सूचना तथा सञ्चारमा जनताको पहुँच बढेको छ भने सञ्चार र सूचना प्रविधिको क्षेत्रमा भएको द्रुततर विकास अनुकूल नयाँ प्रविधि ग्रहण गर्नुपर्ने आवश्यकता समेत देखिएको छ। आधुनिक सूचना तथा सञ्चार प्रविधिमैत्री सेवाहरू प्रवाह गर्दै मुलुकको सर्वाङ्गीण विकासमा यसको अधिकतम उपयोग गर्न/गराउन मन्त्रालयको अग्रणी भूमिका रहेको छ। नेपाल सरकारको दीर्घकालीन सोच, २१०० प्राप्तिका लागि विभिन्न सम्वाहकहरूमध्ये गुणस्तरीय एकीकृत यातायात प्रणाली, सूचना प्रविधि तथा सञ्चार पूर्वाधार र वृहत सञ्जालीकरणलाई प्रमुख सम्बाहकको रुपमा उल्लेख गरिएको छ।पन्ध्रौं योजना (आ.व.२०७६/७७-२०८०/८१) ले सूचना प्रविधियुक्त राष्ट्र निर्माण गर्ने सोचसहित सो को प्राप्तिका लागि लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तय गरेको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय राष्ट्रिय सूचना आयोगको सम्पर्क मन्त्रालयको रूपमा रहेको छ।यस मन्त्रालय अन्तर्गत प्रेस काउन्सिल, नेपाल दूरसञ्चार प्राधिकरण जस्ता स्वायत्त निकायका साथै गोरखापत्र संस्थान, रेडियो नेपाल, राष्ट्रिय समाचार समिति र नेपाल टेलिभिजन जस्ता सार्वजनिक सञ्चार माध्यमहरू समेत गरी १८ वटा नियकाहरू रहेका छन्।खासगरी मन्त्रालयले नेपाल सरकारको दीर्घकालीन सोच, दिगो विकासका लक्ष्य, आवधिक योजना र मन्त्रालयको दीर्घकाली सोच, क्षेत्रगत सोच र कार्य क्षेत्रलाई आत्मसाथ गर्दै विभिन्न गतिविधिहरू सञ्चालन गरिरहेको छ। #

### १.२ दीर्घकालीन सोचः

सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा विकसित नवीन प्रविधिहरूको अधिकतम उपयोग गर्दै आर्थिक समृद्धि हासिल गर्ने।

**<u>क्षेत्रगत सोच</u>**

- **आमसञ्चारः** संविधानप्रदत्त पूर्ण प्रेस स्वतन्त्रता, सञ्चारको हक र सूचनाको हक कार्यान्वयन गर्दै नागरिकमा सूचनाको पहुँच विस्तार गर्ने।

- **दूरसञ्चारः** दूरसञ्चार क्षेत्रमा उपलब्ध भएका नवीनतम् प्रविधिको प्रयोग गरी देशभर सर्वसुलभ रूपमा भरपर्दो गुणस्तरीय सेवा उपलब्ध गराइ रोजगारी सृजना र उद्यमशीलता विकासमा जोड दिने।
- **सूचना प्रविधिः** सूचना प्रविधिको सर्वव्यापी पहुँच सुनिश्चित गरी समुन्नत र आर्थिक सम्मृद्धिमा योगदान गर्दै जाने।
- **हुलाक सेवाः** हुलाक सेवालाई व्यावसायिक, प्रतिस्पर्धी, विश्वसनीय र आत्मनिर्भर बनाउने।
- **चलचित्रः** नेपाली चलचित्र क्षेत्रलाई उद्योगको रूपमा विकास गरी नेपालको राष्ट्रिय एकता प्रवर्द्धन र आर्थिक वृद्धिमा योगदान बढाउदै जाने।
- **सुरक्षण मुद्रणः** राहदानी, हुलाक टिकट, अन्तःशुल्क स्टिकरलगायतका सुरक्षण कागजातहरू देशभित्रै मुद्रण गर्न सुरक्षण मुद्रण स्थापना गरी सञ्चालन गर्ने।

## १.३ उद्देश्यः

- सबै नागरिकमा सञ्चार तथा सूचना प्रविधिको सहज पहुँच तथा उपयोग विस्तार गर्ने,
- सञ्चार तथा सूचना प्रविधिको सेवालाई सर्वसुलभ, भरपर्दो, विश्वसनीय र गुणस्तरीय बनाउने,
- सञ्चार र सूचना प्रविधिमा आधारित उद्योगको विकास गरी रोजगारी वृद्धि गर्ने,
- सञ्चार तथा सूचना प्रविधिको विकासमार्फत समुन्नत अर्थतन्त्रको निर्माण गर्ने,
- राहदानी, हुलाक टिकट, अन्तःशुल्क स्टिकरलगायतका सुरक्षण कागजातहरू देशभित्रै मुद्रण गर्ने।

## १.४ रणनीतिः

- सूचनामा सबै नागरिकको पहुँच तथा उपयोग सुनिश्चित गर्ने।
- दूरसञ्चार एवम् ब्रोडब्याण्ड सेवाको पहुँच देशभर पुर्‍याउने।
- डिजिटाइजेसनमार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने।
- पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चितता गर्दै आमसञ्चारमा सबै नागरिकको पहुँच विस्तार गर्ने।
- विज्ञापन बजार व्यवस्थित बनाउने।
- हुलाक सेवालाई संस्थागत पुनर्संरचना गरी स्वायत्त प्रतिस्पर्धी र व्यावसायिक बनाउने।
- चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रर्वद्धन गर्ने।
- सुरक्षण मुद्रणको व्यवस्था गर्ने।

# २. जनशक्ति विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ८५ | ८३ | २ | |
| २. | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ५९ | ५१ | ८ | |
| ३. | मुद्रण विभाग | १०८ | ९१ | १८ | १ |
| ४. | सूचना तथा प्रसारण विभाग | ४० | ३९ | १ | - |
| ५. | हुलाक सेवा विभाग | ३७ | ३७ | ० | - |
| ६. | हुलाक निर्देशनालयहरू | ३८१ | ३१२ | ६९ | |
| ७. | गोश्वारा हुलाक कार्यालयहरू | ३६० | २९६ | ६४ | |
| ८. | जिल्ला हुलाक कार्यालयहरू | ५४७५ | ४४०७ | ९८८ | |
| ९. | हुलाक प्रशिक्षण केन्द्र | १० | १० | ० | |
| १०. | केन्द्रीय धनादेश कार्यालय | १३ | १३ | ० | |
| ११. | केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो | १७ | १७ | ० | |
| १२. | सूचना प्रविधि विभाग | ३५ | ३३ | २ | - |

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १३. | प्रमाणीकरण नियन्त्रकको कार्यालय | १९ | ११ | ८ | - |
| १४. | राष्ट्रिय सूचना आयोग | ३७ | ३२ | ५ | |
| १५. | प्रेस काउन्सिल | २९ | १२ | १७ | - |
| १६. | राष्ट्रिय समाचार समिति | १६७ | १४१ | २६ | |
| १७. | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ४ | ४ | - | - |
| १८. | रेडियो प्रसार सेवा विकास समिति | ५५८ | ३६५ | १९३ | |
| १९. | सुरक्षण मुद्रण केन्द्र | ३३ | - | ३३ | - |
| २०. | विज्ञापन बोर्ड | २५ | १५ | १० | |
| २१. | नेपाल टेलिभिजन | ४३४ | २५९ | १७५ | - |
| २२. | गोरखापत्र संस्थान | ५४७ | २८२ | २६५ | - |
| २३. | नेपाल दूरसञ्चार प्राधिकरण | ११० | ९५ | १५ | |

### ३. आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लिखित बुँदाहरूको २०७९ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | वक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|
| ९४ | प्रमुख पर्यटकीय गन्तव्यसम्मको यात्रा सहज बनाउन मुगु, मनाङ, मुस्ताङ र सोलुखुम्बु जस्ता पर्यटकीय क्षेत्रको सडक स्तरोन्नतिको लागि आवश्यक बजेट व्यवस्था गरिने। पर्यटकीय गन्तव्यहरूमा खानेपानी, शौचालय, सरसफाइ, ढल व्यवस्थापन, साइकल लेन, निःशुल्क इन्टरनेट लगायतको सुविधा उपलव्ध गराउने प्रबन्ध गरिने। | • लमजुङ्ग जिल्लाको विभिन्न स्थानहरू तथा लाङटाङ सर्किट अन्तर्गतको WiFi Project का लागि परामर्शदाताबाट स्थलगत सर्वेक्षण सम्पन्न भएको। |
| २७७ | लोकतान्त्रिक पद्धति र सुशासन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने सञ्चार क्षेत्रलाई थप मर्यादित, जिम्मेवार, व्यवसायिक एवम् पारदर्शी बनाइने। | • ४२ जना सञ्चारकर्मीलाई क्षमता अभिवृद्धि तालिम दिइएको।<br>• पत्रकारिता अध्ययन छात्रवृत्तिको लागि १० जनालाई छनौट गरिएको। |
| २७८ | **साइबर सुरक्षाको सुनिश्चितताः एक्काइसौ शताब्दीको आवश्यकता** भन्ने अवधारणालाई कार्यान्वयन गर्न राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापनाको कार्य अगाडि बढाइने। उक्त केन्द्रलाई साइबर सुरक्षाको विषयमा अनुसन्धान तथा विकास, साइबर सुरक्षा प्रवर्द्धन र डिजिटल फोरेन्सिक अनुसन्धानसम्बन्धी अधिकार प्राप्त निकायको रूपमा विकास गरिने। नेपाल सरकारका विद्युतीय प्रणालीहरूको साइबर सुरक्षा परीक्षण गर्ने व्यवस्था मिलाइने। | • राष्ट्रिय साइबर सुरक्षा केन्द्रको स्थापनासम्बन्धी अध्ययन गर्न परामर्शदातासँग सम्झौता भएको।<br>• सरकारी निकायका सूचना प्रविधि प्रणालीलाई सुरक्षित, भरपर्दो बनाउन र साइबर सुरक्षाको चुनौती न्यूनीकरण गर्न २०७ वटा सरकारी निकायहरूको ३२४ वटा प्रणालीहरूको Security Audit गरी सुरक्षित बनाउन सुझावसहितको प्रतिवेदन प्राप्त भएको। |
| २७९ | हुलाक सेवाको आधुनिकीकरण र | • हुलाक सेवाको सङ्गठन तथा व्यवस्थापन |

| बुँदा नं. | वक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|
| | व्यवसायीकरण गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा विश्वसनीय र भरपर्दो निकायको रूपमा विकास गर्न यसको पुनर्संरचना गरिने। दूरसञ्चार सेवालाई गुणस्तरीय, प्रभावकारी र सर्वसुलभ बनाइने। इन्टरनेट सेवालाई सर्वसुलभ रूपमा उपलब्ध गराउन इन्टरनेट सेवा शुल्क घटाइने। पर्यटकीय गन्तव्यहरूमा निःशुल्क इन्टरनेटको सुविधा उपलब्ध गराउने प्रवन्ध गरिने। | सर्वेक्षणको कार्ययोजना तयार गरी पेश गर्न उपसिमिति गठन भएको।<br>• हुलाकमा ई-कमर्स सेवाको सम्भाव्यता अध्ययन कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भएको। हुलाक सेवा विभाग र Online Shopping Site दराजसँग फिर्ता हुने सामानको ढुवानी सम्बन्धी सम्झौता भएको।<br>• २०७९ असोजदेखि २८ जिल्लामा हवाई माध्यमबाट EMS विस्तार भएको।<br>• नेपाल दूरसञ्चार कम्पनी लि.सँग २ वर्षभित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा हालसम्म ३३० कि.मी. ADSS जडान कार्य सम्पन्न भएको। High Capacity DWDM उपकरण अन्तर्गत २६ मध्ये २३ वटा स्थानहरूमा जडान सम्पन्न भई Cluster 1 को १६ Site हरूको Acceptance Certificate (AC) जारी भएको।<br>• ४६ वटा Core Router Equipment को जडान कार्य सम्पन्न भएको।<br>• सातवटै प्रदेशमा थप १ हजार ८०० कि.मी. optical Fiber विछ्याउने लक्ष्य रहेकोमा चालु आर्थिक वर्षको चैत महिनासम्ममा कुल १ हजार ६८६ कि.मी. Optical Fiber विछ्याउने कार्य भएको। |
| २८० | बाँकेको कोहलपुर र ललितपुरको खुमलटारमा डाटा सेन्टरको भौतिक पूर्वाधार निर्माण कार्य प्रारम्भ गरिने। धरानमा डाटा सेन्टर र बुटवलमा इन्टरनेट एक्सचेन्ज सेन्टर निर्माणको सम्भाव्यता अध्ययन गरिने। राष्ट्रिय सूचना प्रविधि केन्द्रको क्षमता विकासका साथै डिजास्टर रिकभरी सेन्टर स्थापना गरिने। | • कोहलपुरमा डाटा सेन्टर भवनको दोस्रो तल्लाको ढलान सम्पन्न भएको।<br>• ललितपुरमा डाटा सेन्टर तथा इन्टरनेट एक्सचेन्ज सेन्टरको भवन निर्माणको लागि कार्य सम्झौता सम्पन्न भएको।<br>• राष्ट्रिय सूचना प्रविधि केन्द्र र डिजास्टर रिकभरी सेन्टरको क्षमता विकासका लागि उपकरण जडान कार्य सम्पन्न भएको। |
| २८१ | रेडियो नेपाल तथा नेपाल टेलिभिजनको पहुँच शतप्रतिशत भू-भागमा पुऱ्याइने। सूचना तथा प्रशारण विभागको क्षमता अभिवृद्धि गरी डिजिटल प्लेटफर्म तथा अनलाइन टेलिभिजनको नियमन र अनुगमनलाई थप प्रभावकारी बनाइने। | • नेपाल टेलिभिजनको स्याटलाइटमार्फत् विश्वका १०० भन्दा बढी देशमा Digital Platform मार्फत् Internet को पहुँच भएको। संसारका सबै देशमा र नेपालमा भू-सतहीय प्रसारणबाट जनसङ्ख्याको ७२ प्रतिशत पहुँच पुगेको। |

| बुँदा नं. | वक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|
| | सुरक्षण मुद्रण केन्द्र र मुद्रण विभागलाई एक आपसमा गाभी मुद्रण कार्य एउटै छानामुनि ल्याउन सङ्गठन पुनःसंरचना गरिने। नेपालमा नै गुणस्तरीय सुरक्षण मुद्रणसम्बन्धी कार्य गर्न सक्ने गरी क्षमता विकास गरिने। | • CAS/SMS र BRLMS प्रणालीको स्तरोन्नतिको काम अन्तिम चरणमा रहेको।<br>• सुरक्षण मुद्रण केन्द्रबाट अन्तःशुल्क स्टिकर छाप्न बोलपत्र आह्वान भएको। |
| २८२ | नेपाली मौलिक परम्परा, कला, संस्कृति, भाषाको विविधता झल्कने खालका चलचित्र, गीत, सङ्गित सिर्जना गर्ने सर्जकहरूलाई प्रोत्साहन गरिने। चलचित्रसम्बन्धी पूर्वाधार विकासका लागि दोलखा फिल्म सिटी आयोजनालाई सरकारी-निजी साझेदारी अवधारणामार्फत निर्माण प्रक्रिया अघि बढाइने। काभ्रेको बनेपामा अत्याधुनिक इन्डोर स्टुडियो निर्माण गरी सञ्चालनमा ल्याइने। | • ३ वटा कथानक चलचित्र निर्माणका लागि आर्थिक सहयोग उपलब्ध गराइएको।<br>• बाल चलचित्र समिति गठन गरी बालबालिका लक्षित चलचित्र निर्माण प्रशिक्षणसम्बन्धी तालिमहरू "क्यामेरा सिक", "प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिएको।<br>• छायाङ्कनस्थल वेब पोर्टल निर्माण भई वेब पोर्टलमार्फत प्रचार प्रसार शुरू गरिएको।<br>• चलिचत्र विकास बोर्डले सूचीकृत गरेका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवहरूमा प्रतिनिधित्व गर्ने ६ वटा नेपाली चलचित्रहरूलाई प्रोत्साहन स्वरूप आर्थिक सहयोग उपलब्ध गराइएको। |
| २८३ | डिजिटल नेपाल फ्रेमवर्क २०७६ कार्यान्वयन गरी पहिलो चरणमा संघीय मन्त्रालयहरूलाई डिजिटल कार्यालयमा रूपान्तरण गरिने। स्थानीय तहसम्म ब्रोडव्याण्ड सेवाको पहुँच विस्तार गरिने। सूचना महामार्ग, डाटा सेन्टर, इन्टरनेट एक्सचेन्ज सेन्टर, अनलाइन सेवा र विद्युतीय भुक्तानीसम्बन्धी सूचना प्रविधि पूर्वाधार विकास गर्न बजेट विनियोजन गरिएको। | • यस अवधिमा १० वटा थप गरी हालसम्ममा कुल ५५ सरकारी सेवाहरूलाई नागरिक एपमा आवद्ध गरिएको।<br>• सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध अन्य सबै निकाय र सिंहदरबार भित्रका सबै मन्त्रालयहरूका प्रणाली व्यवस्थापकलाई र ७० निकायहरूलाई एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) सञ्चालनसम्बन्धी तालिम प्रदान गरी यस अवधिसम्ममा ६० वटा निकायहरू GIOMS मा आवद्ध भई २८ वटा निकायमा प्रणालीमार्फत काम प्रारम्भ भएको।<br>• एकीकृत एस.एम.एस. गेटवेबाट हालसम्म ३७ निकायहरूद्वारा जम्मा ९९ लाख १९ हजार ३८६ एस.एम.एस पठाइएको। |
| २८४ | श्रमजिवी पत्रकारहरूलाई प्रदान गरिदै आएको दुर्घटना बिमा कार्यक्रम र लोककल्याणकारी विज्ञापन कार्यक्रमलाई निरन्तरता दिइएको। यो सुविधा अनलाइन | • नेपाल पत्रकार महासङ्घसँग छलफल भई बिमाका लागि ३५ जना पत्रकारको विवरण सङ्कलन भएको।<br>• छापा माध्यमको लागि लोककल्याणकारी |

| बुँदा नं. | वक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|
| | मिडियालाई समेत प्रदान गर्ने व्यवस्था मिलाइएको। | विज्ञापन प्रकाशन वापतको रकम विज्ञापन वोर्ड र बैसठ्ठी (६२) वटा हुलाक कार्यालय (हुलाक निर्देशनालय एवम् जिल्ला हुलाक कार्यालय) मार्फत भुक्तानी गरिएको। |
| ३४३ | सार्वजनिक सम्पत्तिको अभिलेख र व्यवस्थापन गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाइने। हाल निजी क्षेत्रबाट सञ्चालित जलविद्युत आयोजना लगायतका पूर्वाधारहरू र दूरसञ्चारसम्बन्धी सेवा प्रवाह गर्ने कम्पनीहरूको निजी क्षेत्रबाट सञ्चालन हुने अवधि समाप्त भई नेपाल सरकारमा हस्तान्तरण हुँदा तिनको व्यवस्थापन एवम् सञ्चालनको विधि तयार गर्नुका साथै संस्थागत क्षमता विकास गरिने। | • अनुमतिपत्रको अवधि बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७८ स्वीकृत भई सो बमोजिमको समिति गठन गरी कार्य प्रारम्भ भएको। |

## ४. आर्थिक वर्ष २०७८/७९ मा र २०७९/८० को चैत मसान्तसम्ममा तर्जुमा/संशोधन भई कार्यान्वयनमा आएका नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरू।

| क्र.सं. | नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १. | रेडियो सञ्चार (लाइसेन्स) (पाचौं संशोधन) नियमावली, २०७८ | संशोधन |
| २. | चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) (सातौं संशोधन) नियमावली, २०७८ | संशोधन |
| ३. | चलचित्र नगरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| ४. | सरकारी निकाय सञ्चालन सम्बन्धी एकीकृत विद्युतीय प्रणाली निर्देशिका, २०७८ | नयाँ तर्जुमा |
| ५. | सरकारी कार्यालयको वेबसाइट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७८ | नयाँ तर्जुमा |
| ६. | राष्ट्रिय प्रसारण (एघारौं संशोधन) नियमावली, २०७८ | संशोधन |
| ७. | सांस्कृतिक संस्थान कर्मचारी सेवा शर्तसम्बन्धी विनियमावली, २०७८ | नयाँ तर्जुमा |
| ८. | पत्रकार दुर्घटना बीमा (व्यवस्थापन) (पहिलो संशोधन) निर्देशिका, २०७८ | नयाँ तर्जुमा |
| ९. | दूरसञ्चार पूर्वाधार सहप्रयोग र सोको शुल्क निर्धारणसम्बन्धी विनियमावली, २०७८ | नयाँ तर्जुमा |
| १०. | फाइभ जी लगायत नयाँ प्रविधिको परीक्षणसम्बन्धी कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| ११. | हुलाक महशुल दर, २०७८ | नयाँ तर्जुमा |
| १२. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरूको चल/अचल सम्पत्तिहरू (जग्गा, जमिन र भवन) को लगत, हालको अवस्था तथा ती सम्पत्तिहरूको भविष्यमा उत्पादनमूलक उपयोगको सम्भाव्यता सम्बन्धी अध्ययन प्रतिवेदन, २०७८ | नयाँ तर्जुमा |
| १३. | सुरक्षण मुद्रण विकास समिति (गठन) (तेस्रो संशोधन) आदेश, २०७९ | संशोधन |
| १४. | विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण सम्बन्धी आचारसंहिता, २०७९ | नयाँ तर्जुमा |

| क्र.सं. | नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १५. | अनुमतिपत्रको अवधि बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७८ मिति २०७९/०६/०७ मा स्वीकृत भई कार्यान्वयनमा रहेको | नयाँ तर्जुमा |
| १६. | दूरसञ्चार सेवाको गुणस्तर सम्बन्धी विनियमावली, २०७९ | नयाँ तर्जुमा |
| १७. | दूरसञ्चार सेवामा प्रयोग हुने Short Code र टोल फ्रि नम्बर व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ (पहिलो संसोधन) | संशोधन |
| १८. | विद्युतीय अन्य अतिरिक्त सेवा सञ्चालन सम्बन्धमा नियमनको लागि तयार गरिएको "विद्युतीय अन्य अतिरिक्त सेवा सञ्चालन गर्ने सम्बन्धी कार्यविधि, २०७९" को मस्यौदा तयार गरी उक्त मस्यौदाउपर राय, सुझाव तथा प्रतिक्रियाको लागि नेपाल दुरसञ्चार प्राधिकरणको वेभसाइटमा सार्वजनिक गरिएको। | नयाँ तर्जुमा |
| १९. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरूको चल/अचल सम्पत्तिहरू (जग्गा, जमिन र भवन) को लगत, हालको अवस्था तथा ती सम्पत्तिहरूको भविष्यमा उत्पादनमूलक उपयोगको सम्भाव्यता सम्बन्धी अध्ययन प्रतिवेदन, २०७८ | नयाँ तर्जुमा |
| २०. | विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण सम्बन्धी आचारसंहिता, २०७९ | नयाँ तर्जुमा |
| २१. | विज्ञापन राष्ट्रिय नीतिको मस्यौदालाई अन्तिमरूप दिन सरोकारवालासँग छलफल भइरहेको। | नयाँ तर्जुमा |
| २२. | विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को संशोधन मस्यौदा तयार भएको। | संशोधन |
| २३. | चलचित्रकर्मीहरूको आचारसंहिताको मस्यौदा तयार भएको। | नयाँ तर्जुमा |
| २४. | गोरखापत्र डिजिटल अर्काइभ परियोजना निर्देशन तथा अनुगमन समितिको कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| २५. | गोरखापत्र डिजिटाइजेशन व्यवस्थापन समितिको कार्यविधि, २०७९ | नयाँ तर्जुमा |
| २६. | श्रव्यदृश्य सेवा सञ्चालन निर्देशिका, २०७९ | नयाँ तर्जुमा |

## ५. आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

**दूरसञ्चार र सूचना प्रविधिः**

- सबै स्थानीय तहको केन्द्र, ६ हजार ७४३ वडा कार्यालय, ५ हजार ३२२ सामुदायिक माध्यमिक विद्यालय र ४ हजार २७२ स्वास्थ्य केन्द्रहरूमा ब्रोडव्याण्ड इन्टरनेट सेवा जडान सम्पन्न भएको।
- सूचना महामार्ग निर्माण गर्ने कार्य अन्तर्गत हालसम्म १२ हजार २३८ किलोमिटर अप्टिकल फाइवर विछ्याउने कार्य भएको।
- यस अवधिसम्ममा नेपाल टेलिकममार्फत प्रारम्भ गरिएको फोरजी सेवाको पहुँच ७३९ स्थानीय तहमा विस्तार भई सेवाको पहुँच ६६.०३ प्रतिशत पुगेको। फाइवर टु द होम सेवा ७० जिल्लाका २०९ मुख्य-मुख्य शहर र शहरोन्मुख क्षेत्रमा विस्तार भएको।साथै, इन्टरनेट ग्राहकको घनत्व १३०.६४ प्रतिशत पुगेको।
- सबै सरकारी कार्यालयहरूको वेबसाइटमा एकरूपता कायम गर्न एकीकृत वेवसाईट व्यवस्थापन प्रणालीको निर्माण सम्पन्न भएको।हालसम्ममा ३६ निकायमा यो प्रणाली जडान गरिएको र २५ निकायहरूलाई तालिम प्रदान गरिएको।

- सूचना प्रविधि विभागद्वारा सञ्चालित Web Based Centralized E-attendance System हालसम्म १ हजार ८८४ निकायहरूमा वितरण गरिएकोमा १ हजार ५५५ उपकरणहरू सञ्चालन भएको। स्थानीय तहहरूमा ९३५ सफ्टवेयर वितरण गरिएकोमा ६२९ स्थानीय तहहरूमा सफ्टवेयर सञ्चालनमा रहेको। प्रणालीमा रजिष्टर्ड कर्मचारीको सङ्ख्या २७ हजार ४९० पुगेको।
- साझा पूर्वाधारमार्फत सरकारी निकायहरूलाई कम लागतमा सर्भर, स्टोरेज र नेटवर्क उपलब्ध गराइएको। सरकारी क्लाउडमा हालसम्म ३१९ सरकारी निकायहरूका लागि सूचना प्रविधि प्रणाली सञ्चालन (Host) गर्न स्रोत (Resource) उपलब्ध गराइएको।

**डिजिटल नेपाल फ्रेमवर्क आयोजना**

- रूपान्तरकारी आयोजनाको रूपमा रहेको डिजिटल नेपाल फ्रेमवर्कअन्तर्गत डिजिटल विकासका लागि Digital Nepal Acceleration (DNA) Project अन्तर्गत १४ करोड अमेरिकी डलर (करिब रू. १८ अर्ब) बराबरको सहुलियतपूर्ण ऋण सहयोगको लागि नेपाल सरकार र विश्व बैंकबीच मिति २०७९ असोज २ (तद्नुसार २०२२ सेप्टेम्बर १८) मा सम्झौतामा हस्ताक्षर भई कार्यान्वयनमा आएको।

**आमसञ्चार**

- चालु आर्थिक वर्ष २०७९/८० को श्रावणदेखि ३ जना पत्रकारहरूलाई ज्येष्ठ पत्रकार वृत्ति मासिक रूपमा उपलब्ध गराउँदै आएको।
- पत्रकार आचारसंहिताको प्रभावकारिता बढाउने उद्देश्यले यस आर्थिक वर्षमा थप ३ भाषा (थारू, डोटेली र भोजपुरी) मा अनुवाद गरी आचारसंहिता प्रकाशन गरिएको। नेपाली, अङ्ग्रेजी, नेपालभाषा, मैथिलीसमेत गरी हालसम्म ७ भाषामा पत्रकार आचारसंहिता प्रकाशन भएको।
- प्रेस काउन्सिलमा यस अवधिमा ३६१ वटा अनलाइन सञ्चार माध्यम सूचीकरण गरिएको। हालसम्म ३ हजार ७५८ अनलाइन सञ्चार माध्यम सूचीकरण भएको।
- गोरखापत्रबाट विभिन्न ३८ भाषामा साप्ताहिकरूपमा समाचार/लेख रचना प्रकाशन कानुन।
- रेडियो नेपालको प्रसारण पहुँच विस्तार गर्ने क्रममा डोटीको उडितोलामा ५०० वाट, सुर्खेतको वीरेन्द्रनगरमा ३०० वाट र सोलुखुम्बुको पत्ताले डाँडामा २ हजार वाट क्षमताको एफएम रिलेकेन्द्र स्थापना भई हालसम्म ९२ प्रतिशत जनसङ्ख्यामा प्रसारण पहुँच पुगेको। १० वटा स्टेशनहरूमा प्रसारण लिङ्क स्थापना भएको। DRM प्रविधिको डिजिटल रेडियो DRM Journaline (Wave Casting) को प्रसारण शुरू भएको। समावेशी प्रसारण अन्तर्गत विभिन्न भाषामा १ हजार ७५८ कार्यक्रम उत्पादन गरी प्रसारण कानुन।
- श्रव्य सामग्रीलाई बजारीकरण गर्ने तथा सबैको पहुँचमा पुऱ्याउने उद्देश्यले Radio Nepal Mobile App तयार गरी OTT Apps and Monetization Platform सञ्चालनमा ल्याइएको।
- चालु आर्थिक वर्षको चैत मसान्तसम्म ७०९ एफ.एम. र ९८ टेलिभिजन नियमित प्रसारणमा रहेका छन्।

**हुलाक सेवा**

- हुलाक सेवा विभाग र कतार एयरवेजबीच अन्तर्राष्ट्रिय डाँक ढुवानीको सम्झौता भई मिति २०७९ मंसिर १९ गते देखि नेदरल्याण्ड, बेल्जियम, डेनमार्क, कतार, जर्मनी, स्विट्जरल्याण्ड, फिनल्याण्ड, बेलायत, संयुक्त राज्य अमेरिका, स्पेन, रूस, नर्वे, फ्रान्स, इटाली, स्वीडेन, अस्ट्रिया गरी १६ देशका १९ स्थानमा सेवा सुचारू भएको।
- विभिन्न विधाका ५ प्रकारका हुलाक टिकट प्रकाशन गरी प्रचलनमा ल्याइएको।
- Postal Internal Tracking System (PITS) सफ्टवेयरलाई हुलाक वस्तुको Final डेलिभरिका लागि अपग्रेड गरिएको।

**चलचित्र क्षेत्र**

- चलचित्रका तीन अभिन्न अङ्ग (निर्माण, प्रदर्शन तथा वितरण) सँग सम्बन्धित विधाहरूमा प्रत्यक्ष, अप्रत्यक्षरूपमा संलग्न व्यक्तिहरूलाई चलचित्रको माध्यमबाट राष्ट्रमा पुऱ्याएको योगदानको उच्च कदरस्वरूप चलचित्रकर्मी परिचयपत्र प्रदान गरी सम्मान गर्न यस वर्ष ६२ जना चलचित्रकर्मीहरूलाई विशिष्ट श्रेणी चलचित्रकर्मीको परिचयपत्र वितरण गरिएको। हालसम्म विशिष्ट श्रेणीको परिचयपत्र प्राप्त गरेका ९७ जना चलचित्रकर्मीहरूको रू.१ लाख बराबरको स्वास्थ्य बीमा गरिएको।
- चलचित्र क्षेत्रसँग सम्बन्धित दक्ष र योग्य जनशक्ति उत्पादनमा प्रोत्साहन गर्न चलचित्र सम्बन्धी मूल विषय लिएर स्नातक तहमा अध्ययनरत ७ जना विद्यार्थीलाई जनही रू.३५ हजार र स्नातकोत्तर तहमा चलचित्रसम्बन्धी ऐच्छिक पत्र समेत लिई शोधकार्य गर्ने २ जना तथा दर्शनाचार्य तहमा चलचित्रसम्बन्धी शोधकार्य गर्ने १ जनालाई जनही रू.५० हजार छात्रवृत्ति प्रदान गरिएको।
- नेपालको कला संस्कृति झल्कने ४ वटा मौलिक चलचित्रलाई विशेष चलचित्रका रूपमा छनौट गरी पुरस्कृत गरिएको।

**मुद्रण क्षेत्र**

- नेपाल राजपत्रको ४२ वटा सङ्ख्या र ८४ वटा अतिरिक्ताङ्कको १६३५ प्रतिका दरले २ लाख ६ हजार १० प्रति राजपत्र नियमित प्रकाशन भएको र सो राजपत्रहरू विभागको वेबसाइटमा समेत अपलोड भएको।
- नेपाल राजपत्रको नयाँ दररेट सम्वत् २०८० वैशाख १ गतेदेखि लागुहुने गरी स्वीकृत भएको।

**६. आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः**

**दूरसञ्चार र सूचना प्रविधि**

- मध्यपहाडी लोकमार्ग र आसपासका जिल्ला सदरमुकामहरू जोड्ने गरी कुल १२ हजार २२४ किलोमिटर अप्टिकल फाइवर बिछ्याइएको।
- १६ संस्थालाई एफ.एम. स्टेशन सञ्चालन गर्न फ्रिक्वेन्सी उपलब्ध गरिएको।
- नेपाल दूरसञ्चार कम्पनीको 4G/LTE सेवा विस्तार परियोजनाअन्तर्गत आर्थिक वर्ष २०७८/७९ मा थप ३५ स्थानीय तहमा 4G सेवा विस्तार भई ७७ वटै जिल्लाको ७३५ स्थानीय तहमा सेवा पुगेको।
- ई-पेमेन्टलाई महालेखा नियन्त्रक कार्यालयको Electronic Fund Transfer (EFT) प्रणालीसँग आवद्ध गरिएको।
- सरकारी निकायका सूचना प्रविधि प्रणालीलाई सुरक्षित, भरपर्दो बनाउन र साइबर सुरक्षाको चुनौती न्यूनीकरण गर्न १६६ वटा सरकारी निकायहरूको २७३ वटा प्रणालीहरूको Security Audit गरी सुझाव सहित प्रतिवेदन दिइएको।
- सरकारी क्लाउडमा ३१४ सरकारी निकायका लागि उक्त निकायका सूचना प्रविधि प्रणाली सञ्चालन (Host) गर्न स्रोत (Resource) उपलब्ध गराइएको।
- २०७९ असार मसान्तसम्म ३ हजार ६८ DNS Registration, १ हजार ५३२ वेबसाईट होस्ट, १५ हजार ८७५ इमेल सेवा प्रदान, १०८ सर्भरको कोलोकेशन र ३२५ Virtual/ cloud Service सम्बन्धी सेवा उपलब्ध गराइएको।
- एकीकृत एस.एम.एस. गेटवे (SMS Gateway) २०७८ पुस ०७ गतेदेखि सञ्चालन आएको। सरकारी निकायले प्रति एस.एम.एस. २० पैसामा प्रेषित गर्न सक्ने व्यवस्था मिलाइएको।

**आमसञ्चार**

- सूचना तथा प्रसारण विभागबाट प्रदान गरिने सेवाहरू पूर्णरूपमा अनलाइनमार्फत प्रवाह हुने व्यवस्था गरिएको।
- नेपाल टेलिभिजनबाट प्रसारण हुने समावेशी कार्यक्रममा तामाङ, गुरूङ र उर्दू गरी ३ भाषा थप गरी ९ भाषामा कार्यक्रम उत्पादन र प्रसारण गर्ने व्यवस्था गरिएको।
- २०७८ फागुन ७ गतेदेखि गोरखापत्रको पश्चिमक्षेत्र कोहलपुर संस्करणको छपाइ आरम्भ गरी लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका ३१ जिल्लासम्मको पहुँचलाई सहज, सरल र नियमित बनाइएको।
- २०७९ वैशाख १ गतेदेखि गोरखापत्र र दि राइजिङ नेपाल दैनिकको परम्परागत डिजाइन परिवर्तन गरी नयाँ डिजाइन तथा लेआउटमा प्रकाशन हुँदै आएको।
- कुल जनसङ्ख्याको ७२ प्रतिशतमा टेलिभिजन र ९१ प्रतिशतमा रेडियोको पहुँच पुगेको।

**हुलाक सेवा**

- आन्तरिक डाँकलाई प्रभावकारी बनाई सेवाग्राहीलाई २४ घण्टाभित्र सेवा उपलब्ध हुनेगरी हवाई मार्गबाट विराटनगर, जनकपुर, भैरहवा, नेपालगञ्ज, धनगढीमा आन्तरिक द्रुत डाँक सेवा सञ्चालनमा आएको।
- सवारी साधनमा प्रयोग हुने इम्बोस्ड नम्बर प्लेट हुलाककै सवारी साधनमार्फत ढुवानी गर्नेगरी हुलाक सेवा विभाग र यातायात व्यवस्था विभागबीच सम्झौता भएको।
- वि.सं.२०७२ सालपछि पहिलो पटक हुलाक महसुल दरमा पुनरावलोकन गरिएको।

**चलचित्र क्षेत्र**

- विशिष्ट श्रेणीका चलचित्रकर्मीहरूलाई परिचयपत्र वितरण र स्वास्थ्य बीमा गरिएको।
- कोरोनाका कारण थला परेको नेपाली चलचित्र क्षेत्रलाई चलायमान गराउनका लागि प्रदर्शनमा आउने राष्ट्रिय चलचित्रहरूलाई सहयोग तथा प्रोत्साहन गर्ने कार्यविधि, २०७८ बमोजिम सहयोग प्रदान गरिएको।साथै, चलचित्र निर्माणमा आएको सुस्ततालाई गतिशील बनाउन निर्माण हुने चलचित्रको Project बीमा शुरू गरिएको।

**मुद्रण क्षेत्र**

- बनेपामा सुरक्षण मुद्रण केन्द्रको बहुउद्देश्यीय भवनको निर्माण कार्य कानुन।साथै, देशभित्रै सुरक्षित मुद्रण कार्य आरम्भ गर्न सुरक्षण मुद्रणका लागि आवश्यक यन्त्र/उपकरण तथा सफ्टवेयरसहितको सुरक्षण मुद्रण मेशिन खरिद गरी जडान गरिएको।
- नेपाल राजपत्र सङ्ख्या ६३ वटाको २ हजार ४०० प्रतिका दरले १ लाख ५१ हजार २०० प्रति र अतिरिक्ताङ्क १०९ को २ हजार ४०० प्रतिका दरले २ लाख ६१ हजार ६०० गरी जम्मा ४ लाख १२ हजार ८०० थान राजपत्र नियमित प्रकाशन भएको।

## ७. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु तर्फ** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०००११३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ४८३०८३ | ४५६९३५ | ९४.५९ |
| ३५८००१०१३ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | १५७३०० | १४५९६३ | ९२.७९ |
| ३५८०१०११३ | मुद्रण विभाग | ८३६०० | ६०४२५ | ७२.२८ |
| ३५८०२०११३ | सूचना तथा प्रशारण विभाग | ३६३२८ | २८३९३ | ७८.१६ |
| ३५८०३०११३ | हुलाक सेवा विभाग | ३९५१६० | ३०२३७३ | ७६.५२ |
| ३५८०३०१२३ | हुलाक निर्देशनालयहरू | २५१६२८ | २१६७७१ | ८६.१५ |
| ३५८०३०१३३ | गोश्वरा हुलाक | २०१७८८ | १८३७७० | ९१.०७ |
| ३५८०३०१४३ | जिल्ला हुलाक कार्यालयहरू | ३२८११८८ | २६९७९९७ | ८२.२३ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०३०१५३ | हुलाक प्रशिक्षण केन्द्र | १५८२६ | १४४६३ | ९१.३८ |
| ३५८०३०१६३ | केन्द्रीय धनादेश कार्यालय | १३६७५ | १२१७९ | ८९.०६ |
| ३५८०३०१७३ | केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो | ४०९०६ | ३९२३८ | ९५.९२ |
| ३५८०४०११३ | सुचना प्रविधि विभाग | ३४२९२ | २८७२१ | ८३.७५ |
| ३५८०५०११३ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | १८००० | ११९९२ | ६२.१८ |
| ३५८२१०११३ | राष्ट्रिय सूचना आयोग | ४८६२५ | ४३००८ | ८८.४५ |
| ३५८४१०११३ | प्रेस काउन्सिल | ४६९०० | ४६९०० | १००.०० |
| ३५८८१०११३ | राष्ट्रिय समाचार समिति | १३९३०० | १३९३०० | १००.०० |
| ३५८८१०१२३ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ६२१० | ५५३६ | ८९.१५ |
| ३५८८१०१३३ | रेडियो प्रसार सेवा विकास समिति | ३३०००० | ३३०००० | १००.०० |
| ३५८८१०१४३ | सुरक्षण मुद्रण केन्द्र | १३८०० | ११०४६ | ८०.०५ |
| | **जम्मा** | **५५९७६०९** | **४७७४२०८** | **८५.२९** |

## पुँजीगत तर्फ

(रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०००११४ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ११८७५ | ८२८६ | ६९.७८ |
| ३५८००१०१४ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ५८३८०० | ५१३१२२ | ८७.८९ |
| ३५८०१०११४ | मुद्रण विभाग | ८५२५ | ५०३४ | ५९.०५ |
| ३५८०२०११४ | सूचना तथा प्रशारण विभाग | १८१७२ | ८६५९ | ४७.६५ |
| ३५८०३०११४ | हुलाक सेवा विभाग | ३५७२१ | ३४९९१ | ९७.९६ |
| ३५८०३०१२४ | हुलाक निर्देशनालयहरू | १२२०० | ७०१९ | ५७.५३ |
| ३५८०३०१३४ | गोश्वरा हुलाक | १५००० | ५८७१ | ३९.१४ |
| ३५८०३०१४४ | जिल्ला हुलाक कार्यालयहरू | ६७००० | ४७७२७ | ७१.२३ |
| ३५८०३०१५४ | हुलाक प्रशिक्षण केन्द्र | ५०० | ३९८ | ७९.५७ |
| ३५८०३०१६४ | केन्द्रीय धनादेश कार्यालय | ६०० | ५९७ | ९९.५५ |
| ३५८०३०१७४ | केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो | ३०० | ३०० | ९९.९३ |
| ३५८०४०११४ | सुचना प्रविधि विभाग | १९४५०० | १६०२४४ | ८२.३९ |
| ३५८०५०११४ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | २४९०० | २४३८६ | ९७.९४ |
| ३५८२१०११४ | राष्ट्रिय सूचना आयोग | १६०० | १५४२ | ९६.४० |
| ३५८८१०१२४ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ७०० | ६३३ | ९०.३७ |
| ३५८८१०१४४ | सुरक्षण मुद्रण केन्द्र | ९८९७७९ | ५०२७०५ | ५०.७९ |
| | **जम्मा** | **१९६५१७२** | **१३२१५१७** | **६७.२५** |

## ८. आर्थिक वर्ष २०७९/८० को बजेट विनियोजित तथा २०७९ चैत मसान्तसम्मको खर्चको विवरणः

## चालु तर्फ

(रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०००११३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ५५३०२५ | २७१६२७ | ४९.१२ |
| ३५८००१०१३ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | १६१४०० | ९७२४९ | ६०.२५ |
| ३५८००१०२३ | डिजिटल नेपाल आयोजना | १००००० | ० | ०.०० |
| ३५८०१०११३ | मुद्रण विभाग | ८५२०० | ५८७७४ | ६८.९८ |
| ३५८०२०११३ | सूचना तथा प्रशारण विभाग | ३७४०० | २०९२७ | ५५.९६ |
| ३५८०३०११३ | हुलाक सेवा विभाग | १४५५९४ | ५८००७ | ३९.८४ |
| ३५८०३०१२३ | हुलाक निर्देशनालयहरू | २४४६१९ | १५७९१० | ६४.५५ |
| ३५८०३०१३३ | गोश्वरा हुलाक | १९७६०० | १३८४८८ | ७०.०८ |
| ३५८०३०१४३ | जिल्ला हुलाक कार्यालयहरू | ३२६९४५४ | २०८७६८१ | ६३.८५ |
| ३५८०३०१५३ | हुलाक प्रशिक्षण केन्द्र | १६१८० | ८९०२ | ५५.०२ |
| ३५८०३०१६३ | केन्द्रीय धनादेश कार्यालय | १२६०० | ६७९७ | ५३.९४ |
| ३५८०३०१७३ | केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो | ३३६०० | ८९५० | २६.६४ |
| ३५८०४०११३ | सुचना प्रविधि विभाग | ४३४०० | २१३७८ | ४९.२६ |
| ३५८०५०११३ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | १८९०० | ७३८२ | ३९.०६ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८२१०११३ | राष्ट्रिय सूचना आयोग | ४५७०० | २५८०७ | ५६.४७ |
| ३५८४१०११३ | प्रेस काउन्सिल | ४६८०० | ३६५४८ | ७८.०९ |
| ३५८८१०११३ | राष्ट्रिय समाचार समिति | १३६८०० | १०२५९६ | ७५.०० |
| ३५८८१०१२३ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ६४०० | ३६३७ | ५६.८२ |
| ३५८८१०१३३ | रेडियो प्रसार सेवा विकास समिति | २४०५०० | १८४७०३ | ७६.८० |
| ३५८८१०१४३ | सुरक्षण मुद्रण केन्द्र | २९१०० | ८०५९ | २७.६९ |
| | जम्मा | ५४२४२७२ | ३३०५४२३ | ६०.९४ |

## पुँजीगत तर्फ

(रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०००११४ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २२२०० | २०१३ | ९.०७ |
| ३५८००१०१४ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ८०९४०० | ४७१९०४ | ५८.३० |
| ३५८००१०२४ | डिजिटल नेपाल आयोजना | ५००००० | ० | ०.०० |
| ३५८०१०११४ | मुद्रण विभाग | ११८०० | १७७४ | १५.०४ |
| ३५८०२०११४ | सूचना तथा प्रशारण विभाग | ७२०० | ३७८९ | ५२.६२ |
| ३५८०३०११४ | हुलाक सेवा विभाग | २६०० | १३६२ | ५२.३८ |
| ३५८०३०१२४ | हुलाक निर्देशनालयहरू | ७७०० | ४४२० | ५७.४० |
| ३५८०३०१३४ | गोश्वरा हुलाक | १६००० | ५८८५ | ३६.७८ |
| ३५८०३०१४४ | जिल्ला हुलाक कार्यालयहरू | ६२३०० | २८८६२ | ४६.३३ |
| ३५८०३०१५४ | हुलाक प्रशिक्षण केन्द्र | १००५०० | ३२६ | ०.३२ |
| ३५८०३०१६४ | केन्द्रीय धनादेश कार्यालय | ३०० | २९९ | ९९.६७ |
| ३५८०३०१७४ | केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो | ४०० | ३२३ | ८०.८६ |
| ३५८०४०११४ | सुचना प्रविधि विभाग | १५७९०० | १४६८३ | ९.३० |
| ३५८०५०११४ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | २६४०० | १०५४ | ३.९९ |
| ३५८२१०११४ | राष्ट्रिय सूचना आयोग | १४०० | ५०६ | ३६.१३ |
| ३५८८१०१२४ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | २०० | १५९ | ७९.५० |
| ३५८८१०१४४ | सुरक्षण मुद्रण केन्द्र | १४७०००० | २८२४२५ | १९.२१ |
| | जम्मा | ३१९६३०० | ८१९७८४ | २५.६५ |

# शहरी विकास मन्त्रालय

## १. संक्षिप्त परिचयः

### १.१ पृष्ठभूमि :

आवास, शहरी विकास तथा भवन निर्माण (Housing, Urban Development and Building Construction-HUB) र खानेपानी तथा सरसफाइ कार्यक्षेत्र रहने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६९ साल जेठ ५ गतेको निर्णयबाट शहरी विकास मन्त्रालयको गठन भएको हो। नेपाल सरकार मन्त्रिपरिषद्को २०७२ पुस ०९ गतेको निर्णयानुसार खानेपानी तथा सरसफाइ कार्यक्षेत्र हेर्ने गरी छुट्टै खानेपानी मन्त्रालय गठन भएको तथा मन्त्रिपरिषद्को २०७९ साउन १९ को निर्णयानुसार स्थानीय पूर्वाधार विभाग शहरी विकास मन्त्रालय अन्तर्गत स्थापना भएको हुँदा तत्पश्चात यस मन्त्रालयको कार्यक्षेत्र आवास, शहरी विकास, भवन निर्माण तथा स्थानीय पूर्वाधार निर्माण रहन गएको छ।

पूर्वाधार तथा सेवा सुविधायुक्त, व्यवस्थित, सफा र सुन्दर सहर तथा बस्तीहरू विकास गर्ने दीर्घकालीन सोच रहेको यस मन्त्रालयले शहरी विकास तथा भवन निर्माण विभाग, स्थानीय पूर्वाधार विभाग, काठमाडौं उपत्यका विकास प्राधिकरण, सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय,अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति, राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र, नगर विकास कोष, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति, राष्ट्रिय आवास कम्पनी लिमिटेड गरी समग्रमा ९ वटा निकायहरू मार्फत आफ्ना कार्यक्रम तथा गतिविधिहरू कार्यान्वयन गर्दै आएको छ।

### १.२ दीर्घकालीन सोचः

- पूर्वाधार तथा सेवा सुविधायुक्त, व्यवस्थित, सफा र सुन्दर सहर तथा बस्तीहरू निर्माण गर्ने,
- सुरक्षित, किफायती, वातावरणमैत्री भवन निर्माण गर्ने।

### १.३ उद्देश्यः

- व्यवस्थित, सफा, सुविधायुक्त, पूर्वाधार सेवा सहितको सुन्दर सहर तथा बस्तीहरूको विकास गर्ने,
- सबै आय वर्गका लागि सुरक्षित र किफायती आवास व्यवस्था गर्ने,
- सुरक्षित, सुविधायुक्त र आकर्षक भवनहरू निर्माण, स्तरोन्नति तथा सुधार गर्ने।

### १.४ रणनीतिः

- शहरीकरणलाई व्यवस्थापन गर्न स्वीकृत भू-उपयोग नीतिमा आधारित एकीकृत पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने,
- आवास विकासमा सार्वजनिक-निजी साझेदारीको माध्यमद्वारा निजी क्षेत्रलाई प्रोत्साहन गर्दै आवश्यक स्रोत पहिचान तथा परिचालनमा सहजीकरण गर्ने,
- भौगोलिक रूपमा विकट, सेवा सुविधा पुऱ्याउन कठिन, अपायक तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका घरपरिवारहरूलाई एकीकृत वस्ती विकास गरी स्थानान्तरण गर्ने तथा नजिकको एकीकृत वस्तीमा स्थानान्तरण हुन प्रोत्साहन गर्ने।
- वातावरणीय दृष्टिले स्वच्छ, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त भवन निर्माण प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने,
- काठमाडौं उपत्यकाको शहरीकरणलाई व्यवस्थित गर्न जग्गा विकास, नयाँ वस्ती विकास, शहरी पुन: स्थापन कार्यक्रम, खुल्लाक्षेत्र व्यवस्थापन र सफा शहरको अवधारणालाई कार्यान्वयन गर्दै लैजाने।

## २. जनशक्ति विवरण

| क्र. सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १. | शहरी विकास मन्त्रालय | ७७ | ७७ | ० | ० |
| २. | शहरी विकास तथा भवन निर्माण विभाग | ९११ | ७०६ | २०५ | २ |
| ३. | स्थानीय पूर्वाधार विभाग | १६२ | १६२ | ० | ० |
| ४. | काठमाडौं उपत्यका विकास प्राधिकरण | १३६ | ५६ | ८० | ० |
| ५. | सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | ५४ | ४१ | १३ | ३ |
| ६. | अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति | १२५ | ११६ | ९ | ० |
| ७. | राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र | १२ | १० | २ | ० |
| ८. | नगर विकास कोष | ३४ | २३ | ११ | ० |
| ९. | राष्ट्रिय आवास कम्पनी लिमिटेड | ७३ | ५७ | १६ | ० |

## ३. आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको बुँदाहरूको २०७९ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २८७ | अति विपन्न, दलित, लोपोन्मुख, सीमान्तकृत नागरिकको लागि किफायती र वातावरणमैत्री आवासको व्यवस्था तीन वर्षभित्र गरी नागरिकको सुरक्षित आवासको हकको प्रत्याभूति गरिने। सरकारले उपलब्ध गराएको जग्गामा निजी क्षेत्रबाट आधारभूत सुविधा सहितका लागत प्रभावी घरहरू निर्माण गर्ने व्यवस्था गरिने। आगामी आर्थिक वर्ष यस्ता १ लाख घरहरू निर्माण गर्ने कार्य अगाडि बढाइने। ती घरहरू भूमिहीन एवं आवासविहीन डोम, चमार, मुसहर, दुसाध लगायतका अति विपन्न दलितलाई प्राथमिकताक्रममा हस्तान्तरण गरिने। जनता आवास कार्यक्रम अन्तर्गत बाँकी कार्य प्रदेश सरकार मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको। | **सुरक्षित नागरिक आवास कार्यक्रम**<br>• २ लाख घर परिवारलाई जस्तापाताले प्रतिस्थापन गरिने लक्ष्य रहेकोमा १ लाख ३० हजार ८९० लाभग्राहीहरूसँग सम्झौता भएको, १ लाख ४ हजार ४४९ लाभग्राहीलाई पहिलो किस्ता वितरण, ५६ हजार ९२ लाभग्राहीलाई दोस्रो किस्ता वितरण र ४८ हजार ३ सय १४ लाभग्राहीको निर्माण कार्य सम्पन्न भएको।<br>• तिलाठी कोइलाडी इमर्जेन्जी सेल्टरको structural कार्य सम्पन्न भएको र दोस्रो phase को पुर्वातयारीमा रहेको, डुडवा गाउँपालिका तथा नरैनापुर गाउँपालिकामा इमर्जेन्जी सेल्टर निर्माण कार्य अन्तिम चरणमा रहेको।<br>**वस्ती विकासका लागि पूर्वाधार निर्माणः**<br>• १ जिल्लामा निर्माण सम्पन्न भइसकेको, ३० वटा जिल्लामा निर्माण भइरहेको।<br>**आवास निर्माण कार्यः**<br>• मुगुको छाँयानाथमा नगरपालिकाको कासिघर नउला र परेपानीगाउँमा ३५ वटा आवास निर्माण सम्पन्न भएको, डडेलधुराको परशुराम नगरपालिकाको रातिमाटीमा ३२ वटा आवास इकाईको दोस्रो किस्ता उपलव्ध गराई निर्माण कार्य भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २८८ | शहरको सुन्दरतालाई बिगार्ने गरी प्रयोग भएको तार, खम्बाहरूको व्यवस्थापन गर्न तथा शहरी पूर्वाधार निर्माणका क्रममा खन्ने र बन्ने अनि पुनः खन्ने प्रवृत्तिको अन्त्य गर्न शहरी क्षेत्रमा क्रमशः युटिलिटी कोरिडर निर्माण गर्दै लगिने। | • सिंहदरबार परिसरभित्र विद्युत, टेलिफोन, अप्टिकल फाईबर लगायतका संरचनाहरू भूमिगत गर्न युटिलिटी करिडोर निर्माण गर्ने कार्यक्रमको गुरूयोजना स्वीकृतको क्रममा रहेको। |
| २८९ | नयाँ शहरः विकासको आधार भन्ने नारालाई मूर्त रूप दिन पुष्पलाल मध्यपहाडी राजमार्गमा पर्ने दश नयाँ शहर आयोजना सम्पन्न गर्न रकम विनियोजन भएको। | • सडक स्तरोन्नति गर्न ५० कि.मि लक्ष्य रहेकोमा सडक कालोपत्रे २.२ कि.मि, ढलान सडक ७.१ कि.मि., ढल/नाला ५.४ कि.मि. गरी जम्मा १४.७ कि.मि निर्माण सम्पन्न भएको।<br>• ६ वटा भवन निर्माणाधीन अवस्थामा रहेको (भौतिक प्रगति ६० प्रतिशत)।<br>• ४ वटा बसपार्क र २ वटा तरकारी बजार निर्माणाधीन अवस्थामा रहेको (भौतिक प्रगति ४४ प्रतिशत)।<br>• ६ वटा मनोरञ्जन पार्क/खेल मैदान निर्माणाधीन अवस्थामा रहेको (भौतिक प्रगति ५० प्रतिशत)।<br>• ४ वटा खानेपानी आयोजना निर्माणाधीन रहेको (भौतिक प्रगति ६६ प्रतिशत)। |
| २९० | प्राकृतिक विपद्को समयमा उद्धार तथा राहत कार्यमा समेत उपयोग हुने गरी उपत्यकाका लैनचौर, बानेश्वर, मीनभवन र पुल्चोकमा गरी चार स्थान तथा सात प्रदेशका घना बस्ती भएका दश ठूला शहरहरूमा उद्धार केन्द्रसहितको पार्क निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको। | • सात प्रदेशका घना बस्ती भएका १० ठूला शहरहरूमा उद्धार केन्द्रसहितको पार्क निर्माण गर्ने सम्बन्धमा गण्डकी र लुम्बिनी प्रदेशमा बोलपत्र आव्हान गर्ने तयारी भएको र मधेश प्रदेश र कर्णाली प्रदेशमा निर्माण कार्य भइरहेको। |
| २९१ | काठमाडौं उपत्यकाको स्याटेलाईट शहरहरूको दीर्घकालीन विकासका लागि एकीकृत गुरूयोजना तयार गरिने। उपत्यकाका पुराना र अव्यवस्थित बस्तीहरूलाई हाउस पुलिङको नीति लिई नयाँ र व्यर्वास्थत शहरको रूपमा 'विकास गर्न अध्ययन तथा पूर्व तयारीका कार्य गरिने। पुराना साँस्कृतिक शहर र सम्पदाहरूको संरक्षण गर्न शहर पुनर्जीवन कार्यक्रम सञ्चालन गरिने। | • काठमाडौं उपत्यकाको स्याटेलाईट शहरहरूको दीर्घकालीन विकासका लागि एकीकृत गुरूयोजनाको लागि परामर्शदाताबाट सेक्टोरल अवस्था मूल्याङ्कन प्रतिवेदन पेश भएको।<br>• काठमाडौं उपत्यकाको स्याटेलाइट शहरहरू र नयाँ शहर इशानकोणको एक लाख रोपनी क्षेत्रफलको डि.पी.आर स्वीकृतिको चरणमा रहेको र बाँकी ३ वटा नयाँ शहर (हरित, टोखा, नैरत्य, ललितपुर; आग्नेय, भक्तपुर) मा १०,००० रोपनी क्षेत्रफलका योजनाहरूका डि.पी.आर भौतिक विकास |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | समितिमा पेश भएको। |
| २९२ | सिन्धुली जिल्लाको मरिण, बारा जिल्लाको निजगढ, तनहुँ जिल्लाको देवघाट र पाल्पा जिल्लाको रामपुरलाई नेपाली मौलिक शैली र विशेषता झल्किने संरचनासहितको नयाँ शहरको रूपमा विकास गर्न अध्ययन गरिने। ओलाङ्चुङगोला, किमाथाङ्का, उपल्लो मनाङ, लोमान्थाङ, डोल्पो बुद्ध, लिमी र हिल्सामा व्यवस्थित हिमाली शहर विकास गर्न अध्ययन गरिने। | • बारा जिल्लाको निजगढ नयाँ शहरको Master Plan तयार भएको।<br>• किमाथाङ्का, उपल्लो मनाङ र चामे क्षेत्रको Morphological Retainment and Enhancement Plan तयार भएको। |
| २९३ | तराई मधेशका सीमामा अवस्थित शहरी क्षेत्रलाई आर्थिक गतिविधिको केन्द्रका रूपमा विकास गर्न सीमा क्षेत्र शहरी विकास कार्यक्रम सञ्चालन गरिने। यस कार्यक्रम अन्तर्गत आगामी वर्ष सन्दकपुर, पृथ्वीनगर, ठाडी, कोइलावास, कण्ठपुर, बेलौरी, चाँदनी दोधारा, पश्वेश्वर माडर, जलेश्वर, गौर, तौलिहवा र सत्तीमा पूर्वाधार विकासको कार्यका लागि रकम विनियोजन गरेको। | • बेलौरी र सिरहाको भगवानपुरमा पूर्वाधार निर्माणका लागि Tender आव्हान भएको।<br>• पृथ्वीनगर र गौरको वोलपत्र मूल्याङ्कन कार्य भइरहेको।<br>• कोइलावासको पूर्वाधार निर्माणका लागि व्यवसायीसँग सम्झौता भएको।<br>• सन्दकपुर, जलेश्वर, दोधारा चाँदनीमा पूर्वाधार निर्माण कार्य शुरू भएको। |
| २९४ | नवलपरासी पूर्व र रूकुम पूर्वमा सरकारी सेवा प्रवाहलाई सहज र व्यवस्थित बनाउन एकीकृत रूपमा सरकारी कार्यालयहरूको भवन निर्माणको लागि आवश्यक बजेट विनियोजन गरिएको। नगर विकास कोषलाई शहरी पूर्वाधार विकास कम्पनीको रूपमा पुनर्संरचना गरी पूर्वाधार विकासमा वैकल्पिक पुँजी परिचालन गर्न सक्षम निकायको रूपमा स्थापना गरिने। | • नवलपुर र रूकुम पूर्वमा एकीकृत सरकारी कार्यालय भवनको लागि design, drawing तथा लागत अनुमान तयार भई स्वीकृतिको चरणमा रहेको। |
| २९५ | एकीकृत रूपमा शहरी पूर्वाधार निर्माण गर्न सघन शहरी विकास कार्यक्रमलाई थप ५१ वटा नगरपालिकामा विस्तार गरिने। शहरी नदी कोरिडोर कार्यक्रम अन्तर्गत विराटनगरको केसलिया र सिंघिया, हेटौंडाको कर्रा, चितवनको नारायणी, रूपन्देहीको तिनाउ दानव, पोखराको सेती र धनगढीको | • एकीकृत रूपमा शहरी पूर्वाधार निर्माण गर्न ५१ वटा नगरपालिकाको लागत अनुमान स्वीकृत भई ३७ वटा नगरपालिकाको प्राविधिक मुल्याङ्कन स्वीकृत भई ३१ नगरपालिकाको आर्थिक प्रस्ताव मुल्याङ्कन समेत स्वीकृत भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | खुटिया नदीमा शहरी नदी कोरिडोरको अवधारणा अनुरूप तटवन्ध निर्माण र वस्ती संरक्षण कार्यक्रम सञ्चालन गरिने। वाग्मती नदी र धोबीखोलाको बहावलाई स्थिरीकरण तथा प्रशोधन गर्ने व्यवस्था मिलाइने। टुकुचादेखि बुढानिलकण्ठसम्मको नदी सौन्दर्यीकरण गरिने। | • वाग्मती नदी र धोबीखोला करिडोर अन्तर्गत १७०० मीटर Sewerage कार्य सम्पन्न भई १२.८ कि.मि. इन्टर सेप्टर ढल निर्माण कार्य सम्पन्न भएको।<br>• २ हजार २०० मीटर River Training नियन्त्रण गर्ने कार्य लक्ष्य रहेकोमा १३.४ कि.मि. River Training कार्य सम्पन्न भएको ।<br>• थापाथली पुलदेखी बल्खुसम्म वाग्मती नदीको किनारामा नदी सौन्दर्यीकरण तथा वातावरणीय सुधारसम्बन्धी निर्माण कार्यको भौतिक प्रगति ९७ प्रतिशत रहेको। |
| २९६ | भूकम्पपछिको पुनर्निर्माणतर्फ धरहराको बाँकी निर्माण कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिने। सिंहदरबार लगायतका पुरातात्विक सम्पदाहरू, बाल मन्दिर भवन, केशरमहल तथा बबरमहलको प्रवलीकरण कार्य र स्वास्थ्य भवनहरूको पुनर्निर्माण कार्य सम्पन्न गर्ने गरी बजेट व्यवस्था गरिएको। | • धरहरा पुनःनिर्माणतर्फ मुख्य भवन (भिमसेन स्तम्भको) पुनर्निर्माण कार्य सम्पन्न भएको, सङ्ग्राहलय (Mint Museum) को structural तथा Plaster को कार्य भइरहेको, Cub Building को पहिलो तल्लाको ढलान कार्य सम्पन्न र Basement Parking मा finishing साथै, Landscaping, MEP तथा सुन्धारा पुनर्निर्माणको कार्य भइरहेको। समग्रमा भौतिक प्रगति ८१ प्रतिशत पुगेको।<br>• सिंहदरबार पश्चिम लङ, राष्ट्रपतिको कार्यालय शितलनिवास, केन्द्रीय बाल कल्याण नक्सालको भवन, केशरमहल, ववरमहल भवनको प्रवलीकरणको कार्य भइरहेको र उक्त भवनहरूको समग्र प्रगति क्रमशः ९५, १५, ५७, ७० र ९५ प्रतिशत पुगेको।<br>• भूकम्पले क्षतिग्रस्त भएका समग्रमा १ हजार १३६ वटा स्वास्थ्य संस्था मध्ये ८९१ वटा, ५०० वटा भवन मध्ये ४०८ वटा भवनको पुनःनिर्माण कार्य सम्पन्न भएको।<br>• भारतीय अनुदानमा सञ्चालित २८ वटा पुरातात्विक सम्पदामध्ये २४ वटा आयोजनाहरू पुनर्निर्माण तथा संरक्षण गर्ने कार्यको भौतिक प्रगति ३५ प्रतिशत रहेको। |
| ३०१ | प्रत्येक स्थानीय तहको केन्द्रलाई राष्ट्रिय | • थप १२११ किलोमिटर सडक निर्माण |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सडक सञ्जालसँग जोड्न न्यूनतम एउटा सडक बाह्रै महिना चल्ने गरी निर्माण गरिने। आगामी तीन वर्षभित्र सबै स्थानीय तहका केन्द्रलाई प्रदेश राजधानी वा राष्ट्रिय सडक सञ्जालसँग जोडिने। स्थानीय तहको केन्द्रलाई प्रदेश राजधानी वा राष्ट्रिय राजमार्गसँग जोड्ने ५०० किलोमिटर सडकको स्तरोन्नति गर्न आवश्यक रकम विनियोजन गरेको। | भई समग्रमा ६६ हजार ६५ किलोमिटर सडक निर्माण भएको। निर्मित सडकमध्ये कालोपत्रे, ग्रावेल र कच्ची सडकको अंश क्रमशः ७%, २१% र ७२% रहेको।<br>• थप २३० झोलुङ्गे पुल र १४ सडकपुल निर्माण भई जम्मा ९९९७ झोलुङ्गे पुल र ६६७ सडकपुल निर्माण भएको। पहिचान भएका १४३ तुईन मध्ये १४१ तुईन झोलुङ्गे पुलद्वारा विस्थापित भएको। |
| ३०२ | आगामी दुई वर्षभित्र सबै स्थानीय तहको प्रशासकीय भवन निर्माण सम्पन्न गरिने। आगामी आर्थिक वर्ष थप ७० स्थानीय तहको प्रशासनिक भवन निर्माण सम्पन्न गर्न बजेट विनियोजन गरेको। स्थानीय तहमा निर्माण गरिने कार्यालयहरूको लागि उपलब्ध भएसम्म सार्वजनिक वा सरकारी जग्गा उपयोग गर्ने व्यवस्था मिलाइने। | • ७ वटा स्थानीय तहको प्रशासकीय भवन निर्माण सम्पन्न भई कार्यक्रम अन्तर्गत जम्मा ६७ वटा प्रशासकीय भवन निर्माण सम्पन्न भएको। |
| ३०३ | तराइ-मधेश र कर्णाली समृद्धि कार्यक्रमलाई निरन्तरता दिइएको। कर्णाली 'समृद्धि कार्यक्रम अन्तर्गत आगामी आर्थिक वर्ष जुम्लाको सिँजा उपत्यकाको एकीकृत विकास योजना तयार गरी कार्यान्वयन गरिने। उच्च हिमाली तथा पहाडी क्षेत्रका पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम सञ्चालन गरिने। यी कार्यक्रमहरूको लागि बजेट विनियोजन भएको। | • रूकुम पश्चिम, चौरजहारी नगरपालिकामा फुटबल रंगशाला निर्माणका कार्यको प्राविधिक मूल्याङ्कन कार्य सम्पन्न भएको। |

## ४. आर्थिक वर्ष २०७८/७९ मा र २०७९/८० को चैत मसान्तसम्ममा तर्जुमा/संसोधन भई कार्यान्वयनमा आएका नीति/कानुन/निर्देशिका/मापदण्डहरू

| सि.नं. | नीति/कानुन/निर्देशिका/मापदण्डहरूको नाम | नयाँ तर्जुमा/संसोधन |
|---|---|---|
| १ | महेन्द्र नारायण निधि मिथिला साँस्कृतिक गठन आदेश, २०७८ | स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश भएको। |

## ५. आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- **आवास व्यवस्था कार्यक्रम** अन्तर्गत तेह्रथुमको आठराईमा छातेढुङ्गा गौरीकुञ्ज आवास भवन र आठराई सङ्क्रान्ति बजारमा अतिथि गृह, सप्तरीको तिलाठी कोइलाडीमा इमर्जेन्जी सेल्टरको निर्माण कार्य भइरहेको। बाँकेको डुडवा र नरैनापुर गा.पा मा इमर्जेन्जी सेल्टर निर्माण कार्य अन्तिम चरणमा रहेको। पर्वत जिल्ला कुश्मामा जेष्ठ नागरीक आवास निर्माण गर्ने कार्य सम्पन्न भएको।

- **एकीकृत कार्यमूलक आयोजना अन्तर्गत** २६ वटा नगरपालिकाहरूको शहरी पूर्वाधार निर्माणका लागि DER/DED/DPR तयार भइरहेको। ५१ वटा नगरपालिकाहरूमा शहरी पूर्वाधार निर्माणका इन्जिनियरिङ्ग डिजाइन कार्य सम्पन्न गरिएको । ६ वटा वस्तीहरूको आवास निर्माण तथा वस्ती विकाससँग सम्बन्धित DER/DED/DPR तयार सम्बन्धी कार्य भइरहेको।
- **सीमा क्षेत्र शहरी विकास कार्यक्रम** अन्तर्गत कोइलावासमा निर्माण व्यवसायीसँग सम्झौता भएको तथा सन्दकपुर, जलेश्वर र दोधारा चाँदनीमा पूर्वाधार निर्माण शुरू भएको।बञ्चरे डाँडा स्यानिटरी ल्याण्डफील साइट (CELL 2) को निर्माण कार्य सम्पन्न हुने क्रममा रहेको।
- **भवन निर्माण संहिता, सरकारी भवन निर्माण अन्तर्गत** चितवन जिल्लाको भरतपुरमा महानगर सिटीहल निर्माण कार्य ५९ प्रतिशत, दमक भ्यू टावर निर्माण कार्य ८० प्रतिशत सम्पन्न भएको। विभिन्न जिल्लामा १० सभाहल निर्माण सम्पन्न भई १८ सभाहलको निर्माण कार्य भइरहेको। शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका २ वटा कार्यलय भवन र ४ वटा Annex block निर्माणाधीन रहेको। ४ जिल्ला प्रशासन कार्यालय, ३ पुनरावेदन अदालत, 1 Annex अदालत तथा ८ अन्य सरकारी कार्यालयको भवनका साथै एकीकृत सरकारी कार्यालय तर्फ ५ वटा कार्यालय भवन निर्माणधीन अवस्थामा रहेको।
- **नेपाल-भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना अन्तर्गत** वीरगञ्ज र विराटनगरका जाँचचौकीहरूको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको।नेपालगन्जमा निर्माणाधीन जाँचचौकीको निर्माणको भौतिक प्रगति ८५.००% रहेको।साथै, भैरहवामा जाँच चौकी निर्माणको लागि निर्माण व्यवसायीसँग सम्झौता भई निर्माण प्रारम्भ भएको।
- **शहरी शासकीय क्षमता विकास कार्यक्रम अन्तर्गत** आयोजना सञ्चालनको लागि Project Management Support Team नियुक्ति सम्बन्धी सम्झौता भई कार्य सञ्चालनमा रहेको। पोखरा महानगरपालिकामा तालचोक-बेगनास ताल सडक खण्ड र विर्तामोड नगरपालिकामा बुट्टाबारी-प्याकुरेल सडक खण्ड निर्माणका लागि Site Clearance भई निर्माण कार्य शुरू भएको।तिलोत्तमा नगरपालिकामा मङ्गलापुर-कान्छी बजार सडक निर्माण कार्यको भौतिक प्रगति २१% भएको।
- **नयाँ सहर आयोजना अन्तर्गत** यस अवधिमा सडक कालोपत्रे २.२ कि.मि., ढलान सडक ७.१ कि.मि. तथा ढल/नाला निर्माण ५.४ कि.मि. गरी कुल १४.७ कि.मी. सडक स्तरोन्नति भएको।हालसम्म नयाँ शहर मार्फत समग्रमा ९ वटा खेल मैदान, ९ वटा मनोरञ्जन पार्क, १६ वटा बसपार्क र १९ वटा तरकारी/फलफूल/हाट बजार तथा १५ वटा खानेपानी आयोजना निर्माण सम्पन्न भएको।
- **वस्ती विकास कार्यक्रम अन्तर्गत** मुगुको छाँयानाथमा ३५ वटा आवास निर्माण सम्पन्न भएको, डडेलधुराको परशुराममा ३२ वटा आवास इकाईको दोस्रो किस्ता दिइएको।
- **विशेष भवन निर्माण आयोजना अन्तर्गत** सम्माननीय प्रधानमन्त्री सरकारी आवास निर्माण सम्पन्न भएको। सङ्घीय संसद भवनको निर्माण कार्य ६२ प्रतिशत, सैंबु भैंसेपाटीमा मन्त्री आवास निर्माण ९१ प्रतिशत, सिंहदरबारमा चण्डीदल गणका लागि भवन निर्माण कार्य ५८ प्रतिशत सम्पन्न भएको।
- **स्थानीय पूर्वाधार विभाग अन्तर्गत** ४८.३६ कि.मी. सडक कालोपत्रे भएको, २३० वटा **झोलुङ्गे पुल,** १४ वटा **सडक पुल,** ७ वटा क्रमागत स्थानीय तहको **प्रशासकीय भवन**, ४१३ वटा **गुम्बा** तथा १३४ वटा क्रमागत **साना सिंचाइ योजनाहरू**को निर्माण सम्पन्न भएको।
- **बागमती सुधार आयोजना अन्तर्गत** २६.५६ कि.मी. कालोपत्रे सडक, १२.८ कि.मि. इन्टरसेप्टर ढल, १३.४ कि.मि. River Training तथा धाप डयाम निर्माण सम्पन्न भएको।

६. **आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः**

- **आवास व्यवस्था कार्यक्रम अन्तर्गत** यस कार्यक्रम अन्तर्गत १ लाख ८९ हजार २३० लाभग्राही छनौट भई १ लाख २६ हजार ६९८ लाभग्राहीसँग सम्झौता भएको। कुल २९ हजार ८२० आवासहरू सम्पन्न भएको।
- **सघन शहरी विकास कार्यक्रम अन्तर्गत** १५० कि.मी. कालोपत्रे सडक, २०० कि.मी. ड्रेन, १ वसपार्क, हाटबजार सर्लाही, पर्सा र सिरहा जिल्लामा ३ हाटबजार, बञ्चरे डाँडा स्यानिटरी ल्याण्डफील क्षेत्र (CELL 1) तथा बाँधको निर्माण सम्पन्न भई फोहोर विसर्जन शुरू भएको।
- **सभाहल र अन्य भवन निर्माण अन्तर्गत** १६ वटा सरकारी कार्यालयहरूको भवन, सभाहल (नुवाकोट, दाङ, सुर्खेत, बुटवल, धनगढी), सिटीहल (चितवन, चापाकोट, आँधिखोला, गल्याङ) निर्माण सम्पन्न भएको। दमक भ्यू टावर ७०%, बुटवल प्रदर्शनी केन्द्र ६०% निर्माण सम्पन्न भएको। ५० शैयाको पाँचथर अस्पताल, ३० शैयाको जिल्ला अस्पताल, बझाङ, जिल्ला अस्पताल ब्लक ए भवन निर्माण, रूम्जाटार, ३० शैयाको जिल्ला अस्पताल, सोलुखुम्बु, बुर्तिवाङ अस्पतालमा व्लक वी (दोस्रो फेज) भवन निर्माण कार्य सम्पन्न भएको।
- **नयाँ शहर आयोजना अन्तर्गत** ५५ कि.मी._ट्र्याक खोल्ने/स्तरोन्नति, २१ कि.मी. Rigid Pavement, ६५ कि.मी ढल/नाला, ५ तरकारी/फलफूल/हाटबजार, ५ पार्क, ५ खेल मैदान, ३ खानेपानी आयोजना निर्माण सम्पन्न भएको। ४०० वटा सोलार बत्ती जडान भएको।
- **क्षेत्रीय शहरी विकास आयोजना अन्तर्गत** वीरगञ्ज महानगरपालिकामा ३.७ कि.मी सडक र १.४७ कि.मी. नाला, धनगढी, भिमदत्त, गोदावरी र शुक्लाफाँटा पालिकाहरूमा ३३.०९ कि.मी. सडक र ४३.६८ कि.मी नाला निर्माण सम्पन्न भएको। गोदावरी र शुक्लाफाँटामा नगरपालिका भवन ९६% निर्माण सम्पन्न भएको।
- **एकीकृत वस्ती विकास अन्तर्गत** मुगुको छाँयानाथ नगरपालिकाको कासिघर नउला र परेपानीगाउँमा ३४ परिवारको लागि आवास निर्माण सम्पन्न भएको।
- **विशेष भवन निर्माण आयोजना अन्तर्गत** सङ्घीय संसद भवन ४५ प्रतिशत, मन्त्री आवास निर्माण ८१ प्रतिशत, प्रदेश प्रमुख तथा मुख्यमन्त्रीका लागि आवास तथा सम्पर्क कार्यालय निर्माण ८२ प्रतिशत, प्रधानमन्त्री सरकारी आवास निर्माण ९६ प्रतिशत तथा चण्डीदल गणका लागि भवन निर्माण १९ प्रतिशत सम्पन्न भएको)
- **शहरी शासकीय क्षमता विकास कार्यक्रम अन्तर्गत** १३ वटा नगरपालिकाको लागि Design & supervision consultant नियुक्त गरिएको।
- **काठमाडौं उपत्यका विकास प्राधिकरण अन्तर्गत** उपत्यकाको तीन जिल्लामा करिब २१ कि.मी सडक बिस्तार तथा स्तरोन्नती, १.८ कि.मी. निर्देशित जग्ग विकास सम्पन्न तथा ९ पार्क निर्माण गरी सार्वजनिक जग्गा संरक्षण गरिएको।
- **वाग्मती सुधार आयोजना अन्तर्गत** वागमती लगायत सहायक नदी किनारामा ४३०७ मिटर कालेपत्रे सडक, ५ हजार १३० मिटर Sub Base, ७ हजार ९६६ मिटर River Training, २ हजार २१ मिटर Sewerage Works निर्माण सम्पन्न भएको। एशियाली विकास बैंकको सहयोगमा अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिमार्फत सत्तल र मठमन्दिर गरी ११ वटा ऐतिहासिक सम्पदा पुनर्निर्माण र जिर्णोद्वार गरी सम्बन्धित निकायहरूलाई हस्तान्तरण भएको। बागमती नदी संरक्षण र सौन्दर्यीकरण कार्यका लागि काठमाडौंको गोकर्णदेखि गुह्येश्वरीसम्मको क्षेत्रमा अनाधिकृत ढङ्गले निर्माण गरिएका २७ वटा घरटहराहरू हटाइएको। धाप ड्यामको निर्माण सम्पन्न भएको।

## ७. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

### चालु तर्फ

(रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११३ | शहरी विकास मन्त्रालय | ९१५९५ | ६११६० | ६६.७७ |
| ३४७००१०१३ | बागमती सुधार आयोजना | १२८७९२ | ९९७७९ | ७७.४७ |
| ३४७०१०११३ | शहरी विकास तथा भवन निर्माण बिभाग | १०४४८० | ८२१७१ | ७८.६५ |
| ३४७०१०१२३ | सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | १६५८०० | १४६२९९ | ८८.२४ |
| ३४७०१०१३३ | सङ्घीय सहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरू | २०३७२९ | १२९७६९ | ६३.७० |
| ३४७०११०१३ | आवास व्यवस्था कार्यक्रम | ८६०२४ | ४३८१९ | ५०.९४ |
| ३४७०११०२३ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | ३०० | ९९ | ३२.८८ |
| ३४७०११०३३ | सघन शहरी विकास कार्यक्रम | ८०३१८ | ५५८६४ | ६९.५५ |
| ३४७०११०५३ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | ८४१११ | ६२८०२ | ७४.६७ |
| ३४७०११०७३ | नेपाल - भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | १४१९ | १२८८ | ९०.७९ |
| ३४७०११०८३ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | २९६०० | २०८३५ | ७०.३९ |
| ३४७०१११०३ | नयाँ सहर आयोजना | ९८२०० | ७४२८९ | ७५.६५ |
| ३४७०११११३ | क्षेत्रीय शहरी विकास कार्यक्रम | ५०७४८६ | ३५५७३९ | ७०.१० |
| ३४७०१११७३ | विशेष भवन निर्माण आयोजना | १७५१४ | १४२९४ | ८१.६१ |
| ३४७०१११८३ | शहरी कोरिडोर आयोजना | ५३३३ | ३६४१ | ६८.२७ |
| ३४७५११०१३ | नगर विकास कोष | ४७७७६ | ४५००० | ९४.१९ |
| ३४७७११०१३ | काठमाडौं उपत्यका विकास प्राधिकरण | ९९४०० | ८६८४५ | ८७.३७ |
| ३४७७११०२३ | धोवीखोला कोरिडोर सुधार आयोजना | ५७०० | ३९९३ | ७०.०६ |
| | **जम्मा** | **१७५७५७८** | **१२८७६८६** | **७३.२६** |

### पुँजीगत तर्फ

(रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११४ | शहरी विकास मन्त्रालय | ९००० | २५६८ | २८.५४ |
| ३४७००१०१४ | बागमती सुधार आयोजना | ३९४९२९७ | २६४४३३३ | ६६.९६ |
| ३४७०१०११४ | शहरी विकास तथा भवन निर्माण बिभाग | ७०० | ६५५ | ९३.५५ |
| ३४७०१०१२४ | सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | ४९२५०० | ४३१६२२ | ८७.६४ |
| ३४७०१०१३४ | सङ्घीय सहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरू | ८०००० | ७२१९९ | ९०.२५ |
| ३४७०११०१४ | आवास व्यवस्था कार्यक्रम | ५९२०० | ३०५६७ | ५१.६३ |
| ३४७०११०२४ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | १५४८५० | ९९७५८ | ६४.४२ |
| ३४७०११०३४ | सघन शहरी विकास कार्यक्रम | ११९६३६५० | ८७१११८५ | ७२.८१ |
| ३४७०११०५४ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | २३२२१९८ | १९५५३४० | ८४.२० |
| ३४७०११०७४ | नेपाल - भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ६६०० | ६०४१ | ९१.५४ |
| ३४७०११०८४ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | २९७४०० | ११५१२७ | ३८.७१ |
| ३४७०१११०४ | नयाँ सहर आयोजना | २८०२२५७ | १८३३९०४ | ६५.४४ |
| ३४७०११११४ | क्षेत्रीय शहरी विकास कार्यक्रम | २६३८३०० | ११७०९२६ | ४४.३८ |
| ३४७०१११४४ | एकीकृत बस्ती विकास कार्यक्रम | ४७१४५४ | ३०७८३६ | ६५.३० |
| ३४७०१११७४ | विशेष भवन निर्माण आयोजना | २०३२७८८ | १५०४७३१ | ७४.०२ |
| ३४७०१११८४ | शहरी कोरिडोर आयोजना | ५०० | ० | ०.०० |
| ३४७७११०१४ | काठमाडौं उपत्यका विकास प्राधिकरण | १५४८४७० | १२०१७२१ | ७७.६१ |
| ३४७७११०२४ | धोवीखोला कोरिडोर सुधार आयोजना | २२७६९३ | २२०३५५ | ९६.७८ |
| | **जम्मा** | **२९०५६८५७** | **२०३०८८७०** | **६९.८९** |

## ८. आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेट तथा २०७९ चैत मसान्तसम्मको खर्चको विवरणः

### चालु तर्फ

(रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११३ | शहरी विकास मन्त्रालय | ८६४०० | ५०६३९ | ५८.६१ |
| ३४७०००१२३ | राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र | ३१६०० | ९६१६ | ३०.४३ |
| ३४७००१०१३ | बागमती सुधार आयोजना | १२९००० | ६४४६१ | ४९.९७ |
| ३४७०१०११३ | शहरी विकास तथा भवन निर्माण बिभाग | १४९८४४५ | १७५४३५ | ११.७१ |
| ३४७०१०१२३ | सङ्घीय सचिवालय निर्माण तथा ब्यवस्थापन कार्यालय | १७२७०० | ९०५५८ | ५२.४४ |
| ३४७०१०१३३ | सङ्घीय सहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरू | २१५२०० | ११४७९५ | ५३.३४ |
| ३४७०११०१३ | आवास व्यवस्था कार्यक्रम | ३९१०० | २१०१९ | ५३.७६ |
| ३४७०११०२३ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | १०० | ० | ०.०० |
| ३४७०११०३३ | सघन शहरी विकास कार्यक्रम | ७८९०० | ४२५८६ | ५३.९७ |
| ३४७०११०५३ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | ८५७२१ | २४७९३ | २८.९२ |
| ३४७०११०७३ | नेपाल-भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | १४०० | ९८६ | ७०.३९ |
| ३४७०११०८३ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | २९५०० | ११२४१ | ३८.१० |
| ३४७०१११०३ | नयाँ शहर आयोजना | १२९२०० | ७२०२९ | ५५.७५ |
| ३४७०११११३ | क्षेत्रीय शहरी विकास कार्यक्रम | ३५७५७९ | १११४०३ | ३१.१५ |
| ३४७०१११७३ | विशेष भवन निर्माण आयोजना | १७८०० | १३४०० | ७५.२८ |
| ३४७०१११८३ | शहरी कोरिडोर आयोजना | २५९०० | ७११८ | २७.४८ |
| ३४७०२०११३ | स्थानीय पूर्वाधार विभाग | १९६४३५ | ६५२४१ | ३३.२१ |
| ३४७०२१०२३ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | ८७४६५ | ४८२५६ | ५५.१७ |
| ३४७०२१०३३ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २२९४४ | १४६०४ | ६३.६५ |
| ३४७०२१०४३ | ग्रामीण पहुँच कार्यक्रम | ३००० | ९१६ | ३०.५३ |
| ३४७०२१०५३ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | १९०० | ९३८ | ४९.३८ |
| ३४७०२१०६३ | साना सिँचाइ कार्यक्रम | २५२०० | ४२५ | १.६९ |
| ३४७०२१०७३ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ३३२० | १४०४ | ४२.३० |
| ३४७०२११०३ | उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम | ६९०७२१ | १४२३ | ०.२१ |
| ३४७०२११२३ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | २४९६२ | ६४७० | २५.९२ |
| ३४७५११०१३ | नगर विकास कोष | २००००० | ४३००० | २१.५० |
| ३४७७११०१३ | काठमाडौं उपत्यका विकास प्राधिकरण | १०३५०० | ६२४१२ | ६०.३० |
| ३४७७११०२३ | धोवीखोला कोरिडोर सुधार आयोजना | ५९०० | १७११ | २८.९९ |
| | जम्मा | ४२६३८९२ | १०५६८७७ | २४.७९ |

### पुँजीगत तर्फ

(रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११४ | शहरी विकास मन्त्रालय | १५२०० | १५२८ | १०.०५ |
| ३४७०००१२४ | राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र | ४०५०० | १०२०७ | २५.२० |
| ३४७००१०१४ | बागमती सुधार आयोजना | २५७५८०० | ११५३६०५ | ४४.७९ |
| ३४७०१०११४ | शहरी विकास तथा भवन निर्माण बिभाग | ७९७३१०० | २२३२०२६ | २७.९९ |
| ३४७०१०१२४ | सङ्घीय सचिवालय निर्माण तथा ब्यवस्थापन कार्यालय | ४५०००० | १६०७८३ | ३५.७३ |
| ३४७०१०१३४ | सङ्घीय सहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरू | १५१३०० | ३८४०४ | २५.३८ |
| ३४७०११०१४ | आवास व्यवस्था कार्यक्रम | ७५००० | ११३६८ | १५.१६ |
| ३४७०११०२४ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | २७९६०० | ६८३५ | २.४४ |
| ३४७०११०३४ | सघन शहरी विकास कार्यक्रम | ११८७८०८३ | २५१८८१८ | २१.२१ |
| ३४७०११०५४ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | २९२२०६७ | ७२३३४१ | २४.७५ |
| ३४७०११०७४ | नेपाल-भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ५१०० | १६३१ | ३१.९७ |
| ३४७०११०८४ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | २१४००० | ४०६३८ | १८.९९ |
| ३४७०१११०४ | नयाँ शहर आयोजना | ३१४४८५० | ७१०९७३ | २२.६१ |
| ३४७०११११४ | क्षेत्रीय शहरी विकास कार्यक्रम | २७२०१०० | ५९७९९५ | २१.९८ |
| ३४७०१११४४ | बस्ती विकास कार्यक्रम | ३८७७९०० | ३९७३७५ | १०.२५ |
| ३४७०१११७४ | विशेष भवन निर्माण आयोजना | २८५१५०० | ८५३७१८ | २९.९४ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०११९८४ | शहरी कोरिडोर आयोजना | ४९५०० | १४६९ | २.९७ |
| ३४७०११९९४ | शहरी विकास आयोजना | ३३०००० | ० | ०.०० |
| ३४७०२०११४ | स्थानीय पूर्वाधार विभाग | १०२७६३४ | १४५३२३ | १४.१४ |
| ३४७०२१०२४ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | ३५२८००८ | ५९४३७० | १६.८५ |
| ३४७०२१०३४ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २८८८७०३ | ९६१२२४ | ३३.२८ |
| ३४७०२१०४४ | ग्रामीण पहुँच कार्यक्रम | ४१६००० | ० | ०.०० |
| ३४७०२१०५४ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | ८२६५३४ | १४५३९८ | १७.५९ |
| ३४७०२१०६४ | साना सिँचाइ कार्यक्रम | ११८९०० | ० | ०.०० |
| ३४७०२१०७४ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १११९६४६ | २१९४१८ | १९.६० |
| ३४७०२१०८४ | ग्रमिण सडक संजाल सुधार आयोजना -ए एफ | २८९१०० | ० | ०.०० |
| ३४७०२१०९४ | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम | ७६५००० | ० | ०.०० |
| ३४७०२१११०४ | उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम | ९००० | ० | ०.०० |
| ३४७०२११११४ | कर्णाली समृद्धि कार्यक्रम | १२२०००० | २८७७५७ | २३.५९ |
| ३४७०२१११२४ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | २३३२४०० | १७०० | ०.०७ |
| ३४७७११०१४ | काठमाडौं उपत्यका विकास प्राधिकरण | १६३९००० | ३१५५०९ | १९.२५ |
| ३४७७११०२४ | धोवीखोला कोरिडोर सुधार आयोजना | १३९००० | १६९६६ | १२.२१ |
| | **जम्मा** | **५५८७२५२६** | **१२१४८३७८** | **२१.७४** |

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

**१. संक्षिप्त परिचयः**

**१.१ पृष्ठभूमीः**

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्ने मौलिक हकको व्यवस्था गरेको छ। देश विकासमा स्वस्थ्य र उत्पादनशील नागरिकको महत्वलाई दृष्टिगत गरी यस क्षेत्रमा लगानी वृद्धि मार्फत गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामुलक पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो। यसै सन्दर्भमा लोककल्याणकारी राज्यको अवधारणा अनुरूप स्वास्थ्य क्षेत्रलाई नाफामूलक क्षेत्रबाट क्रमशः सेवामूलक क्षेत्रमा रुपान्तरण गर्दै लैजानुपर्ने आवश्यकता छ। स्वास्थ्य क्षेत्रमा कार्यान्वयन गरिएका विभिन्न कार्यक्रमको परिणाम स्वरूप मातृ मृत्यु अनुपात १५१ प्रतिलाख जीवित जन्म, नवजात शिशु मृत्युदर २१ प्रति हजार जीवित जन्म, पाँच वर्ष मुनिका बाल मृत्युदर ३३ प्रतिहजार जीवित जन्ममा झरेको र जन्म हुँदाको औसत आयु ७१.२ वर्ष पुगेको छ।

दिगो विकास लक्ष्यलाई विकास योजनामा आन्तरिकीकरण गर्ने क्रममा पन्ध्रौं योजनाका नतिजा सूचकका रुपमा दिगो विकास लक्ष्य सूचकलाई लिएको छ। नागरिकलाई स्वस्थ्य बनाउन आधुनिक, आयुर्वेदिक, प्राकृतिक, होमियोपेथिक चिकित्सा, स्वास्थ्य सुशासन र अनुसन्धान, विश्वभरिमा महामारी संकटको रुपमा फैलिएको कोभिड-१९ जस्ता रोगहरूको पहिचान तथा नियन्त्रणको लागि निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रम मार्फत गुणस्तरीय, समतामूलक र न्यायोचित स्वास्थ्य सेवा तथा सुविधा उपलब्ध गराउन आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रमबीच तादाम्यता कायम गरिएको छ।

**१.२ दीर्घकालीन सोचः**

- स्वस्थ, उत्पादनशील, जिम्मेवार र सुखी नागरिक (स्वास्थ्य तथा पोषण)
- उत्पादनशील जनसांख्यिक स्रोत (जनसङ्ख्या तथा बसाइँसराइ)

**१.३ उद्देश्यः**

- सङ्घ, प्रदेश र स्थानीय तहमा सबै किसिमका स्वास्थ्य सेवाहरूको सन्तुलित विकास र विस्तार गर्नु।
- सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको लागि सरकारको उत्तरदायित्व र प्रभावकारी नियमन अभिवृद्धि गर्दै नाफामूलक स्वास्थ्य क्षेत्रलाई सेवामूलक क्षेत्रको रुपमा क्रमशः रूपान्तरण गर्नु।
- बहुक्षेत्रीय समन्वय तथा साझेदारी सहित स्वास्थ्य सेवामा नागरिकको पहुँच तथा उपभोग बढाई सेवा प्रदायक र सेवाग्राहीलाई थप जिम्मेवार बनाउदै स्वस्थ जीवनशैली प्रवर्द्धन गर्नु।
- सबै नागरिकलाई स्वस्थ, सवल र सक्रिय बनाई औसत आयुमा वृद्धि गर्नु।
- बसाइँसराई तथा सहरीकरणको व्यवस्थापन र जनसांख्यिक लाभाङको सदुपयोग गर्नु।
- जनसङ्ख्या सम्बन्धी अध्ययन तथा अनुसन्धानलाई संस्थागत गर्नु।

**१.४ रणनीतिः**

**स्वास्थ्य तथा पोषण**

